# इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर चितवनको

स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**खेमराज अधिकारी**

शैक्षिक सत्र : २०६५-२०६७

क्याम्पस अनुक्रमाङ्क : ३५/२०६५

त्रि.वि. दर्ता क्रमाङ्क : ३२३०० - ९५

**नेपाली विभाग**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

भरतपुर, चितवन


सन् २०१४/वि.सं.२०७०

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी खेमराज अधिकारीले नेपाली विषयको स्नातकोत्तर तह (एम्.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्व को अध्ययन विश्लेषण** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

प्रा.डा.नारायणप्रसाद खनाल

विभागीय प्रमुख ________________ हस्ताक्षर

उपप्राध्यापक मुरलीधर घिमिरे

शोध निर्देशक ________________ हस्ताक्षर

सहप्राध्यापक गोविन्दराज विनोदी

बाह्य परीक्षक ________________ हस्ताक्षर

मिति : २०७०/११/२३

७ मार्च २०१४

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र खेमराज अधिकारीले **इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण** शीर्षकको शोधकार्य मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७०/११/०५
१७ फेब्रुअरी २०१४

मुरलीधर घिमिरे
उपप्राध्यापक
नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत **इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण** शीर्षकको शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति शोध निर्देशक आदरणीय गुरु उपप्राध्यापक श्री मुरलीधर घिमिरेज्यूको निर्देशनमा तयार पारेको हुँ । शोधपत्र लेखनका क्रममा आरम्भदेखि अन्तिम बिन्दुसम्म आफ्नो अमूल्य समय दिई महत्त्वपूर्ण सल्लाह, सुझाव र आवश्यक निर्देशन गर्नुहुने उहाँप्रति म सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखन कार्यका लागि स्वीकृति प्रदान गर्नुहुने तथा शोध अनुसन्धानका क्रममा आवश्यक जानकारीका साथै शोध सामग्री सङ्कलन गर्न समेत सहयोग गर्नुहुने विभागीय प्रमुख तथा आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । लेखन कार्यमा अत्यन्तै उत्साहजनक उत्प्रेरणा, जानकारी, अमूल्य समय, सल्लाह, सुझाब र सामग्री दिई सहयोग गर्ने वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागका श्रद्धेय गुरुहरू, शोधनायक इन्द्रप्रसाद रेग्मी तथा सहृदय मित्रहरूप्रति आभार प्रकट गर्दछु ।

शोध लेखनका तयारीका क्रममा आवश्यक प्राविधिक सहयोग गर्नुहुने आदरणीय भाउजू बसना गुरुङलाई धन्यवाद दिन चाहन्छु । साथै थुप्रै चुनौतीहरूलाई बुद्धिमत्तापूर्वक सामना गर्दै मलाई पढ्ने अवसर दिई यहाँसम्म आइपुग्न हरतरहले प्रेरणा दिनुहुने पूजनीय हजुरबुबा वेदनिधि, हजुरआमा जानुका, बुबा भानुभक्त र आमा भागीरथा अधिकारीप्रति म सदैव ऋणी छु । अध्ययनका लागि अनुकूल वातावरण सिर्जना गरिदिने एन्जल्स वर्ल्ड आ.मा.वि.(रत्ननगर-२)को सहयोगलाई अविस्मरणीय ठान्दछु । शोधपत्र लेखन कार्यलाई पूर्णतामा पुर्‍याउन रातदिन टङ्कण गरिदिने, अत्यन्त सहज पारिवारिक वातावरण मिलाइदिने र हौसला प्रदान गरिरहने प्रिय जीवनसँगिनी तारा अधिकारीलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । यसै गरी अन्य व्यावहारिक तथा प्राविधिक सहयोग पुर्‍याउने छोरीहरू निशा र निकिता, छोराहरू निरोज र निकेश अधिकारीप्रति साधुवाद प्रकट गर्दछु । साथै सामग्री सङ्कलनका क्रममा मेरा जिज्ञासाहरू मेटाई मलाई प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरूप्रति आभार प्रकट गर्दछु । यसको छपाइ कार्यमा पूर्ण रूपमा सहयोग गर्ने मेरा भाइ राजन पौडेल र बुहारी टीका रेग्मी (पौडेल) लाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७०/११/०५

१७ फेब्रुअरी २०१४

**खेमराज अधिकारी**

# विषयसूची

## परिच्छेद - एक

## शोधपरिचय

| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता | ४ |
| १.६ शोधको क्षेत्र र सीमा | ४ |
| १.७ सामग्री सङ्कलन विधि | ४ |
| १.८ शोधविधि | ४ |
| १.९ शोधपत्रको रूपरेखा | ५ |


## परिच्छेद - दुई
## इन्द्रप्रसाद रेग्मीको जीवनीको अध्ययन

| | |
|---|---|
| २.१ जन्म र जन्मस्थान | ७ |
| २.२ वंश परम्परा, बाल्यकाल र उपनयन | ७ |
| २.३ शिक्षादीक्षा | ८ |
| २.४ विवाह तथा पारिवारिक स्थिति | ८ |
| २.५ आर्थिक अवस्था र आजीविका | ९ |
| २.६ कार्यक्षेत्रमा प्रवेश | ९ |
| २.७ साहित्य लेखनको प्रारम्भ र निरन्तरता | १० |
| २.८ साहित्यिक मान्यता | ११ |

२.९ सम्मान र पुरस्कार १२
२.१० सङ्घसंस्थामा आबद्धता १२
२.११ रुचि र स्वभाव १३
२.१२ भ्रमण १४
२.१३ दिनचर्या १४
२.१४ सुखदु:खका क्षणहरू १५
२.१५ ईश्वरप्रतिको आस्था १५
२.१६ निष्कर्ष १६

## परिच्छेद - तिन

## सहित्यकार इन्द्रप्रसाद रेग्मीको व्यक्तित्व

३. पृष्ठभूमि १७
३.१ बाह्य व्यक्तित्व १७
३.२ आन्तरिक व्यक्तित्व १७
३.२.१ साहित्यिक व्यक्तित्व १८
३.२.१.१ कवि व्यक्तित्व १८
३.२.१.२ निबन्धकार व्यक्तित्व २०
३.२.१.३ हाइकुकार व्यक्तित्व २१
३.२.१.४ भूमिका लेखक तथा कथाकार व्यक्तित्व २१
३.२.२ साहित्येतर व्यक्तित्व २२
३.२.२.१ सम्पादक व्यक्तित्व २२
३.२.२.२ प्रशासनिक एवम् शैक्षिक व्यक्तित्व २३

३.२.२.३ सामाजिक एवम् साङ्गठनिक व्यक्तित्व २३

३.२.२.४ राजनीतिक व्यक्तित्व २४

३.२.२.५ साहित्यकारहरूका दृष्टिमा इन्द्रप्रसाद रेग्मी २४

३.३ निष्कर्ष २६

**परिच्छेद–४**

**साहित्यकार इन्द्रप्रसाद रेग्मीको कृतित्वको अध्ययन**

४.१ नेपाली साहित्यमा इन्द्रप्रसाद रेग्मीको आगमन र लेखन यात्रा २८

४.१.१ लेखनका लागि प्रेरणा र प्रभाव २८

४.१.२ लेखनको आरम्भ र प्रकाशनको थालनी २८

४.१.३ इन्द्रप्रसाद रेग्मीको साहित्यिक यात्रा २९

४.१.३.१ पहिलो चरण ३०

४.१.३.२ दोस्रो चरण ३०

४.१.३.३ तेस्रो चरण ३१

४.२ निष्कर्ष ३७

४.३ ‘भर्खरै’ कविता सङ्ग्रहको अध्ययन ३८

४.३.१ शीर्षक ३८

४.३.२ संरचना ३९

४.३.३ मूलभाव ५६

४.३.३.१ राष्ट्रियता ५७

४.३.३.२ सामाजिक विकृति र विसङ्गतिको विरोध ५८

४.३.३.३ राजनीतिक व्यङ्ग्य ५९

४.३.३.४ सांस्कृतिक चेतना र परिवर्तनको चाहना ६०

४.३.३.५ शाहवंशीय शासनको विरोध र अन्त्यको चाहना ६२
४.३.३.६ स्वतन्त्रताको चाहना ६४
४.३.३.७ निमुखा जनताको मुक्ति ६५
४.३.३.८ मानवीय मूल्य र अस्तित्वको खोजी ६७
४.३.३.९ क्रान्ति र विद्रोहको स्वर ६७
४.३.४ भावविधान ६८
४.३.५ लय/छन्द ७१
४.३.६ भाषाशैली ७३
४.३.७ अलङ्कार ७४
४.३.७.१ रूपक अलङ्कार ७४
४.३.७.२ उपमा अलङ्कार ७५
४.३.७.३ अतिशयोक्ति अलङ्कार ७५
४.३.७.४ अनुप्रास अलङ्कार ७६
४.३.८ बिम्ब र प्रतीक ७६
४.४ निष्कर्ष ७९
४.५ 'बिर्सनै लागेका कुराहरू' निबन्ध सङ्ग्रहको विश्लेषण ७९
४.५.१ विषयवस्तु ८१
४.५.२ भाषाशैली ८४
४.५.३ उद्देश्य/प्रयोजन ८६
४.५.४ निष्कर्ष ८७
४.६ हाइकुको परिचय ८७
४.६.१ 'बैशाखी टेकेर' हाइकु सङ्ग्रह ८९

४.६.१.१ मूलभाव ९०

४.६.१.२ व्यङ्ग्यात्मकता १०५

४.६.१.३ देश, काल र परिस्थितिको चित्रण १०६

४.६.१.४ विविध १०७

४.७ निष्कर्ष १०८

## परिच्छेद-पाँच

उपसंहार

५.१ परिचय १०९

५.२ पहिलो परिच्छेदको निष्कर्ष १०९

५.३ दोस्रो परिच्छेदको निष्कर्ष १०९

५.४ तेस्रो परिच्छेदको निष्कर्ष १०९

५.५ चौथो परिच्छेदको निष्कर्ष ११०

५.६ पाचौँ परिच्छेदको निष्कर्ष १११

५.७ समग्र निष्कर्ष १११

**परिशिष्ट खण्ड**

परिशिष्ट : एक ११५

शोधनायकसँग लिएको अन्तर्वाताको अंश

परिशिष्ट : दुई १२०

क) शोधनायकका बारेमा विभिन्न महानुभावहरूसँग लिइएको लिखित अन्तर्वाताका प्रश्नहरू

ख) अन्तर्वाता लिइएका व्यक्तिहरू

परिशिष्ट : तिन १२१

क) शोधनायक र शोधनायककी श्रीमतीको छाँयाचित्र

ख) शोधनिर्देशक र शोधार्थीको छाँयाचित्र

**सन्दर्भ सामग्री सूची**


| | |
|---|---|
| क) सन्दर्भ ग्रन्थसूची | १२३ |
| ख) सन्दर्भ पत्रिका सूची | १२४ |

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ.ने.रा.स्व.वि.यु. | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| ए.अ.ने.ज.सा.म.सं. | एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ |
| ए.ने.क.पा. | एकीकृत नेपाल कम्युनिस्ट पार्टी |
| एफ्. एम् | फ्रिक्वेन्सी मोडुलेसन |
| कृ.प.वि.अ.सं. | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान |
| छै.सं. | छैटौँ संस्करण |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.क.पा. | नेपाल कम्युनिस्ट पार्टी |
| ने.क.पा.(चौ.म.) | नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) |
| प्र.सम्पा. | प्रधान सम्पादक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बी.लीब.एस्सी. | ब्याचलर्स इन लाइब्रेरी साइन्स |
| मा.वि. | माध्यमिक विद्यालय |
| र.न.पा. | रत्ननगर नगर पालिका |
| सम्पा. | सम्पादक |

## परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

इन्द्रप्रसाद रेग्मी माता लक्ष्मीदेवी र पिता रमाकान्तको पहिलो सन्तानका रूपमा भारतको कलकत्तामा वि.सं.२००५ मङ्सिर १६ गते जन्मेका हुन् । उनको पुर्खौली थलो भने गोरखा हो । हाल स्थायी रूपमा चितवन जिल्लाको भरतपुर-११, भोजाडमा बसोबास गरेका रेग्मी चितवनका अग्रणी साहित्यकारका रूपमा परिचित छन् । मार्क्सवादी दर्शनबाट प्रभावित उनी समाजमा देखिने राजनीतिक तथा सामाजिक विकृति र विसङ्गतिको चर्को विरोध गर्न व्यङ्ग्य विधालाई आत्मसात् गर्दै नेपाली साहित्यको निबन्ध र कविता विधामा कलम चलाउने प्रतिभा हुन् । उनी वि.सं.२०२६ देखि फुटकर रचनाहरू प्रकाशन गरी साहित्य सृजनामा जुटेका हुन् । साहित्य सृजनामा जागरुक उनले एकै पटक तिनवटा कृतिहरू **भर्खरै** कविता सङ्ग्रह-२०६८, **बैशाखी टेकेर** हाइकु सङ्ग्रह-२०६८ र **बिर्सनै लागेका कुराहरू** संस्मरण सङ्ग्रह-२०६८ प्रकाशन गरेका छन् । स्वभावले कोमल, व्यवहारले सहृदय, आचरणले उदार, वैचारिक दृष्टिकोणले खरो, निर्भीक र प्रस्टवक्ता, राजनीतिक चिन्तनका दृष्टिले परिवर्तनकामी तथा क्रान्तिकारी र साहित्यिक दृष्टिले प्रगतिवादी व्यक्तित्वका रूपमा सुपरिचित उनी चेतनाको आलोक उद्दीप्त गराउन वि.सं. २०२३ मा शिक्षण पेसामा संलग्न भएका थिए । एक दशकपछि पेसा परिवर्तन गरी उनले त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पसहरूमा पुस्तकालय कर्मचारीका रूपमा तिन दशकभन्दा बढी सेवा गरेका छन् । अनेक सङ्घ, सङ्गठन र संस्थाका संस्थापक भई साहित्यिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा योगदान गरेका उनले अहिले पनि धेरै सङ्घसंस्थामा आबद्ध भई सेवा गरिरहेका छन् । उनले सम्पादकको भूमिका पनि निर्वाह गरेका छन् । सामाजिक समुत्थान एवं मानवीय हितका निम्ति अनवरत नवीनताको खोजी गर्न सङ्घर्षरत उनी यथास्थितिवादका विरुद्ध अग्रगमनको साथ दिने र रूढिवादका विरुद्ध यथार्थ इतिहास लेखन गर्ने साहित्यकार हुन् । वर्गसङ्घर्षको चेतनाबाट प्रेरित उनी व्यङ्ग्यवाण बर्साई सामन्तीहरूको दोहोलो काढ्ने प्रगतिवादी साहित्यकार हुन् । नेपाली साहित्यको गद्य र पद्य दुबै विधामा सिर्जना गर्ने रेग्मीका कृतिका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूद्वारा विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा सामान्य चर्चा गरिएको छ तापनि उनका बारेमा अध्ययन अनुसन्धान हुन भने बाँकी नै रहेको देखिन्छ । त्यसैले इन्द्रप्रसाद रेग्मी बहुआयामिक व्यक्तित्व भएका अनुसन्धेय व्यक्ति हुन् । कपिल अज्ञातका अनुसार उनको लेखन र व्यवहार दुबै उद्देश्यमूलक, स्पष्ट र जनमुखी रहेको छ ।[१] त्यसै गरी  धनेश्वर भट्टराईले उनको परिचय नै खरो मिजास, दृढ अडान

---

१.कपिल अज्ञात, *प्रगतिशीलताका स्वरहरू,* **भर्खरै** कविता सङग्रह (ले. इन्द्रप्रसाद रेग्मी), चितवन : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, २०६८, पृ.सं.(भू.) ङ ।

र स्पष्ट अभिव्यक्ति हो[२] भन्ने उल्लेख गरेका छन् । उनले वि.सं.२०२६ देखि फुटकर रचनाहरूको लेखन र प्रकाशन गरी साहित्य साधनामा निरन्तर लागिरहेका छन् । यिनै विविध कारणले गर्दा अनुसन्धान योग्य देखिएका साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वलाई अध्ययन अनुसन्धानको विषय बनाइएको छ ।

## १.२ समस्याकथन

साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको मुख्य समस्या रहेको छ । यसै मूल समस्यासँग सम्बन्धित अन्य समस्याहरू यसप्रकार छन् :

क) साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी के कस्तो रहेको छ ?

ख) उनको व्यक्तित्व र कृतित्व के कस्तो छ ?

ग) उनका साहित्यिक प्रवृत्तिहरू के के हुन् ?

घ) उनका साहित्यिक रचनाहरूको मुख्य योगदान के रहेको छ ?

यिनै समस्याहरूमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण गर्नु यस शोध कार्यको प्रमुख उद्देश्य हो । यस शोधकार्यका अन्य उद्देश्यहरू यसप्रकार छन् :

क) साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनीको जानकारी प्राप्त गर्नु ।

ख) उनको व्यक्तित्व र कृतित्वका विविध पक्षहरूको अध्ययन गर्नु ।

ग) उनको साहित्यिक प्रवृत्तिहरूको विश्लेषण गर्नु ।

घ) उनका साहित्यिक रचनाहरूको योगदान पत्ता लगाउनु ।

यो शोधकार्य यिनै उद्देश्यहरू पूरा गर्नमा केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको गद्य र पद्य दुबै विधामा लामो समयदेखि कलम चलाउँदै आएका साहित्यकार इन्द्रप्रसाद रेग्मी सर्वपक्षीय अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । उनी र उनका कृतिका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूद्वारा विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा सामान्य चर्चा मात्र गरिएको छ । यहाँ उनको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी हालसम्म भएका पूर्वकार्यहरूको समीक्षा

---

२.धनेश्वर भट्टराई, *प्रकाशकीय,* **बिर्सनै लागेका कुराहरू** (ले. इन्द्रप्रसाद रेग्मी), चितवन : प्रगतिशील लेखक सङ्घ,२०६८, पृ.सं.(भू.) ङ ।

कालक्रमिक विवरणका रूपमा प्रस्तुत गरिएको छ । कपिल अज्ञातले उनको विचारको मुख्य प्रहार राजनैतिक क्षेत्रमै केन्द्रित रहेकोले सुधारको निम्ति बढी गम्भीर, चिन्तित र आक्रोशित भएर कवितामा विविध विकृति र विसङ्गतिप्रति विद्रोहको राँको सल्काउँदै प्रगतिका अवरोधहरूप्रति खबरदारीको स्वर र सीमा नाघेका वर्तमानका कटु यथार्थको वर्णन गर्दै कतै नक्कली योद्धा र दिशाहीन सारथीप्रति चेतावनी रहेको बताएका छन् ।[३] डी.आर.पोखरेलले उनले अनेक विषयवस्तुलाई उठाउँदै जीवन भोगाइका साथमा देशभक्तिको भावनालाई उजागर/आत्मप्रकटीकरण गरेको कुरा बताएका छन् ।[४] रमेश प्रभातले उनका रचनाहरू सत्तासीनलाई व्यङ्ग्य, भूमिप्रतिको मोह, जनयुद्धको समर्थन, जनयुद्धमा भएका विकृतिको विरोध र युवा जगत्लाई सन्देशमा मुखरित भएको पाइन्छ भन्ने उल्लेख गरेका छन् ।[५] कपिल अज्ञातले उनले राजनीतिलाई नै मूलधर्म र कर्म बनाई आफ्नो दायित्व र इमान्दारीपूर्वक बहन गर्दै विचारधाराको टिप्पणीमा, व्यक्तित्वका मूल्याङ्कनमा एवं घटनाको प्रस्तुतिमा उनका यथार्थपरक अभिव्यक्ति स्पष्ट र पारदर्शी रूपमा रहेका छन् भन्ने उल्लेख गरेका छन् ।[६] केशवराज आमोदीले उनले दुराचार, व्यभिचार र कदाचार जस्ता घृणित कार्यमा संलग्न समाजका केही नैतिकहीन पाखण्डीहरूले शोषित, पीडित तथा दीनहीन श्रमजीवी जनतालाई अलौकिकताको भुमरीमा बल्झाएर कुकृत्य गरेको देखेर विद्रोहका उर्ध्वगामी ज्वारभाटा बिस्फोट गरेका छन् भन्ने उल्लेख गरेका छन् ।[७] केशवराज आमोदीले उनका कवितामा विद्रोहका ज्वारभाटाहरू झैँ वा आगोको लप्का झैँ कतै सामन्तवाद, साम्राज्यवाद, पितृसत्तावाद, सुधारवाद, नवसुधारवाद र दक्षिणपन्थी संशोधनवादहरूलाई निमिट्यान्न पार्ने कालो तुफान बनेर उर्लिंदै जनताले भोग्नुपरेका भयावह बर्बरता तथा अकल्पनीय ज्यादतीका विरुद्ध तुफान मच्चाउँदै श्रमजीवी जनताप्रति समग्र मुक्तिको चाह राख्दै जागृतिको उच्च शङ्खघोष गरेका छन् भन्ने उल्लेख गरेका छन् ।[८] सङ्गीत आयामले उनका अधिकांश रचनाहरूले लेखकले भोगेको विगतका अनुभव र अनुभूतिहरूलाई साहित्यको कुनै एक विधा विशेषको सिङ्गो

---

३. कपिल अज्ञात, *प्रगतिशीलताका स्वरहरू,* **भर्खरै** कविता सङग्रह (ले.इन्द्रप्रसाद रेग्मी), चितवन : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ २०६८, पृ.सं.(भू.) ङ ।

४. डी.आर. पोखरेल, *यादमा इमान्दार छन् इन्द्र,* **बिर्सनै लागेका कुराहरू** (ले. इन्द्रप्रसाद रेग्मी), चितवन : प्रगतिशील लेखक सङ्घ २०६८, पृ.सं. (भू.) च–ज ।

५. रमेश प्रभात, *बैशाखी टेकेर हाइकुमा उभिन खोज्दा,* **बैशाखी टेकेर** (ले. इन्द्रप्रसाद रेग्मी), चितवन : साहित्य सङ्गम २०६८, पृ.स.(भू.)च ।

६. कपिल अज्ञात, *बिर्सनै लागेका कुराहरूमा सम्झनु पर्ने बेहोरा,* **चितवन पोस्ट**, दैनिक समाचारपत्र, २०६८, वर्ष १४, अङ्क २७५ जेष्ठ २८, पृष्ठ २ ।

७. केशवराज आमोदी, *कवि इन्द्रप्रसाद रेग्मी र उनको भर्खरै कविता सङ्ग्रहप्रति सङ्क्षिप्त आकलन,* **जाग्रत नव उद्घोष** साहित्यिक त्रैमासिक पत्रिका २०६८, वर्ष १, अङ्क १, कार्तिक–पौष, पृ.सं. ३६ ।

८. केशवराज आमोदी, *भर्खरै कविता सङ्ग्रह : एक संक्षिप्त मूल्याङ्कन,* **चितवन पोस्ट,** दैनिक समाचारपत्र, २०६८, वर्ष १४, अङ्क ९९, मङ्सिर ३ गते, पृ.सं. २ ।

कृतिको रूपमा हेर्न भने सकिँदैन भन्ने उल्लेख गरेका छन् ।[९] यसरी इन्द्रप्रसाद रेग्मीका कृतित्वका बारेमा विभिन्न व्यक्तिहरूले फाटफुट चर्चा गरे तापनि उनको समग्र जीवनी र व्यक्तित्वको अध्ययन भने हुन सकेको पाइँदैन ।

## १.५ अध्ययनको औचित्य, महतत्व र उपयोगिता

साहित्यकार इन्द्रप्रसाद रेग्मीका वि.सं.२०६८ पूर्व कुनै पनि कृति पुस्तकाकारका रूपमा प्रकाशित नभएकाले उनको बारेमा कुनै शोधकर्ताबाट अध्ययन अनुसन्धान नभएको हुदाँ उनको जीवनी, व्यक्तित्व र कृत्तित्वको अध्ययन औचित्यपूर्ण छ । बहुआयामिक व्यक्तित्व रेग्मीले चार दशकभन्दा बढी अनवरत रूपमा साहित्यमा गरेको साधना र योगदानलाई प्रकाशमा ल्याउँदा साहित्यानुरागीलाई हौसला साथै स्थानीय तहका साहित्यकारको परिचय र उत्थान समेत हुने भएकाले यस अध्ययनको औचित्य र महत्त्व प्रस्ट हुन्छ । उनका बारेमा शोधखोज तथा अध्ययन गर्न चाहने शोधार्थीहरूका लागि यो जीवनी, व्यक्तित्व र कृतित्व विषयक शोधकार्य मार्गदर्शक हुने भएकाले पनि यसको औचित्य र महत्त्वको पुष्टि हुन्छ ।

## १.६ शोधको क्षेत्र र सीमा

यस शोधकार्यमा साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी र व्यक्तित्वका साथै प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र अध्ययन गरिएको छ । अतः उनका प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधपत्रको सीमा रहेको छ । समग्रमा उनका प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन गरिने भए पनि उनका फुटकर रचनाहरूको अध्ययन नगर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका क्रममा मूलतः पुस्तकालयीय अध्ययन विधिलाई अँगालेर विविध संस्था तथा पुस्तकालयबाट उपलब्ध पुस्तक, पत्रपत्रिका आदिद्वारा यस शोधपत्रका लागि सामग्री सङ्कलन गरिएको छ । यसका लागि आवश्यक ठाउँमा विभिन्न व्यक्तिसँग र स्वयम् शोधनायकसँग लिखित एवम् मौखिक प्रश्नावलीद्वारा सामग्री सङ्कलन गरिएकाले क्षेत्रीय विधि पनि अपनाइनुका साथै उनका नातागोता, साहित्यकार, समीक्षक, आलोचक, विद्वान् र साहित्येतर व्यक्तित्वहरूसँगको औपचारिक तथा अनौपचारिक छलफलबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

---

९. सङ्गीत आयाम, *अतीतलई सामाजिकीकरण गर्ने कृति,* **चितवन पोस्ट**, दैनिक समाचारपत्र २०६८, वर्ष १४ अङ्क १०५, मङ्सिर १० गते, पृ.सं. ३ ।

## १.८ शोधविधि

साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा निगमनात्मक पद्धतिका साथै वर्णनात्मक विधि, विश्लेषणात्मक विधि, व्याख्यात्मक विधि, जीवनीपरक समालोचना प्रणाली र कृतित्व सम्बन्धी लेखन कार्यमा मूल्याङ्कनपरक समालोचना प्रणालीका आधारमा अध्ययन, विश्लेषण र व्याख्या विवेचना गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुसङ्गठित एवम् सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसार विभिन्न परिच्छेद, उपपरिच्छेद, शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोधपरिचय**

यो परिच्छेद शोधपरिचयका रूपमा रहेको छ । यसमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोध विधि र शोधपत्रको रूपरेखा सम्बन्धमा चर्चा गरिएको छ ।

**परिच्छेद दुई : इन्द्रप्रसाद रेग्मीको जीवनी**

यो परिच्छेद जीवनीका रूपमा रहेको छ । यस परिच्छेदमा इन्द्रप्रसाद रेग्मीको जीवनी अन्तर्गत पृष्ठभूमि, जन्म र जन्मस्थान, वंश परम्परा, बाल्यकाल, शिक्षादीक्षा, विवाह तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र आजीविका, कार्यक्षेत्रमा प्रवेश, साहित्य लेखनमा प्रवेश र निरन्तरता, रुचि तथा स्वभाव, भ्रमण, सुखदुःखका क्षणहरू, साहित्यिक मान्यता र जीवनदर्शन, सम्मान र पुरस्कार तथा सङ्घ-संस्थासँगको आबद्धता शीर्षकमा खोजमूलक जानकारी प्रस्तुत गरी निष्कर्ष समेत दिइएको छ ।

**परिच्छेद तिन : इन्द्रप्रसाद रेग्मीको व्यक्तित्व**

यस परिच्छेदमा इन्द्रप्रसाद रेग्मीका बाह्य तथा आन्तरिक व्यक्तित्वका विविध पक्षहरूको चर्चा गरिएको छ । आन्तरिक व्यक्तित्वमा पनि साहित्यिक र साहित्येतर व्यक्तित्वका पक्षहरूको अध्ययन गरिएको छ । नेपाली साहित्यमा इन्द्रप्रसाद रेग्मीको प्रवेश, पहिलो कविता, फुटकर कविताको विवरण, अन्य साहित्यिक विधाहरू आदि विविध पक्षमा चर्चा गरिएको छ । यसमा

उनी आबद्ध रहेका सङ्घसंस्थाको विवरण प्रस्तुत गरिनुका साथै उनको कवि, निबन्धकार, हाइकुकार, सामाजिक एवम् साङ्गठनिक व्यक्तित्वको समेत चर्चा गरिएको छ ।

**परिच्छेद चार : इन्द्रप्रसाद रेग्मीका साहित्यिक प्रवृत्तिको अध्ययन**

यस परिच्छेदमा इन्द्रप्रसाद रेग्मीका पुस्तकाकार रचनामा पाइने साहित्यिक प्रवृत्तिको चर्चा गरिएको छ । यसमा उनी नेपाली साहित्यमा कुन साहित्यिक रचनाका माध्यमबाट प्रवेश गरे र उनको हालसम्म साहित्यिक यात्रा के कस्तो छ भन्ने कुराको उल्लेख गर्दै वि.सं.२०६८ मा एकैचोटि प्रकाशित उनका रचनाहरू **भर्खरै** (कविता सङ्ग्रह), **बैशाखी टेकेर** (हाइकु सङ्ग्रह), **बिर्सनै लागेका कुराहरू** (संस्मरण सङ्ग्रह) को विधातात्त्विक अध्ययनका साथै उनका साहित्यिक प्रवृत्तिहरू बारे अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : प्रकाशित पुस्तककार कृतिहरूको मूल्याङ्कन**

यो परिच्छेद इन्द्रप्रसाद रेग्मीका प्रकाशित पुस्तककार कृतिहरूको मूल्याङ्कनका रूपमा रहेको छ । यस परिच्छेदमा रेग्मीका प्रकाशित पुस्तकाकार कृतिहरूको विधागत संरचनाका आधारमा अध्ययन, विश्लेषण र विधागत रूपमा मूल्याङ्कन गरिएको छ ।

**परिच्छेद छ : उपसंहार**

यो अनुच्छेद उपसंहार तथा निष्कर्षका रूपमा रहेको छ । यसमा अघिल्ला परिच्छेदमा चर्चा गरिएका इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको प्रत्येक परिच्छेदको निष्कर्ष र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसका साथै अन्त्यमा सन्दर्भ ग्रन्थसूची र परिशिष्ट समेत समावेश गरी साङ्गोपाङ्ग शोध प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## परिच्छेद-दुई
# सहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी

### २.१ जन्म र जन्मस्थान

सहित्यकार इन्द्रप्रसाद रेग्मीको जन्म वि.सं. २००५ मङ्सिर १६ गते कलकत्ताको चितरन्जन हस्पिटल भारतमा भएको हो । उनका पिताको नाम रमाकान्त रेग्मी र माताको नाम लक्ष्मीदेवी रेग्मी हो । जीविकोपार्जनका लागि कलकत्ताको इन्डियन अक्सिजन कम्पनीमा काम गर्न पुगेका पिता रमाकान्त र माता लक्ष्मीदेवीको पहिलो सन्तानका रूपमा जन्मिएका साहित्यकार इन्द्रप्रसाद रेग्मीको न्वारानको नाम 'य' बाट उठ्ने भएकोले चिनामा 'यीन्द्र' लेखिएको छ तर उनका बुबाले 'यीन्द्र' भन्दा 'इन्द्र' राम्रो हुने ठानी पछि इन्द्रप्रसाद रेग्मी राखिदिएका हुन् । बाल्यकाल मुसलमानहरूको बाक्लो बस्तीमा बितेको हुँदा मुस्लिमका चाडपर्व तथा मस्जिदप्रति रुचि बढ्न गएको र उनीहरूका धेरैजसो गतिविधिहरूमा भाग लिने गरेको उनी स्मरण गर्दछन् । दश वर्षको हुँदा जन्मस्थान कलकत्ता छोडेर माताको साथमा वि.सं.२०१५ मा पुर्खौली थलो गोरखा जिल्लाको भसेल गा.वि.स. वडा न. १, सपुङ्गेमा आइ बसेका हुन् ।[१०] भारतमा जन्मेका उनी मातृभूमि नेपाल फर्किएकोमा गर्व गर्दछन् ।

### २.२ वंश परम्परा, बाल्यकाल र उपनयन

इन्द्रप्रसादका पुर्खाहरू बझाङको रेगम गाउँबाट पूर्वतिर सर्दैसर्दै गोरखाको दार्चे गा.वि.स.मा बसाइँ सरी आएका हुन् । त्यसपछि इन्द्रप्रसाद रेग्मीका हजुरबुबाका बुबा गोरखाको बोर्लाङ आए । उनका पाँच भाइ हजुरबुबाहरूमध्ये कान्छा जागेश्वर रेग्मी गोरखाकै भसेल गा.वि.स.का देवकोटा थर भएका परिवारमा विवाह गरी ससुराली गाउँमै बसाइँ सरे । जागेश्वर रेग्मीका सातभाइ छोराहरू जन्मिएका थिए । सातभाइ दाजुभाइहरूमा इन्द्रप्रसाद रेग्मीका बुबा रमाकान्त रेग्मी साहिँला छोरा हुन् । उनका बुबाका दाजुभाइहरूमध्ये एक भाइको निसन्तान भई मृत्यु भएको, दुई भाइका छोरीहरू मात्र भएका, दुई भाइ चितवन बसाइँ सरेका र एक भाइ बसाइँ सरेर काठमाडौँ गएका छन् । सात दाजुभाइमध्ये एक भाइ नरहरि रेग्मी गोरखाको भसेल गा.वि.स. वडा न. १, सपुङ्गेमा हालसम्म बसोबास गरिरहेका छन् । निम्न आर्थिक अवस्थाको परिवारमा जन्मिए पनि इन्द्रप्रसाद रेग्मीको चूडाकर्म (उपनयन) हिन्दु परम्परा अनुसार बडो धूमधामसँग पन्चेबाजा बजाएर वि.सं.२०१५ चैत्रमा भसेलमै भएको थियो । उनी बाल्यकालमा कलकत्तामा बुबासँग बस्दा प्रत्येक आइतबार साइकलको पछाडि क्यारियरमा बसेर पिताजीसँग डुल्न हिँडेको, दुईतले बस, ठुलाठुला पार्कहरू, ट्राम, हातले तान्ने रिक्सा, भिखारीको लुँडो जताततै देख्दा मन जिल्लिएको उनी प्रायः सम्झन्छन् । दश वर्षको उमेरमा पुर्खौली थलो गोरखा आएपछि पहाडको घरमा मेलापात जाँदा, गोठालो जाँदा, घाँसदाउरा काट्दा कलकत्ता फुत्त

१०. शोधनायकसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ताअनुसार ।

जान पाए हुन्थ्यो जस्तो लाग्ने गरेको उनी बताउँछन् । उनी एघार वर्षका छँदा उनकी आमाले दीर्घ रोगका कारण वि.सं.२०१७ माघ १५ गते यस धर्तीलाई सदाका लागि छोडेर गइन् । बाल्यकालमा पढाइबाट वञ्चित रहनुपरेको र आमाको असामयिक निधनका कारण आफ्नो दिनचर्यामा समेत नकारात्मक परिवर्तन आएको उनी बताउँछन् । दैनिक रूपमा खोपी खेल्ने, खनायोको गेडाको कौडा बनाई खेल्ने, चुरोट खाने, मौका मिले तास खेल्ने, दिनभरि भैँसी चराउने, घाँस काट्ने, मेलापात गर्ने जस्ता काममा उनका दिनहरू बितेका थिए ।[११] वि.सं. २०१९ मा गोरखा छोडी चितवनमा बसाइँ सरेर अध्ययनमा लागेपछि भने उनको जीवनले अर्कै मोड लिएको पाइन्छ ।

## २.३ शिक्षादीक्षा

इन्द्रप्रसाद रेग्मीले प्रारम्भिक शिक्षा आदर्श हिन्दी हाइ स्कुल, मनिमपुर, (वि.सं.२०१०–२०१५) कलकत्ताबाट प्रारम्भ गरेका हुन् । त्यहाँ कक्षा १ देखि ५ सम्म अध्ययन गरेका उनले नेपाल फर्किएपछि चितवनको नारायणी रात्रि हाइ स्कुल (हाल–नारायणी नमुना उच्च मा.वि.) भरतपुरमा कक्षा ७ देखि (वि.सं.२०२१–२०२६) एस.एल.सी.सम्म पढे । आइ.ए.(वि.सं.२०२७–२०२९) वीरेन्द्र इन्टरमिडिएट कलेज भरतपुर (हाल–वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर) मा अध्ययन गरी उत्तीर्ण गरेका रेग्मीले बी.ए. (वि.सं.२०३४–२०३६) प्राइभेट परीक्षार्थीका रूपमा त्रिभुवन विश्वविद्यालयबाट उत्तीर्ण गरेका हुन् । त्रि.वि.बाटै स्नाकोत्तर तहको प्रथम वर्षको परीक्षा (वि.सं.२०५१) मा दिए पनि उनको स्नाकोत्तर तह उत्तीर्ण गर्ने सपना साकार हुन भने सकेन । सन् १९८३ मा कलकत्ता विश्व विद्यालयबाट बी.लीब.एस्सी. उत्तीर्ण गरी बाल्यकालदेखिको शिक्षाको प्यास मेटाएका थिए ।[१२] सानै उमेरदेखि साहित्य र राजनीतिमा झुकाब राख्ने रेग्मीले आफ्नै बलबुता र परिश्रमले शैक्षिक क्रियाकलापलाई निकै अगाडि बढाएको देखिन्छ ।

## २.४ विवाह तथा पारिवारिक स्थिति

इन्द्रप्रसाद रेग्मी वि.सं. २०२५ मा दाम्पत्य सूत्रमा बाँधिएका हुन् । पुर्खौली थलो गोरखा खरीबोट भएका र गुञ्जनगर गा.वि.स.वडा न.२, चितवन निवासी चूडामणि धिताल र नर्मदा धितालकी तेस्री सुपुत्री तारादेवी धितालसँग २० वर्षको उमेरमा उनको विवाह भएको हो । सरल मिजास, शान्त स्वभाव, सहयोगी भावना र पतिपरायणा तारादेवीसँग वैवाहिक जीवनको प्रारम्भदेखि अहिलेसम्म इन्द्रप्रसाद रेग्मीको दाम्पत्य सम्बन्ध सुमधुर एवम् प्रगाढ रहेको छ । उनका महेश र सुरेश दुई छोराहरू छन् । जेठा छोरा महेश कृषि विकास कार्यालय हेटौँडाका प्रमुख (उपसचिव) पदमा कार्यरत छन् भने कान्छा छोरा सुरेश ठेक्कापट्टाको काम गर्दछन् । दुबै छोराको विवाह भइसकेको छ । जेठा छोराका दुई छोरीहरू

---

११. ऐजन ।

१२.ऐजन ।

र कान्छा छोरातर्फ दुई छोराहरू जन्मिसकेका छन् । इन्द्रप्रसाद रेग्मीका मातापिता दुबैको देहान्त भइसकेको छ ।[१३] अहिले रेग्मी घरको मूली भई नातिनातिनासँग सुखपूर्वक जीवन बिताइरहेका छन् ।

## २.५ आर्थिक अवस्था र आजीविका

इन्द्रप्रसाद रेग्मीको जन्म निम्नवर्गीय ब्राह्मण परिवारमा भएको हो । उनको परिवार गोरखा भसेल गा.वि.स., वडा नं. १, सपुङ्गेबाट वि.स. २०१९ मा बसाइँ सरी चितवनको भरतपुर–११ भोजाडमा हालसम्म बसोबास गर्दै आएको छ । एघार वर्षको उमेरमा दीर्घ रोगको कारण आमाको मृत्यु भएपछि उनको परिवारमा अझ बढी सङ्कट छाएको थियो । बाल्यावस्थामै जर्जर आर्थिक अवस्थाका कारण अर्थोपार्जनका लागि बुबाले आमाको चिनो स्वरूप रहेको एकजोडी ढुङ्ग्री बेचेर कलकत्ता पठाए पनि उनी कलकत्तामा बस्न नसकी चार महिनापछि चितवन फर्केका थिए । त्यसपछि भोजाडमा बसोबास गर्न थालेपछि आर्थिक समस्यालाई समाधान गर्ने धेयले कामको खोजी गर्दै घरेलु शाखा भरतपुरको सिकर्मी तालिमेको रूपमा पनि उनले केही समय काम गरेका थिए । वि.सं. २०२१ मा पुनः कक्षा ७ बाट अध्ययन प्रारम्भ गरेका उनले वि.सं. २०२३ मा कक्षा आठ उत्तीर्ण गरी राष्ट्रिय प्राथमिक विद्यालय भोजाडको स्थापना गरी सञ्चालन र अध्यापन गर्न थालेका थिए । उनले जीविकोपार्जन गर्ने कार्य शिक्षण पेसाबाट सुरुवात गरे । एक दशकको समयसम्म उनी शिक्षण पेसामा आबद्ध भए । वि.सं. २०२३–२०३२ भाद्रसम्म राष्ट्रिय प्राथमिक विद्यालय भोजाडमा, वि.सं.२०३२ भाद्रदेखि २०३२ माघसम्म विश्व प्रकाश नि.मा.वि.मङ्गलपुर र वि.सं.२०३२ माघदेखि २०३३ असारसम्म नारायणी रात्रि हाइ स्कुल भरतपुरमा काम गरी उनले आजीविका चलाएका थिए । वि.सं. २०३९ मा कलकत्ता विश्वविद्यालयबाट पुस्तकालय विज्ञान सम्बन्धी बी.लीब.एस्सी.उत्तीर्ण गरेर वि.सं. २०३३ श्रावणदेखि २०५८ मङ्सिरसम्म त्रि.वि.अर्न्तगतका क्याम्पसहरूमा हेड असिस्टेन्ट लाइब्रेरियनदेखि डेपुटी लाइब्रेरियन पदमा रही काम गरेपछि जीविकोपार्जनमा कुनै समस्या देखिएको थिएन । वि.सं.२०५६ फागुनदेखि वि.सं.२०६६ माघसम्म सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुरमा डेपुटी लाइब्रेरियन पदमा रही कार्य गरेका रेग्मीको हाल पहिलेको अनुपातमा आर्थिक स्थितिमा सुधार र आमूल परिवर्तन भएको छ । दुबै छोराका छुट्टाछुट्टै घर छन् भने उनी कान्छा छोरासँग भोजाडमा बस्दै आएका छन् ।[१४] वर्तमानमा आर्थिक रूपले सम्पन्न देखिने रेग्मीले अर्थोपार्जनका निम्ति अहिले कहीँ केही गरेको देखिँदैन भने फुर्सदको समयलाई सामाजिक सेवा र राजनीतिक क्षेत्रमा खर्चेका छन् ।

## २.६ कार्यक्षेत्रमा प्रवेश

इन्द्रप्रसाद रेग्मी कक्षा ८ उत्तीर्ण गरे लगत्तै वीरगन्जबाट प्राथमिक शिक्षक तालिम लिएर राष्ट्रिय प्राथमिक विद्यालय भोजाडको स्थापना गरी हेडमास्टर भएका थिए । शिक्षण पेसामा उनले एक दशकको

१३.ऐजन ।

१४.ऐजन ।

समय बिताएका थिए । उनले वि.सं. २०२३ देखि २०३३ सम्म क्रमशः राष्ट्रिय प्राथमिक विद्यालय भोजाड (वि.स.२०२३–२०३२ भाद्र), विश्व प्रकाश नि.मा.वि.मङ्गलपुर (वि.सं.२०३२ भाद्रदेखि २०३२ माघसम्म) र नारायणी रात्रि हाइ स्कुल भरतपुर (वि.सं.२०३२ माघदेखि असारसम्म) मा शिक्षक भई काम गरेका थिए । तत्कालीन अवस्थामा भोजाडमा कुमाल जातिको बाहुल्य थियो । गुरूङ जातिका मानिसहरू पनि केही मात्रामा बसोबास गर्दथे भने बाहुन र क्षत्रीको सङ्ख्या न्यून थियो । त्यसबेला शिक्षाको महत्त्व धेरैले बुझेका थिएनन् । आर्थिक समस्याका कारण विद्यार्थीलाई विद्यालयतिर आकर्षित गराउनु चानचुने कुरा थिएन । स्कुल स्थापना गर्न नदिने प्रतिगामी तत्त्वहरू पनि त्यत्ति नै सग्बगाइरहेका थिए । बसेनी स्कुलका तत्कालीन प्र.अ. विश्वशान्ति भन्डारी त उनलाई मानसिक तथा भौतिक आक्रमण नै गर्न पछि नपरेको कुरा उनी बताउँछन् । यस्ता चुनौतीसँग लड्दै भिड्दै शिक्षाको ज्योति बाल्ने महान् लक्ष्य लिएर हिँडेका इन्द्रप्रसाद रेग्मीलाई न त समयको हुरीले छेक्न सक्यो न त प्रतिगमनको बाढीले नै रोक्न सक्यो । उनी एक दशकपछि आफ्नो कार्यक्षेत्र परिवर्तन गरी शिक्षकबाट वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको पुस्तकालयमा हेड असिस्टेन्ट पदमा अस्थायी नियुक्त भए । उनले कलकत्ता विश्वविद्यालयबाट बी.लीब.एस्सी उत्तीर्ण गरी त्रि.वि.का क्याम्पसहरूमा लगभग तिन दशक (वि.सं.२०३३ श्रावणदेखि २०५८ फागुनसम्म) सेवा गरे । वि.स.२०३५ मा सोही पदमा स्थायी भई वि.सं. २०४० सम्म पुस्तकालयमा काम गरे । बढुवा भएर उनले वि.सं.२०४० देखि २०४९ सम्म कृ.प.वि.अ.सं. रामपुर क्याम्पसमा असिस्टेन्ट लाइब्रेरियनको पदमा रहेर काम गरे । उनले वि.सं. २०४९ देखि २०५२ माघसम्म शङ्करदेव बहुमुखी क्याम्पस काठमाडौँमा असिस्टेन्ट लाइब्रेरियनको पदमा काम गरेपछि वि.सं.२०५२ देखि २०५५ सम्म पुनः कृ.प.वि.अ.सं. रामपुर क्याम्पसमा सोही पदमा रहेर काम गरे । वि.सं.२०५५ देखि २०५६ सम्म ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जमा डेपुटी लाइब्रेरियन भएर काम गरेपछि वि.सं.२०५६ देखि २०५८ मङ्सिरसम्म सोही पदमा काम गरी अवकाश लिएका उनले सप्तगण्डकी बहुमुखी क्याम्पस (पब्लिक क्याम्पस) भरतपुरमा वि.सं.२०५६ फागुनदेखि वि.सं.२०६६ माघसम्म डेपुटी लाइब्रेरियन पदमा रहेर काम गरे ।[१५] यसरी शिक्षण पेसाबाट सेवारम्भ गरेका इन्द्रप्रसाद रेग्मी लामो समयसम्म पुस्तकालय कर्मचारीको रूपमा सेवा गरी अहिले निवृत्त जीवन बिताउँदै आएका छन् ।

## २.७ साहित्य लेखनको प्रारम्भ र निरन्तरता

इन्द्रप्रसाद रेग्मी प्रारम्भमा मनोरञ्जनकै रूपमा साहित्य सृजनामा लागेका हुन् । पछि क्रमशः साहित्यप्रतिको अनुराग बढ्दै गएर साहित्यलाई सामाजिक दायित्वका रूपमा लिएर साहित्य सृजनामा लागेका रेग्मीले वि.सं. २०२६ देखि नै फाटफुट रूपमा विभिन्न पत्रपत्रिकामा आफ्ना रचनाहरू प्रकाशन गरेको देखिन्छ । उनले आफूसँग भएका साहित्यिक रचनाहरूलाई विधागत रूपमा छुट्याएर एकैचोटि तिनवटा कृतिहरू **भर्खरै** (कविता सङ्ग्रह), **बैशाखी टेकेर** (हाइकु सङ्ग्रह) र **बिर्सनै लागेका कुराहरू** (संस्मरण सङ्ग्रह) वि.सं.२०६८ मा प्रकाशित गरेका छन् ।[१६] यी तिनैवटा कृतिभित्रका

१५.ऐजन ।

रचनाहरू प्रायजसो साहित्यिक कार्यक्रम, गोष्ठी र शारदा घरदैलो कार्यक्रममा वाचन गरेका र ती कार्यक्रममा सहभागिता जनाउँदा भएगरेका अनुभूतिहरूका सङ्कलन हुन् । ती उनका जीवनका भोगाइ र गराइका सिलसिलेवार प्रस्तुति हुन् भन्दा फरक पर्दैन । उनले क्रमिक रूपमा समयको गतिसँगै साहित्यिक रचना गरेको पनि चारदशक भइसकेको छ । जीवनको उत्तरार्धमा पनि रेग्मीको साहित्यिक कलम निरन्तर चलिरहेको छ । डि.आर. पोखरेलका भनाइमा उनी 'अधुरो प्रेम' शीर्षकको कथा र 'विद्यार्थीहरू सित' शीर्षकको कविता वि.सं.२०२६ मा प्रकाशन गरी साहित्यमा प्रवेश गरेका हुन् ।[१७] प्रारम्भदेखि हालसम्म निरन्तर रूपमा साहित्य सृजनामा जुटेका रेग्मीको जीवनको उत्तरार्धमा साहित्यिक सृजनाहरू अझ मौलाउँदै जाने कुरामा विश्वास गर्न सकिन्छ ।

## २.८ साहित्यिक मान्यता

साहित्य भनेको मानवीय जीवनका भोगाइको अनुभूति हो । यसले मानवीय हितको कार्य गर्दछ । मोहन हिमांशु थापाका अनुसार साहित्यमा जीवन र जगत्मा प्राप्त विभिन्न भावना र अनुभूतिको अभिव्यक्ति हुने भएकोले साहित्य एउटा लोक हो अनि आलोक पनि, त्यसैले यसमा विभिन्न वाद, सिद्धान्त र प्रवृत्ति समयका रङ्गहरूमा प्रतिभासित हुदैं जान्छन् ।[१८] इन्द्रप्रसाद रेग्मीको वैयक्तिक जीवन बाल्यकालदेखि नै सङ्घर्षमय रहेको बुझिन्छ । वर्गीय असमानताको अनुभूति र वामपन्थी स्कुले जीवनका कारण उनका साहित्यिक कृति वा रचनाहरूमा मार्क्सवादी चिन्तनको परोक्ष प्रभाव परेको छ । साहित्यकार इन्द्रप्रसाद रेग्मीका अनुसार साहित्य वर्गीय हुन्छ । आफ्ना चेतनाअनुसार यो वा त्यो वर्गको हितमा प्रत्येक स्रष्टाले साहित्य सिर्जना गर्दछ । समाजका बेथिति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गर्ने रेग्मी परहित, सामाजिक भलाइ र उदात्त मानवीय गुणका साथै राष्ट्रवादी विचारका धनी देखिन्छन् । निमुखा वर्गको उत्थानका निम्ति सदैव प्रयत्नशील रहनुपर्छ भन्ने विचारका पक्षमा उनी देखिन्छन् । साहित्य समाजको कसिङ्गर बढार्ने र वर्गीय असमानतालाई निमिट्यान्न पार्ने एक साधन भएको हुनाले सर्वसाधारण निमुखा मानिसको जीवन र जगत्का विषयवस्तु साहित्यमा समेटिएको हुनुपर्छ र परिवर्तनका लागि साहित्यको सिर्जना हुनुपर्छ भन्ने धारणा उनमा रहेको छ ।[१९] उनी हास्यव्यङ्ग्यका माध्यमबाट आफ्ना धारणा राख्न पनि खप्पिस छन् । उनी कसैले चित्त दुखाउलान् भन्ने कुराको ख्यालै नगरी आफ्ना विचारहरू निर्भीक ढङ्गले राख्दछन् । उनी विगतका घटनाक्रमहरूलाई आफ्नो बुझाइ र अनुभूतिका माध्यमबाट प्रस्तुत गरेर विद्यमान विकृति र विसङ्गतिजन्य समस्याको उजागर गरी राष्ट्रियताप्रति सचेत रहन सबैमा आग्रह गर्न चाहन्छन् । वामपन्थी स्कुलिङबाट आएका उनले साहित्यिक कृतिमा यथार्थता, श्रमप्रतिको सम्मान भाव, सर्वहारा वर्गको अधिनायकत्व र त्यस

---

१६.ऐजन

१७.डि.आर. प्रोखरेल, *यादमा इमान्दार छन् इन्द्र,* **बिर्सन लागेका कुराहरू**, (ले.) इन्द्रप्रसाद रेग्मी, पृ.सं.(भू) ६ ।

१८.मोहनहिमांशु थापा, *साहित्यको परिभाषा,* **साहित्य परिचय**, साझा प्रकाशन, पृ.सं. ६ ।

१९. शोधनायकसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ताअनुसार ।

नीतिका मापकहरूको साहित्यमा चित्रण, वैज्ञानिकता, सामाजिक यर्थाथवादी साहित्य सिर्जन, क्रान्तिकारिता, क्रान्तिकारी आदर्शको परिपालन, देशभक्ति, स्वाभिमान, साम्राज्यवादी नीतिको विरोध, शोषण, उत्पीडनको विरोध, आदि सौन्दर्यशास्त्रका व्यावहारिक स्वरूपलाई केही हदसम्म परिपालन गरे पनि पूर्णरूपले पालन गर्न सकेका छैनन् ।[२०] इन्द्रप्रसाद रेग्मीका साहित्यिक कृतिहरूको अध्ययन गर्दा समाजमा विद्‌यमान विकृति, विसङ्गति र बेथितिलाई हास्यव्यङ्ग्यको माध्यमबाट मानवतावादी चिन्तन प्रस्तुत गर्नु उनको साहित्यिक मान्यता रहेको देखिन्छ ।

## २.९ सम्मान र पुरस्कार

एक्काइस वर्षको उमेरदेखि साहित्य सिर्जना गरी आफ्नो परिचय दिन थालेका इन्द्रप्रसाद रेग्मीको साहित्य साधनाले हालसम्म निरन्तरता पाएको छ । साधनाका क्रममा कविता र कथाका माध्यमबाट साहित्यमा प्रवेश गरेका रेग्मीले फुटकर रूपमा आफ्ना रचनाहरूलाई वि.सं. २०६८ भन्दा अगाडि पत्रपत्रिकाका माध्यमद्वारा प्रकाशित गरेका छन् । साहित्य सिर्जना लगायत विभिन्न सङ्घसंस्थाको स्थापना गरी सामाजिक कार्यहरू समेत उनले सम्पन्न गरेका छन् । राजनीतिमा अग्रसर रेग्मीले विद्यार्थी कालदेखि नै नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् । राष्ट्रिय प्राथमिक विद्यालय भोजाडका संस्थापक हेडमास्टर भई काम गरेका रेग्मीलाई यस विद्यालयले सम्मान पनि गरिसकेको छ । वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट २०५८ मा, त्रि.वि. प्रगतिशील कर्मचारी सङ्गठनबाट २०६१ मा, प्रगतिशील सांस्कृतिक सङ्गठनबाट २०६४ मा, साहित्य सङ्गम चितवनबाट २०६७ मा, श्री सिद्धिविनायक मा.वि. बसेनीबाट २०६८ मा, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरबाट २०६८ मा र नारायणी उच्च मा.वि. भरतपुरबाट २०६९ मा उनले सम्मान प्राप्त गरेका छन् । साहित्य सङ्गम चितवनबाट मदनमोहन जोशी स्मृति पुरस्कार (२०६८) र त्रि.वि.बाट दीर्घ सेवा पदक (२०६०/०३/२२) द्वारा उनी पुरस्कृत र सम्मानित भएका छन् ।[२१] रेग्मीको योगदानको कदर गर्दै प्रदान गरिएको पुरस्कार तथा सम्मानले उनमा उर्जा थपेको छ ।

## २.१० सङ्घसंस्थामा आबद्धता

इन्द्रप्रसाद रेग्मी साहित्यकारका साथै सङ्गठक पनि हुन् । वि.सं. २०२६ देखि नै राजनीति तथा साहित्यमा उनको सक्रिय सहभागिता रहेको देखिन्छ । यसै वर्षदेखि उनले अखिलको प्रथम जिल्ला समितिमा रहेर अखिलका कार्ययोजनालाई प्रभावकारी रूपमा सम्पन्न गर्दै लगेका थिए भने यसै वर्ष कविता र कथाका माध्यमद्वारा साहित्यमा प्रवेश गरेका थिए । वि.सं. २०२६ देखि २०३६ भाद्रसम्म उनको विद्यार्थी सङ्गठनमा प्रत्यक्ष सहभागिता रहेको थियो । वि.सं.२०३३ मा उनी अ.ने.रा.स्व.वि.यु.का केन्द्रीय सदस्य समेत भएका थिए । त्यसपछि उनी वि.सं. २०४४ मा साहित्य सङ्गम चितवनको संस्थापक सदस्य तथा पछि उपाध्यक्ष भए । वि.सं. २०६२ देखि २०६४ सम्म यसै संस्थाका अध्यक्ष भई

२०. डि.आर. पोखरेलसँगको लिखित अन्तर्वाता अनुसार ।

२१.शोधनायकसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ताअनुसार ।

नेतृत्वदायी भूमिका समेत निर्वाह गरेका उनले इन्द्रेणी सांस्कृतिक समाज चितवन, प्रगतिशील सांस्कृतिक सङ्गठन चितवन र एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ चितवन सबैमा अध्यक्ष बनी काम गरिसकेका छन् । प्रगतिशील बुद्धिजीवी सङ्गठन चितवनका सदस्य, त्रि.वि. कर्मचारी सङ्गठनका  केन्द्रीय सदस्य र त्रि.वि. प्रगतिशील कर्मचारी सङ्गठनका उपाध्यक्ष पनि बनिसकेका छन् । त्यस्तै नारायणी एल्मोनाइ एसोसियन चितवनका अध्यक्ष बनी यस सस्थामा आबद्धता जनाएका पनि छन् । उनी हाल पनि एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सदस्य, प्रगतिशील लेखक सङ्घका केन्द्रीय सदस्य, साहित्य सङ्गम चितवनका सल्लाहकार सदस्य, नेपाल वाङ्मय प्रतिष्ठान चितवनका संयोजक, सहिद शारदा स्मृति पुरस्कार चितवनका सदस्य, देवघाट क्षेत्र विकास समितिका सदस्य, जनोदय टोलसुधार समिति बाइपास रोड भरतपुरका अध्यक्ष, एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का जिल्ला सदस्य र भरतपुर बचत तथा सहकारी संस्था चितवनका शिक्षा संयोजक भई भूमिका निर्वाह गरिरहेका छन् ।[२२] रेग्मीको सामाजिक सम्बन्ध र समाज सुधारको चिन्तनलाई विभिन्न सङ्घसंस्थामा आबद्ध हुनुले पुष्टि गरेको छ ।

## २.११ रुचि र स्वभाव

सहरी वातावरणमा जन्मिएका इन्द्रप्रसाद रेग्मी बाल्यावस्थादेखि नै निर्भीक र लजालु स्वभावका थिए । बालसखासँग पूजा अर्चना गर्न र खेल्न औधी रुचाउने रेग्मी बाल्यकालदेखि नै हिन्दी, नेपाली र बङ्गाली भाषा बोल्न जान्दथे । पढाइमा उनी निकै रुचि लिन्थे । दश वर्षको उमेरमा  कलकत्ता  छोडी पुर्खौली थलो गोरखा आएपछि कठिन पारिवारिक स्थितिका कारण उनले पढाइलाई निरन्तर अगाडि बढाउन पाएनन् । बाल्यावस्थामै मातृस्नेहबाट बञ्चित रेग्मीको बाल्यकाल सुखद हुन नसके पनि आफ्नो बलबुता र मिहिनेतका कारण उनले आफ्नो जीवनको लक्ष्य पूरा गरेरै छाडेका छन् । युवावस्थादेखि नै उनी परिश्रमी, लगनशील, दृढ निश्चयी र स्वभिमानी स्वभावका देखिन्छन् । उनी आडम्बरीपनको खरो विरोध गर्दछन् भने तडकभडक र भड्किलो स्वभावप्रति वितृष्णा राख्दछन् । अरूलाई हेप्नचेप्न नचाहने मात्र होइन; अरूबाट आफू पनि नहेपिने उनको स्वभाव छ । उनीसँग हेलमेल भएका र उनलाई नजिकबाट चिन्ने विभिन्न व्यक्तित्वहरूमध्ये अमृत थापा मगरको भनाइमा उनी अत्यन्तै सरल, मिजासिलो स्वभावका, चाँडै घुलमिल हुने, ठुलो बन्न नखोज्ने मान्छे हुन् ।[२३] साहित्यकार ईश्वरी ओझाका अनुसार उनी बडा निडर, प्रस्टवक्ता र झट्टै हेलमेल गर्ने व्यक्ति हुन्[२४] भने साहित्यकार डि.आर. पोखरेलले उनी हक्की स्वभावका र आक्रामक प्रवृत्तिका व्यक्ति भएको बताएका छन् ।[२५] रीतिरिवाज धर्म र संस्कृति समयअनुरूप परिमार्जित हुँदै जानुपर्छ र अन्धविश्वासलाई त्याग्नुपर्छ भन्ने मान्यता उनको छ । उनी आफूलाई नास्तिक भन्न रुचाउँछन् । इन्द्रप्रसाद रेग्मी राजनीतिक नेताका रूपमा निर्मल लामा, निनु चापागाईं र मदन भण्डारीलाई मन पराउँछन् भने मोदनाथ प्रश्रित र रामचन्द्र भट्टराईका रचना र लेखहरू पढ्न मन पराउँछन् । साहित्यकारहरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, मोहन कोइराला,  हरिभक्त कटुवाल, आनन्ददेव भट्ट,  गोविन्द भट्ट, केशवराज

२२. ऐजन ।

पिँडाली, रामकुमार पाँडे, श्याम गोतामे र चितवनका साहित्यकारहरूमा राजेन्द्र घायल, सरिता तिवारी र भूपिन व्याकुलका रचनाहरू अधिक मन पर्ने कुरा उनी बताउँछन् । हालसाल सीता पाण्डेका कथाहरू पनि मन पर्न लागेको उनी बताउँछन् ।[२६] मानवीय रुचि समय अनुकूल परिवर्तन हुँदै जाने गर्दछ । इन्द्रप्रसाद रेग्मीको रुचि पनि परिवर्तन हुँदै गएको पाइन्छ । चेतनाले मानवीय स्वभावलाई पनि परिवर्तन गरे झैँ रेग्मीको स्वभावमा पनि परिवर्तन भएको पाइन्छ ।

## २.१२ भ्रमण

वि.सं. २०३२ मा आठ कक्षा उत्तीर्ण गरेपछि राष्ट्रिय प्राथमिक विद्यालय भोजाडका संस्थापक हेडमास्टर भई विभिन्न समयका शिक्षक तालिममा भाग लिन विभिन्न ठाउँमा पुगेको उनी बताउँछन् । पुस्तकालय सम्बन्धी स्वदेश तथा विदेशका तालिममा भाग लिएको र वि.सं. २०४३ मा दक्षिण पूर्वी एसियाका लाइब्रेरियनहरूको मनिलामा आयोजित सेमिनारमा भाग लिएको अनुभव उनीसँग छ । नेपालका ४७ वटा जिल्लाहरूको भ्रमण गरेको र व्यक्तिगत र संस्थागत कामका सिलसिलामा भारत, हङकङ, थाइल्यान्ड, फिलिपिन्स जस्ता देशहरूको भ्रमण गरिसकेको उनी बताउँछन् । नेपालका कतिपय जिल्लाको भ्रमण गर्न बाँकी रहेको र समय तथा अवसर मिले सबै जिल्ला र ठाउँ घुम्ने इच्छा समेत उनको छ । विद्यार्थी कालमा भारतमा विभिन्न समयमा विभिन्न स्थानमा भएका सम्मेलनहरूमा प्रचण्ड अर्थात् पुष्पकमल दाहाल, लीलामणि पोखरेल, निनु चापागाईं, चित्रबहादुर आले, मोहनविक्रम सिंह घर्ती, निर्मल लामा जस्ता विशिष्ट व्यक्तिहरूसँग मिलेर साङ्गठनिक र स्वदेश तथा विदेशमा सङ्गठन विस्तारका कामहरू गर्दै विभिन्न ठाउँहरूको भ्रमण उनले गरेका छन् ।[२७] रेग्मीले स्वदेशमा मात्र होइन; विदेश गएर पनि ज्ञान आर्जन गरेका छन् । उक्त आर्जित ज्ञान उनको गहना बनेको छ ।

## २.१३ दिनचर्या

हरेक मानिसका आफ्ना आफ्नै दिनचर्या हुन्छन् । इन्द्रप्रसाद रेग्मीको पनि आफ्नै किसिमको दिनचर्या छ । उनी हरेक दिन बिहान सबेरै उठ्छन् र आफ्नो नित्यकर्म सिध्याउँछन् । जागिरे जीवनको अवकाशपछि हाल उनी सामाजिक र साहित्यिक कार्यमा संलग्न हुन थालेको बताउँछन् । उनी अहिले साहित्यिक सङ्घसंस्था, सामाजिक संस्था र राजनीतिक पार्टीमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन् ।

---

२३. अमृत थापा मगरसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ता अनुसार ।

२४. ईश्वरी ओझासँग भएको मौखिक तथा लिखित अन्तर्वार्ता अनुसार ।

२५. डि.आर. पोखरेलसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ता अनुसार ।

२६. शोधनायकसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ता अनुसार ।

२७. ऐजन ।

जनोदय टोल सुधार समिति बाइपासरोड, भरतपुरको अध्यक्षको पदीय जिम्मेवारी बहन गरेको हुनाले दैनिक रूपमा आउने टोल विकासका समस्या समाधान गर्ने र देवघाट क्षेत्र विकास समितिमा रहेर काम गरिरहेको हुनाले उनको अधिकांश समय त्यतै बित्ने गरेको छ । शहिद शारदा स्मृति पुरस्कारको कार्यकारिणी अध्यक्षका रूपमा र शारदा घरदैलो कार्यक्रमको संयोजकको भूमिका निर्वाह गरेकाले अधिकांश समय घरबाहिर सामाजिक, साहित्यिक र राजनीतिक कार्यहरू सम्पादन गरेर आफ्ना दिनचर्या बिताउने गरेको उनी बताउँछन् ।[२८] बिहान दैनिक पत्रपत्रिका पढ्न, साहित्यिक कार्यक्रममा सहभागी हुन, सामाजिक सङ्घसंस्थाका बैठकमा छलफल गर्न र राजनीतिक कार्यकर्ताको भूमिका निर्वाह गर्नमै रेग्मी व्यस्त रहन्छन् ।

## २.१४ सुखदु:खका क्षणहरू

सुख र दु:ख मानवीय भाव र संवेदना हुन् । मानिस आफ्नो जीवनमा सुखैसुख होस् भन्ने चाहन्छ तर जीवनमा कहिलेकाहीँ प्राकृतिक प्रकोप, दैवी विपत्ति एवम् सामाजिक तथा मानसिक हुरी तनाब वा अशान्तिले मानिसको सुन्दर जीवनमा आँधीबेहरी उत्पन्न गरिदिन्छ । त्यस्तै आँधीबेहरी इन्द्रप्रसाद रेग्मीको जीवनमा पनि उत्पन्न भएको देखिन्छ । वि.सं. २०१५ मा कलकत्ता छोडी गोरखा आएपछि उनको पढाइ पाँच वर्षसम्म स्थगित हुनुलाई उनले आफ्नो जीवनको दुखद् क्षणको रूपमा लिएका छन् भने वि.सं. २०१७ मा उनी बाह्र वर्षको हुँदा उनकी आमा लक्ष्मीदेवी रेग्मीको असामयिक निधनलाई जीवनको सबैभन्दा ठुलो दुखद घटना मान्दछन् । त्यस्तै वि.सं. २०५१ मा मदन भण्डारीको दासढुङ्गामा दुर्घटनामा परी मृत्यु भएको घटनालाई अर्को दुखद क्षण मान्दछन् । मदन भण्डारीको मृत्युको समाचार सुनेर उनी कोठाभित्र एक्लै रोएको बताउँछन् । वि.सं. २०२५ मा उनको विवाह तारादेवी धितालसँग सम्पन्न भएको अविस्मरणीय घटनालाई उनले हालसम्मकै सबैभन्दा सुखद घटना मानेका छन् । उनलाई विवाह गरेपछि सामाजिक रूपमा जिम्मेवार नागरिक भएको महसुस हुने गरेको छ ।[२९] जीवनका यिनै तितामिठा अनुभवहरूलाई स्मृतिबिम्बका रूपमा सँगाल्दै साहित्यकार रेग्मीको जीवनयात्रा अगाडि बढिरहेको देखिन्छ ।

## २.१५ ईश्वरप्रतिको आस्था

सनातन हिन्दु परम्परा मान्ने परिवारमा इन्द्रप्रसाद रेग्मीको जन्म भएको थियो । कलाकत्ताको मुसलमानको बाक्लो बस्तीको बिचमा उनको घर थियो । त्यतिखेर मुस्लिमका चाडपर्व र मस्जिदमा उनको अत्यन्तै रुचि बढन जाँदा धेरैजसो गतिविधिहरूमा उनले भाग लिने पनि गर्दथे । उनको घरनजिकै वृन्दावती देवीको मन्दिर रहेको र बालसखाहरूसँग मिलेर उक्त मन्दिरमा पूजा अर्चना गर्ने गरेको मानसपटलमा ताजै रहेको उनी बताउँछन् । बाल्यावस्थामा ईश्वरप्रति पूर्ण आस्था राख्ने उनी जीवनका आरोह अवरोहसँगै आफ्नो चिन्तन, विचार र आस्था परिवर्तन हुन गएको बताउँछन् । विद्यार्थी

---

२८. ऐजन ।

२९. ऐजन ।

कालदेखि नै वामपन्थी स्कुलिङबाट आफ्नो चिन्तन फराकिलो पार्दै आएकोले आज आफूले आफूलाई मूल्याङ्कन गर्दा नास्तिक भएको बताउँछन् । मानवीय कर्म र परोपकारमा ईश्वर प्राप्त गर्न सकिने भएकोले ईश्वरको प्राप्तिका लागि मठ, मन्दिर अथवा मस्जिदमा जानु नपर्ने र धर्म भनेको मानिसलाई अनुशासनमा बाँध्ने एक माध्यम मात्र हो भन्ने उनको ठम्याइ छ । अनुशासित मानिसका निम्ति धर्मको आवश्यकता नपर्ने भएकोले आफू नास्तिक बनेको उनको ठहर छ । भगवान् मान्छेले बनाएको मन्दिर तथा मूर्तिभित्र होइन; मान्छेभित्रै छन् र स्वर्ग वा नर्क भन्ने कुरा यही धर्तीभित्रै रहेको उनले महसुस गरेका छन् । भगवान्प्रति आस्था राखेर पूजा गर्न वा भगवान् भेटिन्छ भनेर होइन कि घुम्ने र हेर्ने इच्छा पूरा गर्नका लागि उनी धार्मिक तीर्थस्थल जाने गरेको बताउँछन् ।[३०] रेग्मीको बाल्यावस्थाको ईश्वरप्रतिको आस्थामा परिवर्तन भई वर्तमानमा उनी नास्तिक बनेको पुष्टि हुन्छ ।

## २.१६ निष्कर्ष

वि.सं. २००५ मङ्सिर १६ गते पिता रमाकान्त रेग्मी र माता लक्ष्मीदेवीको कोखबाट भारतको कलकत्तामा जन्मिएका इन्द्रप्रसाद रेग्मी वि.सं. २०१५ मा दश वर्षको उमेर हुँदा आफ्नो पुर्ख्यौली थलो गोरखाको भसेल फर्किएर बसोबास गरी पछि वि.सं. २०१९ मा चितवन जिल्लाको भोजाडमा बसाइँ सरी आएका हुन् । वि.सं.२०२५ मा गुञ्जनगर निवासी धिताल परिवारकी सुपुत्री तारादेवी धितालसँग उनको विवाह भएको हो । गोरखाबाट बसाइँ सरेर आएपछि उनले पाँच वर्षसम्म पारिवारिक र आर्थिक समस्याका कारण अध्ययन गर्न पाएनन् । वि.सं.२०२१ मा नारायणी रात्रि हाइस्कुलबाट उनले पुनः अध्ययन प्रारम्भ गरे । वीरेन्द्र इन्टरमिडियट कलेजबाट प्रमाणपत्र तह र स्नातक तह त्रि.वि.बाट प्राइभेट परीक्षा दिई उत्तीर्ण गरे । वि.सं. २०३९ मा कलकत्ता विश्वविद्यालयबाट पुस्तकालय विज्ञान सम्बन्धी बि.लीब.एस्सी उत्तीर्ण गरेका इन्द्रप्रसाद रेग्मीका दुई छोराहरू छन् । वि.स.२०२२ मा राष्ट्रिय प्राथमिक विद्यालय भोजाडका हेडमास्टरको रूपमा जागिरमा प्रवेश गरेका उनी विद्यार्थी कालदेखि नै कम्युनिस्ट पार्टीको भातृ सङ्गठन अ.ने.रा.स्व.वि.यु.मा आबद्ध भएका थिए । उनले तत्कालीन पञ्चायती सरकार विरुद्धको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । वि.सं. २०३३ सम्म शिक्षण पेसामा आबद्ध रहेका उनले वि.सं. २०३३ देखि पेसा परिवर्तन गरी त्रि.वि.का क्याम्पसहरूमा वि.सं.२०६६ सम्म पुस्तकालय कर्मचारीका रूपमा काम गरे । राजनीतिमा प्रगतिशील विचारका रेग्मी समाजमा भएका बेथिति, विकृति, असमानता र अस्तव्यस्ततादेखि आहत भोका, नाङ्गा, निमुखा, शोषित, पीडित र पछाडि परेका वर्गको दुःखलाई नजिकबाट नियाँल्दै तिनैको उत्थानका लागि निरन्तर आफ्नो कलम चलाइरहेका छन् । साहित्यले सामाजिक वर्गीय विभेदलाई अन्त्य गरी नयाँ समाजको निर्माण गर्नुपर्छ भन्ने रेग्मी आफूलाई नास्तिक ठान्दछन् । समाजमा भएका विकृति र विसङ्गति विरुद्ध विद्रोहको स्वर प्रकट गर्ने स्पष्टवादी रेग्मी समाजमा व्याप्त अन्याय, अत्याचार र वर्गीय असमानताका विरुद्ध निर्भीकतासाथ आफ्ना मत प्रकट गर्ने एक सिद्धहस्त साहित्य साधक हुन् । उनले चितवनमा साहित्यको उन्नयनका लागि नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् ।

---

३०. ऐजन ।

## परिच्छेद-तिन

# सहित्यकार इन्द्रप्रसाद रेग्मीको व्यक्तित्व

## ३. पृष्ठभूमि

कुनै पनि मानिसको व्यक्तित्वको प्राप्त गर्न उसको आन्तरिक र बाह्य दुबै पाटालाई बुझ्नु पर्दछ। हेमाङ्गराज अधिकारी र बद्रिविशाल भट्टराईका अनुसार खास व्यक्तिमा हुने विशिष्टता, व्यक्तिको निजी विशेषता वा त्यसबाट अरूलाई प्रभावित पार्ने क्षमता वा व्यक्तिको प्रभावलाई नै व्यक्तित्व भनिन्छ। कुनै पनि व्यक्तिको व्यक्तित्व नै उसका विशेषताहरूको परिचायक हुन्छ। सामान्यतः व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ।[३१] यस शीर्षकअन्तर्गत इन्द्रप्रसाद रेग्मीको बाह्य र आन्तरिक दुई व्यक्तित्वलाई विभिन्न कोणबाट अध्ययन गरिएको छ।

## ३.१ बाह्य व्यक्तित्व

मानिसको बाह्य व्यक्तित्व भनेको शारीरिक गठन हो र यो बाहिरबाट हेर्दा छर्लङ्ग देखिन्छ। बाहय व्यक्तित्व शारीरिक बनोट रूपरङ्ग आदिसँग सम्बन्धित हुन्छ। इन्द्रप्रसाद रेग्मीको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि सुहाउँदो देखिन्छ। ५ फिट २ इन्च उचाइ, ६० के.जी. तौल, गँहुगोरो वर्ण, बाटुलो, ठुलो अनुहार, उज्यालो मुखमण्डल, गम्भीर स्वभाव र मझौला शरीर भएका इन्द्रप्रसाद रेग्मी रसिक र हँसिला देखिन्छन्। कोही कसैलाई अन्याय र अत्याचार नगर्ने र नसहने रेग्मी उच्च मनोबल भएका र देखेजानेका कुरा नढाँटी बोल्ने स्पष्ट वक्ता हुन्। उनी कसैसँग लोलोपोतो गर्न नचाहने निर्भीक र स्वभीमानी व्यक्ति हुन्।

## ३.२ आन्तरिक व्यक्तित्व

व्यक्तिमा अन्तर्निहित गुण र प्रतिभा वा विशिष्टतालाई त्यस व्यक्तिको आन्तरिक व्यक्तित्व भनिन्छ। कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनको उतारचढाब, क्रिया प्रतिक्रिया र जीवन भोगाइमा निर्भर गर्दछ। व्यक्तिको आन्तरिक व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवम् राजनीतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेका हुन्छन्। यसका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छन्। इन्द्रप्रसाद रेग्मीको समस्त व्यक्तित्वको अध्ययन गर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी देखिन्छ। उनले नेपाली साहित्यको श्रीवृद्धि, समाजसेवा र राष्ट्रोन्नतिमा के कति योगदान दिएका छन् भन्ने कुरा बुझ्न उनका

---

३१. हेमाङ्गराज अधिकारी र बद्रिविशाल भट्टराई, *प्रयोगात्मक नेपाली शब्दकोश* (दो.सं.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. २०६३, पृ.सं.९२९।

जीवनका विभिन्न पक्षहरूको अध्ययन गर्नुपर्ने हुन्छ । यहाँ उनको आन्तरिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

## ३.२.१ साहित्यिक व्यक्तित्व

इन्द्रप्रसाद रेग्मी नेपाली साहित्यको साधनामा किशोरावस्थादेखि नै गहिरो अभिरुचि भएका व्यक्तित्व हुन् । उनले पहिलो कविता **विद्यार्थीहरू सित** वि.सं. २०२६ मा नारायणी रात्रि हाइ स्कुलको पहिलो प्रकाशन **रात्रि प्रकाश**मा प्रकाशित गरेका हुन् । वि.सं.२०२६ मै उनले **रात्रि प्रकाश**मा पहिलो कथा **अधुरो प्रेम** पनि प्रकाशित गरेका हुन् । उनले पहिलो पटक वि.सं.२०२६ मा नारायणी रात्रि स्कुलका विद्यार्थीहरूको मुखपत्र **रात्रि प्रकाश**को सम्पादन गरेका थिए । यस्तै उनले वीरेन्द्र बहुमुखी क्याम्पसले प्रकाशन गरेको **प्रकाश पुञ्ज**को वि.सं. २०२८ र मा वि.सं. २०४६–२०४८ मा कृ.प.वि.अ. सं. रामपुर क्याम्पसको मुखपत्र **अन्नपूर्ण**को पहिलो र दोस्रो अङ्कको सम्पादन गरेका थिए । चितवनबाट प्रकाशित साहित्यिक पत्रिका **स्रष्टा**को वि.सं. २०६२–२०६८ सम्म व्यवस्थापन समितिमा रहेर काम गरिसकेका उनले देवघाट क्षेत्र विकास समितिले प्रकाशन गरेको **देवघाट दर्पण**का दुई अङ्क २०६९ र २०७० को प्रधान सम्पादक भई सम्पादन गरेका छन् । यसरी हेर्दा सम्पादन गर्ने कार्यमा उनको उल्लेख्य भूमिका रहेको देखिन्छ । प्रकाशनका दृष्टिले वि.सं. २०२६ सालदेखि नै निरन्तर साहित्य साधनामा लागेका इन्द्रप्रसाद रेग्मीको साहित्यिक यात्रा क्रमशः गतिशील बन्दै अगाडि बढेको देखिन्छ । उनका साहित्यिक रचनाहरू फुटकर रूपमा हाम्रो सिर्जना, स्रष्टा, प्रलेश, चितवन पोस्ट दैनिक, लोकतन्त्र सन्देश दैनिक, विभिन्न स्मारिका र पत्रपत्रिकाहरूमा छिरलिएर प्रकाशित भएका छन् । पुस्तकाकार कृतिका रूपमा **भर्खरै** कविता सङ्ग्रह (२०६८), **बिर्सनै लागेका कुराहरू** संस्मरण निबन्ध सङ्ग्रह (२०६८), **बैशाखी टेकेर** हाइकु सङ्ग्रह (२०६८) प्रकाशित छन् ।[३२] यी तिनवटा कृतिहरूका स्रष्टा रेग्मी साहित्य साधना गर्ने विशिष्ट राष्ट्रिय प्रतिभाका रूपमा देखापरेका छन् । चितवन जिल्लामा वि.सं. २०६० भदौ महिनादेखि अनवरत रूपमा शारदा घरदैलो साहित्यिक अभियान सञ्चालन गरेर साहित्यिक नेतृत्व समेत गरेका हुनाले उनको साहित्यिक व्यक्तित्व अझ पल्लवित भएको पाइन्छ ।

### ३.२.१.१ कवि व्यक्तित्व

इन्द्रप्रसाद रेग्मीले वि.सं. २०२६ सालदेखि नै औपचारिक रूपमा कविता लेखन सुरु गरेका हुन् । उनको साहित्य यात्रासँगै कवितायात्रा पनि आरम्भ भएको हो । उनको कवि व्यक्तित्वलाई चिनाउने पुस्तकाकार कृति **भर्खरै** कविता सङ्ग्रह (२०६८) प्रकाशित भएको छ । यीबाहेक उनका कविताहरू विभिन्न समयमा फुटकर रूपमा स्थानीय पत्रपत्रिका, विशेषाङ्क र स्मारिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् । उनका कविताको अध्ययनबाट उनी सामाजिक यथार्थवादी र प्रयोगवादी भावधारामा आधारित भएर विद्रोह, निराशा र विसङ्गतिवादी जीवनदृष्टिकोण प्रयोग गर्ने मूलतः गद्य कवि हुन् भन्न

---

३२.शोधनायकसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ताअनुसार ।

सकिन्छ । उनका कवितामा भाषिक सरलताभित्र बिम्ब प्रतीकको कलात्मकता रहेको पाइन्छ । कवि ईश्वरी ओझाले **कवि इन्द्र** शीर्षकमा कवि इन्द्र रेग्मीको व्यक्तित्वको चर्चा यसरी गरेका छन् :

**कवि इन्द्र**

बोल्ने कुरा समयमा नडराइ कत्ति
छन् धैर्यमा रत परे नि कुनै विमत्ती
रश्मी कतै चहकिलो छ कतै सितारा
इन्द्रेणि रङ्ग छ कतैतिर सप्र धारा

हुन्छन् हुरुक्क गतिशील यथार्थभित्र
हुन्छन् फुरुक्क मिलँदा हितचित्र मित्र
गर्छन् सकेभर सबैतिरको भलाइ
बिर्सन्न जीवनभरी कवि इन्द्रलाई

काव्यात्ममा छ रसिलोपन काव्य शैली
व्यङ्ग्यात्ममा धार भरिलो रसको बहेली
मिल्छौं विनम्रपनले दुइ भाइ हामी
मेरा अनन्त प्रियछन् कवि इन्द्र रेग्मी

बोल्छन् खरो वचन मन्द मसक्क मस्की
लेख्छन् नि हाइकु मिठा अनुराग पस्की
चाहे बसोस् मालिन चाँदनीभित्र घेरा
बस्छन् मुटु समीपमा कवि इन्द्र मेरा

टुप्लुक्क हाजिर हुने कवि गोष्ठीभित्र

आकर्षको पन म पाउँछु यत्र तत्र

बोली कबोलहरूमा परिपक्व थाइ

सौंपेँ वसन्ततिलका कवि इन्द्रलाई[३३]

ईश्वरी ओभ्का

२०७०/०३/२०, जयमङ्गला

### ३.२.१.२ निबन्धकार व्यक्तित्व

नेपाली साहित्यमा निबन्धलाई कान्छो विधा मानिन्छ । निबन्धको विषयवस्तु जेसुकै हुन सक्छ । प्रा.डा.मोहन हिमांशु थापाले वास्तवमा निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्मप्रकाशन हो भन्ने उल्लेख गरेका छन् ।[३४] डा.दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्माले निबन्धमा लेखकले कि त अन्तर्हृदयबाट अद्भुत सत्यलाई उद्घाटित गरिदिन्छ कि त अध्ययन तथा निरीक्षणबाट आर्जित ज्ञानलाई प्रस्तुत गरिदिन्छ भन्ने उल्लेख गरेका छन् ।[३५] डि.आर. पोखरेलले उनी कुनै कुरा नछिपाई जस्ताको तस्तै भन्ने यथार्थवादी र तटस्थ दृष्टिकोण प्रस्तुत गर्ने स्पष्टवादी र स्वाभिमानी भावनाका लेखक हुन् भन्ने उल्लेख गरेका छन् ।[३६] नेपाली साहित्यको निबन्ध विधामा उदीयमान इन्द्रप्रसाद रेग्मीले **बिर्सनै लागेका कुराहरू** (२०६८) संस्मरण सङ्ग्रह प्रकाशन गरेका छन् । उनका संस्मरणलाई अध्ययन गर्दा धेरैजसो उनले आत्मप्रकाशन गरी हृदयका अनुभूति र सत्य ज्ञानलाई प्रस्फुटन गरेका छन् । उनका उच्चकोटिका संस्मरणात्मक निबन्धहरू स्थानीय पत्रपत्रिका र स्मारिकाहरूमा निरन्तर प्रकाशित भइरहेकाले उनको निबन्धकार व्यक्तित्व सबलतासाथ अगि बढिरहेको पाइन्छ ।

---

३३. ईश्वरी ओभ्कासँग भएको मौखिक तथा लिखित अन्तर्वार्ता अनुसार ।

३४. मोहनहिमांशु थापा, **साहित्य परिचय**, ललितपुर : साभ्का प्रकाशन, २०६६ (पाँ.सं.), पृ.सं. १६८ ।

३५. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुर : साभ्का प्रकाशन, २०६९ (छैं.सं.) पृ.स. ११५ ।

३६. डि.आर. पोखरेल, *यादमा इमान्दार छन् इन्द्र,* **बिर्सनै लागेका कुराहरू**, (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : प्रगतिशील लेखक सङ्घ, २०६८, पृ.सं. (भू.) ज ।

### ३.२.१.३ हाइकुकार व्यक्तित्व

जापानी साहित्यबाट क्रमिक रूपमा नेपाली साहित्यमा भित्रिएको हाइकु कविता साहित्यको कान्छो विधा मानिन्छ । साहित्यिक क्षेत्रका विभिन्न विधामा कलम चलाएका इन्द्रप्रसाद रेग्मीको **बैशाखी टेकेर** (२०६८) हाइकु सङ्ग्रह प्रकाशित भएको छ । चूडा ढकालका अनुसार छोटो समयमा थोरै शब्दहरूको विन्यासगरी धेरै र घनीभूत कुराहरू सम्प्रेषण गर्न सकिने साहित्यको एउटा विधा हाइकु हो ।[३७] क्षेत्रप्रताप अधिकारीका अनुसार कुनै दृश्य, त्यो दृश्यबाट उद्वेलित भावना, त्यो भावना अभिव्यक्तिको लागि अपनाएको बिम्बले औँल्याएको सङ्केत र त्यो सङ्केतबाट पाठकमा लाग्ने घत हाइकुमा हुनुपर्ने तत्त्व हुन् भन्ने जापानी मान्यता रहेको बताएका छन् ।[३८] रमेश प्रभातले *बैशाखी टेकेर हाइकुमा उभिन खोज्दा* लेखमा राजनीतिलाई धर्म र कर्म बनाएर अगाडि बढिरहेका प्रौढ व्यक्तित्व इन्द्रप्रसाद रेग्मी मूलतः साहित्य सङ्गम चितवनको अध्यक्ष र साहित्यिक घरदैलो कार्यक्रमको थालनीपछि वक्ताबाट स्रष्टा बनेका हुन्[३९] भन्ने विचार प्रस्तुत गरेका छन् । पुस्तकाकार कृति **बैशाखी टेकेर** हाइकु सङ्ग्रह विभिन्न पत्रपत्रिका र विभिन्न स्मारिकाहरूमा प्रकाशित फुटकर हाइकु रचनाहरूले उनको हाइकुकार व्यक्तित्वलाई चिनाएको छ । फुटकर रूपमा वि.सं.२०६२ मा सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरले प्रकाशन गरेको **सप्तगण्डकी स्मारिका**, वर्ष ८, अङ्क ४ मा सातवटा हाइकु, वि.सं.२०६६ मा हाम्रो एफ.एम.ले प्रकाशन गरेको **हाम्रो पाइला स्मारिका**मा आठवटा हाइकु, वि.सं.२०६९ चितवन साहित्य वर्षले प्रकाशन गरेको **वागेश्वरी स्मारिका,** वर्ष २३, अङ्क २ मा दशवटा हाइकु, वि.सं.२०६९ मा कालिका एफ.एम.ले प्रकाशन गरेको **कालिका स्मारिका**मा दशवटा हाइकु र वि.सं.२०७० ब्रह्मनगर मा.वि.ले प्रकाशन गरेको **नभ प्रभात स्वर्ण स्मारिका**मा दशवटा हाइकु प्रकाशन गरेका रेग्मीको हाइकुकार व्यक्तित्व अझ परिचित हुँदै आएको पाइन्छ ।

### ३.२.१.४ भूमिका लेखक तथा कथाकार व्यक्तित्व

साहित्यकार इन्द्रप्रसाद रेग्मीले साहित्यका अन्य विधा जस्तो भूमिका लेखन कार्यमा खासै कलम चलाएको पाइँदैन । वि.सं. २०६१ देखि वि.सं. २०६३ सम्म साहित्य सङ्गम चितवनको अध्यक्ष भएर साहित्यिक नेतृत्व गरेको अवस्थामा उनले चेतकान्त चापागाईंद्वारा लिखित **राता फूलहरू** कविता

---

३७. चूडा ढकाल, *हाइकु राजनीति र हाइकुमा राजनीति,* **स्रष्टा**, साहित्यिक चौमासिक, (प्र.सम्पा. पूर्णबहादुर अधिकारी), चितवन : पोषराज पौडेल, पृ.सं. २६ ।

३८. क्षेत्रप्रताप अधिकारी, हाइकुको हावा, **पर्दाफास,** (ले.) प्रकाश पौडेल 'माइला', चितवन : चितवन साहित्य परिषद, २०६१ ।

३९. रमेश प्रभात, *'बैशाखी टेकेर' हाइकुमा उभिन खोज्दा,* **बैशाखी टेकेर**, (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : साहित्य सङ्गम, २०६८, पृ.सं. (भू) ट ।

सङ्ग्रहको भूमिका लेखेका छन् ।[४०] यसबाहेक उनले कथालेखन कार्यलाई पनि केही हदसम्म अगाडि बढाएका छन् । उनले वि.सं. २०२६ मा **रात्रि प्रकाश** पत्रिकामा **अधुरो प्रेम** शीर्षकको कथा प्रकाशन गरी कथा लेखनको प्रारम्भ गरेको देखिन्छ । त्यसै गरी वि.सं.२०२६ **मातृभूमि** साप्ताहिक पत्रिकामा **सेतेकी आमा** र **भिसमिसे** साहित्यिक पत्रिका वि.सं. २०३६ मा **अनि ऊ यसरी मरिदिन्छ** शीर्षकको कथा लेखेर कथाकार व्यक्तित्वको परिचय दिएका थिए ।[४१] तर कथा लेखनलाई उनले निरन्तरता दिन सकेको भने देखिँदैन ।

## ३.२.२ साहित्येतर व्याक्तित्व

साहित्यिक व्यक्तित्वका अतिरिक्त समाज वा राष्ट्रका लागि व्यक्तिबाट गरिएका विविध क्रियाकलाप समेत त्यस व्यक्तिको व्यक्तित्वका परिचायक हुन् । इन्द्रप्रसाद रेग्मीका साहित्येतर व्यक्तित्व सम्बन्धी विविध पक्षहरूको यसरी चर्चा गर्न सकिन्छ :

### ३.२.२.१ सम्पादक व्यक्तित्व

इन्द्रप्रसाद रेग्मी व्यावसायिक पत्रकार त होइनन् तर उनले साहित्यिक पत्रपत्रिका तथा स्मारिकाहरूको सम्पादन गरेका छन् । विद्यार्थी कालदेखि नै साहित्यप्रति अनुराग भएका र नेतृत्वदायी भूमिका निर्वाह गरेका उनको सम्पादक व्यक्तित्वको छुट्टै परिचय रहेको छ । उनी वि.सं. २०५५ मा त्रि.वि. कर्मचारी सङ्घ, कृ.प.वि.अ.सं.रामपुर क्याम्पस एकाइले प्रकाशन गरेको स्मारिकाको कार्यकारी सम्पादक बनेका छन् । वि.सं. २०६७ मा श्री सिद्धि विनायक मा.वि. भरतपुरको **स्मारिका** प्रकाशन गर्दा उनले प्रधान सम्पादकको भूमिका निर्वाह गरेको देखिन्छ । वि.सं. २०६९ मा नारायणी उच्च मा.वि. भरतपुरको स्वर्ण वर्षको अवसरमा प्रकाशित **नारायणी स्वर्ण स्मारिका**को सम्पादकको कार्य तथा वि.सं. २०६९ मा **देवघाट दर्पण** अङ्क ३ र वि.सं.२०७० मा अङ्क ४ मा प्रधान सम्पादकको भूमिका निर्वाह गरेर उनले सम्पादक व्यक्तित्वको पूर्ण परिचय दिएका छन् । यसका अतिरिक्त नारायणी पुस्तकालयले प्रकाशन गरेको सिर्जना साहित्यिक पत्रिका **नौलो राँको** अङ्क ९, २०६६ को प्रकाशन समिति सदस्यको भूमिका समेत निर्वाह गरेका छन् ।[४२] रेग्मीको अथक परिश्रम र मिहिनेतका कारण उनको सम्पादक व्यक्तित्व निरन्तर अघि बढिरहने देखिन्छ ।

---

४०.शोधनायकसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ता अनुसार ।

४१. ऐजन ।

४२. ऐजन ।

### ३.२.२.२ प्रशासनिक एवम् शौक्षिक व्यक्तित्व

बाल्यकालमै अनेक समस्या भ्रेलेका इन्द्रप्रसाद रेग्मीको शिक्षाप्रतिको अनुराग र सामाजिक चेतनाको प्रतिफल स्वरूप उनले अठार वर्षको उमेरमै वि.सं. २०२३ चैत्रमा आफ्नै गोठमा राष्ट्रिय प्राथमिक विद्यालय भोजाडको स्थापना गरेका थिए । वि.सं. २०२४ मा वीरगन्जबाट नर्मल स्कुलमा प्राथमिक शिक्षक तालिम लिएर फर्किएपछि सोही वर्ष स्कुलको स्वीकृति लिएर हेड मास्टरको भूमिका निर्वाह गरे । विद्यार्थी सङ्कलनका लागि तत्कालीन कुमाल जातिका अभिभावकहरूमा सर्वप्रथम शिक्षाप्रतिको चेतना फैलाउन अत्यन्तै कष्ट भएको उनी बताउँछन् । इन्द्रप्रसाद रेग्मीको वि.सं.२०३२ सम्म प्रशासनिक व्यक्तित्व सक्रिय देखिन्छ । त्यसपछि वि.सं. २०३२ नि.मा.वि. तहमा बढुवा भई उनी विश्व प्रकाश नि.मा.वि मा शिक्षक बनी गएका हुन् । उनले यस विद्यालयमा सोही वर्षको भदौदेखि माघसम्म जिम्मेवार शिक्षकको भूमिका निर्वाह गरेका थिए । त्यसपछि उनले वि.सं. २०३३ असारसम्म नारायणी रात्रि हाइ स्कुलमा शिक्षक भएर काम गरेका थिए ।[४३] एउटा गाउँले केटाको रूपमा सहरी वातावरणमा आएर शिक्षा क्षेत्रमा गरेको एक दशकको योगदानले उनको शैक्षिक व्यक्तित्व स्थापित भएको पाइन्छ ।

### ३.२.२.३ सामाजिक एवम् साङ्गठनिक व्यक्तित्व

साहित्यकार इन्द्रप्रसाद रेग्मीको सामाजिक एवम् साङ्गठनिक व्यक्तित्व पनि सफल देखिन्छ । जीवनको किशोरावस्थादेखि नै अन्याय अत्याचार, शोषण र दमनको विरुद्धमा बुलन्द आवाज उठाउने इन्द्रप्रसाद रेग्मीले नेपाली जनताका हकहित र अधिकारको लागि भूमिगत जीवन बिताउँदै सामाजिक सङ्घसंस्थामा आबद्ध भएर काम गरेको देखिन्छ । साहित्य सङ्गम चितवन, नारायणी एल्मुनाइ एसोसियान, भरतपुर चितवन, इन्द्रेणी साहित्य सामाज चितवन, प्रगतिशील सांस्कृतिक सङ्गठन चितवन, पारिजात पुस्तकालय भोजाड चितवन, सप्तगण्डकी बहुमुखी क्याम्पस चितवन, लक्ष्मीदेवी रेग्मी प्रतिभा पुरस्कार चितवन र रमाकान्त रेग्मी स्मृति पुरस्कार चितवनका संस्थापक सदस्य भएर इन्द्रप्रसाद रेग्मीले आफ्नो सामाजिक व्यक्तित्वको परिचय दिएका छन् । यसका अतिरिक्त जनोदय टोल सुधार समिति बाइपास रोड चितवन, देवघाट क्षेत्र विकास समिति देवघाट र भरतपुर वचत तथा सहकारी संस्था लि.मा वर्तमान अवस्थामा पनि सामाजिक जिम्मेवारी बहन गरिरहेका हुनाले पनि उनको सामाजिक व्यक्तित्व स्थापित भएको देखिन्छ । इन्द्रप्रसाद रेग्मी साहित्य सङ्गम चितवनका अध्यक्ष, इन्द्रेणी सांस्कृतिक समाज चितवनका अध्यक्ष, प्रगतिशील सांस्कृतिक सङ्गठन चितवनका अध्यक्ष, एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ चितवनका अध्यक्ष, नारायणी एल्मुनाइ एसोसिएसनका अध्यक्ष, प्रगतिशील बुद्धिजीवी सङ्गठन चितवनका सदस्य र त्रि.वि. प्रगतिशील कर्मचारी सङ्गठनका उपाध्यक्ष भएर साङ्गठनिक जिम्मेवारी बहन गरिसकेका हुनाले उनको साङ्गठनिक व्यक्तित्व सबल देखिन्छ । वर्तमान अवस्थासम्म आइपुग्दा पनि उनी ए.अ.ने. जनसांस्कृतिक महासङ्घका केन्द्रीय सदस्य, नेपाल वाङ्मय प्रतिष्ठान चितवनका संयोजक, सहिद शारदा स्मृति पुरस्कारका सदस्य, साहित्य सङ्गम

४३. ऐजन ।

चितवनका सल्लाहकार र ए.ने.क.पा.(माओवादी) पार्टीका जिल्ला सदस्यका रूपमा आफ्नो साङ्गठनिक व्यक्तित्वको परिचय दिइरहेका छन् ।[४४] रेग्मीको सामाजिक सम्बन्ध र राजनीतिक सहभागिता प्रशंसनीय देखिन्छ ।

### ३.२.२.४ राजनीतिक व्यक्तित्व

विद्यार्थी जीवनबाटै राजनीतिमा झुकाब राखेका इन्द्रप्रसाद रेग्मी वि.सं.२०२५ मा नारायणी रात्रि हाइ स्कुलको विद्यार्थी युनियनका सचिव बनेका थिए । उनी वि.सं. २०२७ मा अविभाजित अ.ने.रा.स्व.वि.यु. वीरेन्द्र कलेजका निर्वाचित कोषाध्यक्ष थिए । वि.सं.२०२७ देखि वि.सं.२०३२ सम्म जिल्ला सदस्य र वि.सं.२०३३ जेठमा भारतको अयोध्यामा भएको अ.ने.रा.स्व.वि.यु.को पाँचौं राष्ट्रिय सम्मेलनले उनलाई केन्द्रीय सचिवालय सदस्य बनायो । उनले केन्द्रीय सचिवालय सदस्य भएर वि.सं.२०३३ देखि २०३६ भदौसम्म कार्य सम्पादन गरे । वि.सं.२०२७ मा चितवनमा अखिलको प्रथम जिल्ला समितिको गठन भयो । सो समितिका उनी संस्थापक सदस्य हुन् । नेपाल कम्युनिस्ट पार्टीको चौथो महाधिवेशन वि.सं.२०३१ मा भएपछि इन्द्रप्रसाद रेग्मी ने.क.पा.(चौ.म.) को पार्टी सदस्य भए । वि.सं.२०४८ मा ने.क.पा.(चौ.म.) का महासचिव निर्मल लामा, ने.क.पा.(मशाल) का महासचिव पुष्पकमल दाहाल (प्रचण्ड), सर्वहारा श्रमिक सङ्गठनका महासचिव रूपलाल वि.क. र ने.क.पा. (मसाल) का महासचिव मोहनविक्रम सिंह घर्तीले पार्टी एकीकरण गरी ने.क.पा. एकता केन्द्र स्थापना गरेपछि वि.सं.२०४८ देखि वि.सं.२०५९ सम्म ने.क.पा. एकता केन्द्रमा इन्द्रप्रसाद रेग्मी क्रियाशील रहे । वि.सं.२०५९ मा पार्टी विभाजित भयो । पार्टी विभाजनपछि मोहनविक्रम सिंहले नेतृत्व गरेको ने.क.पा. एकता केन्द्र मसालमा वि.सं.२०५९ देखि वि.सं.२०६४ सम्म क्रियाशील सदस्य रहे । वि.सं.२०६४ मा एकता केन्द्र मसाल र ने.क.पा. माओवादी एकीकरण भई एकीकृत ने.क.पा. (माओवादी) भएपछि वि.सं.२०६४ देखि हालसम्म उनी ए.ने.क.पा.(माओवादी) मा क्रियाशील छन् । हाल उनी चितवन जिल्ला कार्य समितिको सदस्यका रूपमा रहेका छन् ।[४५] यसरी पार्टी टुटफुट र एकीकरण हुँदै जाँदा कहिल्यै पनि विचलित भएर राजनीतिक धार नछोडेको र नछोड्ने अडान उनमा देखिन्छ । आनन्ददेव भट्टलाई राजनीति गुरुका रूपमा मान्ने इन्द्रप्रसाद रेग्मीले यति लामो राजनीतिक जीवन बिताउँदा पनि अहिलेसम्म जेलनेल र प्रशासनको भौतिक यातना भने भोगेका छैनन् । वर्गीय विभेदलाई अन्त्य गर्ने अठोट लिएर राजनीतिमा प्रवेश गरेका उनी हालसम्म आइपुग्दा पनि वर्गीय भेदभावलाई अन्त्य गर्न नसकेको र नेताहरू समय समयमा विचलित हुने गरेको देख्दा दुःख व्यक्त गर्दछन् ।

### ३.२.२.५ साहित्यकारहरूका दृष्टिमा इन्द्रप्रसाद रेग्मी

साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा उपलब्ध पुस्तक, लेख, रचना एवम् मौखिक अन्तर्वार्ताका क्रममा विभिन्न विद्वान्हरूबाट अभिव्यक्त भएका लिखित तथा

४४.ऐजन ।

४५.ऐजन ।

मौखिक दृष्टिकोणहरूको अध्ययन गर्न सकिन्छ । रेवतीरमण खनालका अनुसार स्वभावले उनी मिलनसार र प्रवृत्तिगत दृष्टिले जुझारू, हकी र खरा प्रकृतिका प्रगतिवादी साहित्यकार हुन्, यिनी आफूलाई लागेको कुरा जहाँ पनि धक फुकाएर स्पष्ट रूपमा प्रस्तुत गर्न सक्ने, शोषण, दमन र सामाजिक उत्पीडनका विरुद्ध जेहाद छेड्न तत्पर यिनको कवि व्यक्तित्व यथास्थिति होइन, अग्रगमनको पक्षपाती छ । साहित्य र राजनीति दुबै क्षेत्रमा रुचि राख्ने यिनलाई चितवनको साहित्यिक उद्यानका एक सक्रिय माली हुन् भन्दा अतिशयोक्ति नहोला भन्ने ठान्दछु ।[४६] अमृत थापाका अनुसार इन्द्रप्रसाद रेग्मी सरल, आत्मिक कुनै पनि इष्टमित्रका घरपरिवारसँग चाँडै घुलमिल हुने मिजासिलो स्वभावका व्यक्ति हुन् ।[४७] मोदनाथ मरहट्टाका अनुसार इन्द्रप्रसाद रेग्मी विचारमा फरक पर्ने बित्तिकै धेरै टाढा हुन्छन् ।[४८] ईश्वरी ओझाका अनुसार इन्द्रप्रसाद रेग्मी निडर, प्रस्टवक्ता र सबैसित झट्टै हेलमेल गर्न सक्ने प्रगतिशील फाँटका एक साहित्यकार हुन् ।[४९] धनराज गिरीका अनुसार स्पष्टवादिता, मानवीय भावना, अनुजहरूप्रति देखाउने स्नेहभाव, समर्पणको भाव, राष्ट्रप्रेम, आत्मीयता ग्रहण गर्न सक्ने गुण, निर्भीकता उनका स्थायी गुणहरू हुन् ।[५०] डि.आर.पोखरेलका अनुसार इन्द्रप्रसाद रेग्मी अलिक जङ्गी स्वभावका, आक्रामक प्रवृत्ति भएका, राष्ट्रप्रेमी तथा यथार्थवादी साहित्यकार हुन् र साहित्यकारभन्दा बढी सङ्गठक हुन् ।[५१] मातृका पोखरेलका अनुसार इन्द्रप्रसाद रेग्मी साहित्य र राजनीति दुबै क्षेत्रमा प्रभावकारी छन् । कलात्मक ढङ्गले वैचारिक अवधारणालाई प्रस्तुत गर्ने क्षमता राख्ने रेग्मीले कृति प्रकाशनपूर्व परिष्कार गर्नुपर्छ ।[५२] हरिहर सविताका अनुसार इन्द्रप्रसाद रेग्मीको राजनीति र साहित्यिक पाटाको मूल्याङ्कन गर्दा साहित्यिक पाटाले राजनीतिक पाटालाई पछार्छ भने सामाजिक योगदान संस्मरण योग्य छन् ।[५३] रमेश प्रभातका अनुसार इन्द्रप्रसाद रेग्मी राजनीतिलाई धर्म र कर्म बनाएर अगाडि बढाइरहेका प्रौढ व्यक्तित्व उनी मूलतः साहित्य सङ्गम चितवनको अध्यक्ष र साहित्यिक घरदैलो

---

४६. रेवतीरमण खनाल, *'बैशाखी टेकेर' हाइकु सङ्ग्रहको अन्तरवस्तुको साथमा आजको हाइकु लेखन बारे सङ्क्षिप्त चर्चा,* पाण्डुलिपि ।

४७. अमृत थापासँगको मौखिक अन्तरर्वार्ता अनुसार ।

४८. मोदनाथ मरहट्टासँगको मौखिक अन्तरर्वार्ता अनुसार ।

४९. ईश्वरी ओझासँगको मौखिक अन्तरर्वार्ता अनुसार ।

५०. धनराज गिरीसँगको मौखिक अन्तरर्वार्ता अनुसार ।

५१. डि.आर. पोखरेलसँगको मौखिक अन्तरर्वार्ता अनुसार ।

५२. मातृका पोखरेलसँगको मौखिक अन्तरर्वार्ता अनुसार ।

५३. हरिहर सवितासँगको मौखिक अन्तरर्वार्ता अनुसार ।

कार्यक्रमको थालनीपछि वक्ताबाट स्रष्टा बनेका हुन् ।[५४] कपिल अज्ञातका अनुसार इन्द्रप्रसाद रेग्मी गतिशील व्यक्तित्व भएकाले यथास्थितिवादका विरुद्ध अग्रगमनको साथ दिने, रूढिबुढीका विरुद्ध वैज्ञानिकताको पहल गर्ने, अनेकताको विरुद्ध एकताको स्वर उराल्ने, शोषण, दमन र उत्पीडनका विरुद्ध न्यायको बहस गर्ने समग्र भेदहरूका विरुद्ध मानवीय पहिचान खोज्ने जोसिला, जाँगरिला, फुर्तिला, निर्भीक, स्पष्ट र प्रखर व्यक्ति हुन् ।[५५] समालोचक केशवराज आमोदीका अनुसार उनी अनुशासित, इमान्दार र कटिबद्ध राजनीतिक कार्यकर्ता र तत्पश्चात् साहित्य सर्जक मानिन्छन् ।[५६] जसले जेसुकै भने पनि वास्तवमा रेग्मी कर्तव्यप्रति जिम्मेवार, समाजप्रति बफादार तथा इमान्दार राष्ट्रप्रेमी नागरिक हुन् ।

## ३.३ निष्कर्ष

इन्द्रप्रसाद रेग्मीको जीवनका विविध पक्षहरूलाई केलाउँदा उनको जीवनका ६५ वसन्तहरूका प्राप्ति वा उपलब्धिहरू सङ्घर्षपूर्ण एवं महत्त्वपूर्ण  देखिन्छन् । उनको बाह्य व्यक्तित्व, शारीरिक गठन, उज्यालो चेहरा, ठुलो निधार र जिज्ञासु नेत्र तथा राष्ट्रिय चिन्तन भावभङ्गिमाले जति आकर्षक देखिन्छ, आन्तरिक व्यक्तित्व पनि व्यक्तिकै बहुमुखी प्रतिभा सम्पन्न देखिन्छ । स्पष्टवादिता, मानवीय भावना, अनुजहरूप्रति देखाउने स्नेहभाव, समर्पणको भाव, राष्ट्रप्रेम, आत्मीयता ग्रहण गर्न सक्ने गुण, निर्भीकता उनका स्थायी गुणहरू हुन् । उनको साहित्यिक व्यक्तित्वका रूपमा कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व, हाइकुकार व्यक्तित्व, गजलकार व्यक्तित्व आदिमध्ये उनको कवि तथा निबन्धकार व्यक्तित्व उच्च रहेको पाइन्छ । त्यस्तै उनको साहित्येतर व्यक्तित्वमा राजनीतिक व्यक्तित्व, प्रशासनिक एवं साङ्गठनिक व्यक्तित्व, शैक्षिक व्यक्तित्व, सम्पादक व्यक्तित्व, सामाजिक व्यक्तित्वहरू भए तापनि राजनीतिक व्यक्तित्व नै उनको प्रमुख परिचायक व्यक्तित्वका रूपमा देखापरेको छ । समग्रमा उनी कवि, निबन्धकार, हाइकुकार, गजलकार, राजनीतिक, प्रशासनिक, साङ्गठनिक, शैक्षिक, सम्पादक, सामाजिक आदि बहुआयामिक व्यक्तित्वका धनी भए पनि मूलतः उनी सङ्गठक, कवि तथा निबन्धकार हुन् । वर्गीय विभेदलाई अन्त्य गर्ने अठोट लिएर राजनीतिमा प्रवेश गरेका उनी हालसम्म आइपुग्दा पनि वर्गीय भेदभावलाई अन्त्य गर्न नसकेको र नेताहरू समय समयमा विचलित हुने गरेको देख्दा दुःख व्यक्त गर्दछन् । उनी गतिशील व्यक्तित्व भएकाले यथास्थितिवादका विरुद्ध अग्रगमनको साथ दिने, रूढिबुढीका विरुद्ध वैज्ञानिकताको पहल गर्ने, अनेकताको विरुद्ध एकताको स्वर उराल्ने, शोषण, दमन र उत्पीडनका

---

५४. रमेश प्रभात, *बैशाखी टेकेर हाइकुमा उभिन खोज्दा,* **बैशाखी टेकेर**, (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : साहित्य सङ्गम, २०६८, पृ.सं. (भू.) ट ।

५५. कपिल अज्ञात, *प्रगतिशीलका स्वरहरू,* **भर्खरै**, (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, २०६८, पृ.सं. (भू.) च ।

५६. केशवराज आमोदीसँगको मौखिक अन्तरवार्ता अनुसार ।

विरुद्ध न्यायको बहस गर्ने र समग्र भेदहरूका विरुद्ध मानवीय पहिचान खोज्ने जोसिला, जाँगरिला, फुर्तिला, निर्भीक, स्पष्ट र प्रखर व्यक्ति हुन् । एक दशक लामो शिक्षा क्षेत्रमा र पच्चिस वर्ष लामो त्रि.वि.का क्याम्पसहरूमा तथा एक दशक लामो समय सामुदायिक क्याम्पसमा सेवा गरी पुस्तकालयको विकास र उन्नतिमा विशेष योगदान दिएका उनको शैक्षिक व्यक्तित्व उच्च देखिन्छ । साहित्यिक नेतृत्व समेत गरेका हुनाले उनको साहित्यिक व्यक्तित्व अझ पल्लवित भएको छ । साहित्य वर्गीय हुन्छ र आफ्नो चेतना अनुसार यो वा त्यो वर्गको हितमा प्रत्येक स्रष्टाले साहित्य सिर्जना गर्छ भन्ने मान्यता राख्ने उनी अलिक जङ्गी स्वभावका, आक्रामक प्रवृत्ति भएका राष्ट्रप्रेमी तथा यथार्थवादी साहित्यकारका रूपमा देखिन्छन् ।

# परिच्छेद–चार

# साहित्यकार इन्द्रप्रसाद रेग्मीको कृतित्वको अध्ययन

## ४.१ नेपाली साहित्यमा इन्द्रप्रसाद रेग्मीको आगमन र लेखन यात्रा

### ४.१.१ लेखनका लागि प्रेरणा र प्रभाव

चितवनका उदीयमान प्रतिभा इन्द्रप्रसाद रेग्मी आधुनिक नेपाली साहित्यका समकालीन प्रगतिवादी कवि हुन् । विद्यार्थी कालदेखि नै साहित्यप्रतिको अनुरागले उनी साहित्य सिर्जनामा समाहित भए । वि.सं. २०२१ मा नारायणी रात्रि स्कुलमा कक्षा सातमा पढ्दै गर्दा सोही विद्यालयमा भएको कविता प्रतियोगितामा बाटामा भेटाएको **एकता** शीर्षकको कविता वाचन गर्दा एक सय रूपैयाँ पुरस्कार पाएपछि कविता लेख्नुपर्ने रहेछ भन्ने बुझेका रग्मीले वि.सं. २०२८ मा हालको वीरेन्द्र बहुमुखी क्याम्पसमा भएको कविता प्रतियोगितामा प्रथम स्थान, नेपाल राष्ट्रिय विद्या परिषदद्वारा भरतपुरमा आयोजित साहित्यिक प्रतियोगितामा निबन्धतर्फ प्रथम र कवितातर्फ द्वितीय, नारायणी पुस्तकालयले वि.सं. २०२८ मा आयोजना गरेको कवि गोष्ठीमा प्रथम र वि.सं. २०२९ मा तृतीय अनि वि.सं. २०४७ मा रामपुर क्याम्पसमा भएको कविता प्रतियोगितामा प्रथम स्थान हासिल गरेपछि उनलाई कविता, कथा, निबन्ध, गजल र हाइकु आदि साहित्यिक रचनाहरूको सिर्जना गर्ने प्रेरणा प्राप्त भयो । उनले जीवन र जगत्का अनि आफ्नै जीवनका दुःख र पीडाका भोगाइलाई साहित्यमा उतार्ने काम गरे । उनी साहित्यलाई मनोरञ्जनकै रूपमा लिएर साहित्य सिर्जनामा लागेको बताउँछन् । नेता अमिक शेरचनको निडर तथा देशभक्त व्यक्तित्वबाट प्रभावित भएका इन्द्रप्रसाद रेग्मी वि.सं. २०६० देखि प्रगतिशील सांस्कृतिक सङ्गठनले चलाएको घरदैलो मासिक साहित्यिक कार्यक्रममा चितवनका हाइकुकारहरूले हाइकु वाचन गरेको सुनेपछि बिस्तारै उनले पनि हाइकु लेखनको थालनी गरेका हुन् ।[५७] यसरी रेग्मीद्वारा साहित्य रचनमा आफू र आफ्नो वरपरको सामाजिक, राजनीतिक र आर्थिक वातावरणलाई आधार बनाएर कृतिको रचना गरिएको पाइन्छ ।

### ४.१.२ लेखनको आरम्भ र प्रकाशनको थालनी

इन्द्रप्रसाद रेग्मीले विद्यार्थी कालदेखि नै नेतृत्वदायी भूमिका निर्वाह गरे । उनले नारायणी रात्रि स्कुलमा कक्षा दशमा अध्ययन गर्दा वि.सं. २०२६ मा सोही विद्यालयको विद्यार्थीहरूको मुखपत्र **रात्रि प्रकाश** (२०२६) मा **विद्यार्थीहरू सित** शीर्षकको कविता र **अधुरो प्रेम** शीर्षकको कथा लेखन यात्राका प्रारम्भिक रचना मानिन्छन् । त्यसपछि लेखनको निरन्तर अभ्यास र अनुभवले परिपक्व बन्दै उनले

---

५७. शोधनायकसँग भएको मौखिक तथा लिखित अन्तर्वार्ता अनुसार ।

चितवनबाट प्रकाशित *प्रकाशपुञ्ज* (वीरेन्द्र इन्टरमिडियट कलेज) र चितवन बाहिरबाट प्रकाशन हुने *वेदना* (साहित्यिक मासिक : काभ्रे), *मातृभूमि* (राष्ट्रिय साप्ताहिक समाचार पत्र : काठमाडौं), *झिसमिसे* (साहित्यिक मासिक : काठमाडौं), *सिर्जना* (नारायणी पुस्तकालय : चितवन) जस्ता पत्रपत्रिकाहरूमा कविता, निबन्ध र कथा छपाउन थाले । कथा विधालाई निरन्तरता दिन नसकेको र तिनवटा कथाहरू मात्र प्रकाशन गरेको बताउने इन्द्रप्रसाद रेग्मीका फुटकर रचनाहरूका अतिरिक्त पुस्तकाकार कृतिका रूपमा **भखैरै** कविता सङ्ग्रह (२०६८), **बिर्सनै लागेका कुरा** संस्मरण सङ्ग्रह (२०६८) र **बैशाखी टेकेर** हाइकु सङ्ग्रह (२०६८) गरी एकैपटक तिम्ल्याहा कृतिहरू प्रकाशित भएका छन् । यसका साथै एउटा गजल सङ्ग्रह र निबन्ध सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।[५८] गद्य कविता र कथा विधाबाट साहित्य सृजनाको प्रारम्भ गरका रेग्मीले निबन्ध, हाइकु र गजल विधामा पनि कलम चलाएका छन् ।

### ४.१.३ इन्द्रप्रसाद रेग्मीको साहित्यिक यात्रा

नारायणी रात्रि स्कुलको कक्षा दशमा अध्ययन गर्दा आफ्नै पहलमा प्रकाशित **रात्रि प्रकाश** (विद्यार्थीको मुखपत्र-२०२६) मा **विद्यार्थीहरू सित** कविता र **अधुरो प्रेम** शीर्षकको कथा एकैचोटि जुम्ल्याहा रचना प्रकाशन गरी औपचारिक लेखन तथा प्रकाशन यात्रा प्रारम्भ गरेर इन्द्रप्रसाद रेग्मी निरन्तर साहित्य क्षेत्रमा लागिरहेका छन् । आफ्नो चार दशकभन्दा लामो लेखन यात्रामा उनले तिनवटा साहित्यिक पुस्तकाकार कृति, थुप्रै फुटकर कविता, निबन्ध, हाइकु, समीक्षा, लेख रचना आदिमा निरन्तर कलम चलाई नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याइरहेका छन् । यसका साथै उनका थप दुई पुस्तकाकार कृति प्रकाशोन्मुख छन् । विशेष गरी नेपाली साहित्यको गद्य कविता एवम् निबन्ध, हाइकु र गजलका क्षेत्रमा कलम चलाएका रेग्मीका प्रकाशित तिन पुस्तकमध्ये एउटा कविता सङ्ग्रह, एउटा संस्मरणात्मक निबन्ध सङ्ग्रह र एउटा हाइकु सङ्ग्रह रहेका छन् । यसरी हेर्दा इन्द्रप्रसाद रेग्मीको साहित्यिक यात्रा चार दशकभन्दा बढी भइसकेको छ । प्रवृत्तिगत अन्तर्विकास, विषयवस्तुगत तथा शैल्पिक परिष्कार र परिमार्जन आदिका आधारमा उनको साहित्यिक यात्रालाई तिन चरणमा विभाजन गरी निम्नानुसार अध्ययन गर्न सकिन्छ :

**४.१.३.१ पहिलो चरण (२०२६–२०३६)**

**४.१.३.२ दोस्रो चरण (२०३७–२०५५)**

**४.१.३.३ तेस्रो चरण (२०५६–हालसम्म)**

---

५८. ऐजन ।

### ४.१.३.१ पहिलो चरण (२०२६–२०३६)

वि.सं.२०२६ मा नारायणी रात्रि स्कुलका विद्यार्थीहरूको **रात्रि प्रकाश** विद्यार्थीको मुखपत्रमा **विद्यार्थीहरू सित** शीर्षकको कविता र **अधुरो प्रेम** शीर्षकको कथा प्रकाशन भएपछि नेपाली साहित्यमा देखापरेका इन्द्रप्रसाद रेग्मीको यस चरणमा कुनै पनि पुस्तकाकार कृति प्रकाशित भएको देखिँदैन । यसैले वि.सं.२०२६ देखि २०३६ सम्मको उनको यस अवधिलाई आभ्यासिक काल मान्न सकिन्छ । ठ्याक्कै तिथिमिति किटान गर्न नसके पनि *मातृभूमि* (राष्ट्रिय साप्ताहिक समाचारपत्र : काठमाडौं ) मा **सेतेकी आमा** *झिसमिसे* (साहित्यिक मासिक पत्रिका) मा **ऊ यसरी मरिदिन्छ** शीर्षकका कथा प्रकाशित भएको बताउने रेग्मीका फुटकर रचनाहरू *वेदना* (साहित्यिक मासिक पत्रिका : काभ्रे), *सिर्जना* (साहित्यिक पत्रिका : चितवन) र चितवनका अन्य विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । उनले *प्रकाश पुञ्ज*को तेस्रो अङ्क (जेठ,२०२७) मा **राष्ट्रपति निक्सनसँग अन्तर्वाता** शीर्षकको निबन्ध प्रकाशन गरी निबन्ध यात्राको प्रारम्भ गरेका हुन् ।[५९] यस चरणका उनका रचनाहरूको बारेमा कुनै साहित्यकार, समालोचक र समीक्षकहरूले टीकाटिप्पणी गरेको भेटिँदैन । यस समयावधिका कविता, कथा र निबन्धहरूको अध्ययन गर्दा उनको यस चरणमा निम्नानुसार प्रवृत्तिहरू भेटिन्छन् :

१) तत्कालीन व्यवस्थाप्रतिको असन्तुष्टिका स्वरहरू

२) विद्रोहात्मक भावनाको अभिव्यक्ति

३) समाजमा जरो गाडेर बसेका बेथिति, विकृति र विसङ्गतिको बिरोध

४) निम्नवर्गीय शोषित, पीडित र काम गरी खाने वर्गप्रति सहानुभूति

५) उपल्लो वर्गले निम्न वर्गमाथि गरेको शोषण र दमनको यर्थाथ चित्रण

यसरी इन्द्रप्रसाद रेग्मीको साहित्यिक यात्राको यस प्रथम चरण वा अभ्यासकालका कविताहरूमा कला पक्षभन्दा भावपक्ष प्रबल तथा केही भाषागत त्रुटिहरू पनि देखिन्छन् ।

### ४.१.३.२ दोस्रो चरण (२०३७–२०५५)

यो अवधि इन्द्रप्रसाद रेग्मीको लेखन र प्रकाशनका दृष्टिले त्यति उर्वर मानिँदैन । यस चरणमा नाम धान्ने गरी उनका फाटफुट रचनाहरू मात्र प्रकाशित भएका छन् । यस समयावधिमा कुनै पुस्तकाकार कृति प्रकाशित भएको पाइँदैन भने प्रथम चरणको अनुपातमा यस चरणमा फुटकर रचनाहरू पनि अत्यन्तै न्यून रहेका छन् । यस चरणमा साहित्यमा भन्दा राजनीतिमा सक्रिय देखिएका रेग्मी ने.क.पा.(चौ.म.) को राष्ट्रिय पञ्चायतको चुनाब बहिष्कार आन्दोलनमा सक्रिय सहभागी बनेका थिए । भरतपुर नगर कमिटीको सक्रिय सदस्य भई कार्य सम्पादन गरेकाले स्थानीय प्रशासनले उनलाई

५९. ऐजन ।

पक्राउ गर्ने निर्णय गरेको कुरा तत्कालीन प्रहरी हवल्दार ढुङ्गीराज भट्टले जानकारी गराएपछि उनी केही समय भूमिगत भएका थिए । राष्ट्रिय पञ्चायत चुनाबलाई बिथोल्न बुथ सङ्कलन गर्न खटिएका ट्याक्टरहरूलाई गुञ्जनगर वडा.न.१. को बाटामा पन्चर गराएको घटना स्मरण गर्दै त्यसताका समयमा रचिएका रचनाहरू पञ्चायती सरकार विरोधी भएकाले धेरैजसो आफैले गाडेर र जलाएर नष्ट गरेको र अरू घरपरिवारले नष्ट गरेको बताउने रेग्मी आफ्ना रचनाहरू सुरक्षा गर्न नसकेकोमा दुःख व्यक्त गर्दछन् । यति हुँदाहुँदै पनि त्रि.वि.कृ.प.वि.अ.सं. रामपुर क्याम्पसको अन्नपूर्ण, वर्ष १, अङ्क १, पृ.सं. १०३-१०४, २०४६ को स्मारिकामा **पीडा** शीर्षकको निबन्ध र त्रि.वि.कर्मचारी सङ्घ, कृ.प.वि.अ.सं. रामपुर क्याम्पसको स्मारिका पृ.सं.३९-४० (२०५५) मा **चोथाले र गोठाले** शीर्षकको निबन्ध प्रकाशन गरेर साहित्य यात्रालाई निरन्तर अगाडि बढाएको बताउँछन् ।[६०] यसरी यस चरणमा खासै साहित्यक कृतिको रचना नगरेको र फुटकर रचानाहरू पनि धेरै प्रकाशन नभएको तथा उनका रचनाका बारेमा कसैले पनि टीकाटिप्पणी गरेको नभेटिएकाले उनको साहित्य यात्राको दोस्रो चरण खासै उर्वर देखिँदैन र यस अवधिमा साहित्यभन्दा राजनीतिमा सक्रिय भएका देखिन्छन् । मानवीय पीडा र नेपाली समाजका समस्यालाई उठाउनु उनको साहित्यिक यात्राको दोस्रो चरणको मुख्य विशेषता रहेको पाइन्छ ।

### ४.१.३.३ तेस्रो चरण (२०५६ देखि हालसम्म)

कवि इन्द्रप्रसाद रेग्मीको साहित्य यात्राको तेस्रो चरण अत्यन्तै उर्वर छ । एकचोटि तिनवटा पुस्तककार कृतिहरू **भर्खरै** कविता सङ्ग्रह (२०६०), **बिर्सनै लागेका कुरा** संस्मरणात्मक निबन्ध सङ्ग्रह (२०६८) र **बैशाखी टेकेर** हाइकु सङ्ग्रह (२०६८) प्रकाशन गरेर चर्चाको शिखरमा पुग्न सफल रेग्मीका यस चरणमा तिन दर्जन जति फुटकर रचनाहरू पनि प्रकाशित भएका छन् भने एक निबन्ध सङ्ग्रह र एक गजल सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेका छन् । भर्खरै कविता सङ्ग्रहमा उनको पहिलो प्रकाशित कविता **विद्यार्थीहरू सित** पनि सङ्गृहीत छ । यस सङ्ग्रहभित्र मुक्तक लगायत लामाछोटा गरी सतासीवटा फुटकर कविताहरू सङ्गृहीत छन् । **बिर्सनै लागेका कुरा**हरू संस्मरणात्मक निबन्ध सङ्ग्रहभित्र उन्नाइसवटा निबन्धहरू सङ्गृहीत छन् । **बैशाखी टेकेर** हाइकु सङ्ग्रहभित्र विविध शीर्षकमा दुई सय अन्ठाउन्नवटा हाइकु, शिखर वार्ता सम्बन्धी सातवटा हाइकु र महाकवि देवकोटा सम्बन्धी सातवटा हाइकुहरू गरी जम्मा दुई सय बहत्तरवटा हाइकुहरू सङ्गृहीत छन् । यस चरणमा फुटकर रूपमा प्रकाशित रचनाहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

---

६०. ऐजन ।

## रेग्मीका फुटकर रचना

| क.सं. | शीर्षक | विधा | स्मारिका/पत्रिका | पृ.सं. | प्रधान सम्पादक / सम्पादक / कार्यकारी सम्पादक | प्रकाशक |
|---|---|---|---|---|---|---|
| ०१ | चार टुक्रा वर्तमान | कविता | सप्तगण्डकी २०५७ | ५८ | हरिहर खनाल (प्रधान सम्पादक) | सप्तगण्की बहुमुखी क्याम्पस |
| ०२ | बुद्ध | कविता | स्मारिका २०६० | १६६ | पुष्प विक्रम भण्डारी (प्रधान सम्पादक) | कृ.प.वि.अ.सं, रामपुर क्याम्पस चितवन |
| ०३ | अनुसन्धान कार्यमा पुस्तकालयको भूमिका | लेख | सप्तगण्डकी (वर्ष ३, अङ्क ३, २०६१) | ७७ | भवनाथ सडौंला (प्रधान सम्पादक) | सप्तगण्की बहुमुखी क्याम्पस, चितवन |
| ०४ | स्वागत | कविता | स्वर्ण स्मारिका २०६१ | ११७ | मोदराज न्यौपाने (प्रधान सम्पादक) | श्री रामनगर मा.वि., भ.न.पा. १,चितवन |
| ०५ | हाइकुहरू (७ वटा) | हाइकु | सप्तगण्डकी (वर्ष ८, अङ्क ४, २०६२) | ३४ | भवनाथ सडौला (प्रधान सम्पादक) | सप्तगण्की बहुमुखी क्याम्पस |
| ०६ | शिक्षक हुनुको गर्व | लेख | नेपाल ज्योति स्वर्ण स्मारिका, २०६३ | ७१–७३ | रामबाबु घिमिरे (प्रधान सम्पादक) | नेपाल उच्च मा.वि., र.न.पा. -२,चितवन |
| ०७ | पुस्तकालय वर्गीकरणको सामान्य परिचय | लेख | रामेश्वर वर्ष २०६४ | ८७–९१ | बालकृष्ण थपलिया (प्रधान सम्पादक) | रामेश्वर पुस्तकालय, चितवन |
| ०८ | लै त चिन्नुहोस् | कविता | सप्तगण्डकी २०६५ | ०६ | भवनाथ सडौला (प्रधान सम्पादक) | सप्तगण्की बहुमुखी क्याम्पस,चितवन |
| ०९ | केही हाइकु (८ वटा) | हाइकु | हाम्रो पाइला स्मारिका २०६६ | १०८ | सुरेन्द्र अस्तफल (प्रधान सम्पादक) | हाम्रो एफ. एम. प्रकाशन, चितवन |
| १० | केही टुक्राहरू | लघु कविता | स्मारिका २०६७ | २८ | गोविन्दराज विनोदी (प्रधान सम्पादक) | उद्योग वाणिज्य सङ्घ, नारायणघाट, चितवन |
| ११ | कालापानीकी द्रौपदीमा निभा शाह: एक टिप्पणी | टिप्पणी | स्रष्टा, (अङ्क ४, जेठ २०६७) | ९–१४ | पूर्णबहादुर अधिकारी (प्रधान सम्पादक) | पोषराज पौडेल, चितवन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | सिहंदरबार | कविता | प्रलेस, (वर्ष १५, पूर्णाङ्क १८, असोज, २०६७) | | हरिहर खनाल (प्रधान सम्पादक) | पोषराज पौडेल |
| १३ | बाल पुस्तकालय | लेख | स्मारिका २०६७ | ४३–४५ | इन्द्रप्रसाद रेग्मी (प्रधान सम्पादक) | श्री सिद्धि विनायक मा.वि.भरतपुर-१, चितवन |
| १४ | शारदाका बारेमा सुनेका कुराहरू | लेख | स्रष्टा २०६८ | १७–२० | पूर्णबहादुर अधिकारी (प्रधान सम्पादक) | पोषराज पौडेल |
| १५ | भट्टजीका बारेमा थप कुरा | लेख | हाम्रो सिर्जना २०६८ | २१४–२१८ | गणेशप्रसाद खराल (प्रधान सम्पादक) | डि. आर. पोखरेल |
| १६ | विगतको चितवनलाई हेरी वर्तमानमा हराउँदा | लेख | उद्यम स्मारिका २०६८ | ९४–९७ | मोदनाथ मरहट्ठा (प्रधान सम्पादक) | उद्योग वाणिज्य सङ्घ, चितवन |
| १७ | पुस्तकका चार मुक्तक | मुक्तक | अभियान स्मारिका | ७१ | नारायण काफ्ले (प्रधान सम्पादक) | नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासङ्घ, चितवन |
| १८ | मेरो तीन जुनी नारायणीको छानामुनि | लेख | नारायणी स्वर्ण स्मारिका २०६९ | १३–१६ | श्यामजी अतिथि शर्मा (प्रधान सम्पादक) इन्द्रप्रसाद रेग्मी (सम्पादक) | नारायणी उच्च मा.वि, भरतपुर, चितवन |
| १९ | लक्ष्मी सरस्वती | लेख | कन्या स्वर्ण स्मारिका २०६९ | १५–१८ | हेरम्बकुमार श्रेष्ठ (सम्पादन संयोजक) | बालकुमारी कन्या उच्च मा.वि., चितवन |
| २० | पुस्तकालय सेवामा बिताएका ३३ वर्ष | संस्मरण | सप्तप्रवाह २०६९ | २४१–२४५ | खेमनारायण सापकोटा (प्रधान सम्पादक) | पब्लिक क्याम्पस प्राध्यापक सङ्घ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | १० हाइकु | हाइकु | वागेश्वरी २०६९ | ११० | केदारनाथ खनाल (प्रधान सम्पादक) | चितवन साहित्य वर्ष |
| २२ | १० हाइकु | हाइकु | कालिका स्मारिका २०६९ | ११ | मनोज पन्त (प्रधान सम्पादक) | कालिका एफ. एम |
| २३ | चेतका चेतनाहरू सशक्त बन्दै जाऊन् | लेख | भानु २०६९ | १६०–१६३ | रामप्रसाद ज्ञावाली | भानु मासिक |
| २४ | बरण्डाभार पूर्वको चितवन सम्भनाका केही भिल्काहरू | लेख | जन जागृति स्मारिका २०६९ | ६१ | | जन जागृति उच्च मा.वि., पिठुवा, चितवन |
| २५ | नारायणगढ : केही सुनेका केही भोगेका कुरा | लेख | चितवन महोत्सव २०६९ | २६९–२७३ | प्रा.डा. नारायण खनाल (प्रधान सम्पादक) | उद्योग वाणिज्य सङ्घ, चितवन |
| २६ | समरका स्मृतिहरू एक अवलोकन | समालोचना | देवघाट दर्पण | ६३–६५ | इन्द्रप्रसाद रेग्मी (प्रधान सम्पादक) | देवघाट क्षेत्र विकास समिति |
| २७ | केही हाइकुहरू | हाइकु | नव प्रभात स्वर्ण स्मारिका, २०७० | ७६ | विष्णुहरि कँडेल र लुकराज तामाङ (प्रधान सम्पादक) | ब्रह्मनगर मा.वि., वीरेन्द्रनगर गा.वि.स., चितवन, |

कवि इन्द्रप्रसाद रेग्मीको चार दशकभन्दा लामो साहित्य साधनामा क्रान्तिधर्मी, व्यङ्ग्यविनोदी र विद्रोही प्रवृत्तिहरू आभ्यासिक कालदेखि नै देखापरेका र यिनलाई अझ परिष्कार र परिमार्जन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिन्तन र विषयवस्तुको उठाई परिवर्तनका नाममा भएका आडम्बरी क्रियाकलापप्रति असन्तुष्टि जाहेर गर्दै समुन्नत समाजको निर्माण, सामाजिक परिवर्तन र अग्रगामी विकासका लागि आफ्ना स्वरहरूलाई बुलन्द गर्दै लगेका छन् । समालोचक कपिल अज्ञातका अनुसार परिर्वनपछि त्यो यथार्थ इतिहास कसैले लेख्छ भने चितवनका परिप्रेक्ष्यमा परिवर्तित वातावरणको पहिलो साहसिक कदम इन्द्रप्रसाद रेग्मीको नै थियो भन्नमा अन्वेषकलाई भारी प्रयत्न गर्नु पर्दैन ।[६१] समालोचक

६१. कपिल अज्ञता, *प्रगतिशीलताका स्वरहरू*, **भर्खरै** कविता सङ्ग्रह (२०६८), (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ,. पृ.सं. (भू.) च ।

डि. आर. पोखरेलका अनुसार जीवन भोगको वर्णन पात्र, परिवेश चित्रण, सुसङ्गठन, भाषिक मिठास र तटस्थता, संस्मरण वा आत्मसंस्मरणका तत्त्वहरूलाई आत्मसात् गर्दै अनेक विषयवस्तुलाई उठाउने, अनेक जीवन भोगाइलाई प्रस्तुत गर्ने विगतका अनेक सूचना र इतिहासका सामग्रीहरूको प्रस्तुत गर्ने अग्रजहरूप्रति आदरभाव व्यक्त गर्ने, देशभक्तिको भावनालाई उजागर गर्ने, आत्मप्रकटीकरण गर्ने, आफ्ना अनुभवहरूको जानकारी गराउने र पाठकीय सन्तुष्टिको चुस्की थप्ने अनि आफ्नो जीवन भोगका वर्णनहरूबाट सामाजिक सन्देशहरूको सम्प्रेषण गर्ने विशेषता उनका निबन्धहरूमा पाइन्छन् ।[६२] समीक्षक केशवराज आमोदीका अनुसार इन्द्रप्रसाद रेग्मी मार्क्सवादी दृष्टिकोणबाट पुरातन सत्तारूढ वर्गको सांस्कृतिक एकाधिकारले मक्किएका खण्डहरहरूलाई एकैसाथ गल्र्यामगुर्लुम ढल्ने गरी शब्दभेदी प्रहार गर्नु उनको विशेषता हो ।[६३] समालोचक धनेश्वर भट्टराईका अनुसार इन्द्रप्रसाद रेग्मीको **बिर्सनै लागेका कुरा**हरू पुस्तकाकार कृतिभित्र निबन्ध, नियात्रा, आत्मसंस्मरण र जीवनपरक संस्मरणात्मक लेखहरूमा कतिपयमा समीक्षात्मक दृष्टिचेत पाइन्छ भने कतिपय मूल्याङ्कनात्मक आलेख रहेका छन् र लामो जीवन भोगाइका अनुभव र अनुभूतिलाई मौलिकता भरेर सजीव रूपमा प्रस्तुत गरेका छन् ।[६४] निष्कर्षमा उनका यस चरणका कवितागत प्रवृत्ति, निबन्धगत प्रवृत्ति र हाइकुगत प्रवृत्तिहरूलाई बुँदागत रूपमा क्रमशः यसरी प्रस्तुत गर्न सकिन्छ :

**कवितागत प्रवृत्तिहरू/विशेषताहरू**

१ सामाजिक विकृति र विसङ्गति विरूद्ध आवाज घन्काउनु

२ सामाजिक असमानताकोविरोध

३ राजनीति विसङ्गति, विकृति र आडम्बरीपन विरोधी स्वर तथा देशप्रेमको भावना

४ राजनीतिक मुद्दाहरूलाई कविताको विषयवस्तु बनाउनु

५ राष्ट्रको विषय र परिस्थतिको वर्णन गर्दै राष्ट्रप्रेमको भावना अभिव्यक्त गर्नु

६ बहुदलीय शासन व्यवस्थाका भरमा नेताहरूद्वारा भएका भ्रष्टाचार र अन्य नराम्रा क्रियाकलापप्रति व्यङ्ग्य गर्नु

७ नेताहरूको सुविधाभोगी प्रवृत्ति र राज्यसत्ताको दुरुपयोगप्रति आक्रोश

६२. डि आर. पोखरेल, *यादमा इमान्दर छन् इन्द्र,* **बिर्सनै लागेका कुराहरू**, (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन :. प्रगतिशील लेखक सङ्घ, २०६८ पृ.स.(भू.) झ ।

६३. केशवराज आमोदीसँग लिइएको अर्न्तवार्ता अनुसार ।

६४. धनेश्वर भट्टराई, *प्रकाशकीय,* **बिर्सनै लागेका कुराहरू**, (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : प्रगतिशील लेखक सङ्घ,. २०६८.पृ.सं. (भू.) ङ ।

८  दोहोरो द्वन्द्वको मारमा परेकाहरूको पीडालाई अभिव्यक्त गर्नु

९ हत्या, हिंसा, सन्त्रास, असुरक्षा, मानव अधिकारको हनन आदि युगीन परिवेशलाई कविताका माध्यमबाट अभिव्यक्त गर्नु

१० निरङ्कुशतन्त्रको विरोध र लोकतन्त्र एवम् गणतन्त्रको वकालत गर्नु

११ द्वन्द्वले प्रभावित आफ्ना भोगाइ र अनुभूतिलाई कवितामा अभिव्यक्ति दिनु ।

यस चरणका कविताका प्रवृत्ति र विशेषताहरूमा उन्मुक्तिका स्वरहरू राजनैतिक विसङ्गतिको चित्रण, सामाजिक व्यङ्ग्य चेतना, मानवतावादी स्वर, राजनैतिक नेतृत्वप्रति व्यङ्ग्य र राष्ट्रिय चेतना आदि प्रमुख मानिन्छन् । निरन्तर अभ्यास र परिपक्वताले खारिँदै गएका रेग्मी **भर्खरै** कविता सङ्ग्रहको रचनासम्म आइपुग्दा भाव, भाषा र कलामा सफल देखिन्छन् ।

**निबन्धका प्रवृत्तिहरू/विशेषताहरू**

१. व्यक्तित्वको प्रकाशन गर्नु

२. घटनाक्रमलाई छोएर शृङ्खलाबद्ध रूपमा विषयवस्तुको वर्णन गर्नु

३. देखेको सुनेको र भोगेको विषयवस्तुलाई यथार्थ रूपमा वर्णन गर्नु

४. आत्मपरक अभिव्यक्ति दिनु

५. कुनै  विषयका बारेमा नालीबेली छुट्ट्याएर त्यसको वास्तविकतालाई अगाडि ल्याउनु

६. वर्णनात्मक तथा विवरणात्मक निबन्धको रचना गर्नु

७. नियात्रा, संस्मरण, आत्मसंस्मरण र जीवनीपरक संस्मरणको प्रस्तुति गर्नु

८. जीवनस्मृतिका यथार्थिक एवं मनोहर चित्रण र तटस्थ अभिव्यक्ति गर्नु

९. परिस्थिति अनुकूल निबन्धमा टीकाटिप्पणी समेत प्रस्तुत गर्नु

१०. यथार्थ जीवनका भोगाइ, गराइ र देखाइलाई स्पष्ट रूपमा प्रस्तुत गर्नु ।

यसरी इन्द्रप्रसाद रेग्मीको यस चरणको संस्मरणत्मक निबन्ध सङ्ग्रह **बिर्सनै लागेका कुरा**मा उपर्युक्त प्रवृत्ति वा विशेषता पाउन सकिन्छ । सरसरती पढ्दा चितवन जिल्लाको राजनीतिक इतिहास र चितवन एवं कम्युनिस्ट पार्टीको नालीबेली पढेजस्तो लाग्ने यो संस्मरणात्मक निबन्ध सङ्ग्रहले इन्द्रप्रसाद रेग्मीको अव्यक्त व्यक्तित्वलाई व्यक्त गरेको छ ।

**हाइकुका प्रवृत्तिहरू/विशेषताहरू**

१. सत्तासीनलाई व्यङ्ग्य गर्नु

२. राजनैतिक वितृष्णाप्रति असन्तुष्टि व्यक्त गर्नु

३. सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्नु

४. राष्ट्रप्रेमको भावना जागृत गर्नु

५. जनयुद्धका सबल पक्षको समर्थन र दुर्बल पक्षको विरोध गर्नु

६. युवावर्गको उच्छृङ्खलताप्रति व्यङ्ग्य गर्नु

७. जीवन दर्शन सम्बन्धी दार्शनिक चेतना प्रस्तुत गर्नु

८. प्रणयपरक शृङ्गारिक भाव व्यक्त गर्नु

९. कवि व्यक्तित्वको विषयवस्तुमा आधारित हाइकु लेख्नु

१०.राजनीतिक विषयवस्तुमा आधारित हाइकु लेख्नु

११.हाइकुको सैद्धान्तिक मान्यतालाई अवलम्बन गरी धक फुकाएर हाइकु लेख्नु आदि ।

यसरी इन्द्रप्रसाद रेग्मीको साहित्य यात्राको तेस्रो चरणमा सामाजमा देखिएका नराम्रा पक्षको विरोध, बेमेलको स्थिति, राजनीतिक विसङ्गति र विकृति, भ्रष्टाचारका विविध पक्षलाई प्रस्तुत गरी समाज सुधारको चाहनालाई व्यक्त गरिएको छ भने हाइकु सङ्ग्रह **बैशाखी टेकेर**मा हाइकुका सैद्धान्तिक दृष्टिकोणले नियाँल्दा प्रकृतिको चित्रण पक्ष कमजोर रहेको छ भने राजनीतिक विषयवस्तु प्रबल छ । विविध विषयलाई आधार बनाएर लेखिएका हाइकुहरूमा यात्रा गरेर प्राकृतिक वातावरण चित्रण गर्ने जापानी परिपाटीलाई आत्मसात् गर्न सकेको देखिँदैन तथापि हाइकुको अक्षर संरचना ५+७+५ को मान्यतालाई भने अवलम्बन गरिएको छ ।

## ४.२ निष्कर्ष

साहित्यकार इन्द्रप्रसाद रेग्मीको साहित्यक यात्राको पहिलो चरण (२०२६–२०३६) लाई आभ्यासिक काल मान्न सकिन्छ । यस चरणमा उनले **विद्यार्थीहरू सित** शीर्षकको कविता र **अधुरो प्रेम** शीर्षकको कथा प्रकाशन गरी साहित्य यात्राको सुरुवात गरेका थिए भने **राष्ट्रपति निक्सनसँग अन्तर्वाता** शीर्षकको निबन्ध प्रकाशन गरी निबन्ध यात्राको प्रारम्भ गरेका थिए । प्रथम चरणका कविताहरूमा कलापक्षभन्दा भावपक्ष प्रबल रहेको छ । इन्द्रप्रसाद रेग्मीको साहित्यक यात्राको दोस्रो चरण (२०३७–२०५५) लेखन र प्रकाशनका दृष्टिले त्यति उर्वर मानिँदैन । नाम धान्ने किसिमले फाटफुट रचनाहरू मात्र प्रकाशन गरेका रेग्मीको यो राजनीतिमा सक्रिय रहेको चरण हो । कवि इन्द्रप्रसाद रेग्मीको साहित्य

यात्राको तेस्रो चरण (२०५६ देखि हालसम्म) अत्यन्तै उर्वर छ । एकै पटक तिम्ल्याहा पुस्तकाकार कृतिहरू **भर्खरै** कविता सङ्ग्रह (२०६०), **बिर्सनै लागेका कुरा** संस्मरणात्मक निबन्ध सङ्ग्रह (२०६८) र **बैशाखी टेकेर** हाइकु सङ्ग्रह (२०६८) प्रकाशन गरेर चर्चाको शिखरमा पुग्न सफल भएका रेग्मीले यस चरणमा तिन दर्जन जति फुटकर रचनाहरू पनि प्रकाशन गरेका छन् भने उनको एक निबन्ध सङ्ग्रह र एक गजल सङ्ग्रह प्रकाशोन्मुख अवस्थमा छन् । यस चरणमा रेग्मीले हाइकु विधालाई पनि अँगालेका छन् । यस चरणसम्म आइपुग्दा उनको कला पक्ष तिखारिएको र भाव पक्ष पनि गहिरिएको पाइन्छ । साहित्यमा राजनीतिक विषयवस्तु रेग्मीको निजी पहिचान हो तथापि उनका साहित्यिक कृतिहरू राजनीतिकेन्द्री मात्र छन् भनी दोषारोपण गर्नु अनुचित हुनेछ ।

## ४.३ 'भर्खरै' कविता सङ्ग्रहको अध्ययन

कविता साहित्यको अत्यन्त लोकप्रिय विधा हो । यो गेयात्मक तथा श्रव्यपाठ्य विधा अन्तर्गत पर्दछ । डा. दयाराम श्रेष्ठ र प्रा.मोहनराज शर्माका अनुसार कविता भावनात्मक वा बौद्धिक कथ्यको पद्यलयात्मक संरचना हो ।[६५] प्रा.डा मोहनहिमांशु थापाका अनुसार विशिष्ट भाव, विचार र अनुभूति विशेषको कलात्मक प्रभावात्मक अभिव्यक्ति नै कविता हो ।[६६] मोहनराज शर्माका अनुसार कथ्यको पद्यलयात्मक अभिव्यक्तिलाई कविता भनिन्छ । पद्यलयात्मकताको अर्थ छन्दोबद्धता मात्र होइन, छन्दमुक्त भएर पनि उत्तिकै लयात्मक हुनु समेत हो ।[६७] **भर्खरै** कविता सङ्ग्रह इन्द्रप्रसाद रेग्मीको प्रकाशित तिम्ल्याहा पुस्तककार कृतिमध्ये एक हो । इन्द्रप्रसाद रेग्मीको **भर्खरै** कविता सङ्ग्रहको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ :

### ४.३.१ शीर्षक

शीर्षकले कविताको न्वारान गर्दै मूल भावलाई अभिव्यक्त गर्दछ । कविताभित्र रहेको चुरो कुरालाई शीर्षकले पूर्व आभास गराउँछ । शीर्षक अनुसारको कविता र कविता अनुसारको शीर्षक हुनु आवश्यक देखिन्छ । कविता र शीर्षकमा सामञ्जस्य हुनुपर्छ । हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराईका अनुसार कुनै लेख, रचना, ग्रन्थ आदिको नामलाई शीर्षक भनिन्छ ।[६८] नारायण खनालका

---

६५. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन (ते.सं.), पृ.सं. १९ ।

६६. मोहनहिमांशु थापा, **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन (दो.सं.) पृ.सं. ४२ ।

६७. मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकसन, पृ. सं.९१ ।

६८. हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** (दो.सं.) काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६२, पृ.सं. ९४२ ।

अनुसार शरीरका निम्ति टाउकाको जुन स्थान छ, रचनाका निम्ति शीर्षकको त्यही स्थान छ ।[६९] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्यका अनुसार कविताभित्र अनेक संरचना हुन्छन् । कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त सारपूर्ण औचित्य भएको प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनोट गर्दछ जुन शीर्षकभित्र समग्र विषयवस्तु अटाएका हुन्छन् ।[७०] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीका अनुसार शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैली वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ ।[७१] शीर्षकले कृतिभित्र समाविष्ट विषयवस्तुहरूको मूलभाव वा सङ्केत गराउने सन्दर्भमा **भर्खरै** कविता सङ्ग्रहभित्रका कविताहरूलाई हेर्दा वर्तमानका विसङ्गतिपूर्ण अवस्था, कुण्ठा, निराशा, वितृष्णा एवम् अस्तित्व, मूल्यहीन जीवन, राजनीतिक खिचातानी, आन्दोलनको मूल्यहीनता तथा भ्रष्टाचारको बिगबिगीका विरुद्ध सुधारका निम्ति बढी गम्भीर भएर चिन्ता र आक्रोश प्रकट गरेका छन् । सामाजिक सुधारको प्रबल आकाङ्क्षा र तीव्र आगह गर्ने रेग्मीले यथास्थितिवादका विरुद्ध अग्रगमनको साथ दिने, रूढिबुढीका विरुद्ध वैज्ञानिकताको पहल गर्ने, शोषण, दमन र उत्पीडनका विरुद्ध न्यायको बहस गर्ने भाव बोकेका शीर्षक राखेका छन् । भर्खरै भएको परिवर्तनले कुनै पनि सुधारका लक्षणहरू नल्याएको र हिजोका दिनहरू जस्तै आजका दिनहरूमा पनि कुनै उल्लास नदेखिएको, जनतामा आशाका किरणहरू नछाएको मात्र निरासै निराशाले भरिएको, नेताको लुछातानी झन् धेरै बढेर गएको र गरिब निमुखा जनता हेरेको हेर्‍यै भएको यर्थाथलाई देखाई विसङ्गतपूर्ण जीवन, जगत् र राजनीतिलाई प्रतीकात्मक रूपमा नामकरण गरिएको शीर्षक **भर्खरै** सार्थक र औचित्यपूर्ण देखिन्छ ।

## ४.३.२ संरचना

संरचना भनेको कुनै पनि चिज वा वस्तुको आकार सृजना गर्ने तत्त्व हो । ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्यका अनुसार विभिन्न अवयव घटकहरूका पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन स्वनिष्ठ अस्तित्वलाई संरचना भनिन्छ ।[७२] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीका अनुसार संरचना दुई किसिमको हुन्छ : आन्तरिक र बाह्य । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्ति विधान तथा पङ्क्तिपुञ्ज. (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ भने कविताको आन्तरिक संरचना मुख्यतः केन्द्रीय  कथ्य भाव विचारको उठान, विकास र अन्तिम रागात्मक

६९. नारायण खनाल, **समीक्षा प्रहार प्रहरका**, नारायणी : त्रिवेणी साहित्य परिषद, २०६८, पृ.सं. १७७ ।

७०. ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज, २०५९, पृ.सं. ३३४ ।

७१. वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, **नेपाली कविता (भाग ४)**, (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०५४, पृ.सं. १७ ।

७२. ईश्वरी प्रसाद गैरे र कृष्ण प्रसाद आचार्य, पूर्ववत् पृ.सं. ३३४ ।

परिणतिको यात्रापथ ठहर्छ ।[७३] **भर्खरै** कविता सङ्ग्रहलाई संरचनागत रूपले हेर्दा विभिन्न आयामका सतासीवटा कविताहरू सङ्कलित भएको आवरण पृष्ठसहित जम्मा १४८ पृष्ठको ठुलै आकारको कृति हो । प्रस्तुत कृति वि.सं. २०६८ मा एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ चितवनको प्रकाशकीयमा नारायणी बहुमुखी छापाखानाबाट प्रथम पटक ५०१ प्रति प्रकाशित भएको कृति हो । यसको अग्रभागको पृष्ठाङ्क नखुलाइएको अक्षर सङ्केत (भू) क......ठ पृष्ठमा **प्रकाशकीय** शीर्षकमा एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, चितवनका अध्यक्ष पोषराज पौडेलले छोटो समीक्षा सहित भूमिका लेखेका छन् । पृ.सं.(भू.) ङ–ज मा **प्रगतिशीलताका स्वरहरू** शीर्षकको समीक्षा लेखमा कपिल अज्ञातले **भर्खरै** कविता सङ्ग्रहमा सङ्गृहीत कविताको समीक्षा गरेका छन् । पृ.सं.(भू) झ मा **मेरो भन्नु** शीर्षकको लेखमा लेखक इन्द्रप्रसाद रेग्मीले **भर्खरै** कविता सङ्ग्रह प्रकाशन गर्न हौसला र सहयोग गर्नुहुने व्यक्ति र सङ्घसंस्थालाई धन्यवाद तथा आभार प्रकट गरेका छन् । त्यसै गरी अघिल्लो बाह्य पृष्ठमा उदीयमान सूर्यलाई आंशिक रूपमा बादलले ढाकेको प्रभातकालीन चित्राङ्कन गरिएको र रातो, हरियो र निलो रङ क्रमशः राखिएको छ भने पछिल्लो बाह्य पृष्ठमा लेखकको तस्बिर सहितको परिचय दिइएको छ । यसप्रकार यसको बाह्यावरण निर्माण भएको छ । संरचना परिचय अन्तर्गत यस सङ्ग्रहमा सङ्कलित कविताहरूलाई तालिकामा यसप्रकार देखाइएको छ :

---

७३. वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, पूर्ववत्, पृ.सं. १७-१८ ।

७४. ईश्वरी प्रसाद आचार्य, पूर्ववत् पृ.सं.३३४ ।

७५. वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, **नेपाली कविता (भाग ४)**, ललितपुर साझा प्रकाशन (ते.सं.) २०५४, पृ.स १७ -१८ ।

तालिका सं. –१

| क.सं. | शीर्षक | पृ.सं. | श्लोक/अनुच्छेद | हरफ |
|---|---|---|---|---|
| ०१ | तिम्रो ईश्वर | १ | ३ | ३८ |
| ०२ | जवाङ्ग र राजधानी | ३ | ६ | २३ |
| ०३ | बुद्ध | ६ | ५ | ३९ |
| ०४ | नक्कली योद्धा र दिशाहीन सारथी | ८ | १ | २६ |
| ०५ | काले घर्तीको बयान | ९ | १ | २६ |
| ०६ | मेरो देश | १० | २ | २८ |
| ०७ | शरणार्थीहरू | १२ | ५ | ५८ |
| ०८ | भाइ–भाइ | १५ | ६ | २४ |
| ०९ | सोच्ने हो कि ? | १६ | ५ | २० |
| १० | सिंहदरवार | १७ | ५ | ३८ |
| ११ | चुसाहाहरू | १९ | १ | ४० |
| १२ | आफ्नै मात्रै पेट भर्नुहोस् | २१ | ५ | ३५ |
| १३ | सुतेका छैनन् जङ्गेहरू | २३ | ५ | ४३ |
| १४ | चितवनको माडी | २५ | ६ | ३९ |
| १५ | लिलामीको सूचना | २७ | १ | ४४ |
| १६ | अब साँचो इतिहास लेखिने छ | २९ | १ | ४१ |
| १७ | उल्टो पथ | ३१ | ३ | ४१ |
| १८ | बाढी | ३३ | १ | ४४ |
| १९ | म शान्ति कोरली रहेको छु | ३५ | ४ | २४ |
| २० | हजुर ! पहिला तलब बढाऔं | ३६ | ६ | ४६ |
| २१ | गणतन्त्र | ३८ | १ | २६ |
| २२ | स्वागत गणतन्त्र | ३९ | ४ | २७ |
| २३ | कवि | ४० | ४ | २३ |
| २४ | वर्तमानका केही झलक | ४१ | ५ | ४६ |
| २५ | भर्खरै | ४३ | १ | ५९ |
| २६ | हामी तयार छैनौं अब | ४५ | ६ | ५७ |
| २७ | सडक अब तिमी जाग्नुपर्छ | ४७ | ४ | ४९ |
| २८ | उल्टो कसरत | ४९ | ४ | ४५ |
| २९ | म अर्थात् प्रजातन्त्र | ५१ | १ | ६६ |
| ३० | इतिहासबाट सिक्नुपर्छ | ५४ | ५ | ५० |
| ३१ | समयको गतिसँग जोरी नखोज | ५६ | १ | ५७ |

| | | | | |
|---|---|---|---|---|
| ३२ | समीकरण | ५८ | ५ | ३१ |
| ३३ | दशैं | ६० | ५ | ४३ |
| ३४ | अकाल मृत्यु | ६२ | ४ | ५० |
| ३५ | स्वतन्त्र उड्ने चरीसँग | ६५ | १ | ४८ |
| ३६ | वर्तमानमा | ६७ | ५ | २० |
| ३७ | भेडाको बथान र ब्वाँसो | ६८ | १ | ४५ |
| ३८ | एउटा अभूतपूर्वको अलाप | ७० | १२ | ९६ |
| ३९ | दरखास्त | ७३ | ५ | ५५ |
| ४० | मित्र घरपतिसँग कुराकानी | ७५ | ७ | २८ |
| ४१ | केही ताङ्काहरू | ७७ | ६ | ३० |
| ४२ | विसङ्गतिहरू | ७९ | ४ | २२ |
| ४३ | सभासद | ८० | ५ | २० |
| ४४ | लौ चिन्नुहोस् | ८१ | ६ | ४९ |
| ४५ | छोड दिल्लगी | ८३ | १ | ९३ |
| ४६ | अहिले मेरो देश | ८७ | ३ | २० |
| ४७ | मनोरञ्जनकाल | ८८ | १ | २० |
| ४८ | मैले गर्व गर्न नसकेको यो हिमाल | ८९ | २ | ३९ |
| ४९ | पञ्चे चुनावको बहिस्कार | ९१ | ४ | २० |
| ५० | लेन्डुपे आव्हान | ९२ | ६ | २४ |
| ५१ | जीवन | ९३ | ४ | ३२ |
| ५२ | उपरदाङगढी भन्छ | ९५ | ५ | ३२ |
| ५३ | अन्तर कुन्तरका कुराहरू | ९७ | १० | ५६ |
| ५४ | पुरानै चाल | १०० | ४ | ३२ |
| ५५ | कवि भानुलाई एउटा सल्लाह | १०२ | ४ | १८ |
| ५६ | फेरि एउटा युद्ध | १०३ | १ | २९ |
| ५७ | प्राप्तिहरूलाई मर्न दिनुहुन्न | १०४ | १ | २३ |
| ५८ | सांसदमन्त्री संवाद | १०५ | १२ | ४४ |
| ५९ | विद्यार्थीहरू सित | १०७ | ६ | २४ |
| ६० | स्वागत | १०८ | ५ | २० |

## लघु कविता

| क.सं. | शीर्षक | पृ.सं. | श्लोक/अनुच्छेद | हरफ |
|---|---|---|---|---|
| ०१ | दुर्गन्ध | १०९ | १ | ८ |
| ०२ | मृत्यु | १०९ | १ | ११ |
| ०३ | वकवास | ११० | १ | १२ |
| ०४ | जिन्दावाद मुर्दावाद | ११० | १ | ९ |
| ०५ | फोहरको खानी | १११ | १ | १० |
| ०६ | उखान | १११ | १ | ४ |
| ०७ | भाट | ११२ | १ | ११ |
| ०८ | मतिहीन | ११२ | १ | ११ |
| ०९ | हात लम्काउ | ११३ | १ | १६ |
| १० | पश्चगमन | ११४ | ५ | ३३ |
| ११ | अहिले | ११६ | १ | २० |
| १२ | प्रजातन्त्र | ११७ | १ | ९ |
| १३ | खाते | ११७ | १ | १० |
| १४ | मानव अधिकार | ११८ | १ | ७ |
| १५ | भाषण | ११८ | १ | ८ |
| १६ | सुन्दरी प्रतियोगिता | ११९ | १ | ८ |
| १७ | आदिकवि | ११९ | १ | ११ |
| १८ | यथार्थता | १२० | १ | १५ |
| १९ | हाय रे मोबाइल | १२१ | १ | १५ |
| २० | जय भ्रष्टाचार | १२२ | २ | १५ |
| २१ | लक्ष्मी | १२३ | ४ | १६ |
| २२ | बन्द | १२४ | १ | ११ |
| २३ | हिरो | १२४ | १ | ८ |
| २४ | धोका | १२५ | १ | १४ |
| २५ | आमाको काख | १२६ | ३ | १६ |
| २६ | 'लक्ष्मी'लाई 'लक्ष्मी'हरूबाट बचाउ | १२७ | ३ | ३३ |
| २७ | खै शान्ति | १२८ | १ | १९ |

यहाँ **भर्खरै** कविता सङ्ग्रहभित्रका कविताहरूको केन्द्रीय कथ्यलाई सङ्क्षेपमा यसरी देखाइन्छ :

यस सङ्ग्रहको पहिलो कविता *तिम्रो ईश्वर*मा कविले सामाजिक विकृति विसङ्गति विरुद्धका उद्‌गारलाई मर्मस्पर्शी अभिव्यक्ति प्रकट गरेका छन् । समाजमा धर्मको नाममा भइरहेका विकृतिजन्य क्रियाकलापको विरुद्धमा आफूले केही गर्न नसकेको र आडम्बरीपनलाई मूकदर्शक बनेर हेरिरनु परेकोमा आक्रोश व्यक्त गर्दै अन्याय र अत्याचारको सिकार बनेका गरिब निमुखा नेपाली जनताप्रति कपोलकल्पित ईश्वरले नाना र छानाको व्यवस्था गर्न नसक्ने तथा ईश्वरीय ढोङ अर्थहीन रहेको हुनाले ईश्वरको पूजा गर्नु निरर्थक छ । दीनहीन गरिब र निम्नवर्गीय मानवका लागि पुराण र कुरान वर्णित विचारहरूको कुनै अर्थ नरहेकाले आस्थाको कुरै नआउने र आडम्बरीपूर्ण पूजा अर्चनाको कुनै महत्त्व नरहेको र सामाजिक तथा धार्मिक दुरवस्थालाई यस कविताको कथ्य बनाइएको छ ।

दोस्रो कविता *जवाङ्ग र राजधानी*मा काठमाडौँमा ऐसआराम गरी चरम भौतिक आनन्द लिएर बसेका उपल्लो वर्गका मानिस र ग्रामीण परिवेशमा दसनङ्ग्रा खियाउँदै बाँचेका नेपाली जनताबिचको असमानतालाई कविले प्रस्तुत गरेका छन् । वर्गीय विभेदको चरमोत्कर्षलाई प्रस्तुत गरेर ग्रामीण जीवनमा आफ्नो परिश्रम र बलबुताले बाँचेका नेपाली जनताले अधिकार प्राप्तिको लागि सङ्घर्ष गर्नुपर्ने र आडम्बरको पर्खाल फुटाउने भावलाई केन्द्रीय कथ्यका रूपमा व्यक्त गरेका छन् । परिवर्तनका नाममा भएका अनेक सङ्घर्ष र आन्दोलनले पनि खास समानताको स्थिति सिर्जना हुन नसकेको अवस्थालाई कवितामा प्रस्तुत गरिएको छ ।

तेस्रो कविता *नक्कली योद्धा र दिशाहीन सारथी*को विषयवस्तु राजनीतिक छ । परिवर्तनका निम्ति सङ्घर्ष गरेका योद्धाहरूले अन्तिम विजयको लक्ष्य नभेटेर उनीहरू दिशाहीन भएका छन् । आफ्नै कार्यप्रति सन्तोसराप गर्दै कर्तव्य विमुख भएर स्वार्थको लालसाले भरिएको मानसिकतामा हराएका अराजक तत्त्वप्रति व्यङ्ग्य गर्नु यस कविताको केन्द्रीय भाव रहेको पाइन्छ ।

चौथो कविता *काले घर्तीको बयान*मा राजनैतिक, सामाजिक र वातावरणीय प्रदूषणले भावविह्ल नेपाली युवकको चिरा परेको अन्तरहृदय र द्वन्द्वकालको नौटकङ्की परिवेशले सिर्जिएको आलाप केन्द्रीय भावका रूपमा प्रस्तुत गरिएको छ ।

पाँचौँ कविता *मेरो देश*मा वर्तमान नेपालको राजनीतिक यथार्थतालाई प्रस्तुत गरिएको छ । सस्तो लोकप्रियताका लागि अनेक परियोजनाको हल्लीखल्ली गरी वास्तविक विकास निर्माणमा मूकदर्शक बनी आफ्नो स्वार्थ पूर्ति गर्ने नेपाली नेता र सरकारी नीतिको कालो कर्तुत उजागर गर्नु यस कविताको केन्द्रीय कथ्य रहेको छ ।

छैटौँ कविता *शरणार्थीहरू*मा भुटानबाट आएका नेपाली शरणार्थीहरूको यथार्थ चित्रण, उनीहरूका हकहित र अधिकारप्रति उदासीन बन्ने वर्गमाथि व्यङ्ग्य तथा शरणार्थीका नाममा राजनीति गर्न स्वार्थ पूरा गर्ने नीति विरुद्धको भाव केन्द्रीय कथ्य रहेको पाइन्छ ।

सातौँ कविता *भाइभाइ*को केन्द्रीय कथ्यका रूपमा कविले नेपालमा बढ्दो गुन्डागर्दीलाई प्रस्तुत गरेका छन् । पूर्वराजा ज्ञानेन्द्रका छोरा पारस र सुजाता कोइरालाका ज्वाइँ रुबेलको अहम्‌को शक्ति

प्रदर्शनलाई प्रस्तुत गरी त्यस गुन्डागर्दीको चपेटामा परेको नेपाल र नेपालीले भोग्नुपरेको समस्यालाई प्रस्तुत गरिएको छ ।

नवौँ कविता *सोच्ने हो कि ?* को केन्द्रीय कथ्यका रूपमा शाहवंशीय शासनको समाप्तिका लागि आग्रह गर्दै शाहवंशीय परम्परा र विकृतिप्रति आक्रोश र व्यङ्ग्यलाई प्रस्तुत गरिएको छ । जनतामाथि अन्याय र अत्याचार गर्ने ती शाहवंशीय शासकको आश्रय स्थल सिंहदरबारलाई ढाल्नका निम्ति जनता समक्ष आग्रह गरिएको छ ।

बाह्रौँ कविता *सुतेका छैनन् जङ्केहरू*मा भर्खरै आएको लोकतन्त्रमाथि खतरा टरेको छैन भन्दै अनेक योजना तथा परियोजना लिएर सामन्ती शासकहरू जाग्न सक्ने खतराप्रति नेपाली जनतालाई सचेत गराइएको छ । पर्दा पछाडि बसेर सामन्ती प्रवृत्तिका मानिसहरू षड्यन्त्रको जाल बुनिरहेका र अनैतिक ढङ्गबाट आर्जिएको धन खर्चिएर अनेक प्रलोभन र त्रास छरेर पुनः जनतामाथि धावा बोली सहिदका सपना चकनाचुर पार्ने योजनामा सामन्तहरू खटिएका हुनाले जनता सचेत हुनुपर्छ भन्ने आग्रह यस कविताभित्र रहेको पाइन्छ ।

तेह्रौँ कविता *चितवनको माडी*मा चितवन जिल्लाको विकट मानिने माडीको जनजीवनलाई प्रस्तुत गरिएको छ । माडीका जनताले स्थानीय ठाउँको विकासमा देखाएको जागरुकताको प्रशंसा गर्दै शोषण, दमन, अन्याय र अत्याचारको विरुद्धमा एकजुट भई लड्ने भाव प्रस्तुत गर्दै त्यहाँको प्रकृति जति सुन्दर छ, त्यति नै सुन्दर हुने गरी विकास र निर्माण गर्न माडीका जनता आतुर रहेको भाव नै यस कविताको केन्द्रीय कथ्य  हो ।

चौधौँ कविता *लिलामीको सूचना !* को केन्द्रीय कथ्यका रूपमा शाहवंशीय शासनको विरोध र जनतालाई सचेतनाका लागि गरिएको आग्रह रहेको छ । २२७ बर्से शाहवंशीय शासनकलाई २४ घन्टाभित्रमा दूरदराजमा हुइँक्याउन सम्पूर्ण नेपाली जनतालाई एकतामा जुट्न आग्रह गरिएको छ । नेपाल र नेपाली जनताका लागि बोझ बनिसकेको राजसंस्था र शाहवंशीय शासनको अन्त्येष्टिका लागि सम्पूर्ण जनतालाई आह्वान गरिएको छ ।

पन्ध्रौँ कविता *अब साँचो इतिहास लेखिने छ*मा हालसम्म इतिहासले झुटको खेती गरेको र वास्तविक इतिहास नलेखी शाहवंशीय शासनको इसारामा इतिहास लेखिएकाले सो इतिहासले लुकाएको वास्तविकता उद्घाटन गर्न आग्रह गर्दै जनतामाथि भएका अन्यायको उजागर गर्नु र शाहवंशीय राजाको कुनियतको रहस्य उद्घाटन गर्नु केन्द्रीय कथ्य रहेको छ । यस कवितामा राजा र राजाका धुपौरेहरूको इतिहास लेख्ने जुन पुरातनवादी नीति थियो, त्यसको अन्त्य हुने आशा पनि व्यक्त गरिएको छ ।

सोह्रौँ कविता *उल्टो पथ*मा कविले नेताहरूको मपाइँत्व र अहमताले देश विषम परिस्थितितिर धकेलिन लागेको हुनाले वार्ताका माध्यमबाट समस्यालाई समाधान गर्नुपर्छ भन्ने केन्द्रीय कथ्यलाई प्रस्तुत गरेका छन् । नेताले अविवेकी बनी स्वार्थ सिद्ध गर्न तम्सिएको देख्दा राष्ट्र युद्धको चपेटामा पर्न सक्ने खतराको सङ्केत गर्दै त्यसो नगर्न पनि आग्रह गरिएको छ ।

सत्रौँ कविता *बाढी*को केन्द्रीय कथ्यका रूपमा नारायणी नदीको बाढीले आक्रान्त पारेको दयनीय सामाजिक यथार्थको चित्रण गर्दै सामन्त वर्गमा यसले कुनै असर नपुऱ्याएको वास्तवितालाई प्रस्तुत गरिएको छ । बाढीकै कारण भौतिक संरचना नष्ट भएको र जनधनको अपूरणीय क्षति भएको भए पनि शाषक र सामन्त वर्गमा यस बाढीले कुनै प्रतिकूल असर पुऱ्याउन नसकेको र राष्ट्रघातीलाई बढार्न नसकेकोमा खेद प्रकट गरिएको छ । प्राकृतिक प्रकोपको चपेटामा पर्ने गरिब, असहाय र निमुखा मात्र हुन् भन्ने यथार्थताको चित्रण गर्दै सामाजिक परिवर्तनका लागि नारायणी विराट् स्वरूपमा उर्लनु पर्ने र सामन्त वर्गलाई निमिट्यान्न पार्नुपर्ने भावलाई अभिव्यक्त गरिएको छ ।

अठारौँ कविता *म शान्ति कोरलिरहेको छु*मा माओवादी जनयुद्धका कारण बिथोलिएको शान्तिलाई पुनः प्राप्त गर्ने अभिलाषा बोकी अशान्तमय वातावरणका बिचमा शान्तिको चाहना गरिएको छ । जनयुद्धको चरम उत्कर्ष तथा तत्कालीन सरकारको दमनकारी नीति, भोगविलासी जीवनशैली र शाहवंशीय राजा ज्ञानेन्द्रको व्यक्तिगत अमनचयन तथा शान्तिका लागि गरिएको पशुवधको नाटकीय व्यवहारलाई प्रस्तुत गरी देशको सङ्क्रमणकालीन अवस्था प्रस्तुत गर्नु यस कविताको केन्द्रीय कथ्य हो ।

उन्नाइसौँ कविता *हजुर ! पहिला तलब बढाऔँ*को केन्द्रीय कथ्यका रूपमा कविले कर्मचारी तन्त्रको विरोध, नातावाद, कृपावाद र घुसखोरी तन्त्रलाई व्यङ्ग्यात्मक ढङ्गबाट प्रस्तुत गर्नु रहेको छ । नेपालका सरकारी कर्मचारीहरूले गरेको व्यवहार र अव्यवस्थित तथा अपाच्य व्यवहारलाई समेत यथार्थपरक ढङ्गबाट यस कवितामा प्रस्तुत गरिएको छ ।

बिसौँ कविता *गणतन्त्र*को केन्द्रीय कथ्यको रूपमा कविले गणतन्त्रको आगमनले सामाजिक विकृतिहरूको अन्त्य, भ्रष्ट तथा राष्ट्रघातीहरूलाई सजाय, निमुखा तथा अशक्त जनताप्रति उदारता, बेरोजगारलाई रोजगारी तथा श्रमको उचित मूल्याङ्कन, भोका र नाङ्गा जनतालाई गास, बास र कपासको यथोचित व्यवस्था गर्ने अभिलाषालाई प्रस्तुत गरेका छन् । यसमा थियोमिचो र असमानतालाई निमिट्यान्न पार्ने आशा समेत प्रस्तुत गरिएको छ ।

बाइसौँ कविता *स्वागत गणतन्त्र*मा केन्द्रीय कथ्यका रूपमा गणतन्त्रको आगमनले उल्लासको वातावरण सिर्जना गरेको र गणतन्त्र विरोधी शक्तिहरूलाई समाप्त पारी सदासर्वदा नेपाली जनतासँगै गणतन्त्र बाँचिरहने आशा प्रस्तुत गरिएको छ । गणतन्त्रको आगमनले नेपाली जनताको सुनिश्चित भविष्य निर्माण हुने कुरामा कवि ढुक्क छन् । हिजोका दिनमा प्राप्त गर्न नसकेका कुरा प्राप्त गर्न सकिने जनताको विश्वासलाई समेत यस कवितामा प्रस्तुत गरिएको छ ।

तेइसौँ कविता *कवि*मा केन्द्रीय कथ्यका रूपमा कविको बहुआयामिक व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । कविले आफ्ना सिर्जनाका माध्यमद्वारा अचेतन मनहरूमा चेतनाको दीप प्रज्वलन गर्ने गर्दछ भन्ने भाव यसमा प्रकट गरिएको छ । शोषण, दमन, अन्याय र अत्याचार विरुद्ध आफ्ना कर्म गर्ने निरङ्कुशता विरोधी स्वरहरूलाई बुलन्द गर्दै सत्यम् शिवम् सुन्दरम्मा रमाउने व्यक्तिका रूपमा कविलाई प्रस्तुत गरिएको छ ।

चौबिसौं कविता *वर्तमानका केही झलक*को केन्द्रीय कथ्यका रूपमा वर्तमान मानव जीवनको मूल्यहीनतालाई प्रस्तुत गरिएको छ । यस कवितामा वीरताको इतिहाससँग वर्तमानको अवस्थालाई तुलना गरी छलकपटले आक्रान्त समाजमा बेसहारा मानिसको चीत्कारलाई अभिव्यक्त गर्दै भाग्यले जीवनको मुहार फेर्न नसकेकोमा भाग्यलाई धिक्कार्दै बाँच्न विवश नेपालीको अवस्थालाई टीठलाग्दो ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ ।

पच्चिसौं कविता *भर्खरै*बाट यस कविता सङ्ग्रहको नामाङ्कन गरिएको छ । यस कविताको केन्द्रीय कथ्यका रूपमा भर्खरै भएको राजनीतिक परिवर्तनले सम्पूर्ण नेपालीहरूको दिनचर्यामा असर नपुऱ्याएको र पुरानै पाराको दिनचर्या रहेको, बुद्धिजीवीहरू पनि आफ्नो दुनो सोझ्याउन स्वार्थको राजनीतिमा अग्रसर बनिरहेको र गरिब दुःखी नेपाली जनताको जीवनमा परिवर्तनका कुनै लक्षणहरू नदेखिएको भावलाई प्रस्तुत गरिएको छ । त्यसै गरी गास, बास र कपासको चपेटामा परेका नेपालीको दीनहीन अवस्थामा सुधारका लक्षणहरू नदेखिए पनि नयाँ शासकको सुरुवातका लक्षणहरू देखिन थालेको यथार्थतालाई प्रस्तुत गरी नेपालमा राजनीतिक परिवर्तनको खुसियालीमा दीपावली गर्नुको कुनै अर्थ नभएको केन्द्रीय भावलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

छब्बिसौं कविता *हामी तयार छैनौं अब*को केन्द्रीय कथ्यका रूपमा नेताका भ्रामक विचारले दुःख पाएका नेपाली जनता अब कुनै पनि बहानामा पुनः युद्ध र आन्दोलनमा होमिन नसक्ने भावलाई व्यक्त गरिएको छ । नेताका अवसरवादी नीतिका पछि लागेर धेरैले प्राणको आहुति दिनुपरेको यथार्थलाई प्रस्तुत गरी नेपाली जनतामा परेको घाउ अझै पुरिन नसकेकोले जनता कुनै पनि किसिमका सङ्घर्ष र आन्दोलनमा सरिक हुन नसक्ने भाव व्यक्त गर्दै अब नेता दुर्वाच्यका पछि नलाग्ने र उनीहरूप्रति विश्वास उडिसकेको भाव समेत प्रकट गरिएको छ ।

सत्ताइसौं कविता *सडक अब तिमी जाग्नु पर्छ*को केन्द्रीय कथ्यका रूपमा सडकरूपी जनताले आफूलाई शोषण, दमन, अन्याय र अत्याचार गर्ने शासक वर्गको विरुद्धमा मुड्की बटारेर ज्यादती अन्त्यका लागि नेपाली जनतालाई एकजुट भई जाग्न आह्वान गरिएको छ । यसरी निरन्तर अन्यायलाई सहने नेपालीको स्वभावलाई परिवर्तन गरी बर्बरता र बेथितिको विरुद्ध जाग्नुपर्ने भाव समेत यस कवितामा प्रस्तुत गरिएको छ ।

अट्ठाइसौं कविता *उल्टो कसरत*मा केन्द्रीय कथ्यका रूपमा अग्रगमन विरोधीहरूले अग्रगमनलाई पछ्याउनु निरर्थक हो भन्ने ठानेको भावलाई प्रस्तुत गरिएको छ । निरङ्कुश पञ्चायती शासनको भूतदेखि अब नेपाली जनता नडराउने र प्रजातन्त्र प्राप्तिका अगाडि बढिसकेका हुनाले हिजोका राजालाई दाम चढाई प्रगतिपथका बाधक बन्ने वर्गले पनि अब रोकावट सिर्जना गर्न नसक्ने भएकोले सृष्टिको अग्रगति नियमलाई मान्नुपर्ने भाव प्रस्तुत गरिएको छ ।

उनन्तिसौं कविता *म अर्थात् प्रजातन्त्र*को केन्द्रीय कथ्यका रूपमा अत्यन्तै कष्ट गरेर प्रजातन्त्र प्राप्त गरेको विषयलाई प्रस्तुत गरिएको छ । प्रजातन्त्रको प्राप्तिका निम्ति जनताको त्याग र तपस्याको

प्रशंसा गर्दै प्रजातन्त्रमा पनि भोग्नु परेका समस्याहरूलाई उजागर गरेर नेताहरूको लापारबाही र अदूरदर्शितालाई प्रस्तुत गरिएको छ । वास्तविक प्रजातन्त्र गरिब निमुखा जनताको घरदैलोमा पुग्न नसकेको यथार्थलाई पस्कँदै वास्तविक प्रजातन्त्र जनतासम्म नपुगुन्जेल प्रजातन्त्रको अस्तित्वको संरक्षण नहुने र प्रजातन्त्र अजेय नहुने भएकाले सम्पूर्ण जनतालाई प्रजातन्त्रको संरक्षण गर्न र प्रजातन्त्रलाई विजय दिलाई सामन्ती शासकको अन्त्य गर्न आह्वान गरिएको छ ।

तिसौँ कविता *इतिहासबाट सिक्नु पर्छ*को केन्द्रीय कथ्यमा सामन्त शासकहरूको शक्तिका भरमा अडिएको शासनको अन्त्य गरी प्राप्त प्रजातन्त्रको महिमागानलाई प्रस्तुत गरिएको छ । विश्वका कयौं निरङ्कुश शासकहरूको अन्त्य भइसकेको प्रसङ्गलाई प्रस्तुत गरी हतियारका भरमा शासनसत्ता टिकाउने दुष्प्रयास निरर्थक भएको र प्रजातन्त्र कसैको उपहार नभई जनबलबाट प्राप्त हुने शासन व्यवस्था भएको कुरालाई प्रस्तुत गरिएको छ ।

एकतिसौँ कविता *समयको गतिसँग जोरी नखोज*को केन्द्रीय कथ्यमा कविद्वारा समयको गतिसँग जोरी खोज्नेहरूको अन्त्य भएको भावलाई प्रस्तुत गरिएको छ । यस कवितामा खुँडा, खुकुरी र हतियारका भरमा शासन र शोषण गर्ने शासकहरूले परिवर्तनको चाहनालाई रोक्न नसक्ने ठोकुवा गर्दै सम्पूर्ण देश र जनतामा उर्लिसकेको मुक्ति र वर्गीय विभेदको अन्त्यको चाहना प्रस्तुत गरिएको छ । राजनीतिक परिवर्तनले मात्र वर्गीय विभेद अन्त्य हुन्छ भन्ने कवि यस कविताका माध्यमद्वारा परिवर्तनका निम्ति क्रान्तिको चेतना प्रस्तुत गर्न समेत सफल भएका छन् ।

बत्तिसौँ कविता *समीकरण*को केन्द्रीय कथ्यमा नैतिकहीन, सिद्धान्तहीन राजनीति र नेताको स्वार्थी प्रवृत्ति तथा घिनलाग्दो संसदीय व्यवस्थाको अभ्यासलाई प्रस्तुत गरी जालझेल र नगद नारायणको सहयोगमा गरिने राजनीतिलाई प्रस्तुत गरिएको छ । आजका नेताको जीवनको लक्ष्य नै स्वावलम्बनलाई त्यागी धनवान् बन्ने रहेको तथ्यलाई प्रस्तुत गरिएको छ ।

तेत्तिसौँ कविता *दसैँ*मा केन्द्रीय कथ्यमा नेपालमा मनाइने चाडपर्वहरूले गरिब निमुखा जनतालाई सुख दिनुको साटो पीडा दिएको भावलाई प्रस्तुत गरिएको छ । गास, बास र कपासको अभावमा जीवनलाई बल्लतल्ल धकेलिइरहेका गरिब दीनहीन मानिसहरू प्रत्येक वर्ष हिन्दुहरूको महान् चाड दसैँको चपेटामा परी जिउनु र मर्नुको दोसाँधमा परेको यथार्थलाई प्रस्तुत गरी यस्ता सांस्कृतिक चाडपर्वले नेपाली गरिब जनताको मुटुमा अझ बढी घाउ थप्ने हुनाले सांस्कृतिक परिवर्तनको चाहना प्रकट गरिएको छ ।

चौँतिसौँ कविता *अकाल मृत्यु*मा केन्द्रीय कथ्यका रूपमा मृत्युलाई प्रस्तुत गरिएको छ । मानिस जन्मिनु र मर्नु प्रकृतिको नियम हो । यस नियमबाट कोही पनि अछुतो रहन सक्दैन तथापि अकालमा मर्नु चाहिँ अभिशाप हो । जजसले परिवर्तनका निम्ति सङ्घर्ष गरेर मृत्युवरण गरे र सहिद बने, उनीहरूको त्यागको उपहास भएकाले उनीहरूले गल्ती गरे भन्दै प्रजातन्त्र र राजनीतिक परिवर्तनका

निम्ति प्राणको आहुति दिने सहिदहरूको सपनालाई साकार रूप दिन नसक्ने नेताप्रति कवितामा व्यङ्ग्य गरिएको छ ।

पैँतिसौँ कविता *स्वतन्त्र उड्ने चरीसँग*मा निरङ्कुश शासकहरूको पिँजडाबाट मुक्ति पाएका नेपाली जनताको स्वतन्त्रतालाई प्रस्तुत गरिएको छ । चरालाई मानवीकरण गर्दै नेपाली जनता र चराको स्वतन्त्र हुने चाहनालाई अभिव्यक्त गरी प्रतीकात्मक रूपमा नेपालीहरूको स्वतन्त्रता पूर्ण रूपमा खतराबाट मुक्त नभई सकेको अवस्थालाई चित्रण गरिएको छ । अझै प्रलोभनमा फँसाएर जनतामाथि शासन गर्ने अवस्था आउन सक्ने हुनाले स्वतन्त्रताका निम्ति अझै सङ्घर्ष गर्नु पर्ने क्रान्तिकारी चेतलाई प्रस्तुत गरिएको  छ ।

छत्तिसौँ कविता *वर्तमान*मा हिजोआज देखिएका मानवीय पीडाहरूलाई अभिव्यक्त गरिएको छ । वर्तमान अवस्थामा नेपाली जनता शारीरिक तथा मानसिक पीडा सहेर बाँच्न विवश बनेकोले सङ्घर्ष गर्नुपर्ने विषयवस्तु उठाइएको छ । गरिब दिनानुदिन गरिब बनिरहेको र धनी दिनानुदिन धनी बनिरहेको अवस्थाको चित्रण गरिएको छ ।

सैँतिसौँ कविता *भेडाको बथान र ब्वाँसो*को केन्द्रीय कथ्यमा नेपाली जनताको सोझोपनको फाइदा उठाउने नेपाली नेताहरूको चरित्रलाई विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । नेपाली जनतालाई युद्धको अग्निकुण्डमा होमेर आफू ब्वाँसो जस्तो अवसरवादी बनी नेपाली जनतामाथि नै अत्याचार गर्ने नेताको प्रवृत्तिलाई कविले प्रस्तुत गरेका छन् । अब पनि उनीहरूले जनताका भावनामा घुसपैठ गर्ने प्रयत्न गरेमा जनताले बदलामा चाबुक लगाउनु पर्ने भावलाई प्रस्तुत गरिएको छ ।

अठतिसौँ कविता *एउटा अभूतपूर्वको अलाप (सवाइ)* यस सङ्ग्रहको सबैभन्दा लामो कविता हो । यस कविताको शीर्षकमै कोष्ठकमा सवाई लेखी सवाई छन्दमा लेखिएको कविता हो भनी सङ्केत गर्न खोजिएको छ । गोविन्दप्रसाद शर्मा ढुङ्गानाका अनुसार सवाइ छन्दमा पाउमा ३१ मात्रा, पछिल्ला अक्षर लघु, तथा १६ र १५ मात्रामा विश्राम भएको हुन्छ र यसलाई वीरछन्द पनि भनिन्छ ।[७६] कवि रेग्मीले सवाई छन्दमा यो कविता लेख्ने प्रयास गरका भए पनि पूर्ण रूपबाट सवाई छन्दको नियमलाई पालना गरिएको भने छैन । यस कविताको केन्द्रीय कथ्यको रूपमा वर्तमानका नेताहरूका नैसर्गिक विशेषताहरूलाई प्रस्तुत गरिएको छ । आफ्नो नेतृत्व गर्ने गुण र क्षमताले भन्दा पनि चाकडी र चाप्लुसी प्रवृत्तिले नेपाली नेताहरू मन्त्री जस्तो गरिमामय पदमा आसीन हुन पुगेको यथार्थलाई प्रस्तुत गरी नेताका कर्तुतमाथि गतिलो व्यङ्ग्य वाण बर्साइएको छ । नेताले पद आशक्तिका लागि कतिसम्मको निच व्यवहार गर्दछन् भन्ने कुरालाई प्रस्तुत गरी स्वार्थसिद्धिको छेपारे बानीको पर्दाफास गरिएको छ । जनतासँग विश्वास गुमाइसकेका नेताहरू जनता समक्ष प्रस्तुत हुनुभन्दा नातावाद, कृपावाद, चाप्लुसी र चाकडी गर्न कति खप्पिस भइसकेका छन् भन्ने प्रसङ्गलाई कविताको मूल मर्मका रूपमा पस्किएको छ ।

उनन्चालिसौँ कविता *दरखास्त*मा केन्द्रीय कथ्यको रूपमा चाकडी र चाप्लुसीलाई प्रस्तुत गरिएको छ । पदको लालसामा प्राणै उत्सर्ग गर्न खोज्ने नेपाली नेताको क्रियाकलापलाई प्रस्तुत गर्दै

नेताका दुर्गुणहरूमाथि व्यङ्ग्य प्रहार गर्नुका साथै कुन कुन र कस्ता कस्ता अनैतिक कार्यहरू गरेर नेता बनेका छन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

चालिसौँ कविता *मित्र घरपतिसँग कुराकानी*को केन्द्रीय कथ्यमा आफ्नै मित्रको स्वार्थी प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । द्रव्यपिचासको भोगी, दलाहा, धुताहा, कपटी र दुर्व्यवहारको विषयवस्तुलाई उठाई आडम्बरी स्वभाव र कर्मलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

एकचालिसौँ कविता *केही ताङ्काहरू* शीर्षकमै ताङ्का भनी लेखेका छन् । ताङ्का जापानी भाषाबाट उद्भव भएको कविताको छोटो रूप हो । ताङ्कालाई जापानी  भाषामा हाइकाइ भनिन्छ । यसको संरचना ५–७–५–७–७ गरी एकतिस अक्षरीय हुन्छ । हाइकुकार प्रकाश पौडेल 'माइला' का अनुसार जीवनका उकाली र ओराली तथा सामाजिक र सांस्कृतिक घटनाक्रमलाई एकतिस अक्षरीय शाब्दिक मालामा उन्न सके शक्तिवान् ताङ्का जन्मन्छ ।[७७] कवि रेग्मीले ताङ्का संरचनाको पूर्ण नियमलाई अवलम्बन गरेको देखिँदैन । केन्द्रीय कथ्यका रूपमा प्रत्येक पङ्क्तिपुञ्जमा फरक फरक भावलाई प्रस्तुत गरिएको छ । पहिलो पङ्क्तिमा बैँसको यथोचित उपयोग हुन नसकेको भाव प्रकट गरिएको छ भने दोस्रो पङ्क्तिमा आस्था गरे आस्था गरेको चिज प्राप्त हुने आशा व्यक्त गरिएको छ । तेस्रो पङ्क्तिमा उल्कापात मच्चाउनेहरूलाई सही बाटामा ल्याउन थुन्नुपर्ने भाव व्यक्त गरिएको छ भने चौथो पङ्क्तिमा खराब तत्त्वको आगमनले बाधा सिर्जना गर्न लागेकोमा सावधान हुनुपर्ने भाव व्यक्त गरिएको छ । पाँचौँ पङ्क्तिमा कविद्वारा आफ्नो र उनको प्रणय मिलनका लागि विपरीत दिशातिर फर्कन नहुने भाव व्यक्त गरिएको छ भने छैटौँ पङ्क्तिमा मरणान्त अवस्थामा पुगेको मानिसलाई समयमै ओखतीमूलो गर्नुपर्ने भाव व्यक्त गरिएको छ । यसरी केही ताङ्का शीर्षकको कवितामा विविध भावलाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

बयालिसौँ कविता *विसङ्गतिहरू*मा केन्द्रीय कथ्यका रूपमा राजनीतिक पार्टीभित्र देखिएको विसङ्गतिलाई प्रस्तुत गरिएको छ । अनेक प्रयास गरेर प्राप्त गरेको जिम्मेवारीलाई सही रूपमा सदुपयोग गर्न नसकेर 'आए आँप गए झटारो' उखानलाई चरितार्थ गर्दै राजनीतिक भागबन्डाको विकृतिका साथै दीर्घकालीन लक्ष्यको अभाव र अदूरदर्शी नेतृत्व पङ्क्तिले पार्टीभित्र सृजना गरेको विसङ्गतिपूर्ण व्यवहारलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

त्रिचालिसौँ कविता *सभासद*मा केन्द्रीय कथ्यमा संविधान निर्माणको जिम्मेवारी बोकेर गएका सभासदले आफ्नो जिम्मेवारी बहन नगरी अर्काको इसारामा नाचेर व्यक्तिगत स्वार्थ परिपूर्ति गर्ने गरेको व्यवहारलाई  प्रस्तुत गरिएको छ । जनतासँग  लिएको  अभिमतलाई वागमतीमा बगाएर अरूको पछौटे

---

७६. गोविन्दप्रसाद शर्मा ढुङ्गाना, **छन्दोहार,** ललितपुर : साझा प्रकाशन (ते.सं.) २०६६, पृ.स.२३ ।

७७. प्रकाश पौडेल 'माइला', *जापानी साहित्यमा हाइकु मानयोशु काव्य सङ्कलनदेखि माचुओ वाशोसम्म,* **अन्तर्दृष्टि,** साहित्यिक त्रैमासिक, वर्ष १७, अङ्क १, पूर्णाङ्क ३२, वैशाख, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, २०६६, पृ.सं. १२७ ।

बनेका र जनताले चाहेको संविधान निर्माण गर्न नसकेका सभासदहरूले आफ्नो स्वाभिमानलाई बेचेर जनताको आँखामा छारो हाल्ने काम मात्र गरेको यथार्थतालाई प्रस्तुत गरी संविधान निर्माणका बाधकतत्त्व अरू कोही नभएर सभासद नै भएको भावलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

चवालिसौँ कविता *लौ चिन्नुस्*मा केन्द्रीय कथ्यमा व्यक्तिको चेपारे प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । मानिसमा देखिएको चाप्लुसी, चलाखी र 'जता हावा चल्यो उतै पात फर्किए' झैँ मौका अनुरूप आजको मानिसले त्यस्तै कार्य गर्ने गरेको यथार्थतालाई कविले प्रस्तुत गरेका छन् । वर्तमानमा मानिसले वर्गीय चिन्तनभन्दा पनि आफ्नो स्वार्थसिद्ध गर्ने परम्पराको विकास गरेको भावलाई प्रस्तुत गरिएको छ ।

पैँतालिसौँ कविता *छोड दिल्लगी*मा केन्द्रीय कथ्यको रूपमा चितवन जिल्लाका उनीसँग परिचित विभिन्न साहित्यानुरागीहरूलाई प्रस्तुत गरिएको छ । यसमा क्षमायाचना सहित ३७ जना कवि तथा साहित्यकारहरूको आनीबानी प्रस्तुत गरिएको छ । नन्दन, गोर्खे साइँलो, होमनाथ, सङ्गीत आयाम, राजेन्द्र घायल, धनराज, चेतकान्त, सरुभक्त, भूपिन, गोविन्द, सुदामा, आमोदी, डी.आर., पूर्णप्रसाद, पुष्प अञ्जली, सविता, तिलक, किसान प्रेमी, कुशल, गिरीधारी, हमाल, कृष्ण राहुल, रिमाल, नारायण खनाल, पोषराज, रेवतीरमण, द्वारिका, शारदा, शशिकीरण, ध्रुव, भवनाथ, धनेश्वर आदि साहित्यिक प्रतिभालाई प्रस्तुत गर्नु यस कविताको मुख्य अभिप्राय रहेको देखिन्छ ।

छयालिसौँ कविता *अहिले मेरो देश*मा केन्द्रीय कथ्यमा वर्तमान नेपालको सङ्क्रमण काललाई प्रस्तुत गरिएको छ । शान्ति बिथोलिएको नेपालमा शान्ति खोज्नु निरर्थक रहेको भावलाई अभिव्यक्त गर्दै जनयुद्धको चपेटामा परेर आक्रान्त भएको जनजीवनलाई अभिव्यक्त गरिएको छ ।

सत्चालिसौँ कविता *मनोरञ्जनकाल*मा केन्द्रीय कथ्यमा सङ्कटकालको फाइदा उठाउँदै सबैले आ-आफ्नो डम्फु बजाएको यथार्थतालाई प्रस्तुत गरिएको छ । कवि पनि आफ्नो राष्ट्रिय चिन्तनलाई त्यागेर व्यक्तिगत चिन्तनमा रमाएको भावलाई अभिव्यक्त गर्दै सम्पूर्ण राष्ट्र नै शोकमग्न भएको अवस्थामा राष्ट्रको नेतृत्व गर्नेदेखि लिएर सर्वसाधारण जनतामा पनि राष्ट्रिय चिन्तनको अभाव रहेको कुरालाई प्रस्तुत गरिएको छ ।

अठ्चालिसौँ कविता *मैले गर्व गर्न नसकेको यो हिमाल*मा केन्द्रीय कथ्यमा शान्तिमय नेपालको स्मरण गराउने विदेशी मित्रको चिन्तनलाई प्रस्तुत गरी वर्तमानको अशान्तिमय वातावरण, युद्ध र पीडाका वेदनाहरूलाई प्रस्तुत गरिएको छ । विश्व मानचित्रमा नेपालको छवि जस्तो थियो, वर्तमानमा आइपुग्दा त्यो अब सम्झनामा मात्र बाँकी रहेको तथा वर्तमान रोग, भोक, अशान्ति र असुरक्षाले ग्रसित भएको अवस्थाप्रति कविले गर्व गर्न नसकेको भावलाई प्रस्तुत गरिएको छ ।

उनन्पचासौँ कविता *पञ्चे चुनावको बहिष्कार*को केन्द्रीय कथ्यमा पञ्चायती शासनकालमा भएको नाटकीय चुनावलाई बहिष्कार गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । हरेक नेपालीसँग जे जे छन्, ती सामग्री लिएर एकजुट भई निरङ्कुश पञ्चायती शासनको विरुद्धमा उठ्नका निम्ति जनतालाई

हार्दिक आह्वान गरिएको छ । पञ्चायती शासन व्यवस्थालाई जरैदेखि उखेलेर फाल्ने अवस्था आएकाले नडराई लड्नुपर्ने भाव यस कवितामा व्यक्त गरिएको छ ।

पचासौँ कविता *लेन्डुपे आह्वान*को केन्द्रीय कथ्यमा समर्पणवादी नीतिको विरोध गरिएको छ । भारतको क्यान्सर भनेर चिनिने विहार प्रान्त अशान्ति, असुरक्षा, र समस्याको नमुना भएजस्तै वर्तमान नेपालको अवस्था पनि त्यस्तै भइसकेको र नेपालमा विहारीको प्रभुत्व जमिरहेको प्रसङ्गलाई उजागर गर्दै समर्पणवादी नीतिलाई आत्मसात् गर्ने सम्पूर्ण वर्ग र समुदायलाई व्यङ्ग्य गर्दै नेपाललाई स्वतन्त्र र स्वभिमानी बनाउन कविद्वारा आग्रह गरिएको छ ।

एकाउन्नौँ कविता *जीवन*को केन्द्रीय कथ्यमा जीवनको अर्थ र कर्मलाई प्रस्तुत गरिएको छ । मानिसले जीवनमा अनेक कर्म गर्दछ, कर्मसँगै उसले जीवनको मर्मलाई बुझ्दै जान्छ र मर्छ भन्दै बाँचुन्जेल जीवन धान्नका लागि गरिने कसरतलाई प्रस्तुत गरिएको छ ।

बाउन्नौँ कविता *उपरदाङगढी भन्छ*मा केन्द्रीय कथ्य गिठा र भ्याकुर अनि टुकी र दियोका भरमा जीवन निर्वाह गर्ने उपरदाङगढीको जीवन शैलीलाई प्रस्तुत गरिएको छ । उपरदाङगढीमा उत्पादित उपभोग्य सामग्रीले जल्दाबल्दा बाठा भनाउँदा नेताहरूको सहरिया जीवनशैलीमा सुधार आएको तर उपरदाङगढीका जनतालाई नेताले केही सहयोग नगरेको प्रसङ्गलाई प्रस्तुत गर्दै उपरदाङगढीका जनतामा चेतनाको दीप बलिसकेकोले अब कठपुतली नहुने भावलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

त्रिपन्नौँ कविता *अन्तर कुन्तरका कुराहरू*मा केन्द्रीय कथ्यका रूपमा शाहवंशीय राजाले आफ्नो सिँहासन बचाउनका निम्ति नेपाली जनताको शिरलाई गिँड्दै हत्याहिंसाको ताण्डव सिर्जना गरी राज गर्ने नीतिको विरोध गर्दै जनतामा चेतनाको दीप प्रज्वलित भइसकेकोले अब जनताले यसको प्रतिकार गर्ने भावलाई प्रस्तुत गरिएको छ ।

चउन्नौँ कविता *पुरानै चाल*मा केन्द्रीय कथ्यका रूपमा नेताहरूको चालचलन, जनतामाथि नेताले गर्ने जालझेल छलकपट र भाषणमा जनतालाई मख्ख पार्ने नेता र जनताको दयनीय अवस्थालाई प्रस्तुत गरिएको छ । राजनीति परिवर्तन भए पनि जनताका लागि 'हात्ती आयो हात्ती आयो फुस्सा' भने झैँ मात्र भएको यथार्थ पक्षलाई पस्कँदै जनताले अब नेताकै विरुद्धमा आवाज उठाउनुपर्ने परिस्थिति सृजना भएको कुरालाई यस कवितामा प्रस्तुत गरिएको छ ।

पचपन्नौँ कविता *कवि भानुलाई एउटा सल्लाह*को केन्द्रीय कथ्यमा आदिकवि भानुभक्तले आफ्ना रचनाहरूमा अभिव्यक्त गरे अनुसारको वर्तमान अवस्थाको समाज नरहेको हुनाले वर्तमानको सापेक्षतामा भानुले पनि आफ्ना चिन्तनहरू परिवर्तन गर्नुपर्ने सल्लाह दिइएको छ । भानुका पालामा बुहारीलाई सही बाटोमा हिँडाउनुपर्ने अवस्था थियो भने अहिले छोरा मति भ्रष्ट भएको छ । परिश्रम गर्नेले मात्र त्यतिखेर प्रशंसा पाउँथे भने अहिले त्यस्तो नभएको बताउँदै शासन र सत्तामा मरिहत्ते गर्ने परिपाटीको विकास भएकाले भानुका आदर्शले वर्तमान नचल्ने यथार्थलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

छपन्नौँ कविता *फेरि एउटा युद्ध*मा रामायणको मिथक प्रस्तुत गरी नेपाली जनताको टाउकामा चढी राज गर्ने ढेडु स्वरूपका नेताहरूको विरुद्धमा फेरि एउटा युद्ध लड्नुपर्ने विषयवस्तुलाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ । साथै, जनतालाई राज गर्ने उद्देश्य बोकेका कामचोर र मामचोर नेताहरूले जनताका टाउकालाई क्रिकेट खेल्ने मैदान बनाएर जनतामाथि राज गर्ने दिवास्वप्न बोकेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

सन्ताउनौँ कविता *प्राप्तिहरूलाई मर्न दिनु हुन्न*मा लामो सङ्घर्षपछि प्राप्त गरेको गणतन्त्रलाई संरक्षण गर्नुपर्ने विषयवस्तुलाई केन्द्रीय कथ्य बनाइएको छ । अवसरको खोजीमा गणतन्त्र विरोधी शक्तिहरू गणतन्त्र सखाप पार्ने दाउमा लुकिछिपी बसिरहेकाले कयौँ नेपालीको रगतले सिञ्चित गरी प्राप्त गरेको गणतन्त्रलाई मर्न दिन नहुने र संरक्षणका निम्ति गोलबद्ध भई जनता जुट्नुपर्ने भावलाई प्रस्तुत गरिएको छ ।

अन्ठाउनौँ कविता *सांसद–मन्त्री संवाद*को केन्द्रीय कथ्यमा भ्रष्टाचारी सांसद र मन्त्रीबिच भएको वार्तालाई प्रस्तुत गरिएको छ । अनेक भोगविलास गर्न लुट मच्चाइरहेका सांसद र मन्त्रीको अवसरवादी नीति र व्यक्तित्वलाई प्रस्तुत गरेर नेपाली जनताको तालुका फुरौला फुलाउने प्रवृत्तिको चित्रण यस कवितामा गरिएको छ ।

उनन्साठिऔँ कविता तथा इन्द्रप्रसाद रेग्मीको पहिलो रचना *विद्यार्थीहरू सित*को केन्द्रीय कथ्यमा विद्यार्थीले राष्ट्र निर्माणमा पुऱ्याउनु पर्ने योगदानलाई प्रस्तुत गरिएको छ । आजका विद्यार्थीले भोलिको राष्ट्रलाई सुन्दर फूलबारीको रूपमा सिँगार्न सक्छन् भन्ने भावलाई प्रस्तुत गरिएको छ ।

साठिऔँ कविता *स्वागत*को केन्द्रीय कथ्यका रूपमा नेपालको गरिमालाई प्रस्तुत गरिएको छ । नेपालको प्राकृतिक सुन्दरता, शुद्ध र पवित्र मन, वीरताको गाथा अनि 'अतिथि देवो भवः' को मान्यतालाई आत्मसात् गर्ने नेपाल र नेपालीका गुणले सम्पूर्ण मानव समुदायलाई स्वागत गरेको भावलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

*लघु कविताहरू* शीर्षक दिएर कविले यस सङ्ग्रहभित्रका सत्ताइसवटा कविताहरूलाई छुट्याएका छन् । चार हरफको अति छोटो **उखान** शीर्षकको लघु कवितादेखि **लक्ष्मीहरूबाट बचाउ** शीर्षकको तेत्तिस हरफसम्मका कवितालाई लघु कविता अन्तर्गत राखिएको छ । लामो आयामका कवितालाई पनि लघु कविता मान्नु उपयुक्त हुँदैन । यी कविताहरूको केन्द्रीय कथ्यलाई यहाँ क्रमशः प्रस्तुत गरिएको छ ।

*दुर्गन्ध* शीर्षकको लघु कविताको केन्द्रीय कथ्यका रूपमा देशभरि फैलिएको दुर्गन्धयुक्त फोहोरका डङ्गुरहरूलाई सरोकारवाला पक्षले देखेको नदेखेकै गरेको व्यवहारप्रति आक्रोश व्यक्त गरिएको छ ।

*मृत्यु* शीर्षकको लघु कवितामा मृत्युको सत्यतालाई स्वीकार गर्दै आफ्नो मृत्यु हुँदा अरू सबै शोकाकुल हुने किसिमका सृजनशील कार्यहरू मानिसले गर्नुपर्ने विषय वस्तुलाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ ।

*बकवास* लघु कवितामा बकवास गर्ने नेताहरूले भुटको खेती गरेर साधु बिरालो बनेको र निरो भैँ बाँसुरी बजाएर हाँसेको तर जनता रोइरहेको कुरालाई व्यङ्ग्य गरिएको छ ।

*जिन्दावाद मूर्दावाद* लघु कवितामा केन्द्रीय कथ्यका रूपमा शासकका बिरुद्ध जनताले सडकमा जिन्दावाद मुर्दावादको नारा उराल्दा अश्रुग्याँस र लठ्ठी प्रहार भएको घटनालाई प्रस्तुत गरिएको छ ।

*फोहोरको खानी* कवितामा केन्द्रीय कथ्यका रूपमा काठमाडौँमा बसोबास गर्ने नेताहरूले 'मुखमा रामराम बगलीमा छुरा' चलाउने गरेको व्यवहारको आलोचना गरिएको छ ।

*उखान* कवितामा राष्ट्रप्रति गर्नु पर्ने बलिदान जनताले पूरा गरेको र अब जनताका निम्ति देशले बलिदान गर्नु पर्ने अवस्था आएको विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

*भाट* कवितामा केन्द्रीय कथ्यका रूपमा निरङ्कुश शासकहरूको विरुद्ध नेताले आवाज उठाउन नसकेर उनीहरूकै प्रशंसाको गायन गरेको विषयवस्तुलाई दर्साइएको छ ।

*मतिहीन* कवितामा मतिहीन मानव व्यवहारका कारण राष्ट्रलाई प्रगति पथमा लैजान नसकिएको विषयलाई प्रस्तुत गरिएको छ ।

*हात लम्काऊ* कवितामा केन्द्रीय कथ्यको रूपमा समर्पणका निम्ति हात अगाडि बढाउनु पर्ने विषयवस्तुलाई प्रस्तुत गरिएको छ । एकतर्फी प्रेमको कुनै अर्थ नहुने भएकाले अव्यक्त प्रेमलाई व्यक्त गर्न अगाडि बढ्नुपर्ने भावलाई यस लघु कवितामा प्रस्तुत गरिएको छ ।

*पश्चगमन* कवितामा केन्द्रीय कथ्यमा निरङ्कुश शाहवंशीय शासनको अन्त्यका निम्ति सशस्त्र क्रान्तिको आवश्यकता भएको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । महाभारत र विष्णुपुराणको मिथक प्रयोग गरी छद्मभेषी शासकको व्यवहारलाई बुझ्नुपर्ने भावलाई यसमा प्रस्तुत गरिएको छ ।

*अहिले* कविताको केन्द्रीय कथ्यमा स्वाभिमान बेचेर चाकडी र चाप्लुसी गर्ने नेताको व्यवहार तथा अरूलाई दुःखकष्ट दिएर सत्ता हाँक्ने इच्छा बोकेका नेताहरूले अग्रगमनलाई त्यागेर प्रतिगमनको बाटामा हिँड्न थालेको विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

*प्रजातन्त्र* कवितामा केन्द्रीय कथ्यका रूपमा पदका लोभी नेताले राष्ट्रको ढिकुटी रित्याएर कुर्सीका निम्ति जनतालाई उपयोग गर्ने गरेको कुनियतलाई दर्साइएको छ ।

*खाते* कवितामा नेपाल बन्दको चपेटामा परेका निमुखा, गरिब र निरीह जनताको दयनीय अवस्थालाई विषयवस्तु बनाइएको छ ।

*मानव अधिकार* कविताको केन्द्रीय कथ्यमा सत्तापक्षलाई मानव अधिकारको आवश्यकता नभएको र विपक्षमा बस्दा मात्र मानव अधिकारको आवश्यकता पर्ने गरेको अवस्थालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

*भाषण* कवितामा अज्ञात विषयवस्तुमा फोस्रो आश्वासन फुक्दै कविता, कथा र भाषणमा जनतालाई भुलाउने प्रवृत्तिका मानिसहरूप्रति व्यङ्ग्य गरिएको छ ।

*सुन्दरी प्रतियोगिता* कवितामा कविले प्रतियोगिताका नाममा नेपाली चेलीको अस्मितालाई किनबेच गरी रूपैयाँ कमाउने संस्कृतिप्रति खेद प्रकट गरेका छन् ।

*आदिकवि* कवितामा आदिकवि भानुभक्तद्वारा अनूदित रामायण महाकाव्यका राम वर्तमान नेपालमा कतै खोज्दा पनि नपाइने र रावणहरू प्रशस्त भेटिने भएकाले ती रावणसँग मिल्ने प्रवृत्तिको रावणायण महाकाव्य लेख्न सल्लाह दिइएको छ ।

*यथार्थता* कविताको केन्द्रीय कथ्यमा राजनीतिक परिवर्तनको लागि सङ्घर्ष गर्ने मानिसले अवसर नपाई अरूले नै अवसरको फाइदा लुटिरहेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । स्वार्थ परिपूर्ति गर्ने मानिसहरू कुनै दिन खतरामा पर्ने सङ्केत पनि गरिएको छ ।

लघु कविता *हाय रे मोबाइल*मा अत्याधुनिक वैज्ञानिक उपकरणको दुरुपयोगको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । मोबाइल जुन काम र उद्देश्यका निमित्त आविष्कार गरिएको हो, सो अनुरूप कार्य नभएकाले यसको प्रयोगकर्ताका निम्ति कुनै मापदण्ड र योग्यता नचाहिने भएकाले यसको दुरुपयोग भएको भावलाई प्रस्तुत गरिएको छ ।

*जय भ्रष्टाचार* कविताको केन्द्रीय कथ्यमा नेपालमा मौलाएको भ्रष्टाचारलाई कविले प्रस्तुत गरेका छन् । सुन्दरीले लठ्याए झैँ भ्रष्टाचारले देशभक्त भनाउँदालाई पनि लठ्याएकाले यसलाई कसैले पनि रोक्न नसकेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

*लक्ष्मी* कविताको महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व र योगदानलाई विषयवस्तु बनाइएको छ । नेपाली साहित्यमा मानवतावादी दृष्टिकोणलाई प्रस्तुत गर्ने महाकवि देवकोटाले पाखण्डीको विपक्षमा तथा श्रमजीवी र कलमवीरका पक्षमा बुलन्द आवाज उठाएर परिवर्तनको नौलो आयाम सिर्जना गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

*बन्द* कविताको केन्द्रीय कथ्यमा नेपालमा दिनानुदिन हुने बन्द र हड्तालले विकास र सिर्जनाका कार्यहरू ठप्प हुने गरेको विषयलाई उठाइएको छ ।

*हिरो* कवितामा हिरो बन्ने व्यक्तित्व र गुण नभएका मानिसहरू पनि हिरो बनेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

*धोका* कविताको केन्द्रीय कथ्यमा नेपाली जनतालाई नेताले दिएको धोकाको विरोध गरिएको छ । मन्त्रीको पदीय आशक्ति भएका मानिसलाई पनि आफ्नै नेताले धोका दिएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

*आमाको कोख* कवितामा नेपाल आमाले समर्पणवादी कुपुत्रहरू जन्माउने कुरा भाग्यमा लेखिएको हो भने कसरी राष्ट्रले मुहार फेर्न सक्छ भन्दै नेपाल आमाको कोखबाट राष्ट्रिय भावनाले ओतपोत भएको सन्तानको जन्म हुनु पर्ने भावलाई कविले प्रस्तुत गरेका हुन् ।

*लक्ष्मीलाई लक्ष्मीहरूबाट बचाउ* कवितामा लक्ष्मी अर्थात् रूपैयाँ पैसाले वर्तमान अवस्थामा विशेष भूमिका निर्वाह गर्ने भावलाई अभिव्यक्त गर्दै 'छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी' भन्ने नेपाली उखान नेपाली समाजमा चरितार्थ भएको अवस्थालाई प्रस्तुत गरी रूपैयाँ पैसाले प्रभाव नपार्ने ठाउँ कुनै पनि नभएको भावलाई प्रस्तुत गरिएको छ ।

*खै शान्ति* कविताको शान्ति हराएको सन्दर्भलाई प्रस्तुत गर्दै मठ, मन्दिर, मस्जिद, गिर्जाघरहरूमा पनि शान्ति नपाइएको अवस्थालाई चित्रण गरिएको छ । लुम्बिनी, मुक्तिनाथ, पशुपति, गुहेश्वरी, दक्षिणकाली आदि सबैतिर अशान्ति भएको जनयुद्धकालको परिवेशलाई प्रस्तुत गरिएको छ ।

यस प्रकार नेपाली राष्ट्रियता, स्वाभिमान, सांस्कृतिक परिवर्तनको चाहना, स्वतन्त्र तथा समृद्ध र सुन्दर समाजको परिकल्पना, वर्गीय विभेदको अवस्था, सामाजिक तथा राजनीतिक विकृति र विसङ्गति, राजनीतिक अस्थिरता तथा नेताको स्वार्थी प्रवृत्तिलाई उदाङ्गो पार्नु यस सङ्ग्रहभित्रका कविताहरूको मुख्य अभीष्ट रहेको पाइन्छ ।

## ४.३.३ मूलभाव

**भर्खरै** कविता सङ्ग्रहभित्रका कवितामा मुलुकको बिग्रँदो अवस्था, राष्ट्रियता, स्वाभिमान, मानवीय मूल्यप्रतिको चिन्ता, राजनीतिक, सामाजिक, सांस्कृतिक विकृति र विसङ्गतिलाई बनाइएको छ । यी कवितामा कवि इन्द्रप्रसाद रेग्मीको राष्ट्र, राष्ट्रियता र नेपाली जातिप्रतिको आस्था प्रकट भएको छ । यसका बारेमा कपिल अज्ञातले यस्तो विचार प्रकट गरेका छन्- कवितामा विविध विकृति र विसङ्गतिप्रति विद्रोहको रन्को छ; कतै प्रगति अवरोधकहरूप्रति खबरदारीको तीव्र स्वर; कतै विपरीत चेतनाहरूप्रति स्पष्ट सङ्केत छ; कतै कनिका छरेर पासो थाप्नेहरूको चालबाजीको पर्दाफास छ; कतै सीमा नागेका वर्तमानका कटु यथार्थको वर्णन छ; कतै नक्कली योद्धा र दिशहीन सारथीप्रति चेतावनी छ ।[७८] सामाजिक विकृति, विसङ्गतिको, विरोध राजनीतिक व्यङ्ग्य, राष्ट्रियता तथा सांस्कृतिक चेतना, स्वतन्त्रताको आकाङ्क्षा, वर्गीय विभेदको अन्त्य र स्वार्थी नेताहरूको चिन्तन एवम् शाहवंशीय शासनको अन्त्यलाई यस कविता सङ्ग्रहको मूल कथ्य बनाइएको छ । कविताको मूलभावलाई विभिन्न उपशीर्षकहरूमा चर्चा गर्न सकिन्छ ।

---

७८. कपिल अज्ञात, *प्रगतिशीलताका स्वरहरू,* **भर्खरै** (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : एकीकृत नेपाल जनसांस्कृतिक महासङ्घ, २०६८, पृ.सं. (भू.) ज ।

### ४.३.३.१ राष्ट्रियता

कवि इन्द्रप्रसाद रेग्मीद्वारा आफ्ना कवितामा राष्ट्र, राष्ट्रियता र स्वाभिमानलाई उच्चस्थानमा राखेर राष्ट्रको महिमा गान गरिएको छ । उनका कवितामा राष्ट्रियता र स्वाभिमान यसरी प्रस्तुत भएको छ :

सगरमाथा झैँ अटल

सागर झैँ अविरल

अटुट आस्थालाई

थाप्लोमा बोकेर

गुडी रहन्छ गाडी.......

स्वाभिमानले बास गरेको

सिङ्गो चितवनले आस गरेको

कोमलताको खानी

शुभ्र स्निग्ध बानी

फौलादी छन् हातहरू

मिठा मार्छन् बातहरू

*चितवनको माडी*, पृ.सं. २५–२६ ।

प्रस्तुत **चितवनको माडी** शीर्षकको कविताले नेपालको सुन्दर नगरी माडीका जनताले राष्ट्रिय भावनालाई अनवरत र स्थायी रूपमा अन्तरहृदयमा सजाएर स्वतन्त्र अनि स्वाभिमानी बनेर बाँच्न सफल भएको भावलाई अभिव्यक्त गर्दै 'जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी' लाई आत्मसात् गरेको राष्ट्रप्रेमी भावना प्रस्तुत गरेको पाइन्छ ।

राष्ट्रिय भावनालाई प्रस्तुत गरिएको अर्को एउटा कवितांश यस्तो छ :

गण्डकीका छालहरू सुसेल्ने यो देश

कति राम्रो खुलेको छ हेर हाम्रो भेष

हिमाल, पहाड, तराई मिली बनेको देश

जति खोज भेट्याउँदैनौ नेपालीको द्वेष

*स्वागत,* पृ.सं. १०८ ।

नेपालको सुन्दर प्राकृतिक वातावरणको चित्रण गर्दै सुन्दरतामा रमाउन चाहने विदेशी तथा स्वदेशीलाई नेपालीपन र नेपाली माटाले स्वागत गरिरहेको ठानी स्वदेश प्रेमको भावलाई माथि उल्लेखित **स्वागत** शीर्षकको कवितामा व्यक्त गरिएको छ ।

### ४.३.३.२ सामाजिक विकृति र विसङ्गतिको विरोध

समाजमा विद्यमान यथार्थ पक्षले स्रष्टालाई प्रभाव पारेको छ । कवि रेग्मीका रचनामा समाजका विविध विकृति र बेथिति विरोधी भावनाहरू प्रतिबिम्बित भएका छन् । तलका कवितामा शोषकको विसङ्गत दुष्ट चरित्रलाई कविले यसरी प्रकट गरेका छन् :

तलामाथि तला थप्दै

एसीको चरम आनन्द लिँदै

तिम्रा, मेरा र जवाङ्का

खुसीहरूलाई

उम्रन नदिइकन

उनकै नामबाट

भुसिलो डकार

डकारी रहेको छ

मेरो देशको राजधानी

*जवाङ्ग र राजधानी,* पृ.सं. ३ ।

नेपालमा बढ्दै गएको असमानता, शोषण, दमन, अन्याय, अत्याचार र भेदभावपूर्ण व्यवहारको चित्रण गरेर यस्ता विकृति तथा विसङ्गतिको अन्त्य गर्न यस कवितामा आग्रह गरिएको छ ।

अहँ,

डिस्कोमा पेस्तोल चलाउने म होइन

म मुक्केबाज पनि होइन

नाम नखुलेको कालो पदार्थले

म कहिले लर्बरिन्न

राष्ट्रको ढुकुटीमा

दाइँ हालेको पनि होइन

खेताला बन्ने मौका पाउन

श्रीमान्

पेस गर्दैछु दरखास्त ।

*दरखास्त,* पृ.सं. ७३ ।

योग्य, सक्षम र कर्मशील मानिसले काम नपाएको र नातावाद, कृपावादका कारण अयोग्य, अक्षम र कर्महीन व्यक्ति उच्च पदमा पुगेर राष्ट्रको ढिकुटी रित्याएको प्रसङ्ग प्रस्तुत गर्दै अयोग्य मानिसले दरखास्त दिनु पर्ने भावलाई यस कवितांशमा प्रस्तुत गरिएको छ ।

### ४.३.३.३ राजनीतिक व्यङ्ग्य

वर्तमानमा नेताहरूको सत्तामोह, स्वार्थी प्रवृत्ति र विदेशी शासकहरूको स्वामीभक्ति चरित्र र दास मनोवृत्तिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यसका साथै स्वार्थी नेताको नालायकीपनले राष्ट्र, राष्ट्रियता, नेपाली स्वाभिमान र जनताका भावनामा कुठाराघात भइरहेको कुराप्रति सङ्केत गरिएको छ । प्रजातन्त्र वा गणतन्त्र प्राप्ति पश्चात् पनि राष्ट्रवादी भनिएका नेताहरू राष्ट्रविरोधी कार्यमा उद्धत भएकोमा कवि यसरी व्यङ्ग्य गर्दछन् :

घरबार दरबार सबैतिर धा’छु

शक्तिकेन्द्र भेट्दाखेरि लम्पसारै भा’छु

ईश्वर तिमीलाई चढाउने छु बोकोसँगै डोको

पूरा गर मेरा मालिक मन्त्री बन्ने धोको ।

*एउटा अभूतपूर्वको अलाप (सवाइ),* पृ.सं. ७१ ।

यस कवितामा नेपाली नेताहरू पदका निम्ति जस्तोसुकै निचकाम गर्न पनि तयार रहेको यथार्थलाई प्रस्तुत गरी देश र जनताको भलो गर्ने कसम खाएका नेताले जनता र देशका लागि काम नगरेकोमा व्यङ्ग्यको भाव प्रस्तुत गरिएको छ ।

त्यस्तै **समीकरण** शीर्षकको कवितामा कविले यसरी व्यङ्ग्य गरेका छन् :

जिन्दगीभरको कमाइ

बन्धकीमा राख

चिनजान सबैलाई

भतेरमा डाक

भोजगर, मोजगर

कसले देख्ने हो र ?

नौतिकता कुल्चेपछि

केले छेक्ने हो र ?

*समीकरण*, पृ.सं. ५९ ।

यस कवितामा मानिसमा सिद्धिएको महान्‌तालाई प्रस्तुत गरी स्वार्थी प्रवृत्तिले मानिसलाई पशु समान बनाएको भावलाई प्रस्तुत गरिएको छ ।

### ४.३.३.४ सांस्कृतिक चेतना र परिवर्तनको चाहना

कवि रेग्मीका कृतिमा नेपाली रुढिवादी संस्कृति र पुर्खाहरूको अन्धभक्त व्यवहारको सशक्त आलोचना गरिएको छ । उनी सांस्कृतिक परिवर्तनको आवश्यकतालाई प्रकट गर्दै परम्परागत संस्कृतिप्रति यसरी व्यङ्ग्य गर्दछन् :

भोक र शोकमा

सहभागिता छैन

रोजमा यसले

उपचार दिँदैन

बाजेको कोसेली भन्दै

अब यसलाई साँच्नु हुँदैन

बलिन्द्र धारा चुहाएर

अब दसैँ मान्नु हुँदैन ।

*दसैँ*, पृ.सं. ६१ ।

मानिस सभ्य हुनुको भाव उसको संस्कार र संस्कृतिमा झल्कन्छ तर त्यही संस्कृतिलाई टेकेर व्यक्तिगत स्वार्थ पूरा गर्ने र अहम् झल्काउने परिपाटीप्रति व्यङ्ग्य गर्दै संस्कृतिका नाममा हुने गरेको विकृत्ति र विसङ्गति सदाका निम्ति हटाउनु पर्ने भावलाई व्यक्त गरिएको छ ।

त्यसै गरी **तिम्रो ईश्वर** शीर्षकको कवितामा सांस्कृतिक परिवर्तनको चाहनालाई यसरी व्यक्त गरिएको छ :

जब डाँकाहरू

मन्दिरमा पसेर भजन गाउँछन्

र टाउको थमाउँछन्

देवताका मूर्तिहरूमा

अनि मलाई

दिग्मिग लागेर आउँछ

ती अवाक् मूर्तिहरूसँग

च्यातिदिऊँ कि झैँ लाग्छ

तिनका रामनामीहरू

तिनका रुद्राक्षहरू

लुछेर

ढुङ्गामा

मसला पिसे झैँ

पिस्न मन लाग्छ

*तिम्रो ईश्वर*, पृ.सं.१ ।

जुन मानिस असत्य र अभद्र व्यवहार गरेर हैकम जमाउन, शोषण, दमन र अन्याय गर्न सफल भइरहेको छ, त्यही मानिस धर्मको नौटङ्की गरेर समाजमा स्थापित हुन खोजिरहेको अवस्थाको चित्रण

गरी अदृश्य शक्तिले त्यसको अन्त्य गर्न नसक्ने भएकोले त्यसको अन्त्यको लागि आफै जाग्नु पर्ने भाव व्यक्त गरिएको छ ।

### ४.३.३.५ शाहवंशीय शासनको विरोध र अन्त्यको चाहना

नेपालको शासकीय इतिहासमा दुई सय सैंतिस वर्ष शासन गर्ने शाहवंशीय राजाहरू जनताका आशाका केन्द्र बन्न नसकेका तथा उनीहरूको व्यक्तिगत स्वार्थ र भोग विलासी जीवन शैलीले जनतालाई शोषण, दमन, अन्याय र अत्याचार गरेको हुनाले त्यो शासक राजसंस्थाको अन्त्यको चाहनालाई क्रान्तिकारी रेग्मीले यसरी प्रस्तुत गरेका छन् :

तस्करहरूको आश्रय स्थल
स्वत्व खरिद बिक्रीका
दिग्गजहरूलाई
आफूभित्र लुकाएर
माइतीघर मण्डला र
पुतली सडक चोकमा
धारो तेर्स्याएर
सुतुर मुर्गले झैँ
लमतन्न परेको छ
सिँहदरबार ।

*सिँहदरवार*, पृ.सं.१७ ।

प्रस्तुत कवितामा शाहवंशीय राजा र राजसंस्थाले लामो समय शासन गर्दा पनि देश र जनताको जीवन पद्धतिमा कुनै सुधार नभएको प्रसङ्ग सहित वंशीय स्वार्थ र भोग विलासी जीवन बिताएको यथार्थता प्रस्तुत गरी त्यसको अन्त्यको कामना र सिंहदरवारमा नेपाली जनताका छोराछोरी पुग्न सके मात्र देश विकासको बाटो खुल्ने भावलाई व्यक्त गरिएको छ ।

*लिलामीको सूचना* कवितामा अपराध मनोवृत्तिले शासन गरे कहिल्यै जनता सुखी नहुने भावलाई यसरी प्रस्तुत गरिएको छ :

बङ्गालको खाडीमा फाल्नुस्

या अमेजनको जङ्गलमा गाड्नुस्

यो खन्चुवालाई

यो वंश डसुवालाई

प्रशान्तमा सेलाए पनि

एटलान्टिकमै हल्याए पनि

उपयोगिता नभएको यो जन्तु

सुस्किएका छन् यसका सबै तन्तु

*लिलामीको सूचना*, पृ.सं.२८ ।

पूर्वराजा ज्ञानेन्द्रले आफ्नै दाजु वीरेन्द्रको परिवारको सामूहिक हत्या गर्ने अत्यन्त घृणित कार्य गरेको हुनाले यस्ता राजा र राजसंस्थाले जनताको कहिल्यै भलो नगर्ने भएकोले यसलाई कहिल्यै नफर्किने गरी फ्याँक्नु पर्ने भावलाई अभिव्यक्त गरिएको छ :

रथका पाङ्ग्राहरूले

मान्छेका आँखाहरूमा

धुलो नझोकेको भए ?

ऐस गर्थ्यौ होला

हाम्रा काँधमाथि चढेर

अझै चन्दन लगाइ रहन्थ्यो होला

हाम्रा हाडहरू घोटेर

र

पौडी खेलिरहन्थ्यो होला

हाम्रा पसिनाहरू

हाम्रा रगतहरूमा

*अब साँचो इतिहास लेखिने छ*, पृ.सं. ३० ।

नेपाली जनताका आँखामा भ्रमको धुलो छरेर शासन गरेका शाहवंशीय राजाहरूले जनतामाथि शोषण, दमन र अत्याचार गरी चरम यातना नदिएको भए अझै शासन गर्न सक्ने सम्भावना रहेको कुरा दर्साउँदै नेपाली जनता र नेपाल राष्ट्र शाहवंशीय शासकको सिकन्जाबाट स्वतन्त्र भइसकेको भावलाई व्यक्त गरिएको छ ।

### ४.३.३.६ स्वतन्त्रताको चाहना

चरणबद्ध राजनीतिक परिवर्तन भए पनि हालसम्म नेपाली जनताले स्वतन्त्रताको प्रत्याभूति गर्न सकेका छैनन् । शाहवंशीय राज्यसत्ता र जहानिया राणाहरूको निरङ्कुश तन्त्रपछि प्राप्त प्रजातन्त्र र लोकतन्त्र हुँदै गणतन्त्रको सङ्घारमा आइपुग्दा पनि नेपाली जनता नेताहरूबाट स्वतन्त्र हुन नसकेको भावलाई कविले *इतिहासबाट सिक्नुपर्छ* शीर्षकको कवितामा यसरी पोखेका छन् :

प्रजातन्त्र उपहारमा बाँडेर

राष्ट्रियतालाई नङ्ग्याउन नखोज

देशहरू स्वतन्त्र छन्

र आफूलाई चाहिने प्रजातन्त्र

आफैँ ल्याउन पनि समर्थ छन्

भावनालाई बन्धक राखेर

प्रजातन्त्रको सौदा हुँदैन

*इतिहासबाट सिक्नुपर्छ* , पृ.सं.५४ ।

प्रस्तुत कवितामा देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भइसक्दा पनि नेपाली जनताले स्वतन्त्रताको अनुभूति गर्न नसकेको यथार्थलाई प्रस्तुत गरी नेताले जनताप्रति गर्ने गरेको धोकाको स्मरण गर्दै जनताको भावना विपरीत काम नगर्न नेतालाई चेतावनी दिँदै जनताको अभिमतबिना नेताले कुनै कार्य गरे जनता आफ्नो मत परवर्तन गर्न स्वतन्त्र छन् भन्ने भावलाई व्यक्त गरिएको छ ।

*म अर्थात् प्रजातन्त्र* शीर्षकको कवितामा स्वतन्त्रताको चाहनालाई यसरी प्रस्तुत गरिएको छ :

अन्तिम विजय मेरै हुनेछ,

म अर्थात् प्रजातन्त्र

साँचो अर्थमा जनताका

गरिबका झुपडीहरूमा

सताइएका हाम्रा आँगनहरूमा

मैले नाच्न थालेपछि

तिम्रो पुर्ख्यौली सान

भष्म हुनेछ

खरानी बन्नेछ

*म अर्थात् प्रजातन्त्र,* पृ.सं. ५३ ।

प्रजातन्त्रको आगमनले गरिब र दुःखी जनतामाथि हुने गरेको शोषण, दमन र अत्याचारको अन्त्य भई देश र जनतामा अमनचयन कायम हुने भावलाई प्रस्तुत गरिएको छ ।

### ४.३.३.७ निमुखा जनताको मुक्ति

साहित्य वर्गीय हुन्छ भन्ने खरो धारणा राख्ने कवि रेग्मीले गरिब नेपाली जनताको दयनीय अवस्थाको चित्रण गर्दै वर्गीय असमानताको अन्त्य हुनु पर्ने धारणालाई प्रस्तुत गरेका छन् । बिहान बेलुकी हातमुख जोड्न नपाउने जनतामा राजनीतिक परिवर्तनको कुनै अनुकूल प्रभाव नपरेको हुनाले ती जनताका लागि राजनीतिक परिवर्तनको कुनै अर्थ नभएको भावलाई कविले यसरी प्रस्तुत गरेका छन् :

गिट्टा र भ्याकुरमा हामीलाई थन्काई

तिमी आज कवाफ ओकलिरहेका छौ

टुकी र दियो हाम्रो भागमा लगाई

तिनी मध्यरातमा पनि दिन जगाई रहेका छन्

तर याद राख समय सधैं त्यसै बित्दैन

बगेको खोला पनि फर्कन्छ,

*उपरदाङगढी भन्छ,* पृ.सं.९५ ।

देशमा प्रजातन्त्रको आगमन भए पनि ग्रामीण नेपाली जनताको जनजीवनमा कुनै परिवर्तन नभएकोले प्रजातन्त्र आउनु र नआउनुको कुनै अर्थ नभएको भावलाई कवितामा यसरी व्यक्त गरिएको छ :

यो बाढीले

लग्नै पर्ने कुरा लगेन

भोक र रोग

जस्ताको तस्तै रह्‌यो

अन्याय र अत्याचारको

रौँ पनि हल्लिएन

चाकरी र चाप्लुसीको

जरा त छुँदै छोएन

नहुने कुरा मात्र भयो

हुनुपर्ने हुँदै भएन ।

*बाढी,* पृ.सं. ३३–३४ ।

बाढीले प्राकृतिक परिवर्तन र वातावरण परिवर्तन गरे पनि निमुखा जनताको जीवन परिवर्तन हुन नसकेको भावलाई दर्साउँदै अझ कष्टकर जीवन जिउन विवश भएको भावलाई तलका पङ्क्तिमा यसरी प्रस्तुत गरिएको छ :

बज्रस्वाँठहरूको सुख बनेको छ वर्तमान

अबोधहरू सबैको दुःख बनेको छ वर्तमान

*वर्तमान,* पृ.सं. ६७ ।

### ४.३.३.८ मानवीय मूल्य र अस्तित्वको खोजी

वर्तमान मान्छेले विसङ्गतिपूर्ण जीवन बाँच्नु परेको युगीन यथार्थ कवि रेग्मीका कवितामा अभिव्यञ्जित भएको छ । विविध परिस्थितिका कारण आजको मान्छेमा आएको निराशा र वितृष्णालाई देखाएर मान्छेको विसङ्गतिपूर्ण जीवन र आजका मान्छेका दुर्भाव अनि दुर्नियतिलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

प्याउलीको दुई वर्षे छोरो मऱ्यो

दाउरा भिक्न गएको श्रीमान्

नारायणीको भेलमा पऱ्यो

रहर बगे

टहराहरू लगे

मान्छेहरू अकालमा मरे

अन्नपातहरू अनाहकमा बगे

*बाढी,* पृ.सं.३३ ।

ढुङ्गा बज्रँदा टाउको थापिरहेछ वर्तमान

गोली पड्कँदा छाती थापिरहेछ वर्तमान

चट्याङ चट्कँदा कान फुटाइरहेछ वर्तमान

तोप पड्कँदा आफैलाई भटाइरहेछ वर्तमान

*वर्तमान,* पृ.सं.६७ ।

प्रस्तुत *बाढी* र *वर्तमान* शीर्षकका कविताका माध्यमद्वारा जनताले भोग्नु परेका पीडालाई दर्साउँदै मानवीय मूल्य र मान्यताको खोजी गर्नुका साथै मानिसले गुमाउनु परेको अस्तित्वको भावलाई पनि व्यक्त गरिएको छ ।

### ४.३.३.९ क्रान्ति र विद्रोहको स्वर

कवि इन्द्रप्रसाद रेग्मी क्रान्ति चेत भएका विद्रोही र स्पष्ट धारणा अभिव्यक्त गर्ने कवि हुन् । उनी देशको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता देख्दछन् । उनी जनताको स्वतन्त्रताप्रति आशावादी हुँदै क्रान्तिकारी भावना यसरी प्रकट गर्छन् :

हरेक बर्बरताका विरुद्धमा

लड्न सङ्कल्प गरेर तिमी उठ्नू

र अब तिमीसँग

अन्यायमा परेका

हजारौँ हजारको लाम छ

लाखौँ लाख मुड्कीहरू उठेका छन्

बेथितिका बिरुद्धमा जुटेका छन्

र, त

अब तिमी सुत्नु हुँदैन

तिमी उठ्नै पर्छ

तिमी जाग्नै पर्छ

*सडक अब तिमी जान्नुपर्छ*, पृ.सं.४८ ।

यस सङ्ग्रहका कवितामा कविले कविभित्रको जीवनबोधी, युगबोधी, र विसङ्गतिबोधी भावनाहरू अटेसमटेस भएर कहीँ विद्रोही क्रान्ति चेत त कहीँ शान्तिको चाहना व्यक्त गरेका छन् भने कहीँ कुसंस्कृति र कुराजनीति अनि नेताको कर्तुतप्रति तिखो व्यङ्ग्यवाण बर्साउँदै स्वतन्त्र, स्वाभिमानी नेपाल र रगतको इतिहास बोकेको राष्ट्रमाथि धावा बोल्नेप्रति रोषपूर्ण अभिव्यक्तिलाई विषयवस्तु बनाएका छन् ।

### ४.३.४ भावविधान

रस आस्वादन गर्ने वस्तु हो । साहित्यमा सर्जकले सिर्जना गरेको साहित्यिक रचनाले पाठकका मनमा जुन आनन्दको अनुभूति हुन्छ, साहित्यमा त्यसलाई रस भनिन्छ । केशवप्रसाद उपाध्यायका अनुसार काव्यसन्दर्भमा रसको तात्पर्य त्यस्तो रमणीय आह्लादकारी अनुभूतिसँग छ जसले मानवहृदयमा कुनै न कुनै तरल भाव संवेदनालाई जगाओस् यसको आस्वादन पनि जिभ्राले होइन, संवेदनशील हृदयले नै गर्दछ ।[७९] पण्डितराज सोमनाथ शर्म्मा सिग्देलका अनुसार विभाव बन्न विषयहरूका आधारमा वचनका अङ्गको हृदयको अभिनयबाट बुझिने चित्तवृत्ति-विशेष भाव कहलाउँछ । वचन, शरीर विन्यास, मुखको आकृति, सात्विक अभिनयहरूद्वारा कविको हृदय भावलाई अनुभूति दिलाउने भाव हुन्छ ।[८०]

प्रस्तुत कवि इन्द्रप्रसाद रेग्मीको **भर्खरै** कविता सङ्ग्रहका कविताहरूको अध्ययन गर्दा विभिन्न परिस्थितिले पिल्सिएर मूल्यहीन, नीरस, हतास र तत्कालीन व्यवस्थाप्रतिको नेपाली जनताको असन्तुष्टि र युगीन विडम्बनाप्रति कारुणिक भाव प्रकट गरिएको छ । कवितामा शोषक सामन्तहरूको चुसाहा प्रवृतिका कारण नेपाली जनताको जीवन दिनानुदिन कष्टकर र दयनीय बन्दै गरेको अवस्था बोध भएको

७९. केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, ललितपुर : साझा प्रकाशन (ते.सं.), २०५५, पृ.सं.१८ ।

८०. सोमनाथ शर्म्मा सिग्देल, **साहित्य प्रदीप**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८, पृ.सं.१२४ ।

छ भने कुनै कवितामा निरङ्कुश शासकका जन्जिर र किल्लाहरू तोड्न सबै नेपाली जनताले एकपटक सङ्घर्ष गर्नुपर्ने वीरोत्तेजित भाव प्रकट भएको छ । कविले कतै नेपाली जनताको मुक्तिको कसम खाएका नेताहरूको स्वार्थी प्रवृत्तिप्रति घृणा र तिरस्कार गर्दै रौद्र भाव प्रकट गरेका छन् भने अरू सङ्गृहीत कविताहरूमा विभिन्न रस निष्पत्ति भएको पाइन्छ । जनताको त्याग र बलिदानबाट प्राप्त प्रजातन्त्रमा जनतालाई सुखभन्दा दुःख दिने शासकहरू र दसबर्से माओवादी जनयुद्ध एवं त्यसले पारेको असरप्रति कविले दुखानुभूति व्यक्त गरेका छन् । समग्र कृतिको रस विधानलाई हेर्दा धेरैजसो कविताहरूमा करुण रस पाइन्छ । करुण रसको स्थायी भाव शोक हो । यो प्रिय वस्तु वा जनको वियोग वा मरण देखेर वा सुनेर मनमा उत्पन्न हुन्छ । कवि रेग्मीले यस सङ्ग्रहका कविताहरूमा राष्ट्र, राष्ट्रियता, स्वाभिमान, स्वतन्त्रता, जस्ता प्रिय वस्तु गुम्न गएको कारुणिक अवस्थालाई प्रस्तुत गरेका छन् । ती कविताहरूमध्ये उदाहरणका रूपमा एउटा कवितांश यस्तो छ :

अहिले मेरो देशका

गैरी खेतहरूमा धान रोपिन छाडेका छन्

बारुदको धुँवाले

रोपारेका आँखा पोलेका छन्

विद्युतीय धरापमा बाउसेहरू परेका छन्

कन्चटमा गोली लागेर हलीहरू ढलेका छन्

*अहिले मेरो देश,* पृ.सं.८७ ।

शोषक सामन्तहरूले श्रमजीवी जनताको श्रम शोषण गरी अन्याय अत्याचार गरेको कुरालाई *स्वतन्त्र उड्ने चरीसँग* कवितामा यसरी प्रस्तुत गरेका छन् :

किलो जस्तै

भएर उभिनु गाह्रो छ

यहाँ बतुराउन पाइँदैन

धतुराउन मिल्दैन

बोझबाट जोगिन

*स्वतन्त्र उड्ने चरीसँग,* पृ.सं.६५ ।

कवि रेग्मीले निरङ्कुश पञ्चायती शासन व्यवस्था र शाहवंशीय राजतन्त्रको शोषण, दमन, अन्याय र अत्याचारको मारमा परेका आम नेपाली जनताका तर्फबाट मुक्तिको याचना गरेका छन् भने शासकप्रति आक्रोशपूर्ण वीरोत्तेजित भावलाई यसरी प्रकट गरेका छन् :

आमाका बलात्कारीहरूको छातीमा

वीरताको क्रस टाँस्न

भोग र शोकले तड्पिएका अनुहारहरूमा

प्रभुहरूबाट बक्सिस पाएका

बुटहरू बजार्न

जुरुक्क उठ्न खोज्दै छ

यो सिँहदरवार

*सिँहदरबार,* पृ.सं.१८ ।

यसलाई दिल्ली धपाउनुस्

या वासिङ्टन पठाउनुस्

यो मात्तिएको सेतो हात्ती

जोड जोडसँग हान्दै लात्ती

यो धर्तीबाट खाली गराउनुहोस्

चारै दिशा गुन्जने गरी

एक चरण ताली बजाउनुहोस्

जनार्दन हो यसलाई

यहाँबाट छिटै धपाउनुस्

*लिलामीको सूचना,* पृ.सं.२८ ।

यसरी यस कवितामा शाहवंशीय निरङ्कुश पञ्चायती शासन व्यवस्थाको तिरस्कार, अस्त्रप्रहार र कठोर वचनको अनुभवलाई वीर रसमा अभिव्यक्त गरेको पाइन्छ ।

उनका कवितामा शान्त रसको पनि अभिव्यक्ति भएको पाइन्छ । **मेरो देश** शीर्षकको कवितामा शान्त रसको अभिव्यक्ति यसरी भएको पाइन्छ :

बैशाखी टेकेर हिँडेको यो देशले

कति भ्रान्त धारणा पालेको छ भने राखेर

कहिले यो राजनैतिक स्वतन्त्रतालाई बन्धक

आर्थिक विकासको विगुल फुक्छ

अनि

कहिले भूमि सुधारको ट्याबलेट खाएर

वर्ग समन्वयको सपना देख्छ ।

*मेरो देश*, पृ.सं. १० ।

देसको अवस्था देखेर मनमा वैराग्यता सिर्जना हुनाले माथिको कवितामा शान्त रस निष्पत्ति भएको पाइन्छ ।

### ४.३.५ लय/छन्द

कविता विधाको एउटा तत्त्व लय हो । यसलाई कविताको अनिवार्य र विशिष्ट पहिचान मानिन्छ । कवितालाई अरू विधाबाट अलग देखाउने तत्त्व नै लय हो । वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीका अनुसार पङ्क्ति पुञ्ज (श्लोक वा अनुच्छेद) का स्तरमा पाउ/चरण/पङ्क्तिहरूको वार्णिक/मात्रिक वितरणको नियमित आवृत्तिको स्थिति छन्द र त्यसमा बढी मुक्तता र स्वल्प नियमितताको स्थिति मुक्त छन्द वा गद्य कवितात्मक लय हो ।[८१] मोहन हिमांशु थापाका अनुसार छन्दमा वर्ण र मात्राको क्रम तथा गति र यतिको नियम हुन्छ । अर्को शब्दमा छन्दमा वर्ण र मात्राको गणनाका साथै गति र यतिको संयोजन हुन्छ ।[८२] मोहन हिमांशु थापाकै अनुसार शास्त्रीय छन्दको बन्धन नभएको सामान्य रूपमा गद्यमा लेखिएको कवितालाई गद्य कविता भनिन्छ । गद्य कविताको परिवेश र भावभूमि अनुसार यसको आफ्नै सौन्दर्य चेतना र शिल्प आयोजना हुन्छ । कविताको गति र यति तथा ताल र लयमा स्वतस्फूर्त र प्रवाहपूर्णता हुन्छ ।[८३] इन्द्रप्रसाद रेग्मीको **भर्खरै**

८१. वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, **नेपाली कविता भाग ४**, ललितपुर : साझा प्रकाशन (दो.सं.), २०५३, पृ.सं. १८ ।

८२. मोहन हिमांशु थापा, **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन (पाँ.स.) २०६६ पृ.सं.२५४ ।

८३. मोहन हिमांशु थापा, **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन (पाँ.सं.) २०६६ पृ.सं.२७८–२७९ ।

कविता सङ्ग्रहका कविताहरूमा प्रायः गद्य लय (मुक्त छन्द) को प्रयोग भएको पाइन्छ ।

यस सङ्ग्रहका कविताहरूमध्ये **एउटा अभूतपूर्वको अलाप भोटको (सवाइ)** सवाई लयमा रचिएको कविता हो भने अन्य विभिन्न शीर्षकका पच्चिसवटा मुक्तकहरू मुक्त लयमा आबद्ध छन् । गद्य लयात्मक कविताको एउटा नमुना यस्तो छ :

जब डाँकाहरू

मन्दिरमा पसेर भजन गाउँछन्

र टाउको थमाउँछन्

देवताका मूर्तिहरूमा

अनि मलाई

दिग्मिग लागेर आउँछ

ती अवाक् मूर्तिहरूसँग

च्यातिदिऊँ कि झैं लाग्छ

*तिम्रो ईश्वर,* पृ.सं.१ ।

सवाइलयमा लेखिएको भनिएको एक मात्र कविताको एउटा अशं यस्तो छ :

सुन्नुहोला दाजुभाइ मेरो एउटा कुरा

ममा पनि मन्त्री हुने योग्यता छ पूरा

झुठ बोल्ने होडबाजीमा पहिलो तक्मा पा'छु

जो जो बस्छन् कुर्सीमाथि उसकै पछि ला'छु

*एउटा अभूतपूर्वको अलाप (सवाइ),* पृ.सं.७० ।

मुक्तक :

उहिलेका कुरा खुइलिए

देशलाई रगत दिने दिन अब गए

बरु मलाई रगत चाहियो

देशलाई बलि चढाऊ ।

. *उखान* ,पृ.सं.११ ।

## ४.३.६ भाषाशैली

भाषा विनिमयको माध्यम हो । मानिसका अन्तरहृदयमा सृजित भावनालाई विनिमय गर्नका लागि मानिसले भाषाको प्रयोग गर्दछ । प्रा.डा. वासुदेव त्रिपाठी, सहप्राध्यापक दैवज्ञराज न्यौपाने र सहप्रा. केशव सुवेदीका अनुसार कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ, त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण शब्द/पद, पदावली, वाक्य खण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो ।[८४] रेग्मीका कवितामा सामान्य भाषाका माध्यमद्वारा सामाजिक परिस्थितिको चित्रण गरिएको छ । उनका केही कविताहरूमा सरसता भने त्यति पाउन सकिँदैन । कुनै कुनै कवितामा वैयक्तिक आवेग बढी देखिन्छ । केही कवितामा राजनीतिक विचारहरूको प्रस्तुतीकरण भएको हुँदा ती तत्कालीन परिस्थिति नबुझीकन सोझै अर्थ लगाउन नसकिने खालका छन् । तत्कालीन सामाजिक र राजनीतिक पस्थितिलाई चित्रण गरी लेखिएका उनका कवितामा शोषक र सामन्तहरूको चित्रण गर्न प्रयोग गरिएका मयुरको प्वाँख सिउरेका कागहरू, घ्युचोरहरू, सुतुरमुर्ग, कुम्भकर्ण, ढेडु, हनुमान जस्ता पदावली र पदको प्रयोग स्वाभाविक देखिन्छ ।

उपर्युक्त **म शान्ति कोरलिरहेको छु** शीर्षकको कविताको पहिलो पङ्क्तिमा अशान्तिले गर्दा थोरै प्राप्त भएको शान्तिलाई चुस्नुपर्ने बाध्यात्मक अवस्था आएको र दोस्रो अनि तेस्रो पङ्क्तिले उघ्राएको, डकारेको जस्ता बिम्बात्मक भाषाशैलीको प्रयोगबाट विसङ्गतिपूर्ण सामाजिक परिस्थितिको चित्रण गरिएको छ । यति हुँदाहुँदै पनि उनका कविताको भाषाशैली पक्ष प्रायः सरल प्रकृतिको नै रहेको पाइन्छ । उनका कवितामा आगन्तुक, तत्सम र तद्भव शब्दको प्रशस्त प्रयोग भएको छ । समग्रमा कवि रेग्मीका कवितामा प्रयुक्त भाषाशैली मध्यम खालको छ ।

## ४.३.७ अलङ्कार

अलङ्कारको अर्थ सजाउनु हो र कविताको सौन्दर्यको लागि अलङ्कार आवश्यक देखिन्छ । अलङ्कार काव्यको शोभाकारक तत्त्व हो । कविताको सौन्दर्य अभिवृद्धि गर्ने भूमिकाका आधारमा अलङ्कार दुई किसिमका हुन्छन् : शब्दलङकार र अर्थालङ्कार । पण्डितराज सोमनाथ शर्म्मा सिग्द्यालका अनुसार शब्द वा अर्थमा रहेको जुन विशेष वैचित्र्यले काव्य सुशोभित भई श्रोता बोद्धाहरूको हृदयमा

---

८४. वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, **नेपाली कविता भाग ४**, ललितपुर : साझा प्रकाशन (ते.सं.) २०५४, पृ.सं.१९ ।

भित्री आनन्दोल्लासरूप चमत्कार पैदा गर्दछ, त्यही वैत्रित्र्यको साधन अलङ्कार-पदार्थ हो ।[८५] प्रा. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेलका अनुसार साहित्यमा अलङ्कारको भूमिका महत्त्वपूर्ण हुन्छ । यसले एकातिर साहित्यमा उत्तिकै चित्र्य, चमत्कार, तथा विलक्षणता उत्पन्न गर्ने हुँदा र अर्कातिर सौन्दर्य उत्पन्न गर्ने हुँदा यसको महत्त्व स्वतः स्पष्ट देखिन्छ । साहित्यलाई विशिष्ट अभिव्यक्ति तुल्याउने सन्दर्भमा अलङ्कारको ठुलो भूमिका छ ।[८६] **भर्खरै** कविता सङ्ग्रहभित्रका कविताहरूमा रूपक, अतिशयोक्ति, उपमा आदि अलङ्कारको प्रयोग भएको  पाइन्छ ।

### ४.३.७.१ रूपक अलङ्कार

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भनिएमा रूपक अलङ्कार हुन्छ । **चितवनको माडी** कवितामा रूपक अलङ्कारको प्रयोग यसरी भएको छ :

रापतीले कोपरेको

रिउले चिथोरेको

जङ्गलीहरूबाट घेरिएको

सामान्तहरूबाट बेरिएको

यो हो नेपालको जुम्ला

चितवनको हुम्ला

*चितवनको माडी,* पृ.सं. २५-२६ ।

यहाँ माडीलाई नेपालको जुम्ला र चितवनको हुम्लासँग अभेद देखाइएकोले रूपक अलङ्कार भएको छ ।

### ४.३.७.२ उपमा अलङ्कार

दुई व्यक्ति वा वस्तु (उपमेय र उपमान) को सादृश्य वा तुल्यतालाई उपमा भनिन्छ । यस सङ्ग्रहका कवितामा उपमा अलङ्कारको प्रयोग प्रशस्त मात्रामा गरिएको छ । तीमध्ये एउटा उदाहरण यस्तो छ :

---

८५. सोमनाथ शर्म्मा सिग्द्याल, **साहित्य प्रदीप**, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, २०५८, पृ.सं.२१२ ।

८६. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, दो.सं., २०६३,पृ.सं.७०–७१ ।

चन्द्र शम्शेरका हड्डीहरू जस्तै

मक्कि सकेको यसलाई

इतिहासको रछ्यानमा मिल्काएर

अब कुनै पशुहरूको दरबार होइन

मान्छेहरूको घरबार बनाउन

आऊ ढालौं अब यो सिंहदरबार

*सिँहदरबार*, पृ.सं.१८ ।

यहाँ चन्द्रशमसेरको हड्डी र मक्कि सकेको इतिहासका बिच सादृश्य भाव देखाइएकाले उपमा अलङ्कार बनेको छ ।

### ४.३.७.३ अतिशयोक्ति अलङ्कार

प्रस्तुतको उल्लेख नगरी अप्रस्तुतको बढाइचढाई उल्लेख गरिएमा अतिशयोक्ति अलङ्कार हुन्छ । यस सङ्ग्रहका कवितामा प्रयोग भएका अतिशयोक्ति अलङ्कारहरूमध्ये केही उदाहरण यस्ता छन् :

पर्दा हालेर विगतमा

जति दाइँ हाल्यौ हाल्यौ

अब यो धर्ती

तिम्रो खलो बन्दैन

अब यो माटो

तिम्रो कर्तुतहरूको

थलो बन्दैन

*हामी तयार छैनौँ अब*, पृ.सं. ४६ ।

टाउकामा बल्केको घाउलाई

पैतालामा इन्जेक्सन लगाएर

साँच्चै नै तिमीले

निको पार्ने सपना देखेका छौ

*अन्तर कुन्तरका कुराहरू*, पृ.सं. ९९ ।

माथि दिइएका कवितामा वर्तमानका कुनै पनि घटित घटनाहरूलाई प्रस्तुत नगरी विगतमा भएका घटनालाई मात्र बढाइचढाई प्रस्तुत गरिएको हुनाले अतिशयोक्ति अलङ्कार भएको छ ।

### ४.३.७.४ अनुप्रास अलङ्कार

समान वर्णहरूको एक पटक वा अनेक पटक आवृत्तिबाट सौन्दर्य झल्काइएमा अनुप्रास अलङ्कार हुन्छ । यो पनि पाँच प्रकारको हुन्छ । तीमध्ये अन्त्यानुप्रास पनि एक हो । दुई वा दुईभन्दा बढी पाउ वा पङ्क्तिका अन्त्यमा समान किसिमका वर्णहरू उस्तै किसिमले दोहोरिएमा अन्त्यानुप्रास अलङ्कार हुन्छ । जस्तै :

उपयोगिता नभएको यो जन्तु — यो मात्तिएको सेतो हात्ती

खुस्किएका छन् यसका सबै तन्तु — जोड जोडसँग हान्दै लात्ती

*लिलामीको सूचना*, पृ.सं. २८ ।

### ४.३.८ बिम्ब र प्रतीक

कवितामा बिम्ब र प्रतीकको प्रशस्त प्रयोग हुने गर्दछ । बिम्ब र प्रतीकको प्रयोगले कविताको भावलाई ओजपूर्ण बनाउँछ । समालोचक लक्ष्मणप्रसाद गौतमका अनुसार सर्जकका मानसपटलमा रहेको मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[८७] प्रतीक भनेको सङ्केत हो । डा. खगेन्द्रप्रसाद लुइटेलका अनुसार कुनै खास समुदायमा दृश्य वा शाब्दिक रूपमा कुनै वस्तुको प्रतिनिधित्व गर्ने चिह्नलाई प्रतीक भनिन्छ ।[८८] कवि रेग्मीले आफ्ना कविताका भावहरूलाई विभिन्न बिम्ब र प्रतीकका प्रयोगद्वारा गम्भीर तुल्याएर प्रस्तुत गरेका छन् । प्रस्तुत कविता सङ्ग्रहभित्रका कविताहरूमा

---

८७. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६०, पृ.सं. १ ।

८८. डा. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०, पृ.सं. १३३ ।

बिम्ब र प्रतीकको प्रशस्त प्रयोग भएको छ । यस सङ्ग्रहमा प्रयोग भएका बिम्ब प्रतीकका केही उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

कालुहरूका विपना बन्दै
भालुहरूका दिनहरू गन्दै
वीर हनुमानको चाल बनेर
अल्छी ढेडुहरूको काल बनेर
ऊ भर्खर भर्खरै
हाम्रा आँगनहरूमा टेकेको छ ।

*स्वागत गणतन्त्र*, पृ.सं.३९ ।

यहाँ गणतन्त्रको आगमनलाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । कालु, भालु, हनुमान र ढेडु बिम्ब बनेर आएका छन् भने गणतन्त्र चाहिँ प्रतीक बनेर आएको छ ।

युधिष्ठिर हुनुको झुठो दम्भ बोकेर
राम हुनुको अभिनयमा
सीतालाई पर्गेल्नेहरूका विरूद्ध
कवि
धर्ती चर्कने गरी
आकाश थर्कने गरी
विद्रोह बोल्छ कवि ।

*कवि*, पृ.सं.४० ।

यस कवितामा युधिष्ठिरलाई सत्यको प्रतीकका रूपमा प्रयोग गरिएको छ भने कविले कविताका माध्यमबाट गरेको विद्रोहलाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । राम र सीता बिम्ब बनेर देखिएका छन् भने कवि विद्रोहको प्रतीक बनेर आएको छ ।

बुश र टोनीहरूले

बुझ पचाउनु हुँदैन

हतियारको भरमा

कसैको राष्ट्रियता

कुल्चन सकिँदैन

डलर र पाउन्डले

स्वतन्त्रता किनिँदैन

*इतिहासबाट सिक्नुपर्छ,* पृ.सं.५५ ।

यस कवितामा बुश र टोनी अनि डलर र पाउन्डलाई बिम्बका रूपमा प्रस्तुत गरिएको छ भने राष्ट्रियता र स्वतन्त्रतालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ ।

समयको प्रतिकूल

हिँड्न खोज्नेहरू

डाइनासोर बनेका छन्

धर्तीमा अस्तित्व चाहनेहरू

उल्टो पाइताला टेकेर

अगि बढ्न सक्दैनन्

*समयको गतिसँग जोरी नखोज,* पृ.सं.५७ ।

प्रस्तुत कवितामा डाइनासोरलाई बिम्बात्मक रूपमा प्रस्तुत गरी प्रतिकूल समयसँग जोरी खोज्नेहरूको अन्त्य हुने कुरालाई बताइएको छ ।

टर्कीको भूकम्प हो कि

बङ्गालको खाडीमा बग्ने

'टाइफुन' हो यो

यो पक्षपाती दसैं

थोरैलाई हँसाएर

धेरैलाई रुवाएर

साँच्चै

मेरो आँगनमा

फेरि दसैं आएको छ

*दसैँ,* पृ.सं.६० ।

यस कवितामा बिम्बको रूपमा 'भूकम्प' र 'टाइफुन' प्रस्तुत गरिएको छ भने समस्याको प्रतीकात्मक रूपमा दसैँलाई प्रस्तुत गरिएको छ ।

## ४.४ निष्कर्ष

प्रस्तुत **भर्खरै** कविता सङ्ग्रह इन्द्रप्रसाद रेग्मीको पुस्तकाकार कृति हो । प्रस्तुत कृतिमा छोटा कविता सहित जम्मा सतासीवटा गद्य कविता रहेका छन् । प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा तत्कालीन समाजले भोग्नु परेका थिचोमिचो, अन्याय र अत्याचार, आर्थिक, सामाजिक र राजनीतिक विकृति तथा विसङ्गतिप्रति चिन्ता र रोष प्रकट गर्दै शोषण, दमन, अन्याय र अत्याचार रहित स्वतन्त्र, सुन्दर र समृद्ध समाजको कामना गरिएको छ । यस सङ्ग्रहमा समाविष्ट कविता समाजमा व्याप्त विकृति, विसङ्गति र असमानताको यथार्थ चित्रण गर्नुका साथै राष्ट्रप्रेम, परिवर्तनको चाहना, मानवीय मूल्यको खोजी र समतामूलक समाज सिर्जनाको चाहना प्रकट गरिएको छ । समग्रमा भन्नुपर्दा धेरैजसो कविताहरू स्वार्थी नेताको चरित्र तथा राजनीतिकेन्द्री विषयवस्तुमा आधारित छन् । कलापक्षभन्दा विचारपक्ष प्रबल रहेकोले सामान्य पाठकका लागि यस सङ्ग्रहका कविताहरूमा केही दुर्बोध प्रतीत हुन्छन् भने भाषाशैलीका दृष्टिले चाहिँ सामान्य र स्वाभाविक देखिन्छन् ।

## ४.५ 'बिर्सनै लागेका कुराहरू' निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्ध साहित्यको कान्छो विधा हो । निबन्धमा लेखकले आफ्ना कुराहरू पाठक समक्ष सोझै प्रस्तुत गरेको हुन्छ । निबन्धकारले निबन्धमा आफू र आफ्ना वरपरका विषयवस्तु तथा जीवनका भोगाइ र जीवन दर्शनलाई रोचक ढङ्गबाट प्रस्तुत गर्दछन् । प्रा.डा. मोहन हिमांशु थापाका अनुसार निबन्धमा वैयक्तिक भाव वा विचारको स्वच्छन्द गद्यात्मक अभिव्यक्ति हुनुपर्छ । यो व्यक्तिको आत्मप्रकाशन हो । अनुभूतिको तीक्ष्णता निबन्धका विचारको सशक्तता र कल्पनाको तीव्रतालाई निबन्धका आवश्यक गुणका रूपमा लिन सकिन्छ ।[८९] त्यस्तै गोपीकृष्ण शर्माका अनुसार निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिंड्ने, आत्मा र वस्तु दुवै वा एक पक्षमा केन्द्रित तथा सुरुमा आभ्यासिक र पछि गएर स्वतः

८९. मोहन हिमांशु थापा, **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन, प्र. २०६६, पृ.सं. १६८ ।

स्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्यविधा हो ।[९०] मोतेनँले 'म नै आफ्ना निबन्धको विषय हुँ किनभने म नै त्यस्तो व्यक्ति छु, जसलाई म राम्ररी चिन्छु' भने झैँ इन्द्रप्रसाद रेग्मीका निबन्धहरूले उनकै व्यक्तित्व र जीवनका विविध क्षेत्रका बारेमा जानकारी दिएका छन् । **बिर्सनै लागेका कुराहरू** निबन्ध सङ्ग्रह रेग्मीको २०६८ मा प्रकाशित एक मात्र संस्मरण निबन्ध सङ्ग्रह हो । रेग्मीले जीवनका आनुभविक विचार, चिन्तन र जीवनका भोगाइ अनि देखाइलाई वर्णनात्मक शैलीमा प्रस्तुत गर्दै चितवन जिल्लामा बसोबास गर्दा आफू संलग्न राजनीतिक घटनाक्रमलाई कलात्मक ढङ्गबाट भन्दा पनि वस्तुगत ढङ्गबाट प्रस्तुत गरेका छन् । राजनीतिक अग्रज व्यक्तित्वको कटु जीवनानुभूति, प्रेरणा र सहयोगलाई अनि चितवन जिल्लामा आफू संलग्न साहित्यिक कार्यक्रमका अनुभवहरू छन् भने कुनै निबन्ध नियात्रात्मक र आत्मसंस्मरणात्मक छन् । कुनै निबन्धमा त समीक्षात्मक दृष्टिचेत समेत पाइन्छ । यसरी समग्र निबन्धहरूलाई हेर्दा यो सङ्ग्रह पूर्ण संस्मरणात्मक खालको देखिन्छ । रेग्मीको **बिर्सनै लागेका कुराहरू** संस्मरण निबन्ध सङ्ग्रहको अध्ययन गर्दा यिनमा निबन्धकारको 'स्व' प्रकाशन भएको पाइन्छ । कतिपय निबन्धहरू समीक्षात्मक लेखहरू जस्ता छन् । यस सङ्ग्रहभित्र उन्नाइसवटा रचनाहरू सङ्कलित छन् जसमा जीवनका भोगाइ, विगतका अनेक सूचना र इतिहासका सामग्री, देशभक्तिको भावना र आत्मप्रकटीकरणलाई प्रस्तुत गरिएको छ ।

प्रगतिशील लेखक सङ्घ चितवनले प्रकाशन गरेको यस सङ्ग्रहमा 'मेरो थोरै कुरा' शीर्षकको लेखकीय भूमिका लेख, धनेश्वर भट्टराईको 'प्रकाशकीय' शीर्षकको लेख र डि.आर. पोखरेलको 'यादमा इमान्दार छन् इन्द्र' शीर्षकको समीक्षात्मक भूमिका लेखहरू विषयसूची पूर्वको भूमिका खण्डमा रहेका छन् भने पृ.सं.१ देखि पृ.सं.१०२ सम्म उन्नाइवटा निबन्धहरू शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएका छन् । यस कृतिको आवरणको अग्रभागमा निलो रङको पृष्ठभूमिमा कृतिको शीर्षक, लेखकको नाम र कलात्मक श्वेत खण्डलाई राखिएको छ भने पश्चभागमा अर्धकदको तस्वीरसहित लेखकको सामान्य परिचय बुँदागत रूपमा दिइएको छ । आफू संलग्न रहेका साहित्यिक संस्थाहरूको नामावली र उनका प्रकाशित कृतिहरूको विवरण उल्लेख गरिएको छ । यो कृति भूमिका लेखनबाहेक १०२ पृष्ठसम्म तन्किएको छ भने भूमिकाका निम्ति यस सङ्ग्रहले ७ पृष्ठ खर्चेको छ । डि.आर. पोखरेलका अनुसार रेग्मीले अनेक विषय वस्तुलाई उठाउने, अनेक जीवन भोगाइलाई प्रस्तुत गर्ने, विगतका अनेक सूचना र इतिहासका सामग्री प्रस्तुत गर्ने र अग्रजहरूप्रति आदरभाव व्यक्त गर्ने, देशभक्तिको भावनालाई उजागर गर्ने, आत्मप्रकटीकरण गर्ने, आफ्ना अनुभवहरूको जानकारी गराउने, पाठकीय सन्तुष्टिको चुस्की थप्ने र आफ्नो जीवन भोगका वर्णनहरूबाट सामाजिक सन्देशहरूको सम्प्रेषण गर्ने महत्त्वपूर्ण कार्य गरेका छन् ।[९१] **बिर्सनै लागेका कुराहरू** कुनै निबन्धको शीर्षक होइन तर यस सङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण निबन्धहरूको भावार्थलाई यस निबन्ध सङ्ग्रहको शीर्षकले समेटेको छ । रेग्मीका सम्झनामा रहेका विगतका घटनाक्रम र स्मरण निबन्धमा प्रस्तुत गरिएका छन् । घटनाक्रमको लामो अन्तरालपछि उनको

९०. गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०६३(प्र.), पृ.सं.६ ।

९१. डि.आर. पोखरेल, *यादमा इमान्दार छन् इन्द्र*, **बिर्सनै लागेका कुराहरू** (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : प्रगतिशील लेखक सङ्घ २०६८, पृ.सं.(भू.) झ ।

जीवनमा घटित घटनालाई नलुकाई जस्ताको तस्तै वा यथार्थवादी भएर र तटस्थ दृष्टिकोणसहित प्रस्तुत गरेका छन् । यस सङ्ग्रहको विश्लेषण विभिन्न उपशीर्षकमा यसरी गरिएको छ :

### ४.५.१ विषयवस्तु

**बिर्सनै लागेका कुराहरू** निबन्ध सङ्ग्रहभित्र भिन्न भिन्न विषय, परिवेश, घटना र अनुभवमा आधारित १९ वटा निबन्धलाई समेटिएको छ । यस निबन्ध सङ्ग्रहभित्रका सबै निबन्धहरू वर्णनात्मक र विवरणत्मक लेखनमा आधारित छन् । धेरैजसो निबन्धहरू लेखकीय अनुभव र चिन्तनमा आधारित छन् । मोहनराज शर्माका अनुसार निबन्धको विषय जे पनि हुन सक्छ । यसको विषय जूनदेखि कसिङ्गरसम्म र भ्रूणदेखि मानिससम्म हुन्छ भने कुनै पनि विचार, भाव, घटना, व्यक्ति, स्थान आदि यसका विषय हुन् ।[९२] यस निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूमा व्यावहारिक सत्यलाई देखाइएको छ । समाजमा विद्यमान विसङ्गति, विकृति, सांस्कृतिक, सामाजिक, जनजीवन, राजनीतिक परिवेश, तत्कालीन नेपालीहरूको दयनीय अवस्था, अराजक सरकारी नीति र बहुदलीय व्यवस्थामा प्रतिबन्ध जस्ता विविध विषय वस्तुलाई उठाइएको छ । यिनमा विशेष गरेर जीवनीपरक घटना, वैचारिक क्रियाकलाप र सामाजिक सन्दर्भलाई जोडिएको पाइन्छ ।

यस निबन्ध सङ्ग्रहको पहिलो निबन्ध *कहाँ मरेको छ कृष्णसेन ?* मा जनमुक्तिका निम्ति सङ्घर्ष गर्ने कृष्ण सेनलाई तत्कालीन हत्यारा सरकारले जेलमा हत्या गरी उनको कीर्तिलाई समाप्त पार्ने प्रयास गरे पनि उनको चिन्तन, देशप्रेमको भावना र मुक्तिको बाटोलाई समाप्त पार्न नसकेको र देह मात्र समाप्त गरेको यथार्थतालाई प्रस्तुत गरी उनको काम र उनले देखाएको बाटोले कृष्ण सेनले अमरत्व प्राप्त गरेको विचार अभिव्यक्त गर्दै उनीप्रति हार्दिक सम्मानको भाव व्यक्त गरिएको छ ।

दोस्रो निबन्ध *दिवाकर भुसालबाट सिक्ने कुरा के हो ?* निबन्धमा दिवाकर भुसालको सामाजिक जीवन, राजनीतिक चिन्तन र राष्ट्रप्रेमको भावनालाई प्रस्तुत गरिएको छ । महान् विचार लिएका दिवाकर भुसाल जस्ता मानिसहरू रोगले थलिरहँदा र मृत्युसँग सङ्घर्ष गरिरहँदा पनि राष्ट्र र जनताको चिन्ताले व्यक्तिगत पीडालाई भुल्दछन् भन्ने कुरालाई निबन्धको विषयबस्तु बनाइएको छ ।

तेस्रो निबन्ध *कतिवटा सङ्घसंस्था हाँक्ने हो ?* निबन्धले एउटा व्यक्तिले अनेक सङ्घसंस्थाको नेतृत्व गरेर व्यक्तिगत महत्त्वकाङ्क्षालाई पूरा गरे पनि च्याउसरि उम्रिएका सङ्घसंस्थाले आशातीत कार्य गर्न नसकेको यथार्थलाई निबन्धले विषयवस्तु बनाएको छ । यस निबन्धमा नातावाद र कृपावादले ग्रसित संस्थागत नेतृत्वले इमान्दारिता र समयको महत्तालाई बिर्सिएको अवस्थालाई प्रस्तुत गरिएको छ । कुनै पनि सङ्घसंस्थाको नेतृत्व गर्ने क्षमताको मापदण्ड कायम गर्नु पर्ने अग्रगामी चिन्तनलाई समेत यसमा प्रस्तुत गरिएको छ ।

---

९२. मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन, दो.सं. २०६३, पृ.सं. ५०१ ।

चौथो निबन्ध *बीसको दशकको छात्र आन्दोलनको सम्झना*मा रेग्मीले आफ्नो वैयक्तिक विद्यार्थी जीवनको बिस वर्षको गतिविधिलाई विषयवस्तु बनाएका छन् । विद्यार्थी राजनीतिमा संलग्न गराउने अग्रज नेताहरूप्रति सम्मान प्रकट गर्दै राजनीतिक क्षेत्रमा पदका लागि गरिएको खिचातानीलाई प्रस्तुत गरिएको छ । यस निबन्धमा आनन्ददेव भट्ट, मोहनविक्रम सिँह र निर्मल लामा जस्ता कर्मशील नेताको महिमागान र योगदानको मूल्याङ्कन गर्दै नारायणी रात्रि हाइ स्कुलदेखि अखिलको अयोध्यामा भएको पाँचौं र पाटनको **ठैव**मा भएको छैटौं सम्मेलनसम्मको विवरणलाई निबन्धमा प्रस्तुत गरिएको छ ।

पाँचौं निबन्ध *आनन्ददेव भट्टका बारेमा केही कुरा* शीर्षकको निबन्धमा कम्युनिस्ट आन्दोलनका अग्रणी नेता आनन्ददेव भट्टको योगदानलाई विषयवस्तु बनाइएको छ । आनन्ददेव भट्टको राजनीतिक सहभागिता, कम्युनिस्ट पार्टी निर्माणमा पुऱ्याएको योगदान, साहित्यिक योगदान, सामाजिक योगदान, वैचारिक दृष्टिकोण, व्यक्तिगत जीवनशैली र शैक्षिक योगदानका विविध क्षेत्रहरूलाई निबन्धमा विषयवस्तु बनाइएको छ । आनन्ददेव भट्टको बहुआयामिक व्यक्तित्वमाथि यस निबन्धमा प्रकाश पारिएको छ ।

छैटौं निबन्ध *मनकामनाको साहित्यिक यात्रा*मा वि.सं.२०६३ मार्ग महिनामा गोरखा जिल्लाको मनकामनामा भएको साहित्यिक गोष्ठी र सो गोष्ठीका क्रियाकलाप अनि अनुभूतिलाई निबन्धमा निबन्धको विषयवस्तु बनाइएको छ । साहित्यकारका बिचमा भएका राजनैतिक तथा पदीय लालसाको खिचातानीलाई प्रस्तुत गरी मपाइँत्व तथा घमन्डलाई त्याग्नु पर्ने धारणालाई स्पष्ट रूपमा अघि सारिएको छ ।

*सातौँ चितवनमा गजल* शीर्षकको निबन्धमा चितवन जिल्लामा गजल विधा फस्टाएको कारण र यस विधालाई मलजल पुऱ्याएर हराभारा बनाउन साहित्यिक सङ्घसंस्था, पत्रपत्रिका, एफ.एम. रेडियोहरू, गजलकारहरू र गजलले अँगालेको भूमिकालाई विषयवस्तु बनाई निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धकार रेग्मीले चितवनका गजलहरू बढी शृङ्गारिक भएकाले देश र जनताका समस्यालाई गजलले उठाउन नसकेकोमा दुखेसो गर्दै समाजमा विद्यमान विकृति, विसङ्गतिहरूको निषेधमा गजलकारहरूले कलम चलाउनु पर्ने कुरामा जोड दिएका छन् ।

आठौं निबन्ध *चोलामोहन अर्थात मदनमोहन जोशी* शीर्षकको निबन्धमा मदनमोहन जोशीले राजनीतिक, साहित्यिक र सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान र उनको व्यक्तित्व अनि व्यावसायिक सफलता र योगदानलाई निबन्धको विषयवस्तु बनाइएको छ ।

नवौँ निबन्ध *संरक्षण कविता आन्दोलन र एउटा बटुवा*मा वि.स.२०५३ मा सरुभक्तको संयोजकत्वमा सुरु गरिएको संरक्षण कविता आन्दोलनद्वारा चितवनको माडी र धादिङ जिल्लाको जवाङ भन्ने ठाँउमा आयोजित अभियान अन्तर्गतको साहित्यिक कार्यक्रमको विवरण र अनुभूतिलाई विषयवस्तु बनाउनुका साथै यस आन्दोलनको औचित्य र उद्देश्यमाथि प्रकाश पारिएको छ ।

दसौँ निबन्ध *मेरो मानसपटलमा कलकत्तामा*मा निबन्धकारले आफूले कलकत्तामा बिताएको शैशवकाल, विद्यार्थी जीवन, कलकत्ताको जीवनशैली, वातावरण, आफ्ना अनुभव र अनुभूतिलाई निबन्धको विषयवस्तु बनाएको पाइन्छ । कलकत्तामा रहँदा अखिल भारत नेपाली एकता समाजमा आफूले गरेका कार्यको स्मरण गर्दै कलकत्ताका सबल र दुर्बल पक्ष दुबैलाई निबन्धमा प्रस्तुत गरिएको छ । वेश्याहरूले डेरा बनाएर बसेको कलकत्ता सोनागाछीको वातावरण र जीवन शैलीलाई अनि कलकत्ताको बेरोजगारी समस्यालाई निबन्धमा प्रस्तुत गरिएको छ ।

एघारौँ निबन्ध *म मरेपनि मर्ने छैन माया बन्दीपुरको*मा वि.सं.२०६४ कार्तिक १७ गते बन्दीपुरमा भएको साहित्यिक कार्यक्रमलाई विषय वस्तु बनाएर प्रस्तुत गरिएको पाइन्छ । बन्दीपुर जाँदा आउँदाको घटनाक्रम, बन्दीपुरको ऐतिहासिक महत्त्व र नामाङ्कनलाई निबन्धको विषय बनाएर साहित्यिक कार्यक्रममा सहभागी स्रष्टाहरूले कार्यक्रममा के कसरी रौनकता ल्याए भन्ने प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

बाह्रौं निबन्ध *मुक्तिनाथले झन्डै मुक्त पारेन* यात्रा संस्मरणात्मक निबन्ध हो । यस निबन्धमा मुक्तिनाथ यात्रामा भोग्नुपरेका पीडा र मुक्तिनाथको वातावरणीय परिवेशलाई विषयवस्तु बनाइएको छ । त्यहाँ बसोबास गर्ने मानिसहरूको जीवनशैली, व्यवसाय र यातायातको असुरक्षित पक्षलाई पनि विषय वस्तुको रूपमा उठाइएको छ ।

तेह्रौं निबन्ध *सुस्ता भ्रमणको सन्दर्भ* शीर्षकमा देशप्रेमको भावनाले ओतप्रोत भएको निबन्ध हो । यस निबन्धमा भारतले अतिक्रमण गरेको नेपालको भूमि सुस्ता र सुस्तामा बसोबास गर्ने नेपाली जनताको दयनीय तथा असुरक्षित अवस्था अनि नेपाली छोरीले बारम्बार बलात्कारको सिकार हुनु परेको कारुणिक अवस्थालाई निबन्धको विषय बनाइएको छ । सुस्ताप्रति उदासीन नेपाल सरकार र स्वार्थी नेपाली नेताहरूको समर्पणवादी नीतिलाई यस निबन्धले उजागर गरेको पाइन्छ ।

निबन्ध *कलकत्तादेखि कन्याकुमारीसम्म* शीर्षकको चौधौँ निबन्धमा कलकत्तादेखि कन्या कुमारीसम्मको यात्रालाई विषयवस्तु बनाई बेंकटेश्वरम् विश्वविद्यालय, मेरिनाबिच मद्रास विश्वविद्यालय, कोचिन विश्वविद्यालयका पुस्तकालयहरू र तिरुपति, बेंकटेश्वर, नटराज, मीनाक्षीदेवी आदि मन्दिरको अवलोकन तथा यात्राका दु.ख र सुखलाई विषयवस्तु बनाई प्रस्तुत गरिएको छ ।

निबन्ध *शिक्षक हुनुको गर्व* शीर्षकको पन्ध्रौँ निबन्धमा निबन्धकार स्वयम्ले शिक्षक बन्न गर्नु परेको परिश्रम र एक दशक (२०२३–२०३३) शिक्षक बनेर शैक्षिक विकासमा पुऱ्याएको योगदानलाई निबन्धको विषयवस्तु बनाइएको छ । विवरणात्मक शैलीमा रचिएको यस निबन्धले रेग्मीको सङ्घर्षपूर्ण जीवनको महत्त्वपूर्ण पाटोलाई प्रकाश पारेको छ । चितवन जिल्लाको शैक्षिक अवस्था, जनजीवन र सामाजिक तथा आर्थिक अवस्थालाई यस निबन्धले प्रस्ट पार्ने काम गरेको छ ।

सोहौँ निबन्ध *चूडा दाइ* शीर्षकमा झापाका चूडामणि रेग्मीको व्यक्तित्व, व्यवहार र चिन्तनलाई विषयवस्तु बनाइएको छ । साम्प्रदायिक, जातिवाद, गुट र उपगुट विरोधी जीवनशैली र चिन्तनबाट

प्रभावित रेग्मीले पूर्वाञ्चलका साहित्यकारसँग भएका चितवन जिल्लाका साहित्यकारहरूको चिनजान, उठबस र आवतजावतका अनुभूतिलाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

सत्रौं निबन्ध *कालापानीको द्रौपदीमा निभाशाह एकटिप्पणी*मा साहित्य सङ्गम चितवनद्वारा **कालापानीकी द्रौपदी** कृतिका निम्ति निभा शाहलाई सम्मान गर्न वि.सं.२०६६ माघ ६ गते चितवनमा आयोजना गरिएको कार्यक्रम र सो सम्मान कार्यक्रममा सङ्गमका अध्यक्ष निबन्धकार इन्द्रप्रसाद रेग्मीद्वारा निभा शाहको परिचय गराएको विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

अठारौं निबन्ध *पचास रूपियाँको तमसुकले पारेको प्रभाव*मा वि.सं. २०२८ मा मोदननाथ प्रश्रित, बुद्धिबहादुर थकाली र रामप्रसाद प्रदीपको सहलेखनमा लेखिएको पचास रूपियाँको तमसुक नाटकको मञ्चन गर्दा निबन्धकार रेग्मीमा परेको सो नाटकको प्रभावलाई निबन्धको विषयवस्तु बनाइएको छ । तत्कालीन पञ्चायती कालरात्रिमा शोषण, अन्याय र अत्याचारको विरुद्ध नाटकमा बुलन्द आवाज उठाइएको उल्लेख गर्दै सामन्तवाद र पुँजीवाद विरोधी आन्दोलनलाई सहयोग पुऱ्याउने पचास रूपियाँको तमसुक नाटक मञ्चन गर्दा निबन्धकार रेग्मीले प्रमुख पात्रको भूमिका निर्वाह गरेको प्रसङ्गलाई पनि यस निबन्धमा उठाइएको छ ।

उन्नाइसौं निबन्ध *यस्ता छन् अमृत थापा*मा वि.सं.२००२ पुसमा रामेछाप जिल्लामा जन्मिएका अमृत थापा मगरको व्यक्तित्व, चिन्तन र व्यवहारलाई निबन्धको विषयवस्तु बनाइएको छ । कलकत्ता विश्वविद्यालयमा कर्मचारीको रूपमा काम गर्ने अमृत थापाले कम्युनिस्ट पार्टीको सङ्गठन विस्तार गर्ने र पार्टीलाई सहयोग पुऱ्याउने अनि कलकत्तामा विभिन्न उद्देश्यले गएका नेपालीको दुःखमा साथ दिएर जुन महान् कार्य गरेका छन्, त्यो कहिल्यै बिर्सन नसकिने भएको अवधारणा राख्दै अमृत थापा जस्ता कयौं महत्त्वपूर्ण योगदान गर्ने मानिसलाई पार्टीले सही मूल्याङ्कन गर्न नसकेको भाव व्यक्त गरिएको छ । यसमा अमृत थापालाई कम्युनिस्ट आन्दोलनका अभिभावक र संरक्षकका रूपमा चिनाइएको छ ।

यसरी यस निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूमा राजनीतिक र सामाजिक व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । विभिन्न ठाउँका साहित्यिक कार्यक्रमका घटना, अनुभव र संस्मरणलाई राष्ट्रिय चिन्तनका आधारमा प्रस्तुत गरी, सामाजिक विकृति, विसङ्गति र सामाजिक बेमेलको स्थितिलाई उदाङ्गो पारिएको छ । आत्मानुभूति, यथार्थ र प्राकृतिक सौन्दर्यलाई उनका निबन्ध सङ्ग्रहमा विषयवस्तु बनाएको पाइन्छ ।

### ४.५.२ भाषाशैली

भाषाशैली निबन्धको एक अनिवार्य तत्त्व हो । हरेक साहित्यिक विधाको प्रस्तुतिको माध्यम भाषा हो भने उक्त प्रस्तुतिको ढङ्गढाँचा चाहिँ शैली हो । हरेक ठाउँ र मानिस अनुसार भाषाशैली फरक फरक हुन्छ । निबन्ध सरल, सुमधुर र विशिष्ट गद्य भाषामा लेखिन्छ । निबन्धकार इन्द्रप्रसाद रेग्मीको **बिर्सनै लागेका कुराहरू** संस्मरणात्मक निबन्ध सङ्ग्रहका निबन्धहरूमा सरल भाषाको प्रयोग भएको पाइन्छ । निबन्धलाई रोचक र घोचक बनाउन विषयवस्तु अनुसारका भाषा र शब्दहरूको प्रयोग

गरिएको पाइन्छ । यस निबन्धमा संस्कृतका तत्सम शब्द, बोलीचालीका शब्द र आगन्तुक शब्दलाई प्रयोग गरिएको छ । 'खिस्रीमिस्री' (पृ.सं. १०२), 'झुग्गी' (पृ.सं. ५५), 'खाइवरी' (पृ.सं. ७५), 'आँगा' (पृ.सं. ३९) र 'हँसुली' (पृ.सं. ३९) जस्ता स्थानीय कथ्य वा बोलीचालीको भाषाको प्रयोग भएको पाइन्छ । कतै अङ्ग्रेजी, कतै हिन्दी र कतै बङ्गाली भाषाको प्रयोगले निबन्धलाई सन्दर्भ र परिवेश अनुकूल स्वाभाविक बनाएको पाइन्छ । यसका केही उदाहरणहरू यसप्रकार छन् :

अङ्ग्रेजी भाषाको प्रयोग : What thinks India tomarrow Bengal thinks today. (पृ.सं. ५५)

बङ्गाली भाषाको प्रयोग : दादा यइ सब तो होच्छेइ । (पृ.सं. ५५)

हिन्दी भाषाको प्रयोग : तुम्हारा बिबी आइ है । (पृ.सं. ५१)

हिन्दी गीतको प्रयोग : मेरा जुत्ता है जापानी

पतलुन इङ्गलिस्तानी

शिरमे लाल टोपी रुसी

फिर भि दिल है हिन्दुस्तानी (पृ.सं. ७५)

यस निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्धमा प्रयोग गरिएका आगन्तुक शब्दका उदाहरणहरू यसप्रकार छन् :

**अङ्ग्रेजी शब्द** : हाइकोट, ब्रिटिस लाइब्रेरी, नेशनल एरोनेटिकल ल्याबरोटेरी, इन्डियन स्ट्याटिस्टिकल इन्स्टिच्युट (पृ.सं.८०), कम्पाउन्ड (पृ.सं.८६), रिजर्भेसन (पृ.सं.७९), डिपार्टमेन्ट (पृ.सं.७६),

**अरबी शब्द** : इन्कार (पृ.सं.८३),

**तत्सम शब्द** : हडप (पृ.सं.९७), पुनीत (पृ.सं.९७), अध्येता (पृ.सं.७४), परिसर (पृ.सं.६८), कालान्तर (पृ.सं.९१), हस्तान्तरण (पृ.सं.९०), जर्जर (पृ.सं.८४), शयन (पृ.सं.३४), सूत्रीय (पृ.सं.४२) आदि ।

निबन्ध विभिन्न शैलीमा लेख्ने गरिन्छ । प्रा.मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेलका अनुसार भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय र भाषा एवं विषयका दृष्टिबाट विचलनयुक्त रचनाकारको विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ ।[९३] राजेन्द्र सुवेदीका अनुसार आरम्भदेखि अन्तसम्मको गति र यतिको अन्तः सङ्गतिलाई निबन्धकारले आफ्नै शैलीगत सम्बद्धताका

९३. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पृ.सं. २३८ ।

आधारमा विस्तार गरेको हुन्छ ।[९४] गोपीकृष्ण शर्माका अनुसार आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरूछेउ सम्प्रेषण गर्न तयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ ।[९५] मोहनराज शर्माका अनुसार जसरी कुनै निबन्ध लेखिएको छ, त्यस ढङ्ग विशेषलाई त्यस निबन्धको शैली भनिन्छ । शैली अभिव्यक्तिको प्रकार हो । त्यसले निबन्धलाई रोचक र आकर्षकरूप प्रदान गर्दछ ।[९६]

यस सङ्ग्रहका निबन्धमा सरल, वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग भएको पाइन्छ । रेग्मीका निबन्ध पढ्दै जाँदा कुराकानीका सिलसिलामा इतिहासका घटनाहरू सुनिरहे जस्तो लाग्छ । यस निबन्ध सङ्ग्रहका शीर्षकहरू पदावली र वाक्यात्मक ढाँचाका छन् । निबन्धका शीर्षकहरूमध्ये 'म मरे पनि मर्ने छैन माया बन्दीपुरको' चितवनका गीतकार रेशमलाल श्रेष्ठको गीतको वाक्यात्मक ढाँचाको अशंलाई शीर्षक बनाइएको पाइन्छ । यस्ता वाक्यात्मक ढाँचाका शीर्षकहरू अरू पनि छन् । यिनमा प्रायः पदक्रम विचलन गरिएको छ । केही निबन्धका शीर्षकहरू पदावली ढाँचाका छन् । सम्बोधनात्मक शैली (ode) को शीर्षक 'चूडा दाइ' पनि निबन्धमा सङ्गृहीत छ । उनको निबन्धको भाषाशैली अत्यन्त कलात्मक नभई सूचनात्मक र विवरणात्मक पाइन्छ । चितवनको राजनीतिक, सामाजिक, आर्थिक र शौक्षिक विषयको जानकारी दिने खालका रेग्मीका निबन्धहरू सामान्य मानिसका लागि सुबोध भए पनि राजनीतिमा चासो नलिने मानिसहरूका लागि भने झिँजो लाग्ने खालका छन् तर उनको राजनीतिक जीवनीका बारेमा चासो लिने मानिसका लागि भने उनका निबन्धहरू अत्यन्त रोचक छन् ।

### ४.५.३ उद्देश्य/प्रयोजन

उद्देश्यबिना कुनै व्यक्तिले केही काम पनि गर्दैन । अरू साहित्य विधा झैँ निबन्ध लेखनको पनि कुनै न कुनै उद्देश्य वा प्रयोजन रहेको हुन्छ । मोहनराज शर्माका अनुसार जेका निम्ति निबन्ध लेखिएको छ, त्यसलाई त्यस निबन्धको प्रयोजन भनिन्छ । उद्देश्य भनेको पनि यही हो । निबन्धका प्रयोजनहरू चारवटा छन् : एउटा सूचनाप्रदान, दोस्रो सहमतीकरण, तेस्रो अनुभव वितरण र चौथो घटना प्रस्तुति ।[९७] निबन्धकार इन्द्रप्रसाद रेग्मीको **बिर्सनै लागेका कुराहरू** निबन्ध सङ्ग्रहका निबन्धहरू पनि विभिन्न उद्देश्यले लेखिएका छन् । यस सङ्ग्रहका १९ वटा निबन्धहरूको अध्ययन गर्दा धेरैजसो

९४. राजेन्द्र सुवेदी (सम्पा.), **आधुनिक नेपाली निबन्ध र अन्य विधा** भाग १, ललितपुर : साझा प्रकाशन, २०६७, पृ.सं.७ ।

९५. गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, काठमाण्डौं : रत्न पुस्तक भण्डार, २०६३, पृ.सं. २२ ।

९६. मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन २०६३, पृ.सं. ५०१ ।

९७. मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन २०६३, पृ.सं. ५०२ ।

निबन्धहरूमा सूचनात्मकता पाइन्छ भने कतिपय निबन्धहरूमा आत्मप्रकाशन गरिएको पाइन्छ । 'मेरो मानसपटलमा कलकत्ता', 'शिक्षक हुनुको गर्व' जस्ता शीर्षकका निबन्धमा रेग्मीले आफ्ना जीवनका अनुभव र अनुभूतिलाई प्रकाशमा ल्याएको पाइन्छ । 'सुस्ता भ्रमणको सन्दर्भ', 'संरक्षण कविता आन्दोलन' र 'एउटा बटुवा' जस्ता शीर्षकका निबन्धमा घटना र सूचनालाई प्रस्तुत गरेको पाइन्छ । त्यस्तै 'कृष्ण सेन', 'दिवाकर भुसाल','आनन्द देव भट्ट', 'मदनमोहन जोशी', चूडामणि रेग्मी (झापा), निभा शाह, अमृत थापा जस्ता व्यक्तिहरूको योगदानलाई प्रकाशन गर्नु पनि यस सङ्ग्रहका केही निबन्धहरूको उद्देश्य रहेको पाइन्छ । जीवनानुभूतिलाई प्रकाशन गरी राष्ट्र, राष्ट्रियता र देशप्रेमको भावना जागृत गराई राष्ट्रको सार्वभौमसत्ताको संरक्षण गर्ने चेतना पाठकसम्म पुऱ्याउनु समेत केही निबन्धको उद्देश्य रहेको पाइन्छ ।

### ४.५.४ निष्कर्ष

**बिर्सनै लागेका कुराहरू** निबन्ध सङ्ग्रह रेग्मीको २०६८ मा प्रकाशित एक मात्र निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रहका निबन्धमा जीवनका आनुभविक विचार, चिन्तन र भोगाइ अनि देखाइलाई वर्णनात्मक शैलीमा प्रस्तुत गर्दै चितवन जिल्लामा निबन्धकारको राजनीतिक जनजीवनलाई कलात्मक ढङ्गबाट भन्दा पनि वस्तुगत ढङ्गबाट प्रस्तुत गरिएको छ । निबन्धका शीर्षकहरू जीवनीपरक संस्मरण छन् । कुनै निबन्ध नियात्रात्मक र आत्मसंस्मरणात्मक छन् भने कुनै निबन्धमा समीक्षात्मक दृष्टिचेत पाइन्छ । समग्र निबन्धलाई हेर्दा यो निबन्ध सङ्ग्रह पूर्ण संस्मरणात्मक रहेको देखिन्छ । यस सङ्ग्रहभित्रका निबन्धमा राजनीतिक र सामाजिक व्यक्तिलाई विषयबस्तु बनाइ प्रस्तुत गरेको पाइन्छ । विभिन्न ठाउँका साहित्यिक कार्यक्रमका घटना, अनुभव र संस्मरणलाई प्रस्तुत गरी राष्ट्रियताको अभिव्यक्ति दिनुका साथै सामाजिक विकृति र विसङ्गतिलाई उदाङ्गो पारिएको छ । आत्मानुभूति र प्राकृतिक सौन्दर्यलाई झल्काउने उद्देश्य समेत उनका निबन्धमा पाइन्छ । **बिर्सनै लागेका कुराहरू** संस्मरणात्मक निबन्ध सङ्ग्रह भाषा तथा शैली सरल देखिन्छ । सामान्यतया भाषिक क्लिष्टता नरहे पनि संस्कृतका तत्सम शब्द, बोलीचालीका शब्द तथा अङ्ग्रजी, हिन्दी, बङ्गाली आदि आगन्तुक शब्द र स्थानीय भाषाको समेत प्रयोग गरिएको छ । यस कृतिमा यात्रासंस्मरण र संस्मरणलाई वर्णनात्मक र विवरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । केही निबन्धहरू चितवनको राजनीतिक, सामाजिक, आर्थिक र शैक्षिक विषयको जानकारी दिने खालका छन् । आफ्ना जीवनका अनुभव र अनुभूतिलाई प्रकाशमा ल्याउनु रेग्मीका निबन्धको उद्देश्य रहेको पाइन्छ । त्यस्तै विभिन्न सामाजिक, राजनीतिक र शौक्षिक व्यक्तित्वहरूको योगदानलाई प्रकाशन गर्नु पनि यस सङ्ग्रहका निबन्धको उद्देश्य रहेको पाइन्छ । राजनीति र उनको जीवनीको बारेमा चासो लिने मानिसका लागि उनका निबन्धहरू रोचक छन् ।

## ४.६ हाइकुको परिचय

जापानी भाषामा लेखिएको छोटो कविता हाइकुको प्रभाव नेपाली साहित्यमा पनि परेको छ । नेपाली साहित्यमा हाइकुको आधिकारिक अध्ययन खासै हुन सकेको पाइँदैन । अभि सुवेदीका अनुसार

छैटौं शताब्दीको अन्त्य र सातौँ शताब्दीको आरम्भदेखि बौद्ध धर्म र हजारौँ वर्षदेखि कवि, कलाकारहरूलाई परेको ताओवादको संयुक्त प्रभावबाट हाइकुको धारणा जन्मिएको हो ।[९८] हाइकुको ऐतिहासिक पृष्ठभूमि तथा संरचनाका बारेमा अभि सुवेदीका अनुसार हाइकु कविताको इतिहास तिनसय वर्ष पुरानो छ । सुरुमा **हाइकाइ** भन्ने कविता लेखिन्थ्यो । ती कवितामा कला चातुर्य हुन्थ्यो र तिनीहरू बढी रमाइलोका लागि लेखिन्थे भन्ने कुरा स्पष्ट हुन्छ । कुनै नियमहरूको अनुसरण गरेर कविहरू एक जमातमा मिली **हाइकाइ** लेख्ने गर्दथे । एउटा हाइकाइ शृङ्खलामा ३६, ५० अथवा १०० वटा श्लोक रचना गरिन्थ्यो । यसरी कविता लेख्ने समूहहरूको एउटा नाइके कवि हुन्थ्यो । नाइके कवि क्रमशः पाँच अक्षर, सात अक्षर, पाँच अक्षर (५+७+५) भएका तिन हरफका कविता लेख्थे । ती तिन हरफलाई **होक्कु** भनिन्थ्यो अनि अर्को कविले सात-सात अक्षरका दुई हरफ जोड्थे । यस प्रकार ५+७+५ र ७+७ अक्षरको एउटा **हाइकाइ** तयार हुन्थ्यो । बाशो आफै पनि हाइकाइ लेख्ने गर्थे र उनी यात्रामा जाँदा आफू गएका ठाउँहरूको चित्रण गरेर हाइकाइ लेख्ने गर्थे । विस्तारै उनले होक्कुको मात्र प्रयोग गर्न थाले । यसले गर्दा होक्कु (५+७+५) आफैंमा एक स्वतन्त्र कविताको एकाइ मानिन थाल्यो र त्यही एकाइ नै हाइकु कविता भयो । आजको जापानी हाइकु कवितामा विगतको प्रभाव छ, वर्तमान युगका भयानक उथलपुथलहरूको चित्र छ, पूर्व र पश्चिमका कला र संस्कृतिको समागम छ । त्यसै अर्थमा आजका मानिसको निमित्त हाइकु काव्य एक साझा सम्पत्ति, मुक्ति र आनन्दको प्रतीक बनेको छ । सबभन्दा महत्त्वपूर्ण कुरा यथार्थ संसारका अनेक युगजनिक लक्षणहरूद्वारा मानिस-मानिसले मौन भाव सम्प्रेषण गर्ने आधार खडा गरेर हाइकु मानवीय सम्प्रेषणको अभूतपूर्व माध्यम हुन सक्ने सम्भावनालाई सबैले मनन गर्नु पर्ने हुन्छ ।[९९] रामकुमार पाँडेका अनुसार जापानी सम्बद्ध साहित्यको जानकारी राख्ने क्षेत्रप्रताप अधिकारी, अभि सुवेदी हुन् वा सिर्जनारत रत्नशमसेर थापादेखि शशी भण्डारी र विष्णुबहादुर सिंह नेपाली हाइकु साहित्यलाई डोऱ्याउने अग्रपङ्क्तिका वयस्क साहित्यकार हुन् ।[१००] प्रकाश पौडेल 'माइला' का अनुसार वि.सं. २०१९ सालमा शङ्कर लामिछानेले सर्वप्रथम **रूपरेखा** पत्रिकामा हाइकु प्रकाशन गरी नेपाली साहित्यिक फाँटमा पाइला टेकेको हाइकु साहित्यिक आजको अवस्थासम्म आइपुग्दा धेरै ठाउँमा आफ्नो उपस्थिति मजबुत बनाइ सकेको छ । हाइकुका मूल सूत्र प्रकृति, प्रणय र प्रारब्ध हुन् ।[१०१] प्रा.डा. नारायणप्रसाद खनालका अनुसार हाइकु **५-७-५** को सिकन्जाभित्र खाँदिनु पर्ने वा ऋतु कविता बन्न जरुरी हैन र स्वच्छन्द त्रिपदी रचना नै हाइकुको पहिचान बनेको छ । बिम्ब,

---

९८. अभि सुवेदी, *समीक्षात्मक परिचय,* **जापानी हाइकु : हिजो र आज** (सम्पा.) माधवलाल कर्मचार्य, ललितपुर : साझा प्रकाशन २०४४, पृ.सं. क ।

९९. ऐजन पृ.सं. ङ-ञ ।

१००. रामकुमार पाँडे, *हाइकु, होक्कु र हाइकाइ,* **नेपाली हाइकु** वर्ष ७, अङ्क १, पूर्णाक ४, प्रवास विशेणाङ्क, (प्र.सम्पा. रामकुमार पाँडे ), काठमाडौं : नेपाल निप्पन रिसर्च सेन्टर, पृ.सं. भू.।

१०१. प्रकाश पौडेल 'माइला', हाइकु सन्दर्भः प्रमुख जापानी कविहरू, नेपाली हाइकु वर्ष ७, अङ्क १, पूर्णाक ४, प्रवास विशेषाङ्क, ( प्र.सम्पा. रामकुमार पाँडे ), काठमाडौं : नेपाल निप्पन रिसर्च सेन्टर, पृ.सं. ण ।

शीर्षक र सीमित शब्दावलीबिच रहेको सम्बन्ध सूत्रबाटै हाइकु अर्थिन सक्छ ।[१०२] सुरेन्द्र अस्तफलका अनुसार सत्र अक्षरीय संरचनामा प्राकृतिक बिम्ब प्रयोग गरी लेखिने हाइकु साँच्चै विन्दुमा सिन्धु हो । थोरै शब्दले विराट् भाव उपस्थित गराउन सक्नु हाइकुको वैशिष्ट्य हो ।[१०३] विकिपिडियाका अनुसार बौद्ध धर्म र हजारौँ वर्षदेखि कवि कलाकारहरूलाई प्रभाव पारेर आएको ताओवादको संयुक्त प्रभावबाट हाइकुको धारणा जन्मेको हो । वास्तवमा हाइकुको आत्मा सम्भावनाको खालीपन हो ।[१०४] डब्लु डब्लु डब्लु डट टु योमासुडटकम/हाइकुमा हाइकु एक प्रकृति वा सहज मानवीय स्थितिसँग जोडिएको मौसमको अनुभवको सार सम्प्रेषित गर्ने बिम्बात्मक भाषाको उपयोग गरिएको एक छोटो कविता हो[१०५] भनी परिभाषित गरिएको छ । हाइकुको सैद्धान्तिक अध्ययन हुन बाँकी नै देखिन्छ । प्राकृतिक बिम्बको प्रयोग गरी सङ्क्षिप्तमा मानवीय भावनालाई अभिव्यक्त गर्ने कला हाइकुमा हुन्छ ।

### ४.६.१ 'बैशाखी टेकेर' हाइकु सङ्ग्रह

**बैशाखी टेकेर** साहित्यकार इन्द्रप्रसाद रेग्मीको २०६८ मा प्रकाशित एकमात्र हाइकु सङ्ग्रह हो । यसमा जीवनका आनुभविक विचार, चिन्तन, भोगाइ अनि प्राकृतिक सुन्दरतालाई प्रस्तुत गर्दै राजनीतिक र सामाजिक विकृति विसङ्गतिलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । अग्रज राजनीतिक नेताहरूको स्वार्थीपनको कटु यथार्थलाई उनका हाइकुमा प्रस्तुत गरेको पाइन्छ । त्यसै गरी हाइकुमा जीवनको पूर्वार्धदेखि वर्तमानसम्मका महत्त्वपूर्ण घटनाहरू यथार्थपरक ढङ्गबाट व्यक्त भएका छन् । कुनै हाइकुका शीर्षकहरू जीवनीपरक संस्मरणात्मक छन् भने कुनै हाइकु नियात्रात्मक र आत्म संस्मरणात्मक छन् । कुनै हाइकुमा समीक्षात्मक दृष्टिचेत पनि पाइन्छ । उनका समग्र हाइकुलाई हेर्दा पूर्ण रूपमा प्राकृतिक सुन्दरताको बिम्बलाई प्रस्तुत गरेको भने पाइँदैन । **बैशाखी टेकेर** हाइकु सङ्ग्रहभित्र विविध शीर्षकका २५८ वटा हाइकु, शिखर वार्तासम्बन्धी ७ वटा हाइकु र महाकवि देवकोटा सम्बन्धी ७ वटा गरी जम्मा २७२ वटा हाइकु समेटिएका छन् ।

**वैशाखी टेकेर** हाइकु सङ्ग्रहको बाहिरी आवरण पृष्ठको अग्रभागमा एउटा नवयुवक लङ्गडो वैशाखी टकेर पहाडी भू-भागमा हिडिरहेको छाया र आकाशमा बादल लागेको सन्ध्याकालीन अवस्थालाई चित्रका माध्यमद्वारा देखाइएको छ । लङ्गडो नवयुवकको शिरमाथि हाइकु सङ्ग्रहको नाम लेखिएको छ । उक्त पृष्ठको तल्लो भागमा गुलाबी रानी रङको परिधिमा सेता अक्षरले हाइकुकारको नाम

१०२. नारायणप्रसाद खनाल, *मोल मनितामा विमल दर्पणका हाइकु एक अवलोकन,* **समीक्षाका आकारहरु**, नवलपरासी : त्रिवेणी साहित्य परिषद, २०६५, पृ.सं. ५९ ।

१०३. सुरेन्द्र अस्तफल, *लालीगुराँस र साकुराको समीकरण साकुरा फुल्दा भित्र फुलेका फुलहरूप्रति सङ्क्षिप्त दृष्टिकोण,* **साकुरा फुल्दा**, जापान : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज १९५ औँ भानु जयन्ती, पृ.सं. २१ ।

१०४. डब्लु डब्लु डब्लु. विकिपिडिया. कम/ हाइकु ।

१०५.डब्लु डब्लु डब्लु डट टु योमासु डट कम/हाइकु ।

लेखिएको छ । आवरणको पश्चभागमा लेखकको सामान्य परिचय सहित पासपोर्ट आकारको फोटो सबैभन्दा माथि राखिएको छ । परिचयको दायाँ भागको तल कृतिको आवरणको अगाडिपट्टिको भागलाई सानो आकारको बनाइ आवरणको पछाडिपट्टिको भागमा राखिनाले यो सुन्दर देखिएको छ । साहित्य सङ्गम चितवनले वि.सं. २०६८ मा प्रकाशन गरेको **वैशाखी टेकेर** हाइकु सङ्ग्रहमा एघार पृष्ठको भूमिका र उनन्सत्तरी पृष्ठमा जम्मा दुई सय बहत्तरवटा हाइकुहरू सङ्गृहीत छन् । पृष्ठ सङ्ख्या ६५, ६७, ६९ भन्दा बाहेक अरू सबै पृष्ठमा चार चारवटा हाइकुहरू राखिएको यस कृतिमा *प्रकाशकीय* शीर्षकमा साहित्य सङ्गम चितवनका अध्यक्ष भवनाथ सडौलाको लेख र *बैशाखी टेकेर हाइकुमा उभिन खोज्दा* शीर्षकमा रमेश प्रभातको समीक्षात्मक लेख छ । यसमा विषय सूचीको क्रमसङ्ख्या नदिई शीर्षक र पृष्ठसङ्ख्या दिइएको छ । प्रत्येक पृष्ठमा चारवटा शीर्षकका हाइकु राखिएका छन् । यस हाइकु सङ्ग्रहभित्र विविध विषयमा २५८ वटा र ७ वटा लक्ष्मीप्रसाद देवकोटा सम्बन्धी गरी जम्मा २७२ वटा हाइकुहरू छन् । इन्द्रप्रसाद रेग्मीका हाइकुहरूलाई अध्ययन गर्दा खास कुनै एक मात्र विशेषतालाई अँगालेको पाइँदैन तर ती चेतना र व्यङ्ग्यले भने भरिपूर्ण छन् । यस हाइकु सङ्ग्रहको विश्लेषण विभिन्न उपशीर्षकमा यसरी गरिएको छ :

### ४.७.१.१ मूलभाव

हाइकुकार इन्द्रप्रसाद रेग्मीको एक मात्र हाइकु सङ्ग्रह **बैशाखी टेकेर**मा विभिन्न शीर्षकका २७२ वटा हाइकुहरू सङ्गृहीत छन् । कवि रेग्मीले ५+७+५ को हाइकु लेखन परम्परालाई आत्मसात् गरे पनि ती हाइकुहरूमा परिवेशलाई प्रस्तुत नगरिएको हुनाले मूलभाव केही जटिल बनेको पाइन्छ ।

**कवि** शीर्षकको हाइकुमा कविका चाहनाहरू कापीका पानामा मात्र भएको यथार्थतालाई प्रस्तुत गरिएको छ भने **नेता** शीर्षकको हाइकु नेताको छलकपट र व्यवहारप्रति व्यङ्ग्य गरी नेता आदर्शका भाषण गर्न खप्पिस भए पनि उनीहरूको प्रवृत्ति सामन्ती खालको रहेको यथार्थतालाई प्रस्तुत गरिएको छ । **स्वरुप** शीर्षकको हाइकुमा यथार्थलाई प्रस्तुत गर्दै वर्तमान अवस्थाका मानिसको अमानवीय व्यवहार र क्रियाकलापले बाह्य देखावटी रूप अनि भित्री तथा व्यावहारिक रूपमा छर्लङ्ग छुट्टिएको कटु सत्यलाई प्रस्तुत गरिएको छ । **धोती** शीर्षकको हाइकुमा धोती जति पारदर्शी हुन्छ, त्यति नै वर्तमानका नेताको कर्तुत पारदर्शी रहेको र उनीहरू साँच्चै नै मतिहीन भई स्वार्थसिद्धिमा मात्र लागि परेको र राष्ट्रलाई भुसुक्कै बिर्सिएको भावलाई प्रस्तुत गरिएको छ । कसैको यौवन र रूपमा आकर्षित भएर त्यसलाई प्राप्त गर्न आतुर रहेको भावलाई **मदहोश** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ भने **मन** शीर्षकको हाइकुमा अन्तरहृदयदेखि मन पराएको वस्तु हराउँदा विह्वल हुने मनोभावलाई प्रस्तुत गरिएको छ । **मुटु** शीर्षकको हाइकुमा मन दुखेको अवस्थालाई प्रस्तुत गर्दै मानवीय इच्छा र चाहनाहरू पूरा हुन नसक्दा मानिसको बेहाल हुने भाव पाइन्छ । **प्रश्न** शीर्षकको हाइकुमा देशप्रेमको भावनालाई प्रस्तुत गर्न विपनामा देशको नाजुक अवस्था देखेको नेपालीले नेपालको अस्तित्व हराउन लागेको सपना देखेर आफ्नो देश खोजिरहेको भावलाई प्रस्तुत गरिएको छ । **शून्य** शीर्षकको हाइकुमा वर्तमान अवस्थामा मानव जीवनको अस्तित्व नष्ट भइसकेको र मानवले लक्ष्यहीन जीवन बाँचिरहेको विषयलाई

प्रस्तुत गरी मानव जीवनको अस्तित्वहीनतालाई मूलभावका रूपमा प्रस्तुत गरिएको छ । **दिमाग** शीर्षकको हाइकुमा अध्ययनको अभावले चेतनाको स्तर माथि उठ्न नसकेको भावलाई प्रस्तुत गरिएको छ भने **बोतल** शीर्षकको हाइकुमा अनुपयोगी जीवनको अर्थहीनतालाई प्रस्तुत गर्दै अरूको उपयोगमा जीवन थोत्रिएको र रित्तिएको निम्नवर्गीय नेपाली समाजको अवस्थालाई प्रस्तुत गरिएको छ । **मुद्दा** शीर्षकको हाइकुमा चुनाबमा अवैध काम गरेर कमाएको रूपैयाँ खर्च गरी हिरो बन्ने नेपाली नेताको चरित्र चित्रण गरिएको छ । **भूत** शीर्षकको हाइकुले जनताको चाहना विपरीत पञ्चायती शासन कालमा भएको चुनाबको हाउगुजीलाई प्रस्तुत गरेको छ भने **सम्बन्ध** शीर्षकको हाइकुमा जीवनको कुनै एक कालखण्डमा जोडिएको सम्बन्ध अर्को खण्डमा टुटेको क्षणलाई प्रस्तुत गरिएको छ । **भोट** शीर्षकको हाइकुमा जनताको अभिमतको बेवास्ता गरी हिँड्ने नेताको कर्तुतलाई प्रस्तुत गरी जे कामका निम्ति जनताले भोट दिए सो काम नभई नेताको पोषण गर्ने साधन बनेकोमा खेद प्रकट समेत गरिएको छ । **पलायन** शीर्षकको हाइकुमा देशमा अशान्त वातावरणका कारण दक्ष जनशक्ति विदेशतिर पलायन भएको यथार्थतालाई प्रस्तुत गरिएको छ । **अनुसन्धान** शीर्षकको हाइकुमा नेपाली जनताको असह्य पीडालाई बुझ्न नसक्ने नेपाल सरकारप्रति असन्तुष्टि व्यक्त गर्दै नेपाली जनताको पीडालाई बुझ्न आग्रह गरिएको छ । **अपाङ्ग** शीर्षकको हाइकुमा परिवर्तनको चाहना गरी जसले क्रान्ति गऱ्यो, उही अपाङ्ग भएर थर्थराउँदै हिँड्नुपर्ने अवस्था सिर्जना भए पनि देशमा कुनै परिवर्तन नभएको भावलाई दर्साइएको छ । **समय** शीर्षकको हाइकुमा समयलाई चिन्न नसक्नु आफ्नै कमजोरी रहेको अनुभूतिलाई प्रस्तुत गरिएको छ भने **झेल** शीर्षकको हाइकुमा भिन्न-भिन्न पात्रहरूका माध्यमद्वारा विगतदेखि वर्तमानसम्मका षड्यन्त्रकारी नीतिलाई प्रस्तुत गर्दै खेलाडी मात्रै परिवर्तन भएको यथार्थलाई प्रस्तुत गरिएको छ । नराम्रो कार्यले मानव जातिलाई आत्मपीडा र नर्कको बास हुने धार्मिक चिन्तन **पतन** शीर्षकको हाइकुमा प्रस्तुत छ भने **दिग्भ्रम** शीर्षकको हाइकुमा लक्ष्यहीन यात्रीले दुःख र कष्ट सहनुपर्ने यर्थाथको प्रस्तुति छ । **रोदन** शीर्षकको हाइकुमा एक्लै वनमा रोएर परिश्रमबिना फल नपाइने यथार्थ प्रस्तुत गरिएको छ । घरका स्वास्नीहरूलाई खुसी पार्न ताण्डव गर्ने शासकको चरित्र चित्रण **मोज** शीर्षकको हाइकुमा गरिएको छ भने **भूपि** शीर्षकको हाइकुमा साहित्यकार भूपि शेरचनको साहसिक कार्य र चिन्तनको प्रभाव वर्तमानसम्म परिरहेको भाव व्यक्त गरिएको छ । **ऱ्याल** शीर्षकको हाइकुमा पदीय लालसामा मरिमेट्ने नेपाली नेताको व्यवहारप्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ । **अहिले** शीर्षकको हाइकुमा माओवादी जनयुद्धको परिवेशलाई नियाल्दै नेपाली जनताको कष्टकर जीवन र उनीहरूले भोग्नु परेको पीडालाई प्रस्तुत गरिएको छ । **यात्रा** शीर्षकको हाइकुमा पूर्व राजा ज्ञानेन्द्र शाहले आफ्नो बर्चस्व कायम राख्न विभिन्न तीर्थव्रत गरी जनता र देशप्रति माया रहेको देखाउन विभिन्न यात्रा गरे पनि यात्रा निरर्थक सावित भएको भाव व्यक्त गरिएको छ भने **नाटक** शीर्षकको हाइकुमा जनतालाई लोभ्याउन गरिने नेतागणको क्रियाकलाप नाटकीय रहेको विषयलाई प्रस्तुत गरिएको छ । **जात्रा** शीर्षकको हाइकुमा नेपालको राजनीति विश्वका कुनै पनि मुलुकसँग मेल नखाने र हास्यास्पद रहेको यथार्थतालाई प्रस्तुत गरिएको छ भने **ढाँट** शीर्षकको हाइकुमा नेपालका राजनीतिक पार्टीको बकम्फुसे नाराले जनतालाई केही उपलब्धि नभएको यथार्थताको प्रस्तुति छ । **लम्पसार** शीर्षकको हाइकुमा नेताले गरेको गल्ती जनतासमक्ष उपस्थित भई सच्याउन खोजे पनि नसच्चिने भावलाई प्रस्तुत गरिएको छ । जनतालाई

अस्वाभाविक प्रलोभन देखाएर नेताहरूले माला लगाउने गरेको भाव **लोभ** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ भने **प्रतिगमन** शीर्षकको हाइकुमा जनताको लामो सङ्घर्ष र बलिदानले अग्रगमनको बाटो रोज्न खोजे पनि भाग्यले साथ नदिएर प्रतिगमनतिरै धकेलिएको नेपाली राजनीतिलाई प्रस्तुत गरिएको छ । **भविष्य** शीर्षकको हाइकुमा भविष्य निमार्णका निम्ति ठुलाबडा नेता र धनाढ्य व्यक्तिबाट कृपाको आशा गर्नुपर्ने अवस्था सृजना भइसकेकाले स्वतन्त्रता र स्वाधीनताका निम्ति जनता आफै न्यायाधीश बनेर परिवर्तन र स्वतन्त्रताको शङ्खघोष गर्नुपर्ने भावलाई प्रस्तुत गरिएको छ । **अनाडि** शीर्षकको हाइकुमा देश विषम परिस्थितिमा पुग्न लागेको कुरा नबुझ्ने नेपाली नेताप्रति व्यङ्ग्य गरिएको छ । **षड्यन्त्र** शीर्षकको हाइकुमा नेपाली राजनीतिमा धेरै पहिलेदेखि शासकका प्रियपात्रले छलकपट गरी सत्ता हत्याउने गरेको इतिहासको प्रस्तुति छ । सामन्तवादी सत्तामा मुखियाको नामबाट हुने गरेको ज्यादती र उनको निष्ठुरीपनलाई **विरसिला** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको पाइन्छ भने **धक्कु** शीर्षकको हाइकुमा नेपाली राजनीति र नेपाली समाजमा कुरै नबुझी अरूको भरमा बोल्ने र शक्तिका अगाडि घुँडा टेक्ने प्रचलनप्रति व्यङ्ग्य गरिएको छ । **विर्ता** शीर्षकको हाइकुमा इतिहासमा गोर्खाली राजाप्रति जनताले गरेको उच्च मूल्याङ्कनको भरमा वर्तमान अवस्थाका गैरजिम्मेवार राजाले जनताको आफूप्रति सकरात्मक सोच छ भन्नु मुर्ख्याइँ मात्र भएको भावलाई प्रस्तुत गरिएको छ । **दृष्टिदोष** शीर्षकको हाइकुमा शस्त्र र शक्तिहीन व्यक्तिले अरूलाई उछिन्न गरिएको निर्णयले भ्रम मात्र सृजना गर्दछ र त्यो दिवास्वप्न कहिल्यै पूरा हुन सक्दैन भन्ने भाव प्रस्तुत गरिएको छ । **लाश** शीर्षकको हाइकुमा मृगतृण्णा झैँ कहिल्यै पूरा गर्न नसक्ने चाहना राखेर गरिएका कार्यले समय र श्रमको फजुल खर्च हुने भए पनि उद्देश्य किमार्थ पूरा नहुने भावलाई प्रस्तुत गरिएको छ । **झ्याम्म** शीर्षकको हाइकुमा परिवर्तनका निम्ति जनताले नेताको पछि लागेर देश र आफ्नो मुक्तिका निम्ति सङ्घर्ष गरे पनि उपलब्धि नभएको र परिश्रम बेकार भएकोमा खेद प्रकट गरिएको छ । **सिंहासन** शीर्षकको हाइकुमा ज-जसले आदर्शको भाषण गरे पनि आखिर नेताहरू सत्ता भनेपछि मरिहत्ते गर्ने यथार्थतालाई प्रस्तुत गरी देश र जनताको निम्ति राजनीति गर्ने नेता पाउनु 'प्याज नखाने बाहुन पाउनु' जस्तै कठिन भएको र झुटको खेती गरी जनतालाई विभिन्न वहानामा झुक्याएर सत्ता प्राप्त गर्ने धेय आजका नेताको रहेको भावको प्रस्तुति छ । **सहारा** शीर्षकको हाइकुमा भाषणको माध्यमद्वारा जनतामा चेतना फुकी विध्वंसकारी तत्त्व नष्ट गर्नु पर्ने भाव व्यक्त गरिएको छ भने भ्रष्टचारको भुमरीमा फसेको नेपालीको अवस्थाको चित्रण गर्दै ठुलादेखि साना ओहदामा बसेका कर्मचारीले राष्ट्रलाई सखाप पार्न लागेको यथार्थतालाई मूलभावका रूपमा **खल्तिवाद** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **तिक्डम** शीर्षकको हाइकुमा भने नेपालको राजनीतिमा राष्ट्रलाई भलो गर्नेको अवनति भएको र कुभलो गर्नेको उन्नति भएको वास्तविकतालाई प्रस्तुत गरी जालझेल र षड्यन्त्र गर्नेहरूले प्रगति गरेको नेपाली समाजको सामाजिक अवस्थालाई प्रस्तुत गरिएको छ । **डरछेरुवा** शीर्षकको हाइकुमा भने अर्काको इसारामा पलकझपट गर्ने र जनतालाई सूचनाको हकबाट बन्चित राखी लुकीछिपी षड्यन्त्रको जाल बुन्नेहरूको काँतर प्रवृत्तिप्रति व्यङ्ग्यको प्रस्तुति छ । नेपालको तरल राजनीतिक अवस्थाको चित्रण गर्दै कुनै राजनीतिक पार्टीले आफ्नो ठोस उद्देश्य निर्माण गर्न नसकेको र एकले अर्काको नीति र योजनालाई फेरबदल गरी जनतामा शासन गर्न खोजेको घिनलाग्दो परिपाटीको प्रस्तुति **हाल** शीर्षकको हाइकुमा छ । **फोहोर** शीर्षकको हाइकुमा नेपाली

समाजलाई कयौं हानिकारक तत्त्वले जकडिरहेको अवस्थाको चित्रण गर्दै परिवर्तनका निम्ति बाढीरूपी सङ्घर्ष गर्नुपर्ने मूलभावलाई प्रस्तुत गरिएको पाइन्छ । **विस्मृति** शीर्षकको हाइकुमा बाटो बिराएर हत्याहिंसाको गलत बाटामा हिँडेका मानिसहरू आफ्ना विध्वंसकारी हतियार फाली सही बाटोमा आउनुपर्ने भावलाई प्रस्तुत गरिएको छ । **विकर्षण** शीर्षकको हाइकुमा आकर्षण गर्ने तत्त्वको अभाव भएपछि बाहिरी सिँगारपटारले मात्र अरूलाई आकर्षित गर्न नसकिने भावलाई प्रस्तुत गरिएको छ भने परिवर्तनका निम्ति थालिएको सङ्घर्ष उद्देश्य पूरा नभई थाम्नु वा रोक्नु हुँदैन भन्ने क्रान्तिकारी चेतनालाई मूलभावका रूपमा **रोक** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **बन्दुके** शीर्षकको हाइकुमा बन्दुकको भरमा शक्तिशाली ठानिन खोज्नेहरूको अन्त्य पनि त्यही बन्दुककै कारणले हुने हुनाले बन्दुक बोक्नेले अरूलाई मात्र त्रास दिने होइन, आफू पनि त्रसित भएर बाँच्नुपर्छ भन्ने भावलाई प्रस्तुत गरिएको छ । **झाँक्री** शीर्षकको हाइकुमा झाँक्रीको कमाइले कुनै रोगीको उपचार नहुने सत्यलाई अघि सार्दै भाषणको भरमा मात्र राष्ट्रको उन्नति नहुने र उन्नतिका निम्ति खास कार्य सम्पादन गर्नुपर्ने भावको प्रस्तुति छ । **फुस्सा** शीर्षकको हाइकुमा विकास र निर्माणका लागि जे जति कामहरू भएका छन्, ती सबै काम सफल नहुनुको मूल कारण भागबन्डा र कमिसनतन्त्र हो भन्ने यथार्थतालाई मूलभाव बनाइएको छ । **नसा** शीर्षकको हाइकु भ्रष्ट आचरणको असर केही समयपछि मात्र देखिने भएकाले त्यस्ता अनैतिक र अश्लील क्रियाकलापमा फस्नु किमार्थ राम्रो होइन भन्ने चेतनालाई प्रस्तुत गर्न सफल छ । **कमाइ** शीर्षकको हाइकुमा कमाइ गर्न पाइने प्रलोभनमा चाकडी र चाप्लुसीमा लागे पनि मौका नपर्दा हात लागी शून्य हुन्छ भन्ने भावलाई प्रस्तुत गरिएको छ भने **दाउ** शीर्षकको हाइकुले अवसरवादी राजनीतिमा डुबेका नेताहरू सधैँ मौकाको खोजीमा रहने र मौका पर्ने बित्तिकै एकले अर्कोलाई घात गरेर अर्कैसँग सहकार्य गर्ने नेपालको राजनैतिक परिवेशलाई प्रस्तुत गरेको छ । **सिलो** शीर्षकको हाइकुमा नेपालका राजनीतिक पार्टीका नेताहरू मौका मिल्ने बित्तिकै आफ्नै पेट भर्ने र पार्टी चलाउन जनता र कार्यकर्तासँग चन्दा असुली गर्ने परिपाटीको प्रस्तुति छ भने विगतको आफ्नो अवस्थामा स्वार्थका कारणले परिवर्तन भएपछि दङ्गदास हुने गरेका नेपाली नेताको वास्तविकता पत्ता लगाउन विगतलाई मूल्याङ्कन गर्नुपर्ने भावलाई **तौल** शीर्षकको हाइकुमा व्यक्त गरिएको पाइन्छ । **भक्त** शीर्षकको हाइकुमा नातावाद र कृपावादको चपेटामा परेको नेपालको सामाजिक तथा राजनीतिक अवस्थाको चित्रण गरी नेताको उत्तरोत्तर प्रगति हुने गरेको तर कार्यकर्ताको हविगत जस्ताको तस्तै रहेको भावलाई प्रस्तुत गरिएको छ । **घुर्की** शीर्षकको हाइकु बेढङ्गे नेताहरूले अरूलाई घुर्की लगाउने ताल न बेतालको कार्य गर्ने गरेको यथार्थतालाई प्रस्तुत गरी आफू पनि राम्रो कार्य नगर्ने र अरूका राम्रा कार्यको समर्थन पनि नगर्ने परिपाटीलाई प्रस्तुत गर्न सफल छ । **गाली** शीर्षकको हाइकुमा आफूले केही गर्न नसकेका नेपालीहरू आफ्ना पितापुर्खाको पौरखमा बाँचिरहे पनि तिनै पितापुर्खालाई सत्तोसराप गर्न नछाडेको भावलाई प्रस्तुत गरिएको छ भने **योग्यता** शीर्षकको हाइकुमा नेपाल र नेपालीको अस्तित्व, स्वाभिमान र स्वतन्त्रताका निम्ति दिलोज्यान दिने सपूतहरूलाई अयोग्यताको तक्मा झुन्ड्याउनु गलत भएको भावलाई प्रस्तुत गरिएको छ । **लडाकु** शीर्षकको हाइकु प्राणको आहुति दिएर परिवर्तन र सङ्घर्षका निम्ति हिँडेका मानिसहरूलाई अनाहकमा जिस्काउनु नहुने र गुण नदेख्नेहरूले त झन् जिस्क्याउन नै हुँदैन भन्ने भाव प्रस्तुत गर्न सफल छ भने **गिदी** शीर्षकको हाइकु ठुला-ठुला

सत्तासीन फर्सी टाउकेहरूको ज्ञान, बुद्धि र विवेकले सही समयमा सही निर्णय गर्न नसकेको हुनाले प्रगति र उन्नति नहुने हुँदा फर्सी टाउकेको चिन्तन र विचार परिवर्तन हुन आवश्यक छ भन्ने भावलाई प्रस्तुत गर्न सफल छ । **स्मृति** शीर्षकको हाइकुमा देश र जनताका बारेमा जे जति घटनाहरू घटेका छन्, तिनीहरूलाई बिर्सियो भने पुनः त्यसबाट चोट सहनुपर्ने भावलाई प्रस्तुत गरिएको छ । **खोजी** शीर्षकको हाइकुमा स्वतन्त्रताका निम्ति सङ्घर्ष गर्ने नेपालीकै हविगत पराधीनताले जकडिएको छ भने अरू जनताको अवस्था कस्तो होला भन्ने भावको प्रस्तुति छ । **बोली** शीर्षकको हाइकुमा वर्तमान अवस्थाका नेपालका नेताहरूको बोलीको कुनै ठेगान नभएको र अर्धसिल्ली अवस्थामा पुगेर आफ्नो उद्देश्य र गन्तव्य बिर्सी अनायास बर्बराउन थालेको यथार्थतालाई प्रस्तुत गरिएको छ । कुनै किसिमको क्षमता नभएका मानिसहरू हिरो बन्न खोज्नु निरर्थक छ भन्ने भाव **हिरो** शीर्षकको हाइकुमा प्रस्तुत छ । **थुप्रो** शीर्षकको हाइकुमा जन्मनु र मर्नु प्रकृतिको नियम हो । यस नियमबाट कोही पनि बञ्चित रहन सकेको छैन । त्यसकारण भैतिक शरीरलाई प्राथमिकता दिएर शरीर पोस्ने मात्र काम गर्नुको कुनै अर्थ छैन बरु जीवन रहुन्जेल अमरत्व हुने काम गर्नुपर्छ भन्ने भावलाई प्रस्तुत गरिएको छ । **मुस्कान** शीर्षकको हाइकुमा कसैको मुस्कानबाट प्रभावित भएर रहस्य खोतल्ने प्रयास गरिए पनि कुटिल मुस्कानको रास खोतल्न नसकेको भावलाई प्रस्तुत गरिएको पाइन्छ । **वंश** शीर्षकको हाइकु वंशानुगत रूपमा खराब क्रियाकलाप गर्ने गरेकाहरूले मुखले एक थोक भने पनि अरूलाई दुःख दिने, शोषण, दमन र अदृश्य ढङ्गबाट हत्याहिंसा गर्न सक्ने मूलभावलाई व्यक्त गर्न सफल छ । **खेती** शीर्षकको हाइकु किसानले जीविकोपार्जनका निम्ति खेती गरे झैँ सर्परूपी नेताहरू भ्रमको खेती गरेर आफूलाई वरिष्ठ बनाउन खप्पिस बनेको सत्यलाई प्रस्तुत गर्न सफल छ । **मजा** शीर्षकको हाइकुमा कतिपय कुराहरूले उपयोग गरेर भन्दा हेरेर नै आत्म सन्तुष्टि दिने भावको प्रस्तुति छ भने **तृष्णा** शीर्षकको हाइकु यथार्थमा आजको मान्छे रमाएर बाँच्न नपाएको सत्यको उद्घाटन गरी आनन्दमय जीवन बाँच्ने मानवीय कल्पना साकार हुन नसकेको भाव प्रस्तुत गर्न सफल छ । **जिन्दगी** शीर्षकको हाइकुमा मानिसको जीवन अनुकूल वातावरणमा आनन्दमय र प्रतिकूल वातावरणमा दुःखकर बन्ने हुनाले समयलाई चिन्न सके मानवको जीवन सफल हुने भावलाई प्रस्तुत गरिएको छ । जिम्मेवारी बहन गर्नु नपर्दा मानिसलाई जति सजिलो हुन्छ, त्यति सजिलो जिम्मेवार बहन गर्दा भने नहुने भावलाई **फन्दा** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **क्रम** शीर्षकको हाइकुमा भन्नेहरूले जेसुकै भने पनि सत्ता र शक्ति भएका मानिसहरूले कसैको कुनै वास्ता गर्दैनन् र आफ्नो उद्देश्य अनि लक्ष्यलाई राम्रो होस् या नराम्रो त्यसको पर्वाह गरिँदैन भन्ने भावलाई प्रस्तुत गरिएको छ । **नमिठो** शीर्षकको हाइकुमा बलवान्, धनवान् र शक्तिवान् मानिसहरू सानातिना मानिसको चुनौतीको बेवास्ता गर्दै अघि बढिरहन्छन् भन्ने भावलाई प्रस्तुत गरिएको छ भने **फुर्ती** शीर्षकको हाइकुमा वास्तविकता लुकाउन अवास्तविकताको सहयोग लिएर गरेको कार्यको कुनै अर्थ नरहने भावलाई प्रस्तुत गरिएको छ । अर्काको दुःख, कष्ट र परिश्रममाथि रजाइँ गर्नेहरू आवश्यकीय सजायका भागिदार हुनुपर्छ भन्ने भावलाई **मोज** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको पाइन्छ । **हि हि** शीर्षकको हाइकुमा विध्वंसकारी चिन्तन भएका मानिसहरूले राम्रो कार्य पनि गर्दैनन् र अरूलाई पनि गर्न दिँदैनन् भन्ने भावलाई प्रस्तुत गरिएको छ भने **गफ** शीर्षकको हाइकुमा वर्तमान नेपालका नेताहरूको चरित्रलाई प्रस्तुत गरी जो अगुवा उही बाटो हगुवा बन्न लागेका नेताको

व्यवहारबाट जनताले पाठ सिक्नुपर्ने भावलाई प्रस्तुत गरिएको छ । संसारका हरेक वस्तु र पदार्थमा हुने परिवर्तन प्रकृतिको नियम हो तर मौसम परिवर्तन भएर पनि प्राकृतिक परिवर्तनका लक्षणहरू नदेखिएकोले अशुभ भएको भावलाई **वहार** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ भने **मति** शीर्षकको हाइकु मानिसको मति बिग्रिएपछि अनावश्यक कार्यमा मन जाने र मानिसले मृत्युलाई वरण गर्न सक्ने सम्भावना प्रस्तुत गर्न सफल  छ । **खबरदार** शीर्षकको हाइकुमा परिश्रमको माध्यमद्वारा जीवन निर्वाह गर्ने मानिस बसोबास गरेको क्षेत्रमा त्रास दिने मनसाय बोकेका मानिसलाई प्रवेश गर्न रोक लगाइएको भावलाई व्यक्त गरिएको छ । **ठट्टा गर्ने** शीर्षकको हाइकुमा जनयुद्धका नाममा मार्ने र मर्ने जुन खेल खेलियो, त्यस खेलको परिणाम देख्न नसकिएकोमा त्यो खेल रमाइलो वा मनोरञ्जनका लागि मात्र खेलाइएको थियो त भनी खेलका नाइकेहरूलाई प्रश्न गरिएको छ । **पुरस्कार किन** शीर्षकको हाइकुमा समाजमा खराब तत्त्वहरूलाई हुरी बनी उडाएर लैजानु पर्नेमा तिनै खराब तत्त्वलाई प्रतिस्पर्धामा उतारी इनाम र पुरस्कार दिने गरेको कार्यप्रति व्यङ्ग्य गरिएको छ । **माडीको दुःख** शीर्षकको हाइकुमा चुनावी माहोललाई आफ्नो पक्कडमा ल्याउन पश्चिम चितवनका जनतालाई नेताहरूले मगै र रिउ नदीले दिने गरेको समस्या समाधान गर्ने फोस्रो आश्वासन बाँड्ने गरेको यथार्थलाई प्रस्तुत गर्दै नेताका भाषणलाई विश्वास गर्न नहुने भावलाई प्रस्तुत गरिएको छ । **सत्य बोध** शीर्षकको हाइकुमा असत्यको बाटोमा हिँडेर गलत क्रियाकलाप गर्ने मानिसहरू हामी सत्य कार्य गर्ने मानिस हौँ भनी परिवर्तन भए झैँ गर्ने नेताहरूले सत्य नबोली झुटको खेती गरेको यथार्थ प्रस्तुत गर्दै सबैको विश्वास जित्न सत्य बोल्नुपर्ने भावलाई प्रस्तुत गरिएको छ । **बाँदर मुढे १** शीर्षकको हाइकुमा जनयुद्धको समयमा तत्कालीन ने.क.पा. माओवादीका कार्यकर्ताले चितवन जिल्लाको बाँदरमुढेमा यात्रुवाहक बसमा बम बिस्फोट गराएपछि जति जनधनको क्षति भएको थियो, त्यस कार्यलाई पागलपनको संज्ञा दिँदै त्यो कार्य अमानवीय भएको भावलाई प्रस्तुत गरिएको छ भने **बाँदर मुढे २** शीर्षकको हाइकुमा माओवादी जनयुद्धको समयमा बाँदर मुढेमा होस् वा अन्त कतै जुन-जुन मानिसले बिनाकारण मृत्युवरण गर्नुपर्‍यो, ती मानिसको मृत्युको औचित्य पुष्टि नभएको र निरपराध जनताको मृत्युले दुःखी बनाएको भावलाई अभिव्यक्त गरिएको छ । मधेसका मुद्दाहरू उठाएर क्रान्ति गर्नेहरूलाई कुन रूपमा सम्बोधन गर्ने भन्ने निष्कर्ष निकाल्न नसकेको भावलाई **सेकाउने** शीर्षकको हाइकुमा अभिव्यक्त गरिएको छ भने **डेट एक्सपाएर** शीर्षकको हाइकु चिकिस्सा शास्त्रमा देखिएको लापरबाहीलाई देखाउँदै डाक्टरहरू पनि बिरामीहरूलाई उपचार गर्ने वहानामा म्याद नाघेका औषधि खुवाउनसम्म पछि नपर्ने यथार्थलाई प्रस्तुत गर्न सफल छ । **नायक** शीर्षकको हाइकुमा जुन थालमा खायो त्यही थालमा थुक्ने नेपालका नेताहरूको प्रवृत्तिलाई अभिव्यक्त गर्दै आफूलाई आफै सर्वश्रेष्ठ ठान्ने क्षमताहीन नेताहरूको नालायकीपनलाई अभिव्यक्त गरिएको छ । नेपालको राजनीतिमा नेताको सत्तालिप्सा चरित्रप्रति व्यङ्ग्य गर्दै कुकर्मको फल भोग्दा पनि चेतना नफर्केको भावलाई **च्याल** शीर्षकको हाइकुमा अभिव्यक्त गरिएको छ भने **चाह** शीर्षकको हाइकुमा जस्तो कर्म गर्‍यो, त्यसको प्रतिफल सोही अनुसार हुने सत्यको बेवास्ता गरी विष रोपेर अमृतको आशा गर्ने नेपाली जनमानसको चाहनाप्रति व्यङ्ग्य गरिएको छ । **प्रश्न** शीर्षकको हाइकु बाटो बिराएर असत्यको बाटोमा हिँडेको बोध नभएको कारण आफू हिँडेको बाटो चाहिँ सधैँ सत्य र राम्रो देख्ने र अरू हिँडेको बाटो चाहिँ असत्य र नराम्रो देख्ने नेताको चिन्तन प्रस्तुत गर्न सफल छ भने

**घमण्ड** शीर्षकको हाइकुमा नेपाली राजनीतिमा देखिएको अहमतावादी चिन्तन र नेताको घमन्डीपनलाई अभिव्यक्त गर्दै आफ्ना अडानलाई नछोड्ने र समझदारीमा नआउने प्रवृत्तिका प्रस्तुति छ । **व्यथा** शीर्षकको हाइकुमा जनतालाई विभिन्न किसिमका आश्वासन बाँडेर भोट समेटी आफ्नो स्वार्थ सिद्ध गरेपछि सम्पूर्ण कसम बिर्सिने नेपालका नेताको चरित्रलाई उदाङ्गो पार्दै काम नगरी सम्मान खोज्ने उपहास योग्य नेताका कर्मप्रति व्यङ्ग्यको प्रस्तुति छ । **धरहरा** शीर्षकको हाइकु आफूलाई सर्वश्रेष्ठ ठान्ने र उच्च चिन्तन बोकेको महसुस गरेका मानिसहरूको अवस्था नाजुक बन्दै गएको सन्दर्भलाई मूल भावका रूपमा प्रस्तुत गर्न सफल छ । देश र जनताको उन्नति र प्रगति गर्नुपर्ने सांसदहरू व्यक्तिगत स्वार्थलाई पूरा गर्न शक्तिको दुरुपयोग गर्दै सामर्थ्यले भ्याएसम्म आफ्नो भुँडी भर्न तल्लीन रहेको भाव **गोरु** शीर्षकको हाइकुमा अभिव्यक्त छ । **कलंक** शीर्षकको हाइकुमा अवसरको खोजीमा बर्बराउने नेताको चरित्रलाई चित्रण गर्दै वर्तमान अवस्थाका नेताहरू स्वार्थी प्रवृत्तिका कारण कलङ्कित भएको भावलाई प्रस्तुत गरिएको छ भने **उज्यालो** शीर्षकको हाइकुमा परिवर्तनको अनुभव गर्नुपर्ने मान्छेले अनुभव गर्न नपाएको भावलाई अभिव्यक्त गरिएको छ । **पीडा** शीर्षकको हाइकु कथाकारले जीवन र जगत्का घटनासँग मेल खाने गरी कथालाई रोचक बनाएझैं नेपाली जनताका व्यथाहरू रोचक र घोचक भए पनि त्यसतर्फ कसैले ध्यान दिन नसकेको भावलाई अभिव्यक्त गर्न सफल छ । **विखण्डन** शीर्षकको हाइकुमा समयको अन्तरालसँगै मानिसका विचारहरू पनि खण्डित हुँदै गएको यथार्थलाई प्रस्तुत गर्दै विखण्डनले कसैको पनि भलो नहुने भावलाई प्रस्तुत गरिएको छ भने **गोष्ठी** शीर्षकको हाइकुमा काव्यशक्तिको पहिचान हुने ठाउँ कवि गोष्ठी भएको हुनाले समीक्षक र समालोचकले काव्यलाई तौलने, ठोक्ने र बोक्ने हुनाले धातुलाई आरनमा हालेपछि जसरी धातुको गुणात्मक पहिचान हुन्छ, त्यस्तै गरी काव्यको सही मूल्याङ्कन गोष्ठीले गर्दछ भन्ने भावलाई अभिव्यक्त गरिएको छ । क्षमताहीन व्यक्तिले उपयोगी कार्य वा परोपकारी कार्य गर्न सक्दैन बरु बिनाकारण हानी नोक्सानि मात्र पुऱ्याउन सक्छ भन्ने भावलाई **सञ्चय** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **पैँचो** शीर्षकको हाइकुमा कविहरू सम्मानका भोका हुने कुरा बुझेर कृति र काव्यको गुणात्मक विकास नभई कविहरूलाई सम्मान गरिने कार्यप्रति व्यङ्ग्य गरिएको छ भने अव्यक्त योजना, नीति र कार्यशैलीले खासै असर नपार्ने हुनाले क्षमता भए पनि अनुपयोगी हुन्छ भन्ने भाव **गिदी** शीर्षकको हाइकुमा व्यक्त गरिएको छ । **व्यवहार** शीर्षकको हाइकुमा नेताहरूको नातावाद, कृपावाद र पार्टीवादको हास्यास्पद क्रियाकलापले पुष्टि गरेको अभद्रताले संसारै हँसाएको कटु यथार्थलाई मूल भावका रूपमा अभिव्यक्त गरिएको छ । नेपाली नेताले देशलाई निकास दिन नसकेको र अन्योलग्रस्त अवस्थामा देशलाई छोडेर नेताहरू पन्छिन खोजेको अवस्थालाई चित्रण गर्न **बिसौनी** शीर्षकको हाइकु सफल देखिन्छ । **आरोप** शीर्षकको हाइकु ढाँट, छल र कपटको भरमा दुनियाँलाई ढाँटेर शासन गर्ने स्वार्थी मानसिकता बोकेका नेताहरूले केही गल्ती भइहाले पनि त्यसलाई स्वीकार नगर्ने र बेफ्वाँकमा अरूलाई आरोप लगाई पन्छिने गरेको कुकृत्यलाई अभिव्यक्त गर्न सफल छ । **सोचाइ** शीर्षकको हाइकुमा घटना घटिसकेपछि मात्र थाहा पाउने अदूरदर्शी नेताहरूको सुस्त मनस्थितिको चित्रण गरिएको छ । **विभेध** शीर्षकको हाइकुमा देशमा लोकतान्त्रिक गणतन्त्रको अभ्युदय हुन लाग्दा पनि समाजमा अझै विभेदकारी व्यवहार रहेको सत्यलाई स्मरण गराउँदै आफ्नो स्वार्थ पूर्ति गरिसकेपछि भेदभाव गर्ने गरेको भावलाई प्रस्तुत गरिएको छ ।

मानिसको उमेर बुढो नहुने यथार्थ र यौन मनोविज्ञानका माध्यमबाट मानिसमा अदृश्य रूपमा यौन आकर्षणका भावहरू लुकेका हुन्छन् भन्ने भावलाई व्यक्त गर्न **जवानी** शीर्षकको हाइकु सफल छ । **गर्भ** शीर्षकको हाइकुले भुटको खेती गरेर जनतालाई केही उपलब्धि दिन नसकिने सत्यको उद्घाटन गरी भुटले कसैको भलो नहुने भावलाई व्यक्त गरेको छ । **लोभी** शीर्षकको हाइकुमा परावलम्बी प्रवृत्तिका मानिसले मात्र लालसाको चाहना राख्दछन् तथा चाकडी, चाप्लुसी, नातावाद र कृपावादको सहारा लिएर आफ्नो स्वार्थ पूरा गर्दछन् भन्ने भावलाई अभिव्यक्त गरिएको छ । **लोकतन्त्र** शीर्षकको हाइकु सत्ता र शक्तिको निम्ति लोकतन्त्रको फोस्रो नारा लगाएर निमुखा जनतालाई भुटो बोली कुर्सीमा आफ्नो वर्चस्व कायम राख्ने नेताको चरित्रलाई चित्रण गर्न सफल छ । **धज्जी** शीर्षकको हाइकुमा देश र जनताको स्वतन्त्रता, स्वाधीनता, विकास र उन्नतिका सबै पक्षलाई बेवास्ता गरी नेपाली नेताहरूले व्यक्तिगत स्वार्थ र राजनीतिक स्वार्थपूर्ति गर्ने जुन कार्य गरेका छन्, त्यस कार्यप्रति व्यङ्ग्य गरिएको छ । **गोला** शीर्षकको हाइकुमा राजनीतिक परिवर्तनपछि अन्य देशमा सिर्जना भएको जस्तै कठिन अवस्था हाम्रो देश नेपालमा पनि सिर्जना भएको र यस्तो परिस्थितिमा पनि कोठाको परिधिभित्र निर्णयकारी भूमिका निर्वाह गर्ने राजनीतिक परिपाटीले उन्मुक्तिको वातावरण सिर्जना हुन नसक्ने भएकाले खुल्ला रूपमा छलफल गर्नुपर्ने भावलाई अभिव्यक्त गरिएको छ । **भनाइ** शीर्षकको हाइकुमा 'काग कराउँदै छ पिना सुक्दै छ' भन्ने नेपाली उखान नेपाली जनमानसमा चरितार्थ भएको भावलाई अभिव्यक्त गर्दै भन्नेहरूले भनेका कुरा मान्नेहरूले मान्न छोडेको वास्तविकतालाई व्यक्त गरिएको छ । **भारा** शीर्षकको हाइकुमा कतिपय कविहरूले सम्मेलनमा सहभागिता जनाउने रहरले मर्मरहित कविताको रचना गरी गाल टार्ने कार्य गर्ने गरेको परिपाटीप्रति व्यङ्ग्य गरिएको छ । **प्रारब्ध** शीर्षकको हाइकुले गरिब र निमुखा जनतालाई बेवास्ता गर्ने सरकारको लापारबाही र मुर्ख्याइँको कार्य सुरु भएको भावलाई प्रस्तुत गरेको छ । **धाक** शीर्षकको हाइकुमा मानिसमा आतङ्क सिर्जना गरी फाइदा लुट्ने प्रवृत्ति बढेर गएको भावलाई प्रस्तुत गरिएको छ । **डकार** शीर्षकको हाइकुमा मानिसहरूको देखावटीपनप्रति व्यङ्ग्य प्रहार गर्दै मानव समुदायमा देखिएको स्वार्थी प्रवृत्ति र धुर्त्याइँले कसैको भलो नहुने भावको प्रस्तुति छ । दुर्गम ठाउँका मानिसहरूको अवस्था दिनानुदिन असहज अनि असुरक्षित बन्दै गएको र यो कहाँ, कहिले र कसरी टुङ्गिने हो भन्ने निश्चय नभएको भावलाई **गन्तव्य** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **व्यवसाय** शीर्षकको हाइकुमा साहित्यको सिर्जना कला र जीवनको लागि गरिने विश्वव्यापी मान्यता भए पनि वर्तमानका कविहरूले आर्थिक उन्नतिका लागि कविता लेख्न थालेको भावलाई प्रस्तुत गरिएको छ । **भक्त** शीर्षकको हाइकुमा वर्तमान अवस्थामा मानिसले स्वार्थसिद्धिका लागि मुखले एक थोक भने पनि व्यवहारमा अर्कै कार्य गर्ने गरेको र देखाउन चाहिँ भक्त बने जस्तो गर्ने गरेको व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । **पगरी** शीर्षकको हाइकुमा वर्तमान अवस्थाको नेपालको शिक्षा प्रणालीले किताबी ज्ञान मात्र दिन सकेको र मानिसमा हुनुपर्ने व्यावहारिक ज्ञानको सिर्जना गर्न नसकेको भाव प्रस्तुत गरी अव्यावहारिक शिक्षा ग्रहण गरेर कुनै महत्त्व नहुने भावलाई प्रस्तुत गरिएको छ । **भविष्य** शीर्षकको हाइकुमा नेपालका नेताहरूको मुखले जे जसो भने पनि व्यवहारमा प्रगतिको कुनै लक्षण देख्न नसकिएकोले देश र जनताको भविष्यप्रति चिन्ताको प्रस्तुति छ । **पति** शीर्षकको हाइकुमा उपल्लो ओहदामा बसेर देश र जनतामाथि शासन गर्ने, सुरक्षा अनि संरक्षणको

जिम्मेवारी बहन गर्नेहरू देशप्रति जिम्मेवार बन्न नसकेको र घर परिवारमा मात्र सीमित हुन पुगेको भावलाई प्रस्तुत गरिएको छ । **झोली** शीर्षकको हाइकु समय बितिसक्दा पनि केही उपलब्धि नपाएकोमा देशका जनता कष्टकर जीवन बिताउन विवश भएको भावलाई प्रस्तुत गर्न सफल छ । **सात फिटे** शीर्षकको हाइकुमा फोहोरमा मूला फस्टाए झैँ नेपाली राजनीतिमा नेताहरू फस्टाउन सफल भए पनि देशको उन्नति र प्रगतिमा कुनै फलिफाप हुन नसकेकोले यसबाट कसैको भलो नहुने भाव छ । **गन्ध** शीर्षकको हाइकुमा नेपालको राजनीति अत्यन्तै अमानवीयता, अश्लीलता, डर, त्रास, सङ्कोच र दुर्गन्धले भरिएको भावलाई प्रस्तुत गरिएको छ । **संकट** शीर्षकको हाइकुमा राजनीतिको खेलमा शक्ति क्षीण भएपछि आइपर्ने सङ्कट अत्यन्तै भयावह हुन सक्ने भावको प्रस्तुति छ । **बजार** शीर्षकको हाइकुमा निहत्था नेपाली जनता नेताका निम्ति दास सरह भएको तथा जनताका दुःख र समस्याका आवाजहरू राजनीतिको बजारमा कसैले सुन्न नसकेकोले जनताको मूल्य र मान्यताको बेचबिखन भएको भावलाई प्रस्तुत गरिएको छ । **धून** शीर्षकको हाइकुमा शोषण र दमनको चपेटामा परेका मानिसहरूले उन्मुक्तिका लागि गरेको प्रयास निष्काम भएको भावको प्रस्तुति छ । **कोल** शीर्षकको हाइकु अर्थहीन कार्य र अयोग्य स्थानको कर्मले मानिसलाई योग्य र सफल बनाउन नसक्ने हुनाले देश, काल र परिस्थिति अनुरूप मानिसले कार्य सम्पादन गर्न सिक्नु र सिकाउनु पर्ने भावलाई प्रस्तुत गर्न सफल छ । **उद्योग** शीर्षकको हाइकुमा नेपालको औद्योगिक विकास हुन नसक्नुको मुख्य कारक तत्त्व देशको राजनीतिक अवस्था र राष्ट्रिय नीति रहेको भावलाई प्रस्तुत गरिएको छ । **छुट** शीर्षकको हाइकु नेपालका नेताहरूले जनतासँग झुटो बोलेर राष्ट्रको ढिकुटी रित्याउने जुन कार्य गरेका छन्, त्यस्ता नेताहरूलाई जनताले माफ गर्न नसक्ने भावको प्रस्तुति छ । **बास** शीर्षकको हाइकुमा नेपालमा अव्यवस्थित र असुरक्षित ढङ्गबाट यातायातका साधनहरूको प्रयोगले भएका र हुनसक्ने ठुला-ठुला घटना र जनधनको क्षतिलाई रोक्न ठुला र खुल्ला सडक निर्माणले मात्र असम्भव भएको हुनाले व्यवस्थित सवारी साधनको प्रयोग गर्ने परिपाटी आवश्यक भएको भावलाई प्रस्तुत गरिएको छ । **मोज** शीर्षकको हाइकुमा मानिसहरू मानसिक र शारीरिक सन्तुष्टिका निम्ति जुनसुकै क्रियाकलाप गर्न पछि नहट्ने र कसैले पनि अन्तरहृदयबाट सृजित चाहनालाई रोक्न नसक्ने भावलाई प्रस्तुत गरिएको छ भने देश र जनताका निम्ति मात्र होइन कुनै पनि मनले खाएको चिज वा वस्तु प्राप्त गर्न मानिस आफूलाई बलिदान दिनसम्म तयार रहन्छन् भन्ने भावलाई **उत्सर्ग** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **रोपाइँ** शीर्षकको हाइकुमा सही वस्तुको पहिचान नगरी गरिएका कार्यले समस्या सिर्जना हुने हुनाले कार्य सम्पादन पूर्व नै उचित र अनुचितको ख्याल गरी कार्य सम्पादन गर्दा पश्चतापको भुमरीमा फस्नु नपर्ने भावलाई प्रस्तुत गरिएको छ । **हात** शीर्षकको हाइकुमा सत्कर्मी सिपालु छन् भने मात्र कार्यको परिणाम असल हुने, शक्ति र सत्ता भएर मात्र कार्य सफल हुन नसक्ने भावलाई अभिव्यक्त गरिएको छ भने **अवतार** शीर्षकको हाइकुमा राजालाई विष्णुको अवतारका रूपमा मूल्याङ्कन गरिने मान्यता भए अनुरूप जनताले राजालाई उही उच्चस्थानमा राखी मानमनितो दिएको तर राजाले सम्पूर्ण देश र जनतामा निर्वाह गर्नुपर्ने उत्तरदायित्व निर्वाह गर्न छोडेकामा रोष प्रकट गरिएको छ । **हाँस** शीर्षकको हाइकुमा आन्तरिक रूपमा जतिसुकै कुरूप र अश्लील भए पनि स्वार्थ सिद्ध गर्न सुन्दर र नक्कली स्वरूप झल्काएर स्वार्थपूर्ति गर्ने संस्कारप्रति व्यङ्ग्य गरिएको छ । **नयाँ नेपाल** शीर्षकको हाइकुमा वि.सं. २०६२/२०६३

को जनआन्दोलनपछि सम्पूर्ण राजनैतिक पार्टीले नयाँ नेपाल बनाउने आश्वासन जनतासमक्ष बाँडेर आफ्नो र पार्टीगत स्वार्थ पूरा गरे पनि राष्ट्रनिर्माणमा कुनै योगदान दिन नसकेको भावको प्रस्तुति छ । **चिन्तन** शीर्षकको हाइकु नेपालका नेताले सत्ता प्राप्तिका निम्ति देशलाई विकासको उचाइमा पुऱ्याउने हामी र हाम्रो पार्टीसँग गहकिला योजनाहरू छन् भनी प्रचार प्रसार गरे पनि उपलब्धिमूलक देन कसैले दिन नसकेको तथा कुर्सीप्रति मात्र मोह राखेको भाव प्रस्तुत गर्न सफल छ । **बानी** शीर्षकको हाइकुमा मानिसको अवसरवादी चिन्तनलाई प्रस्तुत गरी मौकाको खोजीमा यता र उता भौँतारिरहने मानवीय स्वभावलाई मूलभावका रूपमा प्रस्तुत गरिएको छ । **परिवर्तन** शीर्षकको हाइकु मानिसले अङ्गिकार गरेको सोच र चिन्तनलाई परित्याग गरी परिवर्तनका निम्ति सडकमा गरेको सङ्घर्षको सही मूल्याङ्कन हुन नसकेको भाव प्रस्तुत छ । **व्यापार** शीर्षकको हाइकुमा राजनीतिक सङ्घर्षपछि सृजित सङ्क्रमण कालमा शान्त वातावरण बिथोलिएको र अश्लीलताले जरो गाडेको हुनाले हत्या, हिंसा र आतङ्कले प्रश्रय पाएको वातावरणको चित्रण गर्दै यसको अन्त्यको लागि कसैले पहल गर्न नसकेको भावलाई प्रस्तुत गरिएको छ । **हराउँदा** शीर्षकको हाइकुमा जुन लक्ष्य र उद्देश्य लिएर सङ्घर्ष गरे पनि आज त्यही लक्ष्यलाई बिर्सिएर व्यक्तिगत स्वार्थपूर्ति गर्न थालेका राष्ट्रका नेताको व्यवहारले पीडा दिएको भावलाई प्रस्तुत गरिएको छ । **टुक्रा** शीर्षकको हाइकुमा मानवीय पीडा र लामो सङ्घर्षपछि प्राप्त उपलब्धि पनि अत्यन्तै सूक्ष्म रहेको भावलाई प्रस्तुत गरिएको छ । **छेद** शीर्षकको हाइकुमा राष्ट्रियता, स्वाभिमान र स्वतन्त्रताको खोजी गर्ने प्रयत्न गर्दा पनि कतै नभेटिएको र प्वाल परेर चुहिएको अवस्था रहेको भावलाई अभिव्यक्त गरिएको छ । **मन** शीर्षकको हाइकुमा जीवनका उकाली र ओरालीहरूमा अनेक विघ्नबाधा, अड्चन र अप्ठ्याराहरूलाई पार गर्दै घरपरिवारका निम्ति मनलाई बिचलित बनाउनु नहुने भावको प्रस्तुति छ । **तन** शीर्षकको हाइकु जीवन यापन गर्ने क्रममा अनेक कार्य सम्पादन गर्नुपर्दा समस्याको समाधान गर्न धौ धौ परेको अवस्थामा शरीर धान्न पनि मुस्किल पर्छ भन्ने भाव व्यक्त गर्न सफल छ । **वाद** शीर्षकको हाइकुमा आजको मानिसले विचार र सिद्धान्तलाई सिरानी लगाएर अलपत्र भएको यथार्थलाई प्रस्तुत गरी जिम्मेवारी पूरा गर्न नसकेकोमा वातावरण नै प्रदूषित भएको भावलाई प्रस्तुत गरिएको छ भने **धर्ती** शीर्षकको हाइकुमा नेपाली धर्तीमा जन्मिएका वीर सपूतहरूले समस्या निदान र अग्रगामी परिवर्तनका निम्ति गरेको सङ्घर्षलाई निकास दिन नसकी धर्तीलाई बिचल्ली पारेको भावलाई अभिव्यक्त गरिएको छ । **कोर्रा** शीर्षकको हाइकु स्वार्थमा ओतप्रोत भएका मानिसहरूले जीवन आफ्नो मात्र हो र अरूको जीवन जीवन नै होइन भन्ने सोचेको यथार्थलाई प्रस्तुत गरी त्यस्ता शोषकहरूको चिन्तनमा परिवर्तन ल्याउन शारीरिक तथा मानसिक यातना दिनुपर्ने भावलाई अभिव्यक्त गर्न सफल छ । नेपाली नारीको अस्मिता लुट्ने अभिजात वर्गका मानिसले विपन्न वर्गका मानिसको बाध्यताको फाइदा उठाएको भावलाई **अस्मिता** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **रूप** शीर्षकको हाइकुमा आम मानिसले सोचेभन्दा फरक देखाउने रहर बोकेर हिँडेको नेतृत्व पङ्क्तिले आफ्नो उद्देश्य पूरा गर्न नसकेकोमा हास्यास्पद अवस्था सिर्जना भएको भावलाई प्रस्तुत गरिएको छ । **छुद्रता** शीर्षकको हाइकुमा असत्य र अश्लीलताले न त विगतमा सफलता प्राप्त गर्न सकेको थियो न त भविष्यमा नै सफलता प्राप्त गर्न सक्नेछ र यसलाई कहिल्यै कसैले पनि आत्मसात् गर्न नसक्ने र नहुने भाव छ । **चाल** शीर्षकको हाइकुमा अनावश्यक समाचारले प्राथमिकता पाउँदा समयमा हुनुपर्ने कामकाज हुन

नसक्ने भावलाई प्रस्तुत गरिएको छ भने **मिलन** शीर्षकको हाइकुमा समयले डाँडो काटिसक्दा पनि असत्य कुराहरूले कहिल्यै पनि कसैको साथ नपाउने हुनाले सत्यको पक्षमा समय अनुकूल मानिसहरू हिँड्नुपर्ने भावलाई प्रस्तुत गरिएको छ । **बोली** शीर्षकको हाइकुमा सोचबिचार नगरी मन र मस्तिष्कमा जे आयो त्यही कुरा बोल्नाले मानिसले दुःख बेहोर्नुपर्ने र लज्जास्पद हार खानुपर्ने भावलाई प्रस्तुत गरिएको छ । **बिरालो** शीर्षकको हाइकुले नेपालका नेताहरू तथा उच्च ओहदामा आसीन व्यक्तिहरूको लोभी चरित्रको उद्घाटन गर्दै मानिसमा देखिएको अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य भाव प्रस्तुत गरेको छ । **मालिक** शीर्षकको हाइकुमा देशमा गणतन्त्र सङ्घारमा टेकिसक्दा पनि एकान्तमा बसेर सामन्त वर्ग र शासकहरूसँगै सहमति र निर्णय गर्ने परिपाटी कायमै भएको भावलाई प्रस्तुत गरिएको छ । **पसल** शीर्षकको हाइकुमा देश गणतन्त्रमय भए पनि मानिसहरू बेरोजगारको सिकन्जाबाट उम्कन नसकेको कारण जीवन कष्टकर भएको भावलाई प्रस्तुत गरिएको छ भने **कुरा** शीर्षकको हाइकुमा विभिन्न दाउपेचले भनिएका कुराहरू सर्वसाधारण मानिसको मस्तिष्कमा घुस्न गाह्रो भएको भावलाई प्रस्तुत गरिएको छ । जनताले खोजेको संविधान हामी मात्र दिन सक्छौँ, वास्तवमा हामी गणतन्त्र ल्याउने सच्चा क्रान्तिकारी हौँ भनी भाषण र नारा लगाए पनि व्यवहारमा नदेखिएकोले 'लाहुरे माया चाउरे पिरती' जस्तो मात्र भएको भावलाई **प्रीति** शीर्षकको हाइकुमा अभिव्यक्त गरिएको छ । **चुनाव** शीर्षकको हाइकुमा प्रजातान्त्रिक शासन व्यावस्थाको एक अभिन्न प्रणाली चुनाव हो र जनताले आफ्नो मताधिकार प्रयोग गर्ने अवसर पनि हो । चुनाव विरोधी शक्तिले दबाबपूर्ण प्रदर्शन गर्न नसके जनता चुनावमा सहभागी बन्ने भावलाई अभिव्यक्त गरिएको छ । **रहर** शीर्षकको हाइकुमा वर्तमान विज्ञान र प्रविधिको युगमा स्वार्थी मान्छेले एक्लै आफ्नो मात्र गुजारा गर्न नसक्ने र अरूलाई पनि भागबन्डा लगाउनु पर्ने बाध्यता भएको हुनाले रहर गरेर मात्र भ्रष्टाचार रोक्न नसकिने र सबैको मिलेमतोमा मात्र यो सम्भव हुने भावलाई प्रस्तुत गरिएको छ । **नियति** शीर्षकको हाइकुमा सबैलाई ध्वस्त र नाश पार्न सक्ने क्षमता सिर्जना गरेपछिको आगमनले आफ्नो भाग्य आफै निमार्ण गर्न सकिने भावलाई अभिव्यक्त गरिएको छ । **दर्शक** शीर्षकको हाइकु कसैले पनि समस्या परेको बेलामा मानवीय भावनाले सहयोग गर्नु पर्ने हो तर मानिसमा मानवीय गुण सकिइसकेको छ भन्ने भावलाई अभिव्यक्त गरिएको छ । **चोट** शीर्षकको हाइकुमा माया र पीडा भनेका दुबै मानवीय अनुभूतिका विषय हुन् तर अनुभूति नै नभएपछि यी दुबै विषयको कुनै अर्थ नहुने भावलाई अभिव्यक्त गरिएको छ । **भेटघाट** शीर्षकको हाइकुमा कुनै कार्य गर्नु पऱ्यो भने भेटघाट र चियापानमा समय खर्च गर्ने तर कुनै सफलता हात नपर्ने नेपालको राजनीतिक अवस्थालाई प्रस्तुत गरिएको छ । **नाप** शीर्षकको हाइकुमा आडम्बरपूर्ण अभिव्यक्ति दिए पनि वास्तविक रूपमा नेपालीको काँतरपन नहट्ने भावलाई प्रस्तुत गरिएको छ भने **आन्दोलन** शीर्षकको हाइकुमा विगतदेखि वर्तमानसम्म आइपुग्दा परिवर्तनका निम्ति गरिएको सङ्घर्षमा नेपाली भूमिले आफ्ना धेरै सपूतहरू गुमाइसकेको तर आशातीत परिवर्तन नदेखिएकोले सडकको सङ्घर्ष सुन्दा पनि डर लाग्ने अनि असहज अनुभूति हुने भावलाई प्रस्तुत गरिएको छ । **भीड** शीर्षकको हाइकु जनयुद्धको समयमा नेपाल प्रहरीका जवानहरूले आफ्नो ओहदा र पद्वी बढाउन नेपाली जनतामाथि ज्यादती गरेको र ज्यानसम्म लिएको भावको प्रस्तुति छ । **अभिनय** शीर्षकको हाइकुमा नेपाली राजनीतिका नाइकेहरू अचम्मै छद्मभेषी रहेको र आफ्नो स्वार्थसिद्ध गर्न जेसुकै बोल्न, जेसुकै गर्न र जस्तोसुकै बोली पनि

परिवर्तन गर्न खप्पिस रहेको भावलाई प्रस्तुत गरिएको छ । **खै** शीर्षकको हाइकुमा विश्वमा नेपालको नाम इतिहास र पुर्खाको योगदानका कारणले मात्र धानिएको यथार्थलाई प्रस्तुत गर्दै परिश्रमी र लगनशील नबन्ने हो भने कमाएको इज्जत पनि नजोगिने भावलाई प्रस्तुत गरिएको छ भने **भर** शीर्षकको हाइकुमा एकतर्फी प्रयत्न गर्नुको सट्टा चौतर्फी प्रयत्न गर्दा कतै पनि सफलता प्राप्त गर्न नसक्ने हुनाले यस्ता निश्चित उद्देश्य र लक्ष्य नभएका मानिसमाथि विश्वास गर्न नसकिने भावलाई प्रस्तुत गरिएको छ । संस्कार र संस्कृतिले भरिपूर्ण नेपालमा आफ्नोपनलाई बिर्सिएर नेपाली महिलाहरूले आफूलाई आधुनिक देखाउन शरीरै नढाक्ने गरी पहिरिएको पहिरनले विकृति भित्रिएको भावलाई **पछ्यौरी** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **छनोट** शीर्षकको हाइकुमा मानिसले पहिचान गर्न त्रुटि गर्ने गरेको र बहुआयामिक वस्तुलाई त्यागेर सङ्कुचित वस्तुमा मानिस साँगुरिएको भावलाई प्रस्तुत गरिएको छ । **थैलो थापेर** शीर्षकको हाइकुमा नेपाल देशको विकास र निर्माणको लागि विभिन्न राष्ट्रबाट अनुदान र ऋण मागेर ल्याए पनि त्यसको सही सदुपयोग हुन नसकेको, भ्रष्टाचार गरी राष्ट्रको सम्पत्ति व्यक्तिको ढिकुटीमा पुग्ने गरेको र तिनै भ्रष्टाचारी मानिसहरूले आफूलाई निकै देशप्रेमी सम्झी फुर्ती लगाउने गरेको भावलाई प्रस्तुत गरिएको छ । नेपाल देशका जनता गास, बास र कपासको निम्ति सङ्घर्ष गरेर रक्താम्य हुँदा पनि दरबारलाई थाहा नहुने गरेको विगतको संस्मरण गर्दै शासक र सरकारले जनताका मर्मलाई बुझ्नुपर्ने भावलाई **दरबार** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **आश्वासन** शीर्षकको हाइकुमा ढाँट, छल र कपटले ओतप्रोत नेपाली समाजमा जीवनको जुनसुकै निर्णय गर्दा विश्वसनीय स्थितिमा मात्र गर्नु पर्छ; अरूको बहकाउमा लाग्नु हुँदैन भन्ने भावलाई प्रस्तुत गरिएको छ । **पास** शीर्षकको हाइकुमा आफूलाई सफल बनाउन जुनसुकै गैरकानुनी कार्य गर्नु पनि बेठिक रहेको हुनाले त्यस्तो गर्न नहुने भावलाई अभिव्यक्त गरिएको छ भने **पोको** शीर्षकको हाइकुमा नेताहरूको वास्तविक भ्रष्ट आचरण र विकृत क्रियाकलापको रहस्य उद्घाटन गर्न जनता प्रमाणसहित तयार भएको तर नेताहरू सो कार्य स्वीकार गर्न तयार नभएको भावलाई प्रस्तुत गरिएको छ । **स्वदेश** शीर्षकको हाइकुमा नेपालमा अग्रगामी परिवर्तनका निम्ति लामो समयदेखि सङ्घर्ष भए पनि कुनै परिवर्तन र निमार्णका कार्यहरू हुन नसकेको र विकासले अग्रगति लिन नसकेको भावलाई प्रस्तुत गरिएको छ । **उत्खनन** शीर्षकको हाइकुमा परिवर्तनका निम्ति विकासका पूर्वाधारहरू निर्माण भएका ठाउँमा कुनै कार्य प्रारम्भ हुन नसकेको उपयोगिताहीन बनेका ठाउँहरू वर्तमानमा उपहास योग्य बने पनि भविष्यमा यसले इतिहास रच्न सक्ने आशावादी चिन्तनलाई प्रस्तुत गरिएको छ । **सुगन्ध** शीर्षकको हाइकु अश्लीलता, अपराध र अनैतिक कार्यहरू गरेर सृजित उपलब्धिमा सुयोग्य वस्तुको खोजी गर्नु बेकुफी कार्य हो भन्ने भावलाई प्रस्तुत गरिएको छ भने **शून्य** शीर्षकको हाइकुमा विभिन्न तवरबाट सहयोग प्राप्त गरेर जनता र देशको विकासको निम्ति आन्दोलन गरिएको भए पनि त्यसले कुनै उपलब्धि नदिएकोमा जनता निरास भएको भावलाई प्रस्तुत गरिएको छ । **निरन्तरता** शीर्षकको हाइकुमा जीवनमा कयौँ मोडहरू आउने, सहज र असहज परिस्थिति सिर्जना हुन्छ तथापि यो निरन्तर अगाडि बढि रहने, यसको प्रारम्भ र गन्तव्य दुबै निश्चित छ र जीवन रहुन्जेल यो निरन्तर अगाडि बढिरहने भाव छ । **ढुक्क** शीर्षकको हाइकुमा नेपाल प्रकृतिले सजिएको सुन्दर देश हो तथापि यहाँ हुने गरेको प्राकृतिक प्रकोपको चपेटामा परी कयौँ स्थानमा ठुलो जनधनको क्षति हुने गरेको थाहा पाउँदा पाउँदै पनि यसको रोकथाममा कसैले

ध्यान नदिएकोमा दुःखभावको प्रस्तुति छ । **संहार** शीर्षकको हाइकुमा भष्मासुरले जसरी आफ्नै टाउकोमा हात राखेर आफूलाई नष्ट गरेको थियो, त्यसै गरी नेपालका नेताहरूको कार्यबाट राष्ट्र नै भष्म हुने खतरा रहेको भावलाई प्रस्तुत गरिएको छ । **कामना** शीर्षकको हाइकुमा धर्म शास्त्रमा प्रतिकूल अवस्था र बेमेलको स्थितिलाई जोड्ने जुन चाहना राखिएको छ, त्यसले कसैको पनि भलो नहुने हुनाले यस्तो परिस्थिति सिर्जना गर्नु बेकुफी हो भन्ने भावनालाई प्रस्तुत गरिएको छ । **वार्ता** शीर्षकको हाइकु शान्ति प्रक्रियामा पुगी देखिएका समस्याहरूलाई समाधान गर्ने ध्येयले वार्ता र छलफल गरिए पनि त्यसबाट कुनै निष्कर्ष आउन नसकेकोमा चिन्ताको भाव प्रस्तुत गर्न सफल छ । **सर्प** शीर्षकको हाइकुमा अफापकारी वस्तुको पालन पोषण गरेर डर, त्रास र आतङ्क सिर्जना गर्नुभन्दा नतमस्तक अवस्थामा नै राख्न सके सबैको कल्याण हुने भावलाई प्रस्तुत गरिएको छ भने **बाघको छाला** शीर्षकको हाइकुमा खोक्रोवादको खोस्टो ओढेर जनतालाई दुःख र पीडा दिई व्यक्तिगत स्वार्थपूर्ति गर्ने नेताको चरित्र भएको भावलाई प्रस्तुत गरिएको छ । **अकर्मण्यता** शीर्षकको हाइकुमा आपसमा नेपालका राजनीतिक पाटीहरूले समझदारी र सम्झौता गर्न नसक्नु ठुलो भूल हो भन्ने भावलाई प्रस्तुत गरिएको छ । **भ्रान्ति** शीर्षकको हाइकु नेताको व्यक्तिगत इच्छा र अल्पज्ञानका कारण जनताले सोचेका कुराहरू पूरा हुन नसकेकोमा उनीहरू छक्क परी अब के होला ? कसो होला ? भनी आश्चर्य चकित भएको भावलाई प्रस्तुत गर्न सफल छ । **क्रान्तिका नेता** शीर्षकको हाइकुले राष्ट्र नै उथलपुथल भएको अवस्थामा हरेक नागरिकलाई समस्याले जकडेको भए पनि परिवर्तन गर्छौं भन्ने नेतालाई यस कुराले नछोएकोमा नेताप्रति व्यङ्ग्य गर्दै घृणाको भाव व्यक्त गरेको छ । **चिट्ठा** शीर्षकको हाइकुमा झुटको खेतीले आक्रान्त पारेको नेपाली समाजको चित्रण गर्दै झुटैझुटको माध्यमबाट सबैलाई स्वाहा पारी आफू मात्र भुँडी भर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **रन्दा** शीर्षकको हाइकु जहानियाँ राणा शासन कालमा जङ्गबहादुर र चन्द्रशमशेर जस्ता विभिन्न पात्रहरूको माध्यमद्वारा नेपाली जनतामाथि शोषण, दमन, अन्याय र अत्याचार निन्दनीय कार्य भएको भाव अभिव्यक्त छ । **घोडा** शीर्षकको हाइकुमा जनतामा चढी शासनको शक्तिद्वारा आफ्नो स्वार्थ पूर्ति गर्ने नेताको चरित्रलाई उदाङ्गो पार्ने भाव व्यक्त छ भने **पात्र** शीर्षकको हाइकुमा असत्यलाई साथ लिएर स्वार्थ पूरा गर्ने मानिसले एक दिन लज्जास्पद हार खानुपर्ने र निन्दनीय पात्र बन्नुपर्ने भावलाई अभिव्यक्त गरिएको छ । **झुठ** शीर्षकको हाइकुमा झुटो प्रलोभन देखाएर दुनियाँका आँखामा धुलो छर्ने नेतालाई न त कुनै सजाय दिन सकिन्छ न उनीहरूको साथ छोडेर हिँड्न सकिन्छ भन्ने भाव छ । **स्वर** शीर्षकको हाइकुमा सबैले सत्य नमानेको कुरालाई स्विकार्न नसकिने भएकोले शक्ति प्रदर्शन गरी लागु गरेका नियम वा कार्य पूरा नभई स्वतः समाप्त हुने भावलाई अभिव्यक्त गरिएको छ । **सत्ता** शीर्षकको हाइकु स्वार्थको आशक्तिपनमा डुबेका स्वार्थी नेताहरू विभिन्न नाम र स्वरूप लिएर नेपाली जनतालाई छल गरी सत्ता कब्जा गर्ने दाउमा रहेको भाव व्यक्त गर्न सफल छ । **अन्त्य** शीर्षकको हाइकुमा नानाथरी दुःखकष्ट र अनेक पीडा दिएर नेपाली जनतालाई मरणान्त अवस्थामा पुऱ्याउने नेताले कसैको भलो नगरेको भावलाई अभिव्यक्त गरिएको छ भने **लौरो** शीर्षकको हाइकुमा नेपालका नेताहरूको चरित्रलाई उदाङ्गो पार्दै स्वार्थ पूरा भएपछि नेताहरू गाउँ नफर्किने र जनताका पिरमर्कालाई भुल्ने गरेको भावलाई अभिव्यक्त गरिएको छ । **सिँगार** शीर्षकको हाइकुमा आन्तरिक रूपमा सबल र सक्षम भएका मानिसहरूलाई बाहिरी सजावटको आवश्यकता नपर्ने भएकोले निरास र

आत्मबल कमजोर भएका मानिसलाई बाहिरी रूपमा शृङ्गार गरेर मात्र कुनै उपलब्धि नहुने भावको प्रस्तुति छ । **हुरी** शीर्षकको हाइकु परिवर्तन निम्ति प्रारम्भ गरिएका कार्यले कुनै न कुनै परिवर्तनका स्वरूपहरू सिर्जना गरेर मात्र थामिने भावलाई प्रस्तुत गर्न सफल छ । **आगमन** शीर्षकको हाइकुमा समय गइ सक्दा पनि रूपान्तरणका कुनै स्वरूप नदेखिएकोमा गणतन्त्रको आगमनको कुनै औचित्य नभएको भावलाई प्रस्तुत गरिएको छ भने **कता** शीर्षकको हाइकुमा नेताले आफ्नो स्वार्थमा जनतालाई सम्झिने र भेट्ने कार्य गरे पनि स्वार्थ पूरा भएपछि जनतालाई बिर्सिने भुल नेताले गर्न नहुने भावलाई प्रस्तुत गरिएको छ । **समय** शीर्षकको हाइकु समयको महत्तालाई बुझ्न नसक्दा कतिपय कामहरू अधुरा हुने हुनाले समयमै आवश्यक र महत्त्वपूर्ण कार्यहरू सम्पन्न हुनुपर्छ भन्ने भावलाई प्रस्तुत गर्न सफल छ । **ढोका** शीर्षकको हाइकुमा निश्चित लक्ष्यमा पुग्नको लागि सही बाटोमा हिँड्नुपर्ने र चाँडो गर्नका निम्ति गलत बाटोमा लाग्न नहुने भावलाई प्रस्तुत गरिएको छ भने **निरुदेश्य** शीर्षकको हाइकुमा उद्देश्यविहीन कार्यले कसैलाई पनि लक्ष्यमा नपुऱ्याउने हुनाले स्पष्ट लक्ष्य र योजनाले मात्र उद्देश्य पूरा हुने भावलाई प्रस्तुत गरिएको छ । **बुझ्दा** शीर्षकको हाइकुमा नबुझिकन गरिएको कामले किमार्थ सफलता नमिल्ने हुनाले असफल हुने कार्यमा परिश्रम गर्नुको कुनै अर्थ नभएको भावलाई प्रस्तुत गरिएको छ । **कथा** शीर्षकको हाइकुमा पुर्खाले गरेको कार्यका आधारमा नाक ठडिएको इतिहास वर्तमानमा खोज्दा नपाइने हुनाले आफै काम गरे मात्र इज्जत बढ्ने भावलाई प्रस्तुत गरिएको छ । **फुस्सा** शीर्षकको हाइकुमा वर्तमान अवस्थामा नेता, वाद र सिद्धान्तको ज्ञानभन्दा भौतिक आवश्यकता परिपूर्ति भएर मात्र नेता बन्ने प्रवृत्तिप्रति व्यङ्ग्यको प्रस्तुति छ । **काँतर** शीर्षकको हाइकुमा आडम्बरी भावले अरूलाई त्रसित तुल्याउने उद्देश्य बनाउनु अल्लारे पारा भएको भावलाई प्रस्तुत गरिएको छ । **ओरालो** शीर्षकको हाइकु बल, बुद्धि र क्षमता नभएका मानिसहरूले प्रभुत्व जमाउन खोज्दा हास्यास्पद हुने भाव प्रस्तुत गर्न सफल छ । **मनैमात्र** शीर्षकको हाइकुमा क्षणिक आकर्षणका निम्ति गरिएका प्रयास निरर्थक रहने हुनाले अन्तरहृदयबाट कार्य सम्पादन गरे मात्र सफलता प्राप्त हुने कार्य गर्नुपर्छ भन्ने भावलाई प्रस्तुत गरिएको छ । **मखण्डी** शीर्षकको हाइकु काम गर्ने क्षमता र अवस्था नभएकाहरूले रहर गरेर मात्र हुँदैन, काम गर्ने शक्ति र सामर्थ्य भएकाले प्रयत्न गरे मात्र सम्भव छ भन्ने भाव प्रस्तुत गर्न सफल छ । **परिणाम** शीर्षकको हाइकुमा प्रकृतिको नियम विपरीत कुनै पनि प्राकृतिक घटनाले विनाशको वातावरण सिर्जना हुने भएकोले नियम विपरीत गरिएका कार्यहरूले कसैको पनि भलो नहुने भावलाई प्रस्तुत गरिएको छ भने **अभिमन्यु** शीर्षकको हाइकुमा अल्पज्ञान मृत्युको बाटो बन्न सक्ने र बढी उत्तेजना र आक्रमणले समस्याको दलदलमा फस्न सकिने भावलाई प्रस्तुत गरिएको छ । **सामन्जस्यता** शीर्षकको हाइकुमा समाजमा देखिएको विकृतिको उजागर गर्दै ज्ञानका खानी गुरु र नवयुवकको प्रतीक चेलो पनि नशामा डुबेर आफूले गर्न हुने नहुने सबै क्रियाकलापहरू गर्ने गरेको भावलाई प्रस्तुत गरिएको छ । **सभा** शीर्षकको हाइकुमा संसदीय शासन व्यवस्थामा विरोध र समर्थनको अनि बहुमत र अल्पमतको खेल खेलिने भएकोले हारजितको प्रतीक्षा गर्न रोमाञ्चक हुने भाव व्यक्त गर्दै र नेताहरूको गैरजिम्मेवारीप्रति व्यङ्ग्य गरिएको छ । **भऱ्याङ** शीर्षकको हाइकुमा सबै मिलेर आआफ्नो इच्छा पूरा गर्ने लक्ष्य लिए पनि एक समान हुन नसकेको भावलाई प्रस्तुत गरिएको छ भने **कुबाटो** शीर्षकको हाइकुमा सबै राजनीतिक पार्टीले देश र जनतालाई शासकबाट मुक्ति दिलाउने लक्ष्य लिएर पनि आ-आफ्नो

स्वार्थका लागि किनारामा लाग्नाले लक्ष्य पूरा नहुने भावलाई अभिव्यक्त गरिएको छ । **तन्त्र** शीर्षकको हाइकुले शासन र सत्ताका निम्ति राजनीतिक पार्टीले आआफ्नै धारणा अभिव्यक्त गरेर राष्ट्रमा आफ्नो अस्तित्व बनाउन थालेको भावलाई अभिव्यक्त गरिएको छ । **जस्केलो** शीर्षकको हाइकुमा स्वार्थ पूरा गर्ने उद्देश्यले केही मानिसहरू मौकाको खोजीमा बसेका तथा अवसर प्राप्त गर्ने बित्तिकै झपट मार्ने तयारीमा जुटेका हुनाले सावधान हुनु पर्ने भावलाई अभिव्यक्त गरिएको छ । **लोभी** शीर्षकको हाइकुमा अन्नको भण्डार नेपालबाट अन्न विदेशतिर जानाले आइपर्न सक्ने खतरालाई सङ्केत गरी छिमेकी देशबाट नेपाल र नेपालीले सधैँ बाँच्नुपर्ने भावलाई अभिव्यक्त गरिएको छ । **बाल हठ** शीर्षकको हाइकु फजुलमा गरिने झैझगडाले नादानीपनलाई झल्काउने र असल आचरणको विकास नहुने हुनाले त्यस्तो हास्यास्पद व्यवहारले आफूलाई नै निच देखाउने भाव अभिव्यक्त गर्न सफल छ । **समन्वय** शीर्षकको हाइकुमा नेपालका नेताहरूका बिचमा आपसी सहयोग र समन्वय नभएको यथार्थलाई प्रस्तुत गरी एकोहोरो पाराले नेताहरूले काम गर्ने हो भने कसैको भलो नहुने भावलाई अभिव्यक्त गरिएको छ । **रबर** शीर्षकको हाइकुमा जनताको ठूलो त्याग र तपस्याले ल्याएको गणतन्त्रको संरक्षण गर्नुपर्ने भावलाई अभिव्यक्त गर्दै विरोधीहरू प्रतिकूल वातावरणका कारण हालै केही गर्न नसके पनि उनीहरूबाट सधैँ खतरा रहेको भावलाई अभिव्यक्त गरिएको छ । **बालुवा** शीर्षकको हाइकु कार्य नगरी प्रतिफल प्राप्त गर्न सम्भव नभएको सत्यको उद्घाटन गरी मेहनत गरे कुनै पनि ठाउँ र काम अयोग्य नहुने भाव प्रस्तुत गर्न सफल छ । **थाहै नपाई** शीर्षकको हाइकुमा जनताको अभिमत कतातिर जान्छ, त्यो कसैले पनि भन्न नसक्ने र थाहै नपाई परिवर्तन गर्न सक्ने क्षमता नेतासँग होइन, जनतासँग हुन्छ भन्ने भावलाई प्रस्तुत गरिएको छ । **परपीडा** शीर्षकको हाइकुमा मानिसहरूले एकले अर्काको समस्या र दुःखलाई बुझ्न नसकेको यथार्थतालाई प्रस्तुत गरी परपीडालाई बोध गर्न सके मात्र सबैको भलो हुने भावलाई प्रस्तुत गरिएको छ । **दौड** शीर्षकको हाइकु प्रतिस्पर्धाको निम्ति म्याराथुनमा सहभागी बनेका प्रतियोगीहरू अशक्त र अयोग्य भएर पनि दौडिएकोमा सफलता प्राप्त गर्न नसक्ने भाव प्रस्तुत गर्न सफल छ । **ज्यानमारा** शीर्षकको हाइकुमा आजका मानिसहरूको अविश्वासिलो व्यवहार भएकाले सर्पसँग भन्दा पनि मान्छेसँग डराउनुपर्ने अवस्था सिर्जना भएको भावलाई प्रस्तुत गरिएको छ भने **हिंसा** शीर्षकको हाइकुमा वर्तमान अवस्थामा आतङ्कले प्रश्रय पाएको सत्यलाई उद्घाटन गर्दै हत्या, हिंसा र आतङ्कले गाँउ, टोल, बस्ती सबैतिर आक्रान्त पारेको भावलाई प्रस्तुत गरिएको छ । **कानेकुसी** शीर्षकको हाइकुमा कुनै काम गरेर देखाउन नसक्ने मानिस साउती मारेर फजुलमा शङ्का र अविश्वासको वातावरण सिर्जना गरी सर्वसाधारण मानिसलाई भ्रम दिन मात्र तत्पर रहेको भावलाई प्रस्तुत गरिएको छ भने **फाल्ने कि** शीर्षकको हाइकुमा देश र जनताको भलो चाहने हो भने आन्तरिक तुसलाई फालेर नेताहरूले सहमतिको राजनीति गरे विकास सम्भव छ भन्ने भावलाई प्रस्तुत गरिएको छ । **टोपी** शीर्षकको हाइकु नेपाल र नेपालीको पहिचान नेपाली टोपीको स्वतन्त्रता र स्वाधीनतामा आँच आउन लागेको खतराले नेपालीलाई चिन्तित तुल्याएको भाव अभिव्यक्त गर्न सफल छ । **शान्ति** शीर्षकको हाइकुमा शान्ति मानव कल्याणको लागि उपयोगी हुने तर मानवलाई संहार गरी सृजिएको शान्तिको आवश्यकता नहुने भावलाई प्रस्तुत गरिएको छ । **गति** शीर्षकको हाइकुमा विभिन्न चमत्कारयुक्त क्रियाकलाप गरेर मानिसले आफूलाई सर्वोत्कृष्ट सावित गर्दै गएका छन् भने केही मानिसमा नबोली गरेर देखाउने प्रवृत्ति

बढेको भावलाई अभिव्यक्त गरिएको छ । **झारा** शीर्षकको हाइकुमा मानिसमा अवसरवादी प्रवृत्ति बढेर गएको र फाइदा हुँदा वा फाइदा लिन मानिसले सम्बन्ध राख्ने गरेको र सदाका निम्ति सम्बन्ध स्थापित गर्न नसकेको भावलाई अभिव्यक्त गरिएको छ । **यही नै** शीर्षकको हाइकुले संसार अगाडि बढेर गइसकेको अवस्थामा हामी नेपालीहरू भने जहीँको तहीँ रहिरहेकामा र अग्रगामी परिवर्तनका निम्ति क्रियाशील हुन नसकेकोमा दुःख व्यक्त गरिएको छ । **प्रकृति** शीर्षकको हाइकुमा विज्ञानको अधिकतम विकास भएको र यसलाई शक्तिशाली राष्ट्रले प्रयोग गरेर मानिसको संहार गरे पनि मानिसकै विवेकहीन शक्तिको प्रयोगले मानव जातिको विकास गर्ने भावलाई अभिव्यक्त गरिएको छ । **रोकौँ कि ?** शीर्षकको हाइकुमा शक्ति र सत्ताको निम्ति हुने प्रतिस्पर्धाले राष्ट्रको हित गर्न नसकेको यथार्थतालाई प्रस्तुत गरी अफापकारी प्रतिस्पर्धालाई रोक्न सके मात्र देश र जनताको मुहार फेरिने भावलाई प्रस्तुत गरिएको छ । **ओइरो** शीर्षकको हाइकुमा नेपाल र नेपालीलाई आवश्यक शान्ति र अमनचयन हो भन्ने कुरालाई बेवास्ता गरी आर्थिक सहयोग दिएर मात्र नाम कमाउन गरिएको प्रयत्नले नेपाली जनता खुसी हुन नसक्ने भावलाई अभिव्यक्त गरिएको छ ।

**शिखरवार्ता सम्वन्धी केही हाइकुहरू** शीर्षकमा जम्मा सातवटा हाइकुहरू छन् । सम्पूर्ण हाइकुहरू शिखरवार्तासँग सम्बन्धित छन् । यिनमा वार्ताको औचित्यहीनतालाई प्रस्तुत गरिएको छ । एकअर्काका विचारको समर्थन नगर्ने र आफ्ना कुरामाथि पार्ने प्रयत्न गरेर कुनै न कुनै पात्र आफूलाई सर्वश्रेष्ठ बनाउन प्रयत्नशील रहेको यथार्थतालाई प्रस्तुत गरी नौटङ्की क्रियाकलापको पर्दाफास गरिएको छ । विदेशी शक्तिको इसारामा नाच्ने नेपालका नेताहरूको चरित्र चमत्कारयुक्त रहेको र कलाकार बन्न भुलेर नेता बनेको भावलाई अभिव्यक्त गरी नेताको नालायकीपनप्रति व्यङ्ग्य गरिएको छ ।

**देवकोटा सम्बन्धी केही हाइकु** नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटा सम्बन्धी सातवटा हाइकुहरू रहेका छन् । कुनै हाइकुमा देवकोटा जस्तै कवि बन्ने रहर रहेको भावलाई प्रस्तुत गरिएको छ भने कुनै हाइकुमा देवकोटाको अचम्मित क्रियाकलापको जानकारी गराइएको छ । कुनै हाइकुमा लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'प्रभुजी भेडो बनाऊ' शीर्षकको कविताको भावलाई आफूले पनि आत्मसात् गर्नुपर्ने कुराको जानकारी गराइएको छ । कुनै हाइकुमा नेपालीमा बढ्दै गएको आडम्बरीपनको जानकारी गराउँदै मन्त्रीहरूले पदीय दुरुपयोग गरेको सत्यको समेत उद्घाटन गरिएको छ । देवकोटालाई दाल, भात र डुकुको समस्याले सताउँदा पनि साहित्य सिर्जनामा कुनै असर नपरेको भए पनि सबैले त्यो त्याग गर्न नसक्ने यथार्थलाई प्रस्तुत गरी मानिसका न्यूनतम समस्याहरू परिपूर्ति हुनुपर्ने भावलाई समेत प्रस्तुत गरिएको छ । देवकोटाले आफूले कमाएर ल्याएको सम्पत्ति बाटाको भिखारीलाई बाँडेर हिँडे जस्तै वर्तमानको समय नभएको र अहिलेको शिक्षा प्रदान गर्न शिक्षकहरूमा थोरै ज्ञान दिने र धेरै अर्थोपार्जन गर्ने विकृति बढेको भावलाई समेत प्रस्तुत गरिएको छ ।

### ४.७.१.२ व्यङ्ग्यात्मकता

इन्द्रप्रसाद रेग्मी नेपाली समाजका एक सचेत व्यक्ति हुन् । उनले नेपालको लामो राजनीतिक

इतिहासलाई बुझ्ने र जान्ने अवसर प्राप्त गरेका छन् । रेग्मीका हाइकुहरूले शासक, जनता र सामाजिक अवस्था गरी त्रिपक्षीय सम्बन्धको कहाली लाग्दो र विकृत अवस्थामाथि व्यङ्ग्य तथा चिन्ता प्रस्तुत गरेका छन् । उनी देखे भोगेको कुरा भन्न डराउँदैनन् । साहित्यिक कृतिका माध्यमबाट समाजका विकृति र विङ्गतिप्रति आलोचना र असन्तुष्टि व्यक्त गर्दछन् । कतिपय अवस्थामा त उनी घुमाउरो पाराले भन्नुको सट्टा सोझै भनेर चित्त बुझाउँछन् भने कतिपय अवस्थामा व्यङ्ग्य प्रहार गर्दछन् । हाइकुमा पनि उनको यो प्रवृत्ति सशक्त रूपमा देखा परेको छ । उनको यस सङ्ग्रहका केही व्यङ्ग्यमूलक हाइकुका उदाहरण यसरी उल्लेख गर्न सकिन्छ :

**सिंहासन**

कुर्सीको मोह
झुटै झुटको खेती
सत्ता नै सत्य (पृ.सं.११)

**भक्त**

प्रभुकी जय
आशीर्वाद पर्खिएका
निरीह भक्त (पृ.सं.१६)

**विखण्डन**

हिजो सग्लै थ्यौं
किन खण्डित हुदैं छौं
तिमी र हामी (पृ.सं.२७)

**लाश**

गाडेको लाश
बिउताउने कामना
तिम्रो चाहाना (पृ.सं. ११)

**नयाँ नेपाल**

नयाँ नेपाल
मागी खाने भाँडो भो
सोच पुरानै (पृ.सं. ३८)

**बिरालो**

दुध ढुकेर
जिब्रो पड्काउँदै छन्
लोभीका हाँडी (पृ.सं. ४३

प्रस्तुत उदाहरणहरू नेपालको वर्तमान राजनीतिक अवस्थाको चित्रण र व्यङ्ग्य गर्न सफल छन् । नेपालमा राजनीतिक परिवर्तनका नाममा ठुला-ठुला आन्दोलनहरू भए तर आन्दोलनले सही रूपमा सफलता भने प्राप्त भएको छैन । आन्दोलनले एउटा व्यक्तिलाई सत्ताबाट हटाएर अर्को व्यक्तिलाई सत्तासम्म पुऱ्याउने काम भने गऱ्यो तर देश र जनताको पक्षमा काम गर्ने मानिसको पहिचान भने पूरा गर्न सकेन । यसले शासनको नाम परिवर्तन गर्न सक्यो तर नातावाद, कृपावाद, चाकडी र चाप्लुसीको प्रवृत्तिलाई भने परिवर्तन गर्न सकेन । नयाँ नेपालको नाममा नेताको निम्ति मागी खाने भाँडो बन्यो । नेपालमा राजनीतिले नेतालाई लासमा लुकामारी खेली स्वार्थ पूरा गर्ने लोभी बिरालो झैँ बन्न सिकायो तर देश निर्माण गर्न सिकाउन भने सकेन । यसरी नेताको स्वार्थी, प्रवृत्ति र क्रियाकलापप्रतिको व्यङ्ग्यको भावलाई रेग्मीका हाइकुहरूले सटीक तरिकाले प्रस्तुत गरेका छन् ।

### ४.६.१.३ देश, काल र परिस्थितिको चित्रण

हाइकुकार इन्द्रप्रसाद रेग्मीका हाइकुमा नेपालको राणा शासन कालदेखि लोकतान्त्रिक प्रजातन्त्र

सम्मको शासकीय व्यवस्था, देशले भोग्नु परेका पीडा, जनताको अवस्था र परिवर्तनका निम्ति गर्नुपरेको सङ्घर्षको अवस्थालाई प्रस्तुत गरिएको छ । समाज र राजनीतिमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै नेपाली जनताले झल्काएको राष्ट्रप्रेमको भावनालाई समेत यी हाइकुमा प्रस्तुत गरिएको छ । दश बर्से जनयुद्धका कारण नेपाल र नेपालीले भोग्नु परेका पीडा र बदलिँदो परिस्थितिले सिर्जना गरेको अन्योलको अवस्थालाई प्रस्तुत गरिएको छ । त्यस्तै कुनै हाइकुमा जनयुद्धकै कारण कयौँ नेपाली सपूतले ज्यान गुमाउनु परेको कहालीलाग्दो अवस्थाको संस्मरण गर्दै देश र जनताको चाहनालाई पूरा गर्न नसक्ने नेताहरूप्रति वितृष्णाको भाव छ भने कुनै हाइकुमा जनयुद्धले निम्त्याएको पीडाप्रति विरोध जनाइएको छ । कतै त जनयुद्धप्रति समर्थन गरिएको पनि छ । यस कुराको पुष्टिका लागि उनका केही हाइकुहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

**बाँदर मुढे २**

ती जो जो मरे

बिना अर्थ व्यर्थ भो

अपराध के छ ?  (पृ.सं. २४)

**उत्सर्ग**

तयारै छु म

उत्सर्गै हुन पनि

आदेश पाए  (पृ.सं. ३७)

**पलायन**

देश दुखेर

झत्झती पोलेपछि

विदेशी डेरा  (पृ.सं. ४)

**प्रश्न**

एउटा मान्छे

सपनीमा सोध्दै छ

मेरो देश खै ?  (पृ.सं. २)

यसरी उल्लिखित हाइकुका माध्यमद्वारा देश, काल र परिस्थितिको चित्रण गरी युवालाई देशप्रति समर्पित हुन र देशलाई माया गर्न सन्देश दिइएको छ भने समय अनुरूप हिड्न नसके देश ठुलो खाल्टोमा फस्ने सम्भावना रहेको भयावह अवस्थाप्रति चिन्ता प्रकट गर्दै बदलिँदो परिस्थिति अनुरूप अगाडि बढ्नुपर्ने भावलाई प्रस्तुत गरिएको छ ।

### ४.६.१.४ विविध

मुख्यतः इन्द्रप्रसाद रेग्मीका हाइकुमा राजनीतिक विषयवस्तुले ठाउँ पाएको भए तापनि दार्शनिक चेतना, विभिन्न कवि तथा काव्यप्रतिको दृष्टिकोण, महाकवि लक्ष्मीप्रसाद देवकोटा सम्बन्धी धारणा, शिखरवार्ता सम्बन्धी विषयवस्तु, शृङ्गारिकता, जीवन र जगत्का शाश्वत विविध विषय र सन्दर्भलाई समेत हाइकुमा समेटिएको पाइन्छ । यसको पुष्टिका लागि केही उदाहरण प्रस्तुत गर्न सकिन्छ :

**जिन्दगी**

आगो र पानी

यही हो जिन्दगानी

मौकाको खेल (पृ.सं. २०)

**भूपि**

पुराना भूपि

गोरुखाली भएर

जस्ताको तस्तै (पृ.सं.७)

**कवि देवकोटा सम्बन्धी केही हाइकुहरू**

३. भेडा बनाऊ

हराउन थालेँ म

मूर्खको माझ (पृ.सं. ६८)

**शिखरवार्ता सम्बन्धी केही हाइकुहरू**

४. सातोटा दल

सधैं छल र कल

भाले प्रचण्ड (पृ.सं. ६६)

**जवानी**

फेरि तिमी त

कोर्कोऱ्याउन थाल्यौ

लत्रेको सिउर (पृ.सं. ३०)

**परिणाम**

हिमाली हिउँ

तराईमा बर्सियो

सोच के होला ? (पृ.सं. ५८)

रेग्मीका हाइकुमा प्रकृतिको सुन्दर वातावरणलाई प्रयोग गर्ने ऐतिहासिक मान्यताका विपरीत हाइकु लेखी हाइकु कुनै पनि विषय र सन्दर्भमा लेख्न सकिन्छ भन्ने कुरालाई आत्मसात् गरिएको छ ।

## ४.७ निष्कर्ष

इन्द्रप्रसाद रेग्मीको पहिलो हाइकु सङ्ग्रह **बैशाखी टेकेर** राजनीतिमा केन्द्रित हाइकु हो । यसका साथै उनका हाइकुमा सामाजिक, आर्थिक, साहित्यिक र राष्ट्रिय सन्दर्भलाई पनि समेटिएको छ र धक फुकाएर विकृत्ति र विसङ्गतिमाथि व्यङ्ग्य समेत गरिएको छ । उनका हाइकुमा प्रकृति वा मौसमसँग सम्बन्धित शब्द र भाषाको प्रयोग गरिएको भने पाइँदैन । रेग्मीले ५+७+५ को हाइकु लेखन परम्परालाई आत्मसात् गरे पनि ती हाइकुहरूमा परिवेशलाई प्रस्तुत गरिएको भने छैन । यथार्थ संसारका अनेक युगजनित लक्षणहरूद्वारा मानिस मानिसले अनुभव गरेका, सोचेका र देखेका घटनालाई सम्प्रेषण गरी रेग्मीले हाइकुलाई मानवीय विचार र भावना सम्प्रेषण गर्ने अभूतपूर्व माध्यम बनाएको देखिन्छ । नेपालको राजनीतिक वितृष्णाको सन्दर्भलाई प्रस्तुत गरी सत्तासीन नेता र सामाजिक विकृतिप्रति व्यङ्ग्य, राष्ट्रप्रेमको भावना, माओवादी जनयुद्धको समर्थन र जनयुद्धका विकृतिको विरोध, ठाउँ-ठाउँमा प्रणयपरक भावना, शिखरवार्ता सम्बन्धी र महाकवि लक्ष्मीप्रसाद देवकोटा सम्बन्धी हाइकु लेखेर निजी तथा सार्वजनिक विचारलाई उनका हाइकुमा अभिव्यक्त गरिएको छ ।

**परिच्छेद-पाँच**

# उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्व अध्ययनका सन्दर्भमा अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययनको परिच्छेदगत निष्कर्ष र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

## ५.२ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन शीर्षक, शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोध शीर्षक, शोधको प्रयोजन, विषय परिचय, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा समेत उल्लेख गरिएको छ । यसका साथै यस परिच्छेदमा समस्या कथनमा आएका समस्याहरूको समाधान गर्नमा नै यो शोधपत्र केन्द्रित भएको कुरा उल्लेख गरिएको छ ।

## ५.३ दोस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेद अन्तर्गत साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी खण्ड रहेको छ । यो खण्ड उनको चिनारी खण्ड पनि हो । जीवनी शीर्षकअन्तर्गत जन्मस्थान, वंशपरम्परा, बाल्यकाल र उपनयन, शिक्षादीक्षा, विवाह तथा पारिवारिक स्थिति, आर्थिक अवस्था, आजीविका, कार्य क्षेत्रमा प्रवेश र कार्य, साहित्यिक लेखनमा प्रवेश र निरन्तरता, साहित्यिक मान्यता, सम्मान र पुरस्कार, सङ्घसंस्थामा आबद्धता, रुचि तथा स्वभाव, भ्रमण, दिनचर्या, सुखदुःखका क्षणहरू, ईश्वरप्रतिको आस्था र अन्त्यमा निष्कर्ष दिइएको छ । इन्द्रप्रसाद रेग्मीको जीवनी अनुकरणीय रहेको पाइन्छ । उनी भारतको कलकत्तामा जन्मेर दश वर्षको उमेरमा पुर्ख्यौली थलो गोरखा आएका हुन् । जीवनमा अनेक सङ्घर्ष गर्दै अध्ययन गरेर ज्ञानको ज्योति छर्ने शिक्षक र पुस्तकालय कर्मचारी भएर काम गरेका उनी साहित्य सिर्जना र राजनीतिक भूमिका निर्वाह गरेर जनताका पक्षधर तथा देशभक्त व्यक्तिका रूपमा स्थापित भएका छन् । जीवनको जस्तोसुकै सङ्घर्षपूर्ण अवस्थामा पनि आफ्नो साहित्यिक तथा व्यावसायिक क्षेत्रलाई निरन्तरता दिने कार्यको मूल्याङ्कन गर्दा उनको जीवन परिश्रमी र सङ्घर्षशील रहेको पाइन्छ ।

## ५.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार इन्द्रप्रसाद रेग्मीको बहुआयामिक व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वमा साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट चर्चा गरिएको छ । यसका साथै उनको व्यक्तित्वका विषयमा विभिन्न विद्वान्हरूको दृष्टिकोणलाई समावेश गरिएको छ । इन्द्रप्रसाद रेग्मी स्वभावले मिलनसार, प्रवृत्तिगत दृष्टिले जुझारु, हकी अनि खरा, शोषण, दमन र सामाजिक उत्पीडनका विरुद्ध जेहाद छेड्न तत्पर अग्रगमनका पक्षपाती छन् । साहित्य र राजनीति दुबै क्षेत्रमा रुचि राख्ने उनी चितवनको साहित्यिक उद्यानका एक सक्रिय मालीका रूपमा चिनिन्छन् । उनी मूलतः प्रगतिवादी साहित्यकार हुन् भने राजनीतिक दृष्टिले क्रान्तिकारी तथा साम्यवादी सिद्धान्तका दृढ समर्थक हुन् । सरल, आत्मीय र मिजासिलो स्वभावका धनी रेग्मी राजनीतिमा विचार फरक राख्नेसँग नजिकको सम्बन्ध राख्न चाहँदैनन् । यहाँ कवि, निबन्धकार, हाइकुकार, कथाकार तथा भूमिका लेखक व्यक्तित्वको परिचित भए पनि उनको विशेष योगदान भने कविता र निबन्धमा रहेको कुरा उल्लेख गरिएको छ । यस क्रममा उनका प्रकाशित कृतिहरूको सामान्य परिचय समेत यहाँ दिइएको छ । साहित्येतर व्याक्तित्वमध्ये उनलाई सम्पादक, प्रशासक, शिक्षक, सामाजसेवी, सङ्गठक र राजनीतिक व्यक्तित्वको रूपमा चिनाइएको छ । यसरी यस परिच्छेदमा उनको बहुमुखी व्यक्तित्वको चर्चा गरिएको छ ।

## ५.५ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा 'साहित्यकार इन्द्रप्रसाद रेग्मीको कृतितत्वको अध्ययन शीर्षक' रहेको छ । यसै शीर्षक अन्तर्गत साहित्यकार रेग्मीको साहित्यिक यात्रा र कृतिपरक अध्ययन विश्लेषण गरिएको छ । यहाँ साहित्यिक यात्राका क्रममा रेग्मीले प्रकाशन सुरु गरेदेखि हालसम्मको समयलाई तिन चरणमा विभाजन गरी अध्ययन गरिएको छ । तीमध्ये पहिलो चरण वि.सं.२०२६ देखि २०३६ सम्म, दोस्रो चरण

वि.सं.२०३७ देखि २०५५सम्म र तेस्रो चरण वि.सं.२०५६ देखि हालसम्म गरी देखाइएको छ । पहिलो र दोस्रो चरणमा कुनै पुस्तकाकार कृति प्रकाशित नभएको र फुटकर रचना मात्र प्रकाशित भएको पाइन्छ । तेस्रो चरण रेग्मीको साहित्यिक यात्राको उर्वर चरण मानिएको छ । यस चरणमा उनका एकैचोटि तिनवटा कृतिहरू र प्रशस्त फुटकर रचनाहरू प्रकाशित भएका छन् भने दुईवटा कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । उनका यी तिन चरणअन्तर्गतका रचनाहरूमध्ये पहिलो र दोस्रो चरणका कृतिहरूमा तत्कालीन व्यवस्थाप्रतिको असन्तुष्टिका स्वरहरू, विद्रोहात्मक भावनाको अभिव्यक्ति, समाजमा जरो गाडेर बसेका बेथिति, विकृति र विसङ्गतिको विरोध, निम्नवर्गीय शोषित, पीडित र काम गरी खाने वर्गप्रति सहानुभूति, उपल्लो वर्गले निम्न वर्गमाथि गरेको शोषण, दमनको यथार्थ चित्रण र मानवीय पीडाका आवाजलाई प्रस्तुत गर्दै नेपाली समाजका समस्यालाई उठाइएको छ । तेस्रो चरणका कृतिहरूमा वैयक्तिक जीवनका भोगाइ, निजी धारणा, नेता र नेतृत्वको व्यवहारप्रति व्यङ्ग्य, राजनीतिक परिवर्तनले उपलब्धि दिन नसकेकोप्रति खेद तथा देश र जनताको नाजुक परिस्थितिलाई प्रस्तुत गरिएको छ । माओवादी जनयुद्धको कारण सिर्जित विषम परिस्थिति र जनयुद्धको उपहास गर्ने नेताको चरित्रलाई प्रस्तुत गर्दै उनीहरूको स्वार्थी प्रवृत्तिको भन्डाफोर गर्ने काम गरिएको छ भने शाहवंशीय राजाको मनपरीले देशलाई सङ्कट आइपर्ने कुरालाई समेत सङ्केत गरिएको छ । समाजका रूढिबुढीले वर्तमानसम्म असर पुऱ्याएकोले त्यस्ता विकृति र विसङ्गतिको खुलेर विरोध गर्नुपर्ने धारणा व्यक्त गरिएको छ । राष्ट्रियता, सामाजिक विकृति र विसङ्गतिको विरोध, राजनीतिक व्यङ्ग्य, सांस्कृतिक चेतना र परिवर्तनको चाहना, शाहवंशीय शासनको विरोध र अन्त्यको चाहना, स्वतन्त्रताको चाहना, निमुखा जनताको मुक्ति, मानवीय मूल्य र अस्तित्वको खोजी तथा क्रान्ति र विद्रोहको स्वर आदिले तेस्रो चरणका कृतिमा प्रमुखता पाएका छन् । यस चरणका कृतिहरूमा पनि भाषागत कमीकमजोरी र त्रुटिहरू भेटिन्छन् । सरसर्ती हेर्दा हतारिएर कृति प्रकाशन गरिएको र दोहोऱ्याएर शुद्धीकरण तथा परिष्कार र परिमार्जनतर्फ ध्यान नदिएको देखिन्छ । यस चौथो परिच्छेदमा यिनै चरणगत प्रवृत्तिका साथै उनका कृतिहरूलाई तत्त्वगत आधारमा अध्ययन गरिएको छ ।

## ५.६ पाँचौँ परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गर्नुको साथै समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.७ समग्र निष्कर्ष

इन्द्रप्रसाद रेग्मी वि.सं.२००५ मङ्सिर १६ गते कलकत्तामा रमाकान्त र लक्ष्मीदेवीको कोखबाट पहिलो सन्तानका रूपमा जन्मिएका हुन् । न्वारानको नाम 'यीन्द्र' भए तापनि पछि उनका पिताले उनको नाम इन्द्रप्रसाद राखिदिएका हुन् । २० वर्षको उमेरमा तारादेवी धितालसँग विवाह बन्धनमा बाँधिएका इन्द्रप्रसाद रेग्मीका महेश र सुरेश दुई छोराहरू छन् ।

कलकत्ताको आदर्श हिन्दी हाइ स्कुल मनिमपुर (वि.स.२०१०–२०१५) बाट प्रारम्भिक शिक्षा प्राप्त गरेका रेग्मीले चितवनको नारायणी रात्रि हाइ स्कुलबाट एस.एल.सी. परीक्षा उत्तीर्ण गरका हुन् । वीरेन्द्र इन्टरमिडियट कलेज भरतपुरबाट प्रमाणपत्र तह र त्रि.वि.बाट प्राइभेट परीक्षा दिई स्नातक तह उत्तीर्ण गरेका रेग्मीले विश्वविद्यालयबाट पुस्तकालय विज्ञान सम्बन्धी बि.लीब.एस्सी. समेत उत्तीर्ण गरेका छन् ।

कक्षा ८ उत्तीर्ण गरेलगत्तै वीरगन्जबाट प्राथमिक शिक्षक तालिम लिएर राष्ट्रिय प्राथमिक विद्यालय भोजाडको स्थापना गरी हेडमास्टर भएका रेग्मीले विश्व प्रकाश नि.मा.वि.मङ्गलपुर र नारायणी रात्रि हाइ स्कुल भरतपुरमा समेत शिक्षक भई एक दशक शिक्षण सेवा गरेका छन् । पछि वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा पुस्तकालय कर्मचारीको रूपमा हेड असिस्टेन्ड पदमा त्रि.वि. अर्न्तगत सेवाारम्भ गरेका रेग्मीले विभिन्न क्याम्पसमा पच्चिस वर्ष पूरा गरी त्रि.वि. सेवाबाट अवकाश लिएर त्यसपछि सप्तगण्डकी बहुमुखी क्याम्पस (पब्लिक क्याम्पस) मा दश वर्ष सेवा गरे । उनी विद्यार्थी कालदेखि नै कम्युनिस्ट पार्टीमा आबद्ध भएर विभिन्न तहका समितिमा रहेर सक्रिय राजनीतिक जीवन बिताएका छन् भने विभिन्न सामाजिक तथा साहित्यिक सङ्घसंस्थामा कुशल नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । अहिले पनि उनी धेरै सङ्घसंस्थामा सक्रिय रहेका देखिन्छन् । उनले आफ्नी माताका नाममा लक्ष्मीदेवी रेग्मी प्रतिभा पुरस्कार र पिताका नाममा रमाकान्त रेग्मी स्मृति पुरस्कारको समेत स्थापना गरेका छन् । उनको प्रकाशकीय र सम्पादकीय व्यक्तित्व निक्कै उच्च देखिन्छ ।

साहित्यकार इन्द्रप्रसाद रेग्मीको व्यक्तित्व अध्ययन गर्ने क्रममा उनका बारेमा जानकारी भएका विभिन्न विद्वान् तथा समीक्षकहरूसँग मौखिक तथा लिखित जिज्ञासा राख्दा उनीहरूले खुलेर उत्तर तथा जानकारी दिन गाह्रो मानेको महसुस हुन्छ । उनको खरो स्वभावले गर्दा पनि समीक्षकहरूले त्यसो गरेका हुन् ।

साहित्यिक व्यक्तित्वमा कवि, निबन्धकार, हाइकुकार, कथाकार तथा भूमिका लेखक र साहित्येतर व्यक्तित्वमा सम्पादक, प्रशासनिक एवम् शैक्षिक, सामाजिक एवम् साङ्गठनिक र राजनीतिक व्यक्तिका रूपमा इन्द्रप्रसाद रेग्मी परिचित छन् ।

वि.सं. २०२६ मा **विद्यार्थीहरू सित** कविता र **अधुरो प्रेम** कथा नारायणी रात्रि हाइ स्कुलको पहिलो प्रकाशन **रात्रि प्रकाश**मा प्रकाशन गरेर सार्वजनिक साहित्यका रूपमा यात्रा सुरु गरेका इन्द्रप्रसाद रेग्मीले कविता, निबन्ध, गजल र हाइकु विधामा कलम चलाएका छन् । त्यसमा पनि उनको विशेष योगदान गद्य कविता र निबन्ध विधामा देखिन्छ । हालसम्म उनका तिनवटा कृतिहरू प्रकाशित छन् । तीमध्ये एक कविता सङ्ग्रह, एक निबन्ध सङ्ग्रह र एक हाइकु सङ्ग्रह रहेका छन् । उनका एउटा गजल सङ्ग्रह र एउटा कविता सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा छन् ।

इन्द्रप्रसाद रेग्मीको कवि व्यक्तित्व अर्थात् कविताको क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण देखिन्छ । रेग्मीका रचनामा समाजमा व्याप्त विकृति, विसङ्गति, मानवीय जीवनको मूल्यहीनता, ठुला वर्गले निम्सरा वर्गमाथि गर्ने शोषण, दमन, अन्याय, अत्याचार, रातदिन मजदुरी गर्दा पनि एक पेट खान नपाउने अवस्था, धोका, षड्यन्त्र आदिको विरोध, जनपक्षीय राज्य व्यवस्थाको स्थापनार्थ प्राणोत्सर्ग गर्ने वीर सहिदहरूको अवमूल्यन, वीर पुर्खाहरूप्रतिको बेवास्ता सामाजिक दिशाहीनता, नारीहरूको पीडा, हर क्षेत्रमा व्याप्त राजनीतिक विकृति, शोषित पीडित वर्गप्रतिको सहानुभूति र मानवीय अस्तित्वको खोजी जस्ता विषयवस्तु समेटिएका छन् । उनीबाट सामाजिक उत्थान गर्ने र चेतना दिने उद्देश्यले सरल भाषाको प्रयोग गरी मनोरञ्जनात्मक बोलोपयोगी कविताहरूको समेत रचना भएको पाइन्छ ।

इन्द्रप्रसाद रेग्मीको निबन्धकार व्यक्तित्व अर्थात् निबन्धको क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण देखिन्छ । जीवनका अनेक आनुभविक विचार, चिन्तन र यथार्थपरक ऐतिहासिक विषय वस्तुलाई वर्णनात्मक शैलीमा उनले प्रस्तुत गरेका छन् । रेग्मीले अनेक विषयवस्तुलाई उठाउने, अनेक जीवन भोगाइलाई प्रस्तुत गर्ने, विगतका अनेक सूचना र इतिहासका सामग्रीहरू प्रस्तुत गर्ने र अग्रजहरूप्रति आदरभाव व्यक्त गर्ने, देशभक्तिको भावनालाई उजागर गर्ने, आत्मप्रकटीकरण गर्ने, आफ्ना अनुभवहरूको जानकारी गराउने र पाठकीय सन्तुष्टिको चुस्की थप्ने र आफ्नो जीवन भोगाइका वर्णनहरूबाट सामाजिक सन्देशहरूको सम्प्रेषण गर्ने महत्त्वपूर्ण कार्य गरेका छन् । विभिन्न व्यक्तिहरूको राजनीतिक र सामाजिक व्यक्तित्वलाई उनले आफ्ना निबन्धको विषयवस्तु बनाएका छन् । विभिन्न ठाउँका साहित्यिक कार्यक्रमका घटना, अनुभव र संस्मरणलाई प्रस्तुत गरी राष्ट्रिय चिन्तन, सामाजिक विकृति र विसङ्गतिलाई उदाङ्गो पार्दै आत्मानुभूति र प्राकृतिक सौन्दर्यलाई झल्काउने कार्य उनका निबन्धमा भएको पाइन्छ ।

इन्द्रप्रसाद रेग्मीको हाइकु सङ्ग्रह **बैशाखी टेकेर** मूलतः राजनीतिक विषयमा केन्द्रित भए पनि यसमा सामाजिक, आर्थिक, साहित्यिक र राष्ट्रिय सन्दर्भ समेत समेटिएका छन् । संसारका अनेक युगजनित यथार्थ लक्षणहरूद्वारा मानिस मानिसले अनुभव गरेका, सोचेका र देखेका घटनालाई टपक्क टिपेर रेग्मीले हाइकुलाई मानवीय विचार र भावना सम्प्रेषण गर्ने अभूतपूर्व माध्यम बनाएका छन् । नेपालको राजनैतिक वितृष्णाको सन्दर्भलाई प्रस्तुत गरी सत्तासीनहरूको कुकृत्य र सामाजिक विकृतिप्रतिको व्यङ्ग्य, राष्ट्रप्रेमको भावना, माओवादी जनयुद्धको समर्थन र जनयुद्धका विकृतिको विरोध, ठाउँ-ठाउँमा प्रणयपरक भावना, शिखरवार्ता र महाकवि लक्ष्मीप्रसाद देवकोटा सम्बन्धी हाइकु लेखेर निजी तथा सार्वजनिक विचारलाई धक फुकाएर अभिव्यक्त गरेका छन् ।

यसप्रकार समग्रमा यस शोधपत्रका विभिन्न परिच्छेदहरूमा इन्द्रप्रसाद रेग्मीको जीवनी र व्यक्तित्वका विभिन्नपाटाहरूलाई केलाउँदै तिनको सापेक्षतामा उनीद्वारा सिर्जित एवम् प्रकाशित पुस्तकाकार कृतिहरूको विधागत तत्त्वहरूका आधारमा अध्ययन विश्लेषण गरिएको छ । इन्द्रप्रसाद रेग्मीका कृतिहरू यदाकदा दुर्बोध र असहज जस्ता देखिए पनि सामान्यतः सर्वसाधारण पाठकहरूले

बुझ्न सक्ने सरल र सहज नै छन् । रेग्मीका प्रारम्भिक कृतिहरूमा विचार पक्षले कलापक्षलाई थिचेको छ भने पछिल्ला समयका रचनाहरूमा कलापक्ष र भावपक्षको संयोजन भएको पाइन्छ ।

जीवनको जस्तोसुकै परिस्थितिमा पनि विचलित नभई निरन्तर साहित्य साधनामा तल्लीन रहेर नेपाली साहित्यको श्रीवृद्धिमा इँट्टा थप्न सफल साहित्यकार इन्द्रप्रसाद रेग्मीको योगदान वास्तवमै उल्लेखनीय रहेको देखिन्छ ।

# परिशिष्ट : एक

**शोध नायक श्री इन्द्रप्रसाद रेग्मी**ज्यू

भरतपुर–११, भोजाड, चितवन

तपाईंको **जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण**का निमित्त प्रश्नावली प्रेषित गरेको छु । कृपया, सत्यतामा आधारित उत्तर लेखिदिनु हुन सविनय हार्दिक अनुरोध गर्दछु ।

विनीत
**खेमराज अधिकारी**
९८५५०६६६०२
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, नेपाल

**इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण विषयक शोधकार्यमा शोधनायकसँग लिइएको अन्तर्वाताको अशं**

प्रश्नावली :

(१) तपाईंको जन्म कहिले र कहाँ भएको हो ? न्वारानको नाम सहित उल्लेख गरिदिनुहोस् न ।

(२) तपाईंको वंश परम्परा, बाल्यकाल र उपनयनको बारेमा केही बताइ दिनुहुन्छ कि ?

(३) तपाईंले औपचारिक शिक्षादीक्षा कहिले, कहाँ–कहाँ र कुन तहसम्म अध्ययन गर्नुभएको छ ?

(४) तपाईंको वैवाहिक सम्बन्ध र पारिवारिक स्थितिका बारेमा प्रकाश पारिदिनुहोस् न ?

(५) तपाईंले कुन–कुन क्षेत्रमा कार्य गर्नु भएको छ ? समयावधिसमेत उल्लेख गरिदिनु होला ।

(६) तपाईं कहिलेदेखि कुन कृतिका माध्यमद्वारा नेपाली साहित्यमा प्रवेश गर्नुभयो ? र तपाईंलाई साहित्यतिर के कुराले आकर्षित गर्‍यो ?

(७) तपाईंले एकैपटक तिनवटा कृति प्रकाशन गर्नुको केही कारण छ कि ?

(८) तपाईं जीवनका कुन–कुन घटनालाई स्मरण गर्नहुन्छ ? र किन ?

(९) तपाईंको बाल्यकाल र युवावस्था कसरी बिते ?

(१०) तपाईंको पुर्खौली थलो गोरखा थियो तर तपाईंको जन्म कसरी कलकत्तामा हुनपुग्यो त ?

(११) तपाइँ साहित्य सृजना किन गर्नुहुन्छ ?

(१२) बाल्यावस्थामा सहरबाट गाउँ पस्दा कस्तो लाग्यो ?

(१३) आफूले सृजना गरेको कुन रचना राम्रो लाग्छ र किन ?

(१४) तपाइँलाई जीवनमा यो काम चाहिँ गर्न पाए हुन्थ्यो भन्ने केही लागेको छ ?

**उत्तरहरू :**

(१) र (२) बाल्यकालका अन्य घटनाहरू बारेमा मैले मेरो पुस्तक **बिर्सनै लागेका कुराहरू**को *मेरो मानसपटलमा कलकत्ता* भन्ने शीर्षकमा उल्लेख गरेको छु । त्यसैबाट यहाँलाई चाहिएका कुराहरू लिन अनुरोध छ । उपनयन २०१५ साल चैत्रमा भसेलमै भएको हो । पञ्चे बाजा बजाएर गाउँभरिका मानिसहरूलाई भोज खुवाएर त्यो बखतको सन्दर्भमा भन्नुपर्दा निकै धुमधामसँग भएको हो ।

(३) (क) १-५ आदर्श हिन्दी हाइ स्कुल मनिमपुर कलकत्ता, भारत (२०१०-२०१५)

(ख) ७-१० (एस.एल.सी.) नारायणी रात्रि हाइ स्कुल (२०२१-२०२६)

(ग) आइ.ए. वीरेन्द्र इन्टर कलेज, भरतपुर (२०२७-२०२९)

(घ) बि.ए. त्रि.वि. (प्राइभेट) (२०३४-२०३६)

(ङ) एम.ए. प्रथम वर्ष त्रि.वि. (२०५१)

(च) बी.लीब.एस्सी. कलकत्ता विश्व विद्यालय (सन् १९८३)

(४) मेरो विवाह २०२५ साल वैशाखमा पुर्ख्यौली थलो गोर्खा खरिबोट र वर्तमानमा गुञ्जनगर गा.वि.स.वडा नम्बर २ चितवन निवासी चूडामणि धिताल र नर्मदा धितालकी तेस्री सुपुत्री तारादेवी धितालसँग भएको हो । मेरो परिवार मैले थाहाँ पाउँदा निम्न आर्थिक स्थिति भएको परिवार हो र हाल पहिलेको तुलनामा आर्थिक स्थितिमा केही परिवर्तन भएको छ ।

(५) (क) शिक्षक : २०२३-२०३३ असार सम्म,

१) नयाँ किरण मा.वि. भोजाड

२) विश्व प्रकाश उच्च मा.वि. मङ्गलपुर

३) नारायणी उच्च मा.वि. भरतपुर

(ख) लाइब्रेरियन : २०३३ श्रावणदेखि २०६६ फागुनसम्म,

१) वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर

२) कृ.तथा प.वि.अ.सं. रामपुर, चितवन

३) शङ्करदेव क्याम्पस, काठमाडौँ

४) ठाकुरराम बहुमुखी क्याम्पस, विरगन्ज

५) सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर

(ग) सामाजिक क्षेत्र

१) रेडक्रस चितवन

२) क्षयरोग निवारण संस्था चितवन

३) टोल सुधार समिति (जनोदय)

४) बाटो निमार्ण समितिहरू

५) साहित्य सङ्गम चितवन

६) प्रगतिशील लेखक सङ्घ

७) इन्द्रेणी सांस्कृतिक समाज

८) प्रगतिशील सांस्कृतिक सङ्गठन

९) ए.अ.ने.ज.सां.म.सं

१०) शारदा स्मृति प्रतिष्ठान

११) घनश्याम ढकाल स्मृति प्रतिष्ठान

१२) देवघाट क्षेत्र विकास समिति

(घ) सम्पादनको क्षेत्रमा

रात्रि प्रकाश, प्रकाश पुञ्ज, अन्नपूर्ण, सिद्धि विनायक मा.वि.को स्मारिका, नारायणी उच्च मा.वि.को स्मारिका, देवघाट दर्पण अङ्क ३,४ र खम्बासिँह कुँवर स्मृतिग्रन्थ

(ङ) राजनीति

२०२५ सालमा वामपन्थी राजनीतिमा प्रवेश गरी २०३१ सालमा ने.क.पा.(चौथो महाधिवेशन) को सदस्य सेल, नगर तथा जिल्ला समितिमा काम गरेको र पार्टी एकीकरण भएको अवस्थामा भन्दा बाहेक व्यक्तिगत रूपमा हालसम्म पनि पार्टी परिवर्तन गर्नमा कुनै रुचि नभएको,

ने.क.पा.चौ.म.: २०३१-२०४८

ने.क.पा.एकता केन्द्र : २०४८-२०५९

ने.क.पा.एकता केन्द्र-मसाल : २०५९-२०६४

ए.ने.क.पा. माओवादी : २०६४- हालसम्म

(६) म **विद्यार्थीहरू सित** नामक कविता र **अधुरो प्रेम** नामक कथाबाट नेपाली साहित्यमा प्रवेश गरेको हुँ । कृतिका रूपमा भन्नुपर्दा मेरो एकैचोटि प्रकाशित तिनवटा कृतिहरू यहाँका हातमा परेकै छन् । साहित्यतिर तानिएको बारेमा भन्दा सुरूमा मनोरञ्जनकै रूपमा लिए र पछि सामाजिक दायित्व बोधको रूपमा मैले यसलाई लिएको छु ।

(७) कृति प्रकाशन गर्न साह्रै ढिलो भएको महसुस गरी जे जति सामग्रीहरू थिए, तिनलाई विलम्ब नगरिकन विधागत रूपमा छुट्टाएर एकैचोटि तिनवटा कृति प्रकाशन गरेको हुँ । यसमा अन्य कुनै कारण छैन ।

(८) यस्ता घटना त थुप्रै छन् । सबै उल्लेख गर्ने हो भने एउटा पुस्तक बन्छ । त्यो यहाँ सम्भव नहोला । त्यसैले मुख्य मुख्य दुई चारवटा घटना मात्रै यहाँ उल्लेख गर्दै छु ।

(क) २०१५ सालमा कलकत्ता छोडी गोर्खामा आएपछि मेरो पढाइ बिचमा पाँच वर्षसम्म स्थगित हुनु

(ख) २०१७ सालमा म बाह्र वष हुँदा मेरी आमा लक्ष्मीदेवी रेग्मीको निधन हुनु मेरो जीवनको हालसम्मकै सबैभन्दा दुखद घटना हो ।

(ग) २०२५ सालमा विवाह भयो मेरो । यो घटना मेरो जीवनमा सबैभन्दा अविस्मरणीय भएर रहेको छ किनभने त्यसपछि नै म सामाजिक रूपमा जिम्मेवार नागरिक भएको महसुस गरेको छु ।

(घ) २०५१ सालमा मदन भण्डारीको दासढुङ्गामा भएको दुर्घटना मेरो जीवनको अर्को दुखद् क्षण हो । मदन भण्डारीले प्रतिपादन गरेको राजनीतिसँग उनको जीवन काल र हालसम्म पनि म सहमत हुन सकेको छैन तर यस घटनालाई मैले अत्यन्तै दुखद घटनाको रूपमा लिएको छु । नढाँटीकन भन्दा उनको मृत्युको समाचार सुन्ने बित्तिकै म कोठाभित्र एक्लै रोएको छु ।

(९) मेरो बाल्यकाल दुखाय हुनु र एउटा मेरो बा-आमाको काखमा लुटपुटिदै बिताएका चन्चले क्षणहरू, जसमा म पढ्नका अतिरिक्त कलकत्ता जस्तो सहरमा बसेकोले त्यहाँका रमाइला बस, ट्रेन, ट्याक्सी र ट्राम जस्ता सवारी साधनमा चढेर डुलेको, सिनेमा हेरेको, ठुलो र सपाट ठाउँमा घुमेको, यी मेरा सुखानुभूति रहे ।

अर्को तर्फ १२ वर्षकै कलिलो उमेरमा आमाको मृत्यु, बुबाको पुनः कलकत्ता प्रस्थानले गर्दा घरको सारा जिम्मेवारी आफूमाथि आइपरे तर म त्यसलाई हल गर्न सक्षम थिइन । भिरपाखामा घाँस काट्न जानु, भारी बोक्नु, ढिकीजाँतो गर्नु, आफै खाना पकाउनु, कतिपय रातहरू भोकै बिताउनु यी मेरा बाल्यकालका दुखानुभूतिहरू हुन् ।

युवा अवस्था चितवनबाटै सुरू भयो मेरो । १८ वर्षकै उमेरमा (२०२३) गाउँमा प्राइमरी स्कुल स्थापना गरी त्यसको संस्थापक हेड मास्टर बन्न पुगेँ म । अलिकति भए पनि शिक्षितहरूको सम्पर्कमा परेँ । आर्थिक स्थिति कमजोर र सामाजिक दायित्वको अलि छिटै बोध हुन पुगेकाले कतिपय मानिसहरूले आफ्नो युवावस्था बरालिएर बिताए जस्तो मलाई त्यो नियति भोग्नु परेन । बिसौँ वर्षको उमेरमै राजनीतिक रूपमा अलिकति चेतना आएको मेरो युवावस्था त्यति दुःखदायी रहेन ।

(१०) अधिकाश नेपालीहरूको जस्तै मेरो परिवार पनि निम्न आर्थिक स्थिति भएको परिवार भएकाले जीविकोपार्जनको लागि मेरो बुबा भारत पलायन हुनुभयो । निकै वर्षपछि कलकत्ताबाट फिरेर गोर्खा तान्द्राङकै भट्ट परिवारमा मेरो बुबाको विवाह भयो । बुबा विवाह पश्चात आमासँग कलकत्तामै बस्नुभएकोले मेरो जन्म भारतको कलकत्तामा भएको हो ।

(११) सकारात्मक सोचको विकास गर्न, समाजप्रतिको दायित्व निर्वाह गर्न, समाजमा रहेका सबै खराब तत्त्वको अन्त्य गर्न, नकारात्मक सोचको अन्त्य गर्न र सामान्तवादी प्रवृत्तिलाई घटाउन नै मैले साहित्य सिर्जना गरेको हुँ जस्तो लाग्छ ।

(१२) अचम्मै नरमाइलो, उखर्माउलो, कतै केही पनि मिल्दैन । न पढ्न पाउनु छ न घुम्न पाउनु, केही रमाइला चिजहरू हेर्न पाउनु छ, साँच्चै भन्ने हो भने एउटा उडिरहेको चरालाई पिँजरामा थुन्दा जुन अनुभूति हुन्छ, मलाई त्यस्तै अनुभूति भएको थियो त्यतिबेला ।

(१३) आफूले सिर्जना गरेका रचना आफूले जन्माएका सन्तान जस्ता हुन् । सबै राम्रा लाग्छन् तर पाठकहरूका प्रतिक्रियाबाट मैले थाहा पाए अनुसार मेरा कलकत्ता सम्बन्धी दुईवटा निबन्धहरू र **कहाँ मरेको छ कृष्ण सेन** अनि **दिवाकर भुसालबाट सिक्ने कुरा के हो ?** शीर्षकका लेखहरूको चर्चा अलिक बढी सुनेको छु । त्यस्तै कविताहरू, **सिँहदरबार, जवाङ्ग र राजधानी, लिलामीको सूचना** आदि आफैले पढ्दा मन परेका छन् । अधिकांश हाइकु चितवनका साहित्यिक पाठकहरूले मन पराएको मैले पाएको छु ।

(१४) मलाई लोक गायक भएर पहाड मधेसमा गीत गाउँदै डुल्न मन लागेको छ तर गीत गाउने कला नै मसँग छैन, अनि कसरी गाउनु ?

## परिशिष्ट : दुई

**क) शोधनायकका बारेमा विभिन्न महानुभावहरूसँग लिइएको लिखित अन्तर्वाताका प्रश्नहरू :**

१) साहित्यकार इन्द्रप्रसाद रेग्मीलाई औपचारिक रूपमा कहिलेदेखि चिन्नुहुन्छ ?

२) साहित्यकार इन्द्रप्रसाद रेग्मीलाई साहित्यको कुन विधामा सफल मान्नुहुन्छ र किन ?

३) रेग्मीको व्यक्तित्वलाई तपाइँ कसरी र कुन रूपमा मूल्याङ्कन गर्नुहुन्छ ?

४) साहित्यकार इन्द्रप्रसाद रेग्मीका साहित्यिक र अन्य योगदानका बारेमा केही बताइ दिनुहुन्छ कि ?

५) रेग्मीको सामाजिक सम्बन्धको बारेमा तपाइँलाई के कस्तो जानकारी छ ?

६) इन्द्रप्रसाद रेग्मीको कुन कुराले तपाइँलाई आकर्षित गर्दछ ?

७) रेग्मीको कुन कुन कुराबाट तपाइँ विकर्षित हुनुहुन्छ ?

८) इन्द्रप्रसाद रेग्मीका साहित्यका सबल र दुर्बल पक्षहरू के के हुन् ?

९) इन्द्रप्रसाद रेग्मीको राजनीतिक संलग्नता र योगदानका बारेमा केही बताइ दिनुहुन्छ कि ?

१०) चितवन/देशका अन्य साहित्यकारसँग तुलना गर्दा इन्द्रप्रसाद रेग्मीलाई कुन स्तरका साहित्यकार मान्नुहुन्छ ?

११) इन्द्रप्रसाद रेग्मीसँग बिताएको अविस्मरणीय क्षण कुनै छ कि ?

१२) इन्द्रप्रसाद रेग्मीको बाल्यकालका बारेमा केही थाहा छ कि ?

१३) रेग्मीको जागिरे जीवनका बारेमा केही प्रकाश पारिदिनुहुन्छ कि ?

१४) इन्द्रप्रसाद रेग्मी के के गर्न रुचाउनु हुन्छ ?

१५) तपाइँ इन्द्रप्रसाद रेग्मीको कुन कार्य सधैं सम्झिरहनु हुन्छ ?

१६) जागिरे जीवनको अवकाशपछि मात्र रेग्मीले कृति प्रकाशन गर्नको कारण के ठान्नुहुन्छ ?

१७) साहित्यकार इन्द्रप्रसाद रेग्मी मार्क्सवादी सौन्दर्यशास्त्रबाट के कति प्रभावित भएको पाउनुहुन्छ ?

**ख) अन्तर्वाता लिइएका व्यक्तिहरू :**

| | |
|---|---|
| १) अमृत थापा मगर | चैनपुर ४, पर्सा |
| २) रेवतीरमण खनाल | भ.न.पा. |
| ३) मोदनाथ मरहठ्ठा | र.न.पा. ३, शान्ति चोक |
| ४) ईश्वरी ओझा | र.न.पा. जयमङ्गला |
| ५) धनराज गिरी | बछ्यौली ६, चितवन |
| ६) डि.आर.पोखरेल | भ.न.पा. चितवन |

| | |
|---|---|
| ७) मातृका पोखरेल | काठमाडौँ |
| ८) हरिहर सविता | भ.न.पा., चितवन |
| ९) केशवराज आमोदी | र.न.पा. १२, चितवन |

# परिशिष्ट : तिन

**क) शोधनायक र शोधनायकी श्रीमतीको छाँयाचित्र**



ख) शोधनिर्देशक  र शोधार्थीको छाँयाचित्र



# सन्दर्भ सामग्री सूची

## क) सन्दर्भ ग्रन्थ सूची


अज्ञात, कपिल, *प्रगतिशीलताका स्वरहरू,* **भर्खरै** कविता सङ्ग्रह, चितवन : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, २०६८ ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** (दो.सं.) काठमाडौं : विद्यार्थी प्रकाशन, प्रा.लि., २०६२ ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, ललितपुर : साझा प्रकाशन (ते.सं.), २०५५ ।

खनाल, नारायणप्रसाद, **समीक्षा प्रहार प्रहरका**, नारायणी : त्रिवेणी साहित्य परिषद, २०६८ ।

——— नारायणप्रसाद, *मोल मनितामा विमल दर्पणका हाइकु एक अवलोकन,* **समीक्षाका आकारहरू**, नवलपरासी : त्रिवेणी साहित्य परिषद, २०६५ ।

गैरे, ईश्वरीप्रसाद र कृष्ण प्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज, २०५९ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६० ।

ढुङ्गाना, गोविन्दप्रसाद शर्मा, **छन्दोहार,** ललितपुर : साझा प्रकाशन (ते.सं.), २०६६ ।

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, **नेपाली कविता (भाग ४)**, (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०५४ ।

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने, र केशव सुवेदी, **नेपाली कविता (भाग ४)**, ललितपुर साझा प्रकाशन (ते.सं.), २०५४ ।

थापा, मोहन हिमांशु, *साहित्यको परिभाषा,* **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन, पाँ.सं, २०६६ ।

पोखरेल, डि.आर., *यादमा इमान्दार छन् इन्द्र,* **बिर्सन लागेका कुराहरू**, (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : प्रगतिशील लेखक सङ्घ, २०६८ ।

प्रभात, रमेश, *बैशाखी टेकेर हाइकुमा उभिन खोज्दा,* **बैशाखी टेकेर,** (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : साहित्य सङ्गम, २०६८ ।

भट्टराई, धनेश्वर, *प्रकाशकीय,* **बिर्सनै लागेका कुराहरू**, (ले.) इन्द्रप्रसाद रेग्मी, चितवन : प्रगतिशील लेखक सङ्घ, २०६८ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय**, काठमाडौं : रत्न पुस्तक भण्डार, (२०६६) ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन (दो.सं.), २०६३ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार (दो.सं.), २०६३ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, २०६९ (छै.सं.) ।

सिग्देल, सोमनाथ शर्मा, **साहित्य प्रदीप**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

सुवेदी, राजेन्द्र (सम्पा.), **आधुनिक नेपाली निबन्ध र अन्य विद्या** भाग १, ललितपुर : साझा प्रकाशन, २०६७ ।

## ख) सन्दर्भ पत्रिका सूची

अज्ञात, कपिल, *बिर्सनै लागेका कुराहरूमा सम्झनु पर्ने बेहोरा,* **चितवन पोस्ट**, दैनिक समाचारपत्र, २०६८, वर्ष १४, अङ्क २७५, जेष्ठ २८ ।

अधिकारी, क्षेत्रप्रताप, *हाइकुको हावा,* **पर्दाफास,** (ले.) प्रकाश पौडेल 'माइला', चितवन : चितवन साहित्य परिषद, २०६१ ।

अस्तफल, सुरेन्द्र, *लालीगुराँस र साकुराको समीकरण साकुरा फुल्दाभित्र फुलेका फूलहरूप्रति सङ्क्षिप्त दृष्टिकोण,* **साकुरा फुल्दा,** जापान : अन्तराष्ट्रिय नेपाली साहित्य समाज, १९५औँ भानु जयन्ती ।

आमोदी, केशवराज, *कवि इन्द्र प्रसाद रेग्मी र उनको भर्खरै कविता सङ्ग्रहप्रति सङ्क्षिप्त आकलन,* **जाग्रत नव उद्घोष,** साहित्यिक त्रैमासिक पत्रिका, २०६८, वर्ष १, अङ्क १, कार्तिक–पौष ।

आमोदी, केशवराज, *भर्खरै कविता सङ्ग्रह : एक सङ्क्षिप्त मूल्याङ्कन,* **चितवन पोस्ट,** दैनिक समाचारपत्र, २०६८, वर्ष १४, अङ्क ९९, मङ्सिर ३ गते ।

आयाम, सङ्गीत, *अतीतलई सामाजिकीकरण गर्ने कृति,* **चितवन पोस्ट**, दैनिक समाचारपत्र, २०६८, वर्ष १४ अङ्क १०५, मंसिर १० गते ।

खनाल, रेवतीरमण, *'बैशाखी टेकेर' हाइकु सङ्ग्रहको अन्तरवस्तुको साथमा आजको हाइकु लेखन बारे सङ्क्षिप्त चर्चा,* पाण्डुलिपि ।

डब्लु डब्लु डब्लु. विकिपिडिया. कम/ हाइकु ।

डब्लु डब्लु डब्लु डट टु योमासु डट कम/हाइकु ।

ढकाल, चूडा, *हाइकु राजनीति र हाइकुमा राजनीति,* **स्रष्टा**, साहित्यिक चौमासिक, (प्र.सम्पा. पूर्णबहादुर अधिकारी), चितवन : पोषराज पौडेल ।

पाँडे, रामकुमार, *हाइकु, होक्कु र हाइकाइ,* **नेपाली हाइकु,** वर्ष ७, अङ्क १, पूर्णाङ्क ४, प्रवास विशेषाङ्क, (प्र.सम्पा. रामकुमार पाँडे), काठमाडौं : नेपाल निप्पन रिसर्च सेन्टर ।

पौडेल, प्रकाश 'माइला', *जापानी साहित्यमा हाइकु मानयोशु काव्य सङ्कलनदेखि माचुओ वाशोसम्म,* **अन्तर्दृष्टि,** साहित्यिक त्रैमासिक, वर्ष १७, अङ्क १, पूर्णाङ्क ३२, वैशाख, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, २०६६ ।

पौडेल, प्रकाश 'माइला', *हाइकु सन्दर्भ : प्रमुख जापानी कविहरू,* **नेपाली हाइकु** वर्ष ७, अङ्क १, पूर्णाङ्क ४, प्रवास विशेणाङ्क, (प्र.सम्पा.रामकुमार पाँडे), काठमाडौं : नेपाल निप्पन रिसर्च सेन्टर ।

सुवेदी, अभि, *समीक्षात्मक परिचय,* **जापानी हाइकु : हिजो र आज** (सम्पा.), माधवलाल कर्माचार्य, ललितपुर : साझा प्रकाशन, २०४४ ।